पुनर्वसूत्तरास्वातीभगमूलेन्द्रवारुणे ।४६।
गुरोः शुक्रस्य वारे वा वारे च सोमभास्वतोः ।
वृषलग्ने च कर्त्तव्यं कन्यायां मिथुने तथा ।४७।
द्विपञ्च दशमी सप्त तृतीया च त्रयोदशी ।
रेवतीरोहिणीन्द्राग्निहस्तमैत्रोत्तरेषु च ।४८।
मन्दारवर्ज्जबीजानि वापयेत्सम्पदर्थ्यपि ।
रेवतीहस्तमूलेषु श्रवणे भगमैत्रयोः ।४९।
पितृदैवे तथा सौम्ये धान्यच्छेदं मृगोदये ।
हस्तचित्रादितिस्वातीरेवतीश्रवणत्रये ।५०।
स्थिरे लग्ने गुरोर्वारेऽथ वा भार्गवसौम्ययोः ।
याम्यादितिमघाज्येष्ठासूत्तरेषु प्रवेशयेत् ।५१।
ओं धनदाय सर्वधनेशाय देहि मे धनं स्वाहा ओं नवे वर्षे इलादेवि लोकसंवर्द्धनि कामरूपिणि देहि मे धनं स्वाहा पत्रस्थं लिखितं धान्यराशिस्थं धान्यवर्द्धनम् त्रिपूर्वासु विशाखायां धनिष्ठावारुणेऽपि च ।५२।
एतेषु षट्सु विज्ञेयं धान्यनिष्क्रमणं बुधैः ।
देवतारामवाप्यादिप्रतिष्ठोदङ्मुखे रवौ ।५३।
मिथुनस्थे रवौ दर्शाद्यदि स्याद्द्वादशी तिथिः ।
सदा तत्रैव कर्त्तव्यं शयनं चक्रपाणिनः ।५४।
सिंहं तौलिं गते चार्क्के दर्शाद्द्वादशीद्वयम् ।
आदाविन्द्रसमुत्थानं प्रबोधश्च हरेः क्रमात् ।५५।
तथा कन्यागते भानौ दुर्गोत्थाने तथाष्टमी ।
त्रिपादेषु च ऋक्षेषु यदा भद्रा तिथिर्भवेत् ।५६।
भौमादित्यशनैश्चारि विज्ञेयं तत् त्रिपुष्करम् ।
सर्वकर्म्मण्युपादेया विशुद्धिश्चन्द्रतारयोः ।५७।
जन्माश्रितस्त्रिषष्टश्च सप्तमो दशमस्तथा ।
एकादशः शशी येषां तेषामेव शुभं वदेत् ।५८।
शुक्लपक्षे द्वितीयश्च पञ्चमो नवमः शुभः ।
मित्रातिमित्रसाधक सम्पत्क्षेमादितारकाः ।५९।
जन्मना मृत्युमाप्नोति विपदा धनसङ्क्षयम् ।
प्रत्यरौ मरणं विद्यान्निधने याति पञ्चताम् ।६०।

पशु गोठबाहिर लानु हुँदैन र किनेका पशु गोठमा भित्र्याउनु पनि हुँदैन । कृषिकर्मको मुहूर्तका विषयमा– स्वाती, तीनवटै उत्तरा, रोहिणी, मृगशिरा, मूल, पुनर्वसु, पुष्य, हस्त र श्रवण नक्षत्रहरूमा सामान्य कृषिकर्म गरिन्छ। पुनर्वसु, तीनवटै उत्तरा, स्वाती, पूर्वाफाल्गुनी, मूल, ज्येष्ठा र शतभिषा नक्षत्रहरूमा रवि, सोम, गुरु र शुक्र यी वारहरूमा वृष, मिथुन, कन्या यी लग्नमा, द्वितीया, पञ्चमी, दशमी, सप्तमी, तृतीया र त्रयोदशी यी तिथिहरूमा हलोजोत्ने आदि कृषिका कर्महरू गर्नुपर्दछ। रेवती, रोहिणी, ज्येष्ठा, कृत्तिका, हस्त, अनुराधा, तीनवटै उत्तरा यी नक्षत्रमा, शनि एवं मङ्गलबार छोडेर अन्य दिनहरूमा सबै खालको सम्पत्ति प्राप्त गर्न बिउ रोप्ने–छर्ने काम गर्नुपर्छ। रेवती, हस्त, मूल, श्रवण, पूर्वाफाल्गुनी, अनुराधा, मघा, मृगशिरा यी नक्षत्रहरूमा तथा मकर लग्नमा धान्य छेदन गर्ने शुभ मुहुर्त हुन्छ र हस्त, चित्रा, पुनर्वसु, स्वाती, रेवती तथा श्रवण आदिका तीन नक्षत्रहरूमा पनि खेती काट्न शुभ नै हुन्छ। स्थिर लग्न तथा बुध, गुरु, शुक्रकारका दिनमा, भरणी, पुनर्वसु, मघा, ज्येष्ठा, तीनैवटा उत्तरा यी नक्षत्रहरूमा अन्नबालीहरू थन्क्याउने गरी राखनुपर्छ। ओं धनदाय सर्वधनेशाय देहि मे धनं स्वाहा– ओं नवे वर्षे इलादेवि ! लोकसंवर्द्धिनी ! कामरूपिणी ! देहि मे धनं स्वाहा ! भन्ने यी धान्य वृद्धिका मन्त्रहरू हुन्। यी मन्त्रहरूलाई पातमा अथवा भोज पत्रमा लेखेर बालीका थुप्रामा राखियो भने बालीमा सह बढ्दछ। तीनवटै पूर्वा, विशाखा, धनिष्ठा र शतभिषा यी छवटा नक्षत्रमा धन्क्याएका ठाउँबाट अन्नबाली निकाल्नुपर्दछ। देवादि प्रतिष्ठाको मुहूर्तका विषयमा– सूर्य उत्तरायण रहँदा देवता, बगैँचा, तलाउ, इनार आदि प्रतिष्ठा गर्नुपर्छ। भगवान्को शयन, पार्श्व परिवर्तन र जागरणको उत्सवका सम्बन्धमा– मिथुन राशिमा सूर्य रहेका बेला औँसी पछि जब द्वादशी तिथि आउँछ, त्यसैमा सधैँ नै भगवान् चक्रपाणीले सुतेको उत्सव गरिन्छ। सिंह तथा तुला राशिमा सूर्य रहँदा औँसी पछि जुन दुई द्वादशी तिथि आउँछन् तिनमा क्रमशः भगवान्को पार्श्वपरिवर्तन र जागरण हुन्छ । कन्या राशिका सूर्य हुँदा औँसीपछि जुन अष्टमी तिथि आउँछ, त्यसमा दुर्गा भाग्दछिन्। त्रिपुष्करयोगका सम्बन्धमा– जुन नक्षत्रका तीन चरण अर्का राशिमा प्रविष्ट हुन्छ ती नक्षत्रमा जब भद्रा, द्वितीया, सप्तमी र द्वादशी भए भने र रवि, शनि एवं मङ्गलबार परे भने त्रिपुष्करयोग हुन्छ। चन्द्रबलका सम्बन्धमा– प्रत्येक व्यावहारिक कार्यमा चन्द्र तथा ताराको शुद्धि हेर्नुपर्छ । जन्मराशिमा र जन्मराशिले तेस्रो, छैटौँ, सातौँ, दशौँ, एघारौँ स्थानमा रहेको चन्द्र शुभ हुन्छ। शुक्लपक्षमा दोस्रो, पाँचौँ नवौँ चन्द्रमा पनि शुभ हुन्छ। ताराशुद्धिका विषयमा– मित्र, अतिमित्र, साधक, सम्पत् र

कृष्णाष्टमीदिनादूर्ध्वं यावच्छुक्लाष्टमीदिनम् ।
तावत्कालं शशी क्षीणः पूर्णस्तत्रोपरि स्मृतः ।६१।
वृषे च मिथुने भानौ जीवे चन्द्रेन्द्रदैवते ।
पौर्णमासी गुरोवरि महाज्येष्ठी प्रकीर्त्तिता ।६२।
ऐन्द्रो गुरुः शशी चैव प्राजापत्ये रविस्तथा ।
पूर्णिमा ज्येष्ठमासस्य महाज्यैष्ठी प्रकीर्तिता ।६३।
स्वात्यन्तरे यन्त्रनिष्ठे शक्रस्योत्थापयेद् ध्वजम् ।
श्रव्यृक्षपादे चाश्विन्यां सप्ताहान्ते विसर्जयेत् ।६४।
सर्वं हेमसमं दानं सर्वे ब्रह्मसमा द्विजाः ।
सर्वं गङ्गासमं तोयं राहुग्रस्ते दिवाकरे ।६५।
ध्वाङ्क्षी महोदरी घोरा मन्दा मन्दाकिनी द्विजाः ।
राक्षसी च क्रमेणार्कात्सङ्क्रान्तिर्नामभिः स्मृता ।६६।
बालवे कौलवे नागे तैतिले करणे यदि ।
प्रतिष्ठन् सङ्क्रमत्यर्कस्तदा लोकः सुखी भवेत् ।६७।
गरे ववे वणिग्विष्टौ किंस्तुघ्ने शकुनौ व्रजेत् ।
राज्ञो दोषेण लोकोऽयं पीड्यते सम्पदा समम् ।६८।
चतुष्पाद्विष्टिवाणिज्ये शयितः सङ्क्रमेद्रविः ।
दुर्भिक्षं राजसङ्ग्रामो दम्पत्योः संशयो भवेत् ।६९।
आधाने जन्मनक्षत्रे व्याधौ क्लेशादिकं भवेत् ।
कृत्तिकायां नवदिनं त्रिरात्रं रोहिणीषु च ।७०।
मृगशिरः पञ्चरात्रमार्द्रासु प्राणनाशनम् ।
पुनर्वसौ च पुष्ये च सप्तरात्रं विधीयते ।७१।
नवरात्रं तथा श्लेषा श्मशानान्तं मघासु च ।
द्वौ मासौ पूर्वफाल्गुन्यामुत्तरासु त्रिपञ्चकम् ।७२।
हस्ते तु दृश्यते चित्रा ह्यर्द्धमासं तु पीडनम् ।
मासद्वयं तथा स्वातीविशाखा विंशतिर्दिनम् ।७३।
मैत्रे चैव दशाहानि ज्येष्ठास्वेवार्द्धमासकम् ।
मूले न जायते मोक्षः पूर्वाषाढा त्रिपञ्चकम् ।७४।

क्षोम आदि ताराहरू शुभ हुन्छन् । जन्मताराबाट मृत्यु हुन्छ, विपत् ताराले धन विनाश हुन्छ, प्रत्यरि र मृत्युताराले नयाँ काम गर्दा निधन हुन्छ। क्षीण र पूर्णचन्द्रका विषयमा— कृष्णपक्षको अष्टमी तिथिदेखि शुक्ल पक्षको अष्टमीसम्म चन्द्रमा क्षीण रहन्छ, त्यसपछि त्यसलाई पुर्ण भन्ने मान्नुपर्छ । महाज्येष्ठीका विषयमा— वृष तथा मिथुन राशिको सूर्य भए, गुरु मृगशिरा वा ज्येष्ठा नक्षत्रमा भए र गुरुबारका पूर्णिमा तिथि परेको छ भने त्यो पूर्णिमालाई महाज्येष्ठी भन्निछ। ज्येष्ठीमा गुरु तथा चन्द्रमा छ भने, रोहिणीमा सूर्य छ भने र जेठ महिनाको पूर्णिमा छ भने त्यसलाई पनि महाज्येष्ठी भन्दछन् । स्वाती नक्षत्र आउनुभन्दा पहिले नै यन्त्रमा इन्द्रदेवताको पूजा गरेर ध्वजारोपण गर्नुपर्छ। श्रवण वा अश्विनीमा या सप्ताहको अन्त्यमा त्यसलाई विसर्जन गर्नुपर्छ ।४४–६४।

ग्रहणमा दानको महत्त्व— राहुले सूर्यलाई ग्रस्त पार्दा अर्थात् सूर्य ग्रहण लाग्दा सबै दान सुवर्णमै हुन्छन्, ब्राह्मण ब्रह्मासरिकै हुन्छन् र सबै जल गङ्गाजलजत्तिकै हुन्छ । सङ्क्रान्तिका विषयमा— सूर्यको सङ्क्रान्ति रविवारदेखि शनिवारसम्मका कुनै वारमा पर्दछ। त्यसै क्रमले सबै सङ्क्रान्तिका नामा पनि भिन्नाभिन्नै सात प्रकारका हुन्छन् । जस्तै— घोरा, ध्वाङ्क्षी, महोदरी, मन्दा, मन्दाकिनी, युता वा मिश्रा र राक्षसी । करण, शकुनि र किंस्तुध्वन करणमा सूर्यले यदि सङ्क्रमण गरेको छ भने मानिस सुखी हुन्छन् । गर, वव, वणिक्, विष्टि र बालव यी पाँच करणमा यदि सूर्यले सङ्क्रान्ति परिवर्तन गरेको छ भने राजाका दोषले गर्दा प्रजा सम्पत्तिका कारण दुःखी वा पीडित हुन्छन् । चतुष्पात्, तैतिल र नाग यी करणमा यदि सूर्यले सङ्क्रमण गरेको छ भने देशमा दुर्भिक्ष हुन्छ, राजाहरूमा सङ्ग्राम हुन्छ र पति–पत्निको जीवनका लागि पनि संशय नै उपस्थित हुने गर्छ । रोगको स्थितिका सम्बन्धमा— जन्म नक्षत्र वा आधान नक्षत्रमा रोग उब्जिएको छ भने अत्यन्त कष्टदायक हुन्छ । कृत्तिका नक्षत्रमा रोग लागेको भए नौदिनसम्म, रोहिणीमा उत्पन्न भएछ भने तीनरातसम्म र मृगशिरा नक्षत्रमा भए रोग पाँच रातसम्म रहन्छ । आर्द्रामा रोग लागेछ भने प्राणनाशक नै हुन्छ । पुनर्वसु र पुष्य नक्षत्रमा रोग लागे सात रातसम्म रहिरहन्छ। आश्लेषाको रोग नौ रातसम्म रहन्छ। मघाको रोग अत्यन्त घातक वा प्राणघातक हुन्छ। पूर्वाफाल्गुनीको रोग दुई महिनासम्म रहन्छ उत्तरफाल्गुनीमा लागेको रोग तीन दिनसम्म रहन्छ हस्त र चित्राका रोगले पन्ध्र दिनसम्म दुःख दिने गर्छ। स्वातीको रोग दुई महिनासम्म, विशाखाको बीस दिनसम्म, अनुराधाको रोग दस दिन र ज्येष्ठाको रोग पन्ध्र दिन रहन्छ।

उत्तरा दिनविंशत्या द्वौ मासौ श्रवणेन च ।
धनिष्ठा चार्द्धमासं च वारुणे च दशाहकम् ।७५।
न च भाद्रपदे मोक्ष उत्तरासु त्रिपञ्चकम् ।
रेवती दशरात्रं च अहोरात्रं तथाश्विनौ ।७६।
भरण्यां प्राणहानिः स्याद् गायत्रीहोमतः शुभम् ।
पञ्चधान्यतिलाज्याद्यैर्धेनुदानं द्विजे शुभम् ।७७।
दशा सूर्य्यस्य षष्टाब्दा इन्दोः पञ्चदशैव तु ।
अष्टौ वर्षाणि भौमस्य दशसप्त दशा बुधे ।७८।
दशाब्दानि दशा पङ्गोरूरविंशद्गुरोर्द्दशा ।
राहोर्द्वादश वर्षाणि भार्गवस्यैकविंशतिः ।७९।

मूल नक्षत्रको रोग रहेछ भने त्यो छुट्दैन । पूर्वाषाढाको रोग पाँच दिन रहन्छ । उत्तरषाढाको रोग बीस दिन, श्रवणको दुई महिना, धनिष्ठाको पन्ध्र दिन र शतभिषाको रोग दस दिनसम्म रहन्छ । पूर्वभाद्रापदको रोग नै छुट्दैन । उत्तरभाद्राको रोग सात दिनसम्म रहन्छ । रेवतीको रोग दस रात र अश्विनीको रोग एक दिनरात मात्रै रहन्छ तर भरणस्को रोग प्राणनाशक हुन्छ । रोग शान्तिको उपायका विषयमा— पञ्चधान्य, तिल र घिउ आदि हवन गर्न योग्य सामग्रीले गायत्री मन्त्रद्वारा हवन गर्दा रोग छुटेर जान्छ र शुभ फल प्राप्त हुन्छ तथा ब्राह्मणलाई दुधालु गाई दान गर्नाले रोगको शमन हुन्छ । सूर्यको दशा छ वर्षको हुन्छ । यसै गरी चन्द्रको दशा पन्ध्र वर्ष, मङ्गलको दशा आठ वर्ष, बुधको सत्र वर्ष, शनिको दश वर्ष, बृहस्पतिको उन्नाईस वर्ष, राहुको बाह्र वर्ष र शुक्रको एक्काईस वर्ष महादशा नै चल्दछ ।६५–७९।

# १२२. द्वाविंशत्यधिकशततमोऽध्यायः

## कालगणना

अग्निरुवाच

कालः समागणो वक्ष्ये गणितं कालबुद्धये ।
कालः समागणोऽर्कघ्नो मासैश्चैत्रादीभिर्युतः ।१।
द्विघ्नो द्विष्ठः सवेदः स्यात्पञ्चाङ्गाष्टयुतो गुणः ।
त्रिष्ठो मध्यो वसुगुणः पुनर्वेदगुणश्च सः ।२।
अष्टरन्ध्राग्निहीनः स्यादधः सैकरसाष्टकैः ।
मध्यो हीनः षष्टिहतो लब्धयुक्तस्तथोपरि ।३।
न्यूनः सप्तकृतो वारस्तदधस्तिथिनाडयः ।
सगुणो द्विगुणश्चोर्ध्वं त्रिभिरूनो गुणः पुनः ।४।
अधः खरामसंयुक्तो रसार्क्काष्टफलैर्युतः ।
अष्टाविंशच्छेषपिण्डस्तिथिनाड्या अधः स्थितः ।५।
गुणस्तिसृभिरूनोर्द्ध्वं द्वाभ्यां च गुणयेत्पुनः ।
मध्ये रुद्रगुणः कार्य्यो ह्यधः सैको नवाग्निभिः ।६।
लब्धहीनो भवेन्मध्यो द्वाविंशतिविवर्ज्जितः ।

अग्निदेव भन्दछन्— हे मुनि ! वर्षहरूको समुदायका रूपमा रहेका कालको म वर्णन गर्दछु र त्यस कालका विषयमा बुझ्नका लागि म गणित बताउँदै छु । वर्षसमुदायका सङ्ख्यालाई बाह्रले गुणन गरी त्यसमा चैत्र आदि गत मास सङ्ख्या मिसाउनुपर्छ । त्यसलाई दुईले गुणन गरी दुई ठाउँमा राखौं । प्रथम स्थानमा चार थप्नुपर्छ र अर्को ठाउँमा आठसय पैंसठ्ठी थप्नुपर्छ । यस किसिमले जुन अङ्क प्राप्त हुन्छ, त्यसलाई सगुण भनिन्छ । त्यसलाई तीन ठाउँमा राखौं । त्यसमध्ये बीचकोलाई आठले गुणा गरेर फेरि चारले गुणन गरौं । यस किसिमले मध्यकालाई संस्कार गरेर गोमूत्रिका क्रमले राखिएका तीनैवटालाई यथास्थानमा संयोजित गरौं । तिनमा प्रथम स्थानको नाम ऊर्ध्व, बीचकाको नाम मध्य तेस्राको नाम अधः भनेर राखौं । अध अङ्कमा ३८८ र मध्य अङ्कमा ८७ घटाउनुपर्छ । त्यसपछि त्यसलाई साठीले विभाजन गरी शेषलाई छुट्टै राखौं । त्यसपछि लब्धिलाई अघिल्ला अङ्कमा मिलाएर साठीले विभाजन गरौं । यस किसिमले तीन स्थानमा राखिएका अङ्कमध्ये प्रथम स्थानका अङ्कमा सातले भाग लगाउँदा शेष बचेको सङ्ख्या अनुसार रवि आदि वार निस्कन्छन् । शेष दुई स्थानको अङ्क तिथिको ध्रुवा हुन्छ । सगुणलाई दुईले गुणन गर्नुपर्छ । त्यसमा तीन घटाउनुपर्छ । त्यसभन्दा तल सगुणलाई लेखेर त्यसमा तीस जोड्नुपर्छ ।

षष्टिशेषे ऋणं ज्ञेयं लब्धमूर्द्धं विनिःक्षिपेत् ।७।
सप्तविंशतिशेषस्तु ध्रुवो नक्षत्रयोगयोः ।
मासिमासि क्षिपेद्वारं द्वात्रिंशद् घटिकास्तिथौ ।८।
द्वे पिण्डे द्वे च नक्षत्रे नाड्य एकादश ह्युणे ।
वारस्थाने तिथिं दद्यात्सप्तभिर्भागमाहरेत् ।९।
शेषवाराश्च सूर्य्याद्या घटिकासु च पातयेत् ।
पिण्डकेषु तिथिं दद्याद्धरेच्चैव चतुर्द्दश ।१०।
ऋणं धनं धनमृणं क्रमाज्ज्ञेयं चतुर्द्दशे ।
प्रथमे त्रयोदशे पञ्च द्वितये द्वादशे दश ।११।
पञ्चदशस्तृतीये च तथा चैकादशे स्मृतम् ।
चतुर्थे दशमे चैव भवेदेकोनविंशतिः ।१२।
पञ्चमे नवमे चैव द्वाविंशतिरुदाहृताः ।
षष्टाष्टमे त्वखण्डाः स्युश्चतुर्विंशतिरेव च ।१३।
सप्तमे पञ्चविंशः स्यात्खण्डशः पिण्डकाद्भवेत् ।
कर्कटादौ हरेद्राशिमृतुवेदत्रयैः क्रमात् ।१४।
तुलादौ प्रातिलोम्येन त्रयो वेदरसाः क्रमात् ।
मकरादौ दीयते च रसवेदत्रयः क्रमात् ।१५।
मेषादौ प्रातिलोम्येन त्रयो वेदरसाः क्रमात् ।
खेषवः खयुगा मैत्रं मेषादौ विकला धनम् ।१६।
कर्कटे प्रातिलोम्यं स्यादृणमेततुलादिके ।
चतुर्गुणा तिथिर्ज्ञेया विकलाश्चेह सर्वदा ।१७।
हन्याल्लिप्तागतागामिपिण्डसङ्ख्याफलान्तरैः ।
षष्ट्याप्तं प्रथमोच्चार्य्ये हानौ देयं धने धनम् ।१८।
द्वितीयोच्चरिते वर्गे वैपरीत्यमिति स्थितिः ।
तिथिर्द्विगुणिता कार्य्या षड्भागपरिवर्जिता ।१९।
रविकर्म्मविपरीता तिथिनाडीसमायुता ।

अनि फेरि छ, बाह्र र आठ क्रमशः यी फलहरूलाई तीनै ठाउँमा मिलाउनुपर्छ। त्यसपछि साठीले विभाजित गरेर प्रथम स्थानमा अट्ठाईसले भाग दिएर शेष लेख्नुपर्छ। त्यसको तल पूर्वानीत तिथि ध्रुवा लेख्नुपर्छ। सबैलाई मिसाउँदा ध्रुवा हुने गर्दछ। अनि फेरि पनि सगुणलाई आधा पार्नुपर्छ। त्यसमा तीन घटाऔँ। दुईले गुणा गरौँ। मध्यलाई एघारले गुणा गरौँ। अधःमा एक थपौँ। दोस्रो स्थानमा उन्चालीसले भाग लगाएर लब्धिलाई प्रथम स्थानले घटाउनुपर्छ, त्यसैको नाम मध्य हुन्छ। मध्यबाट बाईस घटाउनुपर्छ। त्यसमा साठीले भाग गर्दा शेष ऋण हुन्छ। लब्धिलाई ऊर्ध्व अथवा नक्षत्र ध्रुवामा मिसाउनुपर्छ। सत्ताईसले भाग लगाउँदा शेष नक्षत्र र योग ध्रुवा हुन्छ। अब तिथि तथा नक्षत्रको मानिसक ध्रुवाका विषयमा भन्दछु। दुई, बत्तीस, सुन्ना सुन्ना तिथि ध्रुवा हो र दुई, एघार, सुन्ना सुन्ना नक्षत्र ध्रुवा हो।। यस ध्रुवालाई प्रत्येक महिनामा जोडेर, वारको स्थानमा सातले भाग दिएर शेष बारमा तिथिको दण्ड-पल बुझ्नुपर्दछ। नक्षत्रका लागि सत्ताईसले भाग लगाएर अश्विनीदेखि अरू सङ्ख्या भएका नक्षत्रहरू दण्ड आदि बुझ्नुपर्छ। चतुर्दशी आदि तिथिमा बताइएका घटीहरूका क्रमले ऋण-धन तथा धन-ऋण गर्नुपर्दछ। जस्तै चतुर्दशीमा शून्य र प्रतिपदा तथा त्रयोदशीमा पाँच घटीका क्रमले ऋण तथा धन गर्नुपर्छ। यसरी नै द्वितीया तथा द्वादशीमा दस घटी ऋण-धन गर्नुपर्छ। तृतीया तथा एकादशीमा पन्ध्र घटी, चतुर्दशी र दशमीमा उन्नाईस घटी पञ्चमी र नवमीमा बाईस घटी, षष्टी र अष्टमीमा चौबीस घटीमा धन-ऋण संस्कार गर्नुपर्दछ। त्यसै अनुसार सप्तमीमा पच्चीस अंशात्मक फल चतुर्दशी आदि तिथि पिण्डमा गर्नुपर्ने हुन्छ। कलात्मक फल संस्कारका निम्ति— कर्कट आदि तीन राशिमा छ, चार, तीन र तुला आदि तीन राशिमा त्यसको उल्टो तीन, चार, छ संस्कार गर्नुले खण्डा हुन्छ। खेषव— पचास, खयुगा— चालीस र मैत्रं बाह्र— यिनीहरूलाई मेष आदि तीन राशिमा धन गर्नुपर्छ। कर्कआदि तीन राशिमा त्यसैको विपरीत बाह्र, चालीस र पचासको संस्कार गर्नुपर्छ। तुला आदि छ राशिहरूमा यिनैलाई ऋण संस्कार गर्नुपर्छ। चतुर्गणित तिथिमा विकलात्मक फल संस्कार गर्नुपर्छ। गत तथा यष्य खण्डाहरूका अन्तरले कलालाई गुणन गरिन्छ। साठीले भाग दिनुपर्छ। लब्धिलाई प्रथमोच्चारमा ऋण फल छ भने पनि धन नै गर्नुपर्छ र धन नै छ भने पनि धन नै गर्नुपर्छ। द्वितीयोच्चारित वर्ग रहँदा त्यसैको विपरीत गर्नुपर्छ। तिथिलाई द्विगुणित गर्नुपर्छ र त्यसको छैटौँ भाग त्यसमा घटाउनुपर्छ।

ऋणे शुद्धे तु नाड्यः स्युर्ऋणं शुध्येत नो यदा ।२०।
सषष्टिकं प्रदेयं तत्षष्ट्याधिक्ये च तत्त्यजेत् ।
नक्षत्रं तिथिमिश्रं स्याच्चतुर्भिर्गुणिता तिथिः ।२१।
तिथिस्त्रिभागसंयुक्ता ऋणेन च तथान्विता ।
तिथिरत्र चिता कार्य्या तद्वेदाद्योगशोधनम् ।२२।
रविचन्द्रौ समौ कृत्वा योगो भवति निश्चलः ।
एकोना तिथिर्द्विगुणा सप्तभिन्नाकृतिर्द्विधा ।२३।
तिथिश्च द्विगुणैकोना कृताङ्कैः करणं निशि ।
कृष्णचतुर्द्दश्यन्ते शकुनिः पर्वणीह चतुष्पदम् । प्रथमे
तिथ्यर्द्धतो हि किंस्तुघ्नं प्रतिपन्मुखे ।२४।

सूर्य संस्कारकै विपरीत तिथि दण्डलाई मिलाउनुपर्छ । ऋण फललाई घटाउँदा स्पष्ट तिथिको दण्ड आदि मान निस्कन्छ । यदि ऋण फल घटेन भने त्यसमा साठी थपेर संस्कार गर्नुपर्छ । यदि फल नै साठीभन्दा धेरै छ भने त्यसबाट साठी घटाएर शेषलाई मात्रै संस्कार गर्नुपर्छ । यसबाट तिथिका साथसाथै नक्षत्रको पनि मान निस्कन्छ । त्यसो भएता पनि चतुर्गुणित तिथिमा तिथिको तीन भाग मिलाउनुपर्छ । त्यसमा ऋण फल पनि थप्नुपर्छ । तष्टित गर्दा योगको मान निस्कन्छ । तिथिको मान त स्पष्ट हुन्छ नै, अथवा सूर्य चन्द्रमाको योग गरेर पनि योगको मान निश्चित भएर आउँछ । तिथिका सङ्ख्याबाट एक घटाएर त्यसलाई दुई गुणा गर्दा र फेरि एक घटाउँदा पनि चार आदि करण निस्कन्छ । कृष्ण पक्षको चतुर्दशीको परार्धबाट शकुनि, चतुरङ्घ्रि, किस्तुघ्न र अहि यी चार स्थिर करण हुन्छन् । यसै गरी शुक्लपक्षको प्रतिपदा तिथिका पूर्वार्द्धमा किंस्तुघ्न करण हुन्छ ।१-२४।

# १२३. त्रयोविंशत्यधिकशततमोऽध्यायः

## युद्धजययोग

अग्निरुवाच
वक्ष्ये जयशुभाद्यर्थं सारं युद्धजयार्णवे ।
अइउएओ स्वराः स्युः क्रमान्नन्दादिका तिथिः ।१।
कादिहान्ता भौमरवी ज्ञसोमौ गुरुभार्गवौ ।
शनिर्द्दक्षिणनाड्यां तु भौमार्कशनयः परे ।२।
खार्णवः खरसैर्गुण्यो रुद्रैर्भागं समाहरेत् ।
रसाहतं तु तत्कृत्वा पूर्वभागेन भाजयेत् ।३।
वह्निभिश्चाहतं कृत्वा रूपं तत्रैव निःक्षिपेत् ।
स्पन्दनं नाड्याः पलानि सप्राणस्पन्दनं पुनः ।४।
अनेनैव तु मानेन उदयन्ति दिने दिने ।
स्फुरणैस्त्रिभिरुच्छ्वास उछ्वासेस्तु पलं स्मृतम् ।५।
षष्टिभिश्च पलैर्लिप्ता लिप्ताषष्टिस्त्वहर्निशम् ।

अग्निदेव भन्दछन्— म यस पुराणको युद्धजयार्णव प्रकरणमा विजय आदि चार शुभ कार्यको सिद्धिका लागि सार कुरो भन्दछु । जसरी अ इ उ ए ओ यी पाँच स्वर हुन्छन् । यिनैका क्रमले नन्दा आदि तिथिहरू पनि हुन्छन् । क देखि ह सम्म वर्णहरू हुन्छन् र पूर्वोक्त स्वरका क्रमले सूर्य-मङ्गल, बुध-चन्द्रमा, बृहस्पति-शुक्र, शनि-मङ्गल, तथा सूर्य-शनिका यी ग्रह-स्वामी हुन्छन् । चालीसलाई साठीले गुणा गरौँ । त्यसमा एघारले भाग लगाऔँ । लब्धिलाई छले गुणा गरेर गुणनफलमा फेरि एघारले नै भाग गरौँ । लब्धिलाई तीनले गुणा गरेर गुणनफलमा एक थपौँ । त्यति नै पटक स्फुरण हुन्छ र त्यसै आधारमा त्यो पल हुन्छ । त्यसपछि पनि रातदिन नाडी स्फुरण त्यसै रूपमा भइरहन्छ । उदाहरणका रूपमा चालीसलाई साठीले गुणन गर्दा चौबीस सय भयो । त्यस चौबीस सयलाई एघारले भाग गर्दा भागफल दुईसय उन्नाईस भयो । यो स्वल्पान्तर लब्धि हो । त्यसलाई छ ले गुणन गर्दा तेह्र सय चौध गुणनफल आयो । त्यसलाई एघारले भाग लगाउँदा एकसय उन्नाईस लब्धि वा भागफल भयो र पाँच शेष रह्यो, शेषलाई छोडियो । लब्धि एकसय उन्नाईसलाई तीनले गुण गरी गुणनफल तीनसय सन्ताउन्न आयो । त्यसमा एक थपेर तीन सय अन्ठाउन्न बनाइयो । स्वल्पान्तर भनी यसलाई तीन

पञ्चमार्द्धोदये बालकुमारयुववृद्धकाः ।६।
मृत्युर्येनोदयस्तेन चास्तमेकादशांशकैः ।
कुलागमे भवेद्भङ्गः समृत्युः पञ्चमोऽपि वा ।७।
शनिचक्रे चार्द्धमासं ग्रहाणामुदयः क्रमात् ।
विभागैः पञ्चदशभिः शनिभागस्तु मृत्युदः ।८।
दशकोटिसहस्राणि अर्बुदान्यर्बुदं हरेत् ।
त्रयोदशे च लक्षाणि प्रमाणं कूर्म्मरूपिणः ।९।
मघादौ कृत्तिकाद्यन्तस्तद्देशान्तः शनिस्थितौ ।
राहुचक्रे च सप्तोर्ध्वमधः सप्त च सँल्लिखेत् ।१०।
वाय्वग्न्योश्चैव नैर्ऋत्ये पूर्णिमाग्नेयभागतः ।
अमावास्यां वायवे च राहुर्वै तिथिरूपकः ।११।
रकारं दक्षभागे तु हकारं वायवे लिखेत् ।
प्रतिपदादौ ककारादीन्सकारं नैर्ऋते पुनः ।१२।
राहोर्मुखे तु भङ्गः स्यादिति राहुरुदाहृतः ।
विष्टिरग्नौ पौर्णमास्यां करालीन्द्रे तृतीयकम् ।१३।
घोरा याम्यां तु सप्तम्यां दशम्यां रौद्रसौम्यगा ।
चतुर्दश्यां तु वायव्ये चतुर्थ्यां वरुणाश्रये ।१४।
शुक्लाष्टम्यां दक्षिणे च एकादश्यां भृशं त्यजेत् ।
रौद्रश्चैव तथा श्वेतो मैत्रः सारभटस्तथा ।१५।
सावित्रो विरोचनश्च जयदेवोऽभिजित्तथा ।
रावणो विजयश्चैव नन्दी वरुण एव च ।१६।
यमसौम्यौ भवश्चान्ते दशपञ्चमुहूर्त्तकाः ।
रौद्रे रौद्राणि कुर्वीत श्वेते स्नानादिकं चरेत् ।१७।
मैत्रे कन्याविवाहादि शुभं सारभटे चरेत् ।
सावित्रे स्थापनाद्य वा विरोचने नृपक्रिया ।१८।

सय साठी नै मानौँ अर्थात् हत्केलाको फेदमा नाडीको स्फुरण तीन सय साठी पटक नै हुने आधारमा त्यसलाई पल भनियो र त्यसको ज्ञान प्रकार अब यसपछि भनिने छ। यसै गरी नाडीको स्फुरण रात दिन हुन्छ र यसै मानका आधारमा अकार आदि स्वरको उदय पनि हुन्छ। व्यावहारिक कालगणनाका विषयमा अब कुरो गरौँ— तीन पटक स्फुरण हुँदा एक उच्छ्वास हुन्छ। अर्थात् त्यो नै एक अणु हो । छ उच्छ्वासको एक पल हुन्छ, साठी पलको एक लिप्ता वा एक दण्ड हुन्छ। साठी दण्डको एक अहोरात्र हुन्छ । उपर्युक्त अ इ उ ए ओ स्वरहरूकै क्रमले बाल, कुमार, युवा, वृद्ध र मृत्यु भन्ने नाम रहन्छन् । यिनीहरूमध्ये कुनै पनि एक स्वरको उदय भएपछि फेरि त्यसको उदय पाँचौँ खण्डमा मात्रै हुन्छ। जति समयमा उदय हुन्छ अस्त पनि त्यति नै समयमा हुन्छ। यिनको उदय काल र अस्त कालको मान अहोरात्र वा साठी दण्डको एघार भागको एक भाग बराबर हुन्छ । जस्तै साठीलाई एघारले भाग गर्दा पाँचै दण्ड सत्ताईस पल उदयास्तमान हुने गर्छ। कुनै स्वर उदय भएपछि अर्को स्वर पाँच दण्ड सत्ताईस पलपछि उदय हुन्छ। यसै गरी पाँचैको उदय र अस्तमान हुनेगर्छ भनी जान्नुपर्छ । यिनीहरूमध्ये जब मृत्युस्वरको उदय हुन्छ त्यसबेला युद्ध गर्दा पराजयका साथै मृत्यु पनि हुन्छ। शनिचक्रको वर्णन— शनिचक्रमा पन्ध्र दिनमा क्रमशः ग्रहहरूका उदय हुने गर्छ। यस पन्ध्र विभागका अनुसार शनिको भाग युद्धमा मृत्युदायक हुन्छ। त्यसैले यस बेलामा युद्ध गर्नु निषिद छ। कूर्मपृष्ठाकार शनिबिम्बको पृष्ठको क्षेत्रफल— दस करोड सहस्र तथा तेह्र लाखमा त्यसैको दशांश जोड्दा त्यति नै योजनको परिमाणमा कूर्मरूप शनिबिम्बको पृष्ठको क्षेत्रफल हुन्छ । अर्थात् एघार अरब चौध लाख तीन हजार योजन शनिबिम्बको पृष्ठको क्षेत्रफल छ। मघाको पहिलो चरणदेखि कृत्तिकाको आदिदेखि अन्त्यसम्म शनिको निवास आफ्नै स्थानमा रहन्छ। त्यस बेलामा युद्ध गर्नु ठीक छैन । अब राहुचक्रको वर्णनका सम्बन्धमा— राहुचक्रका लागि सात ठाडा र सात तेर्सा रेखा बनाउनुपर्छ । त्यसमा वायुकोणदेखि नैर्ऋत्यकोणलाई लिएर अग्निकोणसम्म शुक्लपक्षको प्रतिपदादेखि लिएर पूर्णिमासम्मका तिथिहरू लेख्नुपर्छ र अग्निकोणदेखि ईशानकोण हुँदै वायुकोणसम्म कृष्णपक्षका प्रतिपदादेखि आमावस्यासम्मका तिथि लेख्नुपर्छ । यसै गरी तिथिरूप राहुको न्यास गरिन्छ। रकार दक्षिणमा लेख्नुपर्छ र ह कार वायुकोणमा लेख्नुपर्छ। प्रतिपदा आदि तिथिहरूका सहायताले क कार आदि अक्षरहरू लेख्नुपर्छ । नैर्ऋत्यकोणमा सकार लेख्नुपर्छ। यसै गरी राहुचक्र तयार हुन्छ। राहु मुखमा पारेरको गरेको यात्रा भङ्ग हुन्छ। तिथिअनुसार भद्रानिवासको वर्णन—

जयदेवे जयं कुर्य्याद्रावणे रणकर्म्म च ।
विजये कृषिवाणिज्यं पट्टबन्धं च नन्दिनि ।१९।
वरुणे च तडागादि नाशकर्म्म यमे चरेत् ।
सौम्ये सौम्यादि कुर्वीत भवेल्लग्नमहद्दिवा ।२०।
योगा नाम्ना विरुद्धाः स्युर्योगा नाम्नैव शोभनाः ।
राहुरिन्द्रात्समीरं च वायोईक्षं यमाच्छिवम् ।२१।
शिवादाप्यञ्जलादग्निरग्नेः सौम्यं ततस्त्रयम् ।
ततश्च सङ्क्रमं हन्ति चतस्रो घटिका भ्रमन् ।२२।
चण्डीन्द्राणी वाराही च मुसली गिरिकर्णिका ।
बला चातिबला क्षीरी मल्लिकाजातियूथिकाः ।२३।
यथालाभं धारयेत्ताः श्वेतार्क्कश्च शतावरी ।
गुडूची वागुरी दिव्या ओषध्यो धारिता जये ।२४।
ओं नमो भैरवाय खड्गपरशुहस्ताय ओं ह्रूं विघ्नविनाशाय ओ ह्रूं फट् अनेनैव तु मन्त्रेण शिखाबन्धादिकृज्जये
तिलकञ्चाञ्जनञ्चैव धूपलेपनमेव च ।२५।
स्नानपानानि तैलानि योगधूलिमतः शृणु ।
सुभगा मनःशिला तालं लाक्षारससमन्वितम् ।२६।
तरुणीक्षीरसंयुक्तो ललाटं तिलको वशे ।
विष्णुक्रान्ता च सर्षाक्षी सहदेवं च रोचना ।२७।
अजादुग्धेन संपिष्टं तिलको वश्यकारकः ।
प्रियङ्गु कुङ्कुमं कुष्ठं मोहनी तगरं घृतम् ।२८।
तिलको वश्यकृत्तच्च रोचना रक्तचन्दनम् ।
निशा मनःशिला तालं प्रियङ्गु सर्षपास्तथा ।२९।
मोहिनी हरिता क्रान्ता सहदेवी शिखा तथा ।
मातुलङ्गरसैः पिष्टं ललाटे तिलको वशे ।३०।

पूर्णिमा तिथिका भद्राको नाम विष्टि हो र त्यो अग्निकोणमा रहेको हुन्छ। तृतीया तिथिमा भद्राको नाम कराली हुन्छ र त्यो पूर्वदिशामा रहन्छ। सप्तमी तिथिमा भद्राको नाम घोरा हुन्छ र त्यो दक्षिण दिशामा रहन्छ। सप्तमी तथा दशमी तिथिहरूमा भद्रा क्रमशः ईशान कोण तथा उत्तर दिशामा, चतुर्दशी तिथिमा वायव्य कोणमा, चतुर्थी तिथिमा पश्चिम दिशामा, शुक्लपक्षको अष्टमी तथा एकादशीमा दक्षिण दिशामा रहन्छ। प्रत्येक शुभ कार्यमा यसलाई सर्वथा परित्याग गर्नुपर्छ। रौद्र, श्वेत, मैत्र, सारभट, सावित्र, विरोचन, जयदेव, अभिजित, रावण, विजय, नन्दी, वरुण, यम, सौम्य, भव यी पन्ध्र मुहूर्त हुन्। रौद्र मुहूर्तमा भयानक कार्य गर्नुपर्छ। स्वेत मुहूर्तमा स्नानादिका कार्यहरू गर्नुपर्छ।१-१७।

मैत्र मुहूर्तमा कन्याको विवाह गर्नु शुभ हुन्छ। सारभट मुहूर्तमा शुभकार्य गर्नुपर्छ। सावित्र मुहूर्तमा देवताको स्थापना, विरोचन मुहूर्तमा राजकीय कार्य, जयदेव मुहूर्तमा विजयसम्बन्धी कार्य र रावण नामका मुहूर्तमा सङ्ग्रामका कार्य गर्नुपर्छ। विजय मुहूर्तमा कृषि तथा व्यापार, नन्दी मुहूर्तमा षट्कर्म, वरुण मुहूर्तमा तलाउ आदि र यम मुहूर्तमा विनाकारी कार्य गर्नुपर्छ। सौम्य मुहूर्तमा सौम्य कार्य गर्नुपर्छ। भव मुहूर्तमा दिनरात नै शुभ लग्न रहेको हुन्छ, त्यसैले त्यसमा शुभ कार्य गर्न सकिन्छ। यसै गरी यी पन्ध्र योग आ आफ्नै नामअनुसार शुभ तथा अशुभ हुने गर्छन्। राहुको दिशा सञ्चारका सम्बन्धमा– राहुले दैनिक रूपमा पूर्व दिशाबाट वायुकोणसम्म, वायुकोणदेखि दक्षिण दिशासम्म, दक्षिण दिशादेखि ईशानकोणसम्म, ईशानकोणदेखि पश्चिमसम्म, पश्चिमदेखि अग्निकोणसम्म र अग्निकोणदेखि उत्तरसम्म तीन-तीन दिशा चारचार घटीमा भ्रमण गर्दछ। औषधि लेपनद्वारा विजयवर्णन सम्बन्धमा– चण्डी, इन्द्राणी, बाराही, मुशली, गिरिकर्णिका, बला, अतिबला, क्षीरी, मल्लिका, जाती, यूथिका, श्वेतार्क, शतावरी, गुरुच, वागुरी यी दिव्य औषधि पाएसम्म धारण गर्नुपर्छ। यिनलाई धारण गर्दा यिनले युद्धमा विजय प्रदान गर्दछन्। ओं नमो भैरवाय खड्गपरशुहस्ताय ओं ह्रूं विघ्नविनाशाय ओं ह्रूं फट् भन्ने यस मन्त्रले शिखा बाँधेर यदि सङ्ग्राम गरिन्छ भने विजय अवश्य हुन्छ। सङ्ग्राममा विजयका सम्बन्धमा– तिलक, अञ्जन, धुप, उपलेप, स्नान, पान, तैल, योगचूर्ण आदि यी पदार्थको वर्णन गर्दछु सुन– सुभगा, मनःशिला, ताल यिनीहरूलाई लाक्षारसमा मिसाएर स्त्रीका दुधमा फिटेर ललाटमा तिलक लगाउँदा शत्रु वशमा हुन्छन्। विष्णुक्रान्ता, सर्पाश्री, सहदेवी, रोचना यिनीहरूलाई पिसेर बाखाका दुधमा फिटी लगाइएको तिलक शत्रुलाई वशमा गराउने खालको हुन्छ। प्रियङ्गु, कुङ्कुम, कुष्ठ, मोहिनी, तगर, घृत यिनीहरू मिसाएर

सेन्द्राः सुरा वशं यान्ति किं पुनः क्षुद्रमानुषाः ।
मञ्जिष्ठा चन्दनं रक्तं कटुकन्दा विलासिनी ।३१।
पुनर्नवासमायुक्तो लेपीऽयं भास्करो वशे ।
चन्दनं नागपुष्पं च मञ्जिष्ठा तगरं वचा ।
लोध्र प्रियङ्गु रजनी मांसीतैलं वशङ्करम् ।३२।

लगाइएको तिलक वशमा गराउन सक्ने किसिमको हुन्छ । रोचना, रक्तचन्दन, निशा, मनःशिला, ताल, प्रियङ्गु, सर्षप, मोहिनी, हरिता, विष्णुक्रान्ता, सहदेवी, शिखा यिनीहरूलाई पिसेर मातुलुङ्गका रसमा मिसाई ललाटमा लगाइएको तिलक वशमा पार्ने खालको हुन्छ । यी तिलकले इन्द्रसहित समस्त देवता वशमा हुन्छन् भने सानातिना मानिसको त के कुरो भयो र ? मञ्जिष्ठ, रक्तचन्दन, कटुकन्दा, विलासिनी, पुनर्नवा, गहदपूर्णा यिनीहरूलाई मिसाएर लेप लगाउनाले सूर्य पनि वशमा हुन्छन् । मलयचन्दन, नागपुष्प, मञ्जिष्ठ, तगर, वच, लोध्र, प्रियङ्गु, रजनी, जटामसी यिनीहरू मिसेर बनाइएको तेल वश गराउन सक्ने हुन्छ ।१८–३२।

# १२४. चतुर्विंशत्यधिकशततमोऽध्यायः

## युद्धजये ज्योतिःशास्त्र

अग्निरुवाच
ज्योतिःशास्त्रादिसारं च वक्ष्ये युद्धजयार्णवे ।
विना मन्त्रौषधाद्यं च यथोमामीश्वरोऽब्रवीत् ।१।
देव्युवाच
देवैर्जिता दानवाश्च येनोपायेन तद्वद ।
शुभाशुभविवेकाद्यं ज्ञानं युद्धजयार्णवम् ।२।
ईश्वर उवाच
मूलदेवेच्छया जाता शक्तिः पञ्चादशाक्षरा ।
चराचरं ततो जातं यामाराध्याखिलार्थवित् ।३।
मन्त्रपीठं प्रवक्ष्यामि पञ्चमन्त्रसमुद्भवम् ।
ते मन्त्राः सर्वमन्त्राणां जीविते मरणे स्थिताः ।४।
ऋग्यजुःसामाथर्वाख्यवेदमन्त्राः क्रमेण ते ।
सद्योजातादयो मन्त्रा ब्रह्मा विष्णुश्च रुद्रकः ।५।
ईशः सप्तशिखा देवाः शक्राद्याः पञ्च च स्वराः ।
अइउएओ कलाश्च मूलं ब्रह्मेति कीर्त्तितम् ।६।
काष्ठमध्ये यथा बह्निरप्रवृद्धो न दृश्यते ।

अग्निदेव भन्दछन्– अब म युद्धजयार्णव प्रकरणमा ज्योतिषशास्त्रको सारभूत समय वा वेलाका विषयमा मन्त्र र औषधि आदि वस्तुको वर्णन त्यसरी नै गर्दछु जसरी शङ्करले पार्वतीलाई भनेका थिए ।१।

पार्वतीले सोधिन्– हे भगवान् ! देवताहरूले दानवमाथि जुन उपायले विजय पाएका थिए त्यसको र युद्धजयार्णवोक्त शुभाशुभ विवेक आदि रूप ज्ञानको वर्णन गर्नुहोस् ।२।

शङ्करले भने– मूलदेव परमात्माका इच्छाले पन्ध्र अक्षरको एउटा शक्ति उत्पन्न भयो । त्यसैबाट चराचर जीवहरूको यहाँ सृष्टि भयो । त्यसै शक्तिको आराधना गर्नाले मानिस सबै किसिमका अर्थको ज्ञाता हुन्छ । अब पाँच मन्त्रले बनेका मन्त्रपीठको बयान गर्नेछु । ती मन्त्रहरू सबै जीवन–मरण वा अस्ति–नास्ति रूप सत्तामा अडिएका छन् । ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद यी चारै वेदका मन्त्रहरूलाई प्रथम मन्त्र भनिन्छ । सद्योजातादि मन्त्रहरू द्वितीय मन्त्र हुन् र ब्रह्मा, विष्णु तथा रुद्र यी तृतीय मन्त्रका स्वरूप हुन् । ईश अथवा म सात शिखा भएको अग्नि र इन्द्र आदि देवताहरू चौथो मन्त्रका स्वरूप हौँ । अ इ उ ए ओ यी पाँच स्वर पाँचौँ मन्त्रका स्वरूप हुन् । यिनै स्वरहरूलाई मूल ब्रह्म पनि भनिन्छ । अब पाँच स्वरुहरूको उत्पत्तिका सम्बन्धमा– जसरी काठभित्र विद्यमान अग्नि नजलाईकन प्रतीति हुँदैन उसै गरी शरीरमा विद्यमान शिव–शक्तिको प्रतीति ज्ञानविना हुँदैन । हे महादेवी पार्वती ! पहिले ओङ्कार स्वरबाट विभूषित शक्ति उत्पन्न भयो ।

विद्यमाना तथा देहे शिवशक्तिर्न दृश्यते ।७।
आदौ शक्तिःसमुत्पन्ना ओङ्कारस्वरभूषिता ।
ततो विन्दुर्महादेवि एकारेण व्यवस्थितः ।८।
जातो नाद उकारस्तु नदते हृदि संस्थितः ।
अर्द्धचन्द्र इकारस्तु मोक्षमार्गस्य बोधकः ।९।
अकारो व्यक्त उत्पन्नो भोगमोक्षप्रदः परः ।
अकार ऐश्वरे भूमिर्निवृत्तिश्च कला स्मृता ।१०।
गन्धो नबीजः प्राणाख्य इडाशक्तिः स्थिरा स्मृता ।
इकारश्च प्रतिष्ठाख्यो रसो पालश्च पिङ्गला ।११।
क्रूरा शक्तिरीबीजः स्याद्धरबीजोऽग्निरूपवान् ।
विद्या समाना गान्धारी शक्तिश्च दहनी स्मृता ।१२।
प्रशान्तिर्वार्य्युपस्पर्शो यश्चोदानश्चला क्रिया ।
ओङ्कारः शान्त्यतीताख्यः खशब्दयूथपाणिनः ।१३।
पञ्च वर्गाः स्वरा जाताः कुनज्ञगुरुभार्गवाः ।
शनिः क्रमादकाराद्याः ककाराद्यास्त्वधः स्थिताः ।१४।
एतन्मूलमतः सर्वं ज्ञायते सचराचरम् ।
विद्यापीठं प्रवक्ष्यामि प्रणवः शिव ईरितः ।१५।
उमा सोमः स्वयं शक्तिर्वामा ज्येष्ठा च रौद्रापि ।
ब्रह्मा विष्णुः क्रमाद्रुद्रो गुणाः सर्गादयस्त्रयः ।१६।
रत्ननाडीत्रयं चैव स्थूलः सूक्ष्मः परोऽपरः ।
चिन्तयेच्छेतवर्णं तं मुञ्चमानं परामृतम् ।१७।
प्लाव्यमानं यथात्मानं चिन्तयेत्तं दिवानिशम् ।
अजरत्वं भवेद्देवि शिवत्वमुपगच्छति ।१८।
अङ्गुष्ठादौ न्यसेदङ्गान्नेत्रं मध्येऽथ देहके ।
मृत्युञ्जयं ततः प्राच्य रणादौ विजयी भवेत् ।१९।
शून्यो निरालयः शब्दः स्पर्शी तिर्यङ्नतं स्पृशेत् ।
रूपस्योर्ध्वगतिः प्रोक्ता जलस्याधः समाश्रिता ।२०।

त्यसपछि विन्दु एकारका रूपमा परिणत भयो । त्यसपछि ओङ्कारमा शब्द उत्पन्न भयो, त्यसैबाट उकार उत्पन्न भयो । त्यही उकार हृदयमा शब्द गर्दै विद्यमान रहन्छ । अर्धचन्द्रबाट मोक्षमार्ग प्रदर्शन गर्ने इकारको प्रादुर्भाव भयो । त्यसपछि भोग र मोक्ष प्रदान गर्ने अव्यक्त ओम्कार उत्पन्न भयो । त्यही अकार सर्वशक्तिमान् एवं प्रवृत्ति तथा निवृत्तिको बोधक हो । शरीरमा पाँच स्वरका सम्बन्धमा– अ स्वर शरीरमा प्राण अर्थात् श्वासका रूपमा स्थित एवं विद्यमान रहन्छ । यसैको नाम इडा हो । इकार प्रतिष्ठा नामले रहँदै रस रूपमा पालक–स्वरूप भई रहेको हुन्छ । यसैलाई नै पिङ्गला भन्दछन् । ई स्वरलाई क्रूरा शक्ति भन्दछन् । हर–बीज रूपमा उकार स्वर शरीरमा अग्नि बनेर रहेको हुन्छ । यही नै समान–बोधिका–विद्या हो । यसलाई गान्धारी भन्दछन् । यसमा दाहात्मिका शक्ति रहन्छ । एकार स्वर शरीरमा जलका रूपमा रहन्छ यसैमा शान्ति–क्रिया रहन्छ र ओकार स्वर शरीरमा वायुका रूपमा रहन्छ । यो अपान, व्यान, उदान आदि पाँच स्वरूपको भएर स्पर्श गर्दै गतिशील रहेको हुन्छ । पाँचै स्वरको सम्मिलित सूक्ष्म रूप जुन ओङ्कार बनेको छ, त्यो शान्त्यतीत नामले सम्बोधित भएर शब्द गुणले युक्त भएको आकाशका रूपमा रहन्छ । यसै किसिमले पाँच स्वर अ इ उ ए ओ भएर तिनका स्वामी क्रमैसँग मङ्गल, बुध, बृहस्पति, शुक्र र शनि ग्रह भए । ककार आदि वर्ण यिनै स्वरको अधीनमा हुन्छन् । यिनीहरू नै संसारका मूल कारण हुन् । यिनीहरूबाटै चर एव अचर सबै पदार्थको जानकारी हुन्छ । अब म विद्यापीठको स्वरूप बताउँछु, जसमा ओङ्कारलाई शिवरूप भनिएको छ र उमा स्वयं सोम अर्थात् अमृतका रूपमा छन् । यिनैलाई वामा, ज्येष्ठा तथा रौद्री शक्ति पनि भन्दछन् । ब्रह्मा, विष्णु र रुद्र क्रमशः यिनै तीन गुण हुन् र सृष्टिका उत्पादक, पालक र संहारक यिनै पनि हुन् । शरीरभित्र रहेका तीन रत्ननाडीहरू जुन छन् तिनको नाम स्थूल, सूक्ष्म र पर हो । यिनीहरूको वर्ण श्वेत छ । यिनीहरूबा सदैव अमृत चुहन्छ र त्यसैबाट आत्मा आप्लावित भइरहन्छ । यसै किसिमले त्यसको रातदिन ध्यान गरिरहनुपर्छ । हे देवी ! यस्ता साधकको शरीर अजर हुन्छ र त्यसलाई शिव सायुज्य प्राप्ति हुने गर्छ । प्रथमतः अङ्गुष्ठ आदिमा, नेत्रमा र देहमा पनि अङ्गन्यास गर्नुपर्छ, त्यसपछि मृत्युञ्जयलाई अर्चना गरेर यात्रा गर्नेहरू सङ्ग्राम आदिमा विजयी हुन्छन् । आकाश शून्य छ, निराधार छ र शब्दगुण भएको छ । वायुमा स्पर्श गुण छ । उसले तेर्सो झुकेर स्पर्श गर्दछ । रूप वा अग्निको गति ऊर्ध्वतर्फको हुन्छ भन्ने बताइएको छ र जलको अधोगति

सर्वस्थानविनिर्मुक्तो गन्धो मध्ये च मूलकम् ।
नाभिमूले स्थितं कन्दं शिवरूपं तु मण्डितम् ।२१।
शक्तिव्यूहेन सोमोऽर्को हरिस्तत्र व्यवस्थितः ।
दशवायुसमोपेतं पञ्चतन्मात्रमण्डित्तम् ।२२।
कालानलसमाकारं प्रस्फुरन्तं शिवात्मकम् ।
तज्जीवं जीवलोकस्य स्थावरस्य चरस्य च ।
तस्मिन्नष्टे मृतं मन्ये मन्त्रपीठेऽनिलात्मकम् ।२३।

हुन्छ । सबै स्थानहरूलाई छोडेर गन्ध गुण भएको पृथ्वी मध्य भागमा रहेर सबैको आधाररूप बनेर अडिएको छ । नाभीका मूलमा अर्थात् मेरुदण्डका जरामा कन्दका रूपमा श्रीशिव सुशोभित छन् । त्यहीँ नै शक्ति समुदायका साथमा सूर्य-चन्द्रमा र भगवान् विष्णु रहन्छन् र पञ्चतन्मात्राहरूका साथै दस प्रकारका प्राण पनि रहेका हुन्छन् । कालाग्निकै समान देदीप्यमान् त्यो शिवको मूर्ति सधैँ टल्किरहेकै हुन्छ । चराचर जीवलोकको प्राण उही नै हो । त्यस मन्त्रपीठको विनाश भयो भने वायुस्वरूप जीवको पनि विनाश हुनेछ भनी बुझ्नुपर्दछ ।३-२३।

# १२५. पञ्चविंशत्यधिकशततमोऽध्यायः

## युद्धजये नानाचक्र

ईश्वर उवाच

ओं ह्रीं कर्णमोटनि बहुरूपे बहुदंष्ट्रे ह्रूं फट् ओं हः ओं ग्रसग्रस कृन्तकृन्त छकछक ह्रूं फट् नमः पठ्यमानो ह्ययं मन्त्रः क्रुद्धैः संरक्तलोचनैः मौरणे पातने वापि मोहनोच्चाटने भवेत् ।१।
कर्णमोटीमहाविद्या सर्ववर्णेषु रक्षिका ।
पञ्चोदयं प्रवक्ष्यामि स्वरोदयसमाश्रितम् ।२।
नाभिहृदान्तरं यावत्तावच्चरति मारुतः ।
उच्चाटयेद्रणादौ तु कर्णाक्षीणि प्रभेदयेत् ।३।
करोति साधकः क्रुद्धो जपहोमपरायणः ।
हृदयात्पायुकं कण्ठं ज्वरदाहारिमारणे ।४।
कण्ठोद्भवो रसो वायुः शान्तिकं पौष्टिकं रसम् ।
दिव्यं स्तम्भं समाकर्षं गन्धो नासान्तिको ध्रुवः ।५।
गन्धलीनं मनः कृत्वा स्तम्भयेन्नात्र संशयः ।
स्तम्भनं कीलनाद्यं च करोत्येव हि साधकः ।६।
चण्डघण्टा कराली च सुमुखी दुर्मुखी तथा ।
रेवती प्रथमा घोरा वायुचक्रेषु ता यजेत् ।७।
उच्चाटकारिका देव्यः स्थितास्तेजसि संस्थिताः ।
सौम्या च भीषणा देवी जया च विजया तथा ।८।
अजिता चापराजिता महाकोटी च रौद्रया ।

शङ्करले भने– ओं ह्रीं कर्णमोटनि बहूरूपे बहूदंष्ट्रे ह्रूं फट्, ओं हः, ओं ग्रस ग्रस, कृन्त कृन्तच्छक च्छक ह्रूं फट् स्वाहा यस मन्त्रको नाम कर्णमोटी महाविद्या हो । यसले सबै वर्णको रक्षा गर्दछ । यस मन्त्रलाई केवल पढ्नाले नै पनि मानिस क्रोधाविष्ट हुन्छ र उसका आँखा राता भइहाल्छन् । यो मन्त्र मारण, पातन, मोहन र उच्चाटनमा उपयुक्त हुने गर्छ। अब स्वरोदका साथै पाँच किसिमका वायुको स्थान र तिनको प्रयोजनका विषयमा भन्दछु । नाभीदेखि लिएर हृदयसम्म जुन वायु सञ्चरित भइरहन्छ त्यसलाई मारुतचक्र भन्छन् । जप तथा होम कार्यमा लागेको क्रोधी साधक त्यसैबाट सङ्ग्राम आदि कार्यमा उच्चाटन कर्म गर्दछ। कानदेखि लिएर आँखासम्म जुन वायु हुन्छ त्यसबाट प्रभेदन कार्य गरिन्छ र हृदयदेखि गुदासम्म जुन वायु हुन्छ त्यसबाट ज्वर, दाह तथा शत्रुको मारण कार्य गर्नु पर्दछ । यसै वायुको नाम वायुचक्र हो । हृदयदेखि लिएर कण्ठसम्म जुन वायु हुन्छ त्यसको नाम रस हो । यसैलाई रसचक्र भन्दछन् । त्यसैबाट शान्तिको प्रयोग गरिएको हुन्छ र पौष्टिक रसझैँ त्यसको गुण छ। आँखीभौँदेखि लिएर नासिकाको अग्र भागसम्म जुन वायु छ, त्यसको नाम दिव्य हो । यसैलाई नै तेजश्चक्र भन्दछन् । गन्ध यसको गुण हो र यसैबाट स्तम्भन र आकर्षण कार्य हुने गर्दछ । नासिकाग्रमा आफ्नो मन एकाग्र गरेर साधकले निःसन्देह स्तम्भन तथा कीलन कार्म गर्दछ। उपर्युक्त वायुचक्रमा चण्डघण्टा, कराली, सुमुखी, दुर्मुखी, रेवती, प्रथमा तथा घोरा यी शक्तिहरूको अर्चना गर्नुपर्दछ । उच्चाटन गर्ने शक्तिहरू तेजश्चक्रमा रहन्छन् । सौम्या, भीषणी, देवी, जया, विजया, अजिता,

शुष्ककाया प्राणहरा रसचक्रे स्थिता अमूः ।९।
पाक्षी परा दिव्यास्तथा चाकाशमातरः ।
संहारी जातहारी च दंष्ट्राला शुष्करेवती ।१०।
पिप्पिलिका पुष्टिहारा महापुष्टिप्रवर्द्धना ।
भद्रकाली सुभद्रा च भद्रभीमा सुभद्रिका ।११।
स्थिरा च निष्ठुरा दिव्या निष्कम्पा गदिनी तथा ।
द्वात्रिंशन्मातरश्चक्रे अष्टाष्ट क्रमशः स्थिताः ।१२।
एक एव रविश्चन्द्र एकश्चैकैकशक्तिका ।
भूतभेदेन तीर्थानि यथा तोयं महीतले ।१३।
प्राण एको मण्डलैश्च भिद्यते भूतपञ्जरे ।
वामदक्षिणयोगेन दशधा सम्प्रवर्त्तते ।१४।
विन्दुमुण्डविचित्रं च तत्त्ववस्त्रेण वेष्टितम् ।
ब्रह्माण्डेन कपालेन पिबेत्तु परमामृतम् ।१५।
पञ्चवर्गबलाद्युद्धे जयो भवति तच्छृणु ।
अआकचटतपयाः श आद्यो वर्ग ईरितः ।१६।
इईखछठथफराः षो वर्गश्च द्वितीयकः उऊगजडदबलाः
सो वर्गश्च तृतीयकः ।१७।
एऐघझढधभवा होवर्गश्च चतुर्थकः ।
ओ औ अं अः ङञणनामोवर्गः पञ्चमो भवेत् ।१८।
वर्णाश्चाभ्युदये नृणां चत्वारिंशच्च पञ्च च ।
बालः कुमारो युवा स्याद् वृद्धो मृत्युश्च नामतः ।१९।
आत्मपीडा शोषकः स्यादुदासीनश्च कालकः ।
कृत्तिका प्रतिपद्भौम आत्मनो लाभदः स्मृतः ।२०।
षष्ठी भौमो मघा पीडा आर्द्रा चैकादशी कुजः ।
मृत्युर्मघा द्वितीया ज्ञो लाभश्चार्द्रा च सप्तमी ।२१।
बुधे हानिर्भरणी ज्ञः श्रवणं काल ईदृशः ।
जीवो लाभाय च भवेतृतीया पूर्वफल्गुनी ।२२।
जीवोऽष्टमी धनिष्टार्द्रा जीवोऽश्लेषा त्रयोदशी ।
मृत्यौ शुक्रश्चतुर्थी स्यात्पूर्वभाद्रपदा श्रिये ।२३।
पूर्वाषाढा च नवमी शुक्रः पीडाकरो भवेत् ।
भरणी भूतजा शुक्रो यमदण्डो हि हानिकृत् ।२४।

अपराजिता, महाकोटी, महारौद्री, शुष्ककाया तथा प्राणहरा यी एघार शक्तिहरू रसचक्रमा रहेका हुन्छन् । विरूपाक्षी, परा, दिव्या, एकादश आकाश मातृका, संहारी, जातहारी, दंट्राला, शुष्करेवती, पिपीलिका, पुष्टिहरा, महापुष्टि, प्रवर्धना, भद्रकाली, सुभद्रा, भद्रभीमा, सुभद्रिका, स्थिरा, निष्ठुरा, दिव्या, निष्कम्पा, गदिनी र रेवती यी बत्तीस मातृकाहरू माथि बताइएका चार चक्रहरूमा आठ-आठका क्रमले स्थित रहेका हुन्छन् । सूर्य र चन्द्रमा एकै हुन् र भूतभेदले उनको शक्ति पनि एकै हो । जसरी भूतलमा स्थान भेदले नदीका जलको तीर्थ भन्ने नाम रहन्छ उस्तै शरीरका अस्थिपञ्जरमा रहेको प्राण कयौं मण्डल वा चक्रमा विभक्त हुन्छ । जसरी वाम र दक्षिण अङ्गका योगले नै वायु दस प्रकारको हुन्छ उसै गरी उही वायु तत्त्व रूपी वस्त्रमा आवृत्त भएर विचित्र विन्दुरूपी मुण्डद्वारा ब्रह्माण्डको अमृत पान पर्दछ । अब पञ्चवर्गका बलले युद्धमा जुन प्रकारले विजय हुन्छ, त्यो सुन– अ, आ, क, च, ट, त, प, य, श यो प्रथम वर्ग हो । इ, ई, ख, छ, ठ, थ, फ, र, ष, यो द्वितीय वर्ग हो । उ, ऊ, ग, ज, ड, द, ब, ल, स यो तृतीय वर्ग हो । ए, ऐ, घ, झ, ढ, ध, भ, व, ह यो चतुर्थी वर्ग हो । ओ, औ, अं, अः, ङ, ञ, ण, न, म यो पाँचौं वर्ग हो । यी पैंतालीस अक्षर मानिसको अभ्युदयका लागि हुन् । यी वर्गहरूकै क्रमले बाल, कुमार, युवा, वृद्ध र मृत्यु यी पाँच नाम छन् ।१–१९।

तिथि, बार र नक्षत्रका योगले कालज्ञानको वर्णन गर्दा– आत्मपीड, शोषक, उदासीन यी तीन किसिमका काल हुन्छन् । मङ्गलबार प्रतिपदा तिथि र कृत्तिका नक्षत्र छ भने त्यो प्राणीका लागि लाभदायक हुन्छ । मङ्गलबार षष्ठि तिथि र मघा नक्षत्र छ भने पीडाकारक हुन्छ । मङ्गलबार एकादशी तिथि र आर्द्रा नक्षत्र छ भने त्यो मृत्युदायक नै हुन्छ । बुधबार द्वितीया तिथि र मघा नक्षत्रको योग एवं बुधबार, सप्तमी तिथि र आर्द्रा नक्षत्रको योग लाभदायक हुन्छ । बुधबार भरणी नक्षत्रको योग हानीकार हुन्छ । यसै सगरी बुधबार श्रवण नक्षत्रको योगमा कालयोग रहेको हुन्छ । बृहस्पतिबार, तृतीया तिथि र पूर्वाफाल्गुनी नक्षत्रको योग लाभकारक हुन्छ । बृहस्पति बार अष्टमी तिथि, धनिष्ठा तथा आर्द्रा नक्षत्र एवं गुरुबार त्रयोदशी तिथि र आश्लेषा नक्षत्र यस्तो योग मृत्युकारक हुन्छ । शुक्रबार, चतुर्थी तिथि र पूर्वभाद्रपदा नक्षत्रको योगले श्रीवृद्धि गराउँछ । शुक्रबार, नवमी तिथि र पूर्वाषाढा नक्षत्रको योग दुःखदायक हुन्छ । शुक्रबार, द्वितीया तिथि र भरणी नक्षत्रको योग यमदण्डजत्तिकै हानीकारक हुन्छ । शनिबार, पञ्चमी तिथि र कृत्तिका नक्षत्रको योग लाभदायक हुन्छ भनिएको छ । शनिबार, दशमी तिथि र आश्लेषाको योग पीडाकारक हुन्छ । शनिबार, पूर्णिमा तिथि र मघा नक्षत्रको योग मृत्युकारक हुन्छ भनिएको

कृत्तिका पञ्चमी मन्दो लाभाय तिथिरीरिता ।
अश्लेषा दशमी मन्दो योगः पीडाकरो भवेत् ।२५।
मघा शनिः पूर्णिमा च योगो मृत्युकरः स्मृतः ।
पूर्वोत्तराग्निनैर्ऋत्योर्दक्षिणनिलचन्द्रमाः ।२६।
ब्रह्माद्याः स्युर्दृष्टयः स्युः प्रतिपन्नवमीमुखाः ।
राशिभिः सहिता दृष्टा ग्रहाद्याः सिद्धये स्मृताः ।२७।
मेषाद्याश्चतुरः कुम्भा जयः पूर्णेऽन्यथा मृतिः ।
सूर्य्यादिरिक्ता पूर्णा च क्रमादेवं प्रदापयेत् ।२८।
रणे सूर्य्ये फलं नास्ति सोमे भङ्गः प्रशाम्यति ।
कुजेन कलहं विद्याद्बुधः कामाय वै गुरुः ।२९।
जयाय मनसे शुक्रो मन्दे भङ्गो रणे भवेत् ।
देयानि पिङ्गलाचक्रे सूर्य्यगानि च भानि हि ।३०।
मुखे नेत्रे ललाटेऽथ शिरोहस्तोरूपादके ।
पादे मृतिस्त्रित्रृक्षे स्यात्रीणि पक्षेऽर्थनाशनम् ।३१।
मुखस्थे च भवेत्पीडा शिरःस्थे कार्य्यनाशनम् ।
कुक्षिस्थिते फलं स्याच्च राहुचक्रं वदाम्यहम् ।३२।
इन्द्राच्च नैर्ऋतङ्गच्छेन्नैर्ऋतात्सोममेव च ।
सोमाद्धुताशनं वह्नेराप्यमाप्याच्छिवालयम् ।३३।
रुद्राद्यमं यमाद्वायुं वायोश्चन्द्रं व्रजेत्पुनः ।
भुङ्क्ते चतस्रो नाड्यस्तु राहुपृष्ठे जयो रणे ।३४।
अग्रतो मृत्युमाप्नोति तिथिराहुं वदामि ते ।
आग्नेयादिशिवान्तं च पूर्णिमामादितः प्रिये ।३५।
पूर्वे कृष्णाष्टमीं यावद्राहुदृष्टौ भयो भवेत् ।
ऐशान्याग्नेयनैर्ऋत्यवायव्ये फणिराहुकः ।३६।
मेषाद्या दिशि पूर्वादौ यत्रादित्योऽग्रतो मृतिः ।
तृतीया कृष्णपक्षे तु सप्तमी दशमी तथा ।३७।
चतुर्दशी तथा शुक्ले चतुर्थ्येकादशी तिथिः ।
पञ्चदशी विष्टयः स्युः पूर्णिमाग्नेयवायवे ।३८।

छ। दिशा-तिथि-बारका योगले लाभ-हानी बताउनुपर्दा— पूर्व, उत्तर, अग्नि, नैर्ऋत्य, दक्षिण, वायव्य, पश्चिम र ईशानले एक अर्कालाई हेर्दछन्। प्रतिपदा तथा नवमी आदि तिथिहरूमा मेष आदि राशिहरूका साथै रवि आदि बारहरू पनि मिलाउनुपर्छ। यस्तो योग कार्यसिद्धिका लागि हुन्छ। जस्तै पूर्व दिशा, प्रतिपदा तिथि, मेष लग्न, रबिबार— यस्तो योग पूर्व दिशाको लागि युद्ध आदि कार्यमा सिद्धि तथा लाभदायक हुन्छ । अरूलाई पनि यसरी नै बुझ्नुपर्छ। मेषबाट चार राशि अर्थात् मेष, वृष, मिथुन, कर्कट एवं कुम्भ लग्न पूर्ण विजयका लागि हुन्छन्। शेष राशिहरू मृत्युका निम्ति हुन्छन् । सूर्य आदि ग्रह तथा रिक्ता, पूर्णा आदि तिथिहरूको न्यास पनि यसै रूपमा क्रमशः पहिले दिशाका विषयमा बताइएकै किसिमले गर्नुपर्दछ । सूर्यका सम्बन्धले युद्धमा कुनै उत्तम फल हुँदैन । सोमको सम्बन्ध सन्धिका लागि हुन्छ । मङ्गलका सम्बन्धले कलह हुन्छ । बुधका सम्बन्धले सङ्ग्राम गर्दाखेरि अभीष्टसाधनको प्राप्ति हुन्छ । गुरुका सम्बन्धले विषयलाभ हुन्छ । शुक्रका सम्बन्धले अभिष्ट सिद्धि हुन्छ र शनिका सम्बन्धले युद्धमा पराजय हुन्छ । पिङ्गला-पक्षि-चक्रबाट शुभाशुभ बताउने सम्बन्धमा— एउटा पक्षीको आकार कोरेर त्यसको मुख, आँखा, निधार, सिर, हात, कोखा, खुट्टा र पखेटामा सूर्यको नक्षत्र पछिका तीन-तीन नक्षत्र लेख्नुपर्छ । खुट्टातर्फका तीन नक्षत्रमा रण गर्दा मृतयु हुन्छ र पखेटाका तीन नक्षत्रमा धनको नाश हुन्छ। मुखका तीन नक्षत्रमा पीडा हुन्छ र शिरतर्फका तीन नक्षत्रमा कार्यनाश हुन्छ। कोखातर्फका तीन नक्षत्रमा रण गर्दा उत्तम फल प्राप्त हुन्छ। अब राहुचक्रका सम्बन्धमा भन्नुपर्दा— पूर्वबाट नैर्ऋत्यकोणसम्म, नैर्ऋत्यकोणबाट उत्तरदिशासम्म, उत्तरदिशाबाट अग्निकोणसम्म, अग्निकोणबाट पश्चिमसम्म, पश्चिमबाट ईशानसम्म, ईशानबाट दक्षिणसम्म, दक्षिणबाट वायव्यकोणसम्म र वायव्यकोणबाट उत्तरसम्मका चारचार दण्डसम्म राहुको भ्रमण हुनेगर्छ । राहुलाई पृष्ठभागतर्फ गराई रण गर्नु विजयप्रद हुन्छ भने राहु सम्मुखतर्फ रहनाले मृत्यु हुन्छ। हे प्रिया ! म तिमीसित अब तिथि-राहुको वर्णन गर्दछु। पूर्णिमाभन्दापछि कृष्णपक्षको प्रतिपदादेखि अग्निकोणबाट प्रारम्भ गरी ईशान ईशानकोणसम्म अर्थात् कृष्णपक्षको अष्टमी तिथिसम्म राहु पूर्वदिशामा रहन्छ । त्यसमा युद्ध गर्दा विजय हुन्छ । यसै किसिमले ईशानदेखि अग्निकोणसम्म र नैर्ऋत्यकोणदेखि वायव्यकोणसम्म राहुको भ्रमण भइरहेको हुन्छ । मेषआदि राशिहरूलाई पूर्व दिशामा राख्नुपर्छ । यस किसिमले राख्दा मेष, सिंह, धनु राशिहरू पूर्वमा, वृष, कन्या, मकर, दक्षिणमा, मिथुन, तुला, कुम्भ पश्चिममा, कर्कट, वृश्चिक, मीन उत्तरमा हुन्छन्। सूर्यका राशिबाट सूर्यको दिशा

अकचटतपयशा वर्गाः सूर्य्यादयो ग्रहाः ।
गृध्रोलूकश्येनकाश्च पिङ्गलः कौशिकः क्रमात् ।३९।
सारसश्च मयूरश्च गोरङ्कु पक्षिणः स्मृताः ।
आदौ साध्यो हुतो मन्त्र उच्चाटे पल्लवः स्मृतः ।४०।
वश्ये ज्वरे तथाकर्षे प्रयोगः सिद्धिकारकः ।
शान्तौ प्रीतौ नमस्कारो वौषट् पुष्टौ वशादिषु ।४१।
हुं मृत्यौ प्रीतिसन्नाशे विद्वेषोच्चाटने च फट् ।
वषट् सुते च दीत्यादौ मन्त्राणां जातयश्च षट् ।४२।
ओषधीः सम्प्रवक्ष्यामि महारक्षाविधायिनीः ।
महाकाली तथा चण्डी वाराही चेश्वरी तथा ।४३।
सुदर्शना तथेन्द्राणी गात्रस्था रक्षयन्ति तम् ।
बला चातिबला भीरुर्मुसली सहदेव्यपि ।४४।
जाति च मल्लिका यूथी गारुडी भृङ्गराजकः ।
चक्ररूपा महौषध्यो धारिता विजयादिदाः ।४५।
ग्रहणे च महादेवी उद्धृताः शुभदायिकाः ।
मृदा च कुञ्जरं कृत्वा सर्वलक्षणलक्षितम् ।४६।
तस्य पादतले कृत्वा स्तम्भयेच्छत्रुमात्मनः ।
नगाग्रे चैकवृक्षे च वज्राहतप्रदेशके ।४७।
वल्मीकमृदमाहृत्य मातरौ योजयेत्ततः ओं नमो महाभैरवाय विकृतदंष्ट्रोग्ररूपाय पिङ्गलाक्षाय त्रिशूलखड्गधराय वौषट् पूजयेत्कर्द्दमं देवि स्तम्भयेच्छस्त्रजालकम् ।४८।
अग्निकार्य्यं प्रवक्ष्यामि रणादौ जयवर्द्धनम् ।
श्मशाने निशि काष्ठाग्नौ नग्नो मुक्तशिखो नरः ।४९।
दक्षिणास्यस्तु जुहुयान्नृमांसं रुधिरं विषम् ।
तुषास्थिखण्डमिश्रं तु शत्रुनाम्ना शताष्टकम् ।५०।
ओं नमो भगवति कौमारि लललल लालयलालय घण्टादेवि अमुकं मारयमारय सहसा नमोऽस्तु ते भगवति विद्ये स्वाहा अनया विद्यया होमाद् बन्धत्वं जायते रिपोः ओं

पत्ता लगाउनुपर्छ। सम्मुख सूर्यमा रण गर्नु मृत्युकारक हुन्छ। भद्राको तिथि निर्णय गर्ने सम्बन्धमा— कृष्णपक्षको तृतीया, सप्तमी, दशमी र चतुर्दशीलाई भद्रा भन्दछन्। शुक्लपक्षमा चतुर्थी, एकादशी, अष्टमी र पूर्णिमालाई भद्रा भन्दछन्। भद्राको निवास अग्निकोणदेखि वायव्यकोणसम्म हुन्छ।२०–३८।

अ, क, च, ट, त, प, य, श यी आठ वर्ग हुन्छन् र यिनका स्वामी क्रमशः सूर्य, चन्द्रमा, मङ्गल, बुध, बृहस्पति, शुक्र, शनि र राहु ग्रह हुन्छन्। यी ग्रहका वाहन क्रमशः गृध्र, उलूक, बाज, पिङ्गल, उलूक, सारस, मयूर र गोरङ्क नामका पक्षीहरू हुन्छन्। पहिले हवन गरेर मन्त्र सिद्ध गर्नुपर्छ। उच्चाटनमा मन्त्रको प्रयोग पल्लवरूपले गर्नुपर्दछ। वश्य, स्वर एवं आकर्षणमा पल्लवको प्रयोग सिद्धिकारक हुन्छ। शान्ति तथा मोहनका प्रयोगमा नमः भन्नु ठीक हुन्छ। पुष्टि र वशीकरणमा वौषट् तथा मारण तथा प्रीतिविनाशमा हुम् भन्नु ठीक हुन्छ। विद्वेषण तथा उच्चाटनमा फट् भन्नुपर्दछ। पुत्र प्राप्ति आदिको प्रयोग तथा दीप्ति आदिमा वषट् भन्नुपर्दछ। यस किसिमले मन्त्रका छ वटा जाति हुन्छन्। अब हरेक प्रकारले रक्षा गर्ने औषधिको वर्णन गर्दछु— महाकाली, चण्डी, वाराही, ईश्वरी, सुदर्शना, इन्द्राणी यिनीहरूलाई शरीरमा धारण गर्दा यिनले धारणकर्तालाई रक्षा गर्दछन्। बला, अतिबला, भीरु, मुसली, सहदेवी, जाती, मल्लिका, यूथी, गारुडी, भृङ्गराज, चक्ररूपा यी महौषधिहरू धारण गर्नाले युद्धमा यिनीहरू विजयप्रदायक हुन्छन्। हे महादेवी ! ग्रहण लाग्नुभन्दा पहिले नै यी औषधिहरू उखेल्नु शुभदायक हुन्छ। माटाले सर्वाङ्गसम्पन्न हात्तिको मूर्ति बनाएर, त्यसका खुट्टामुनि शत्रुको स्वरूप राखेर स्तम्भन प्रयोग गर्नु पर्छ। अथवा कुनै पर्वतमाथि एउटै मात्र वृक्ष भएको ठाउँमा त्यसका फेदमा वा जहाँ चट्याङ परेको छ त्यस ठाउँमा धमिराका माटाले एउटी आइमाईको मूर्ति बनाउनुपर्छ। त्यसपछि ओं नमो महाभैरवाय विकृतदंष्ट्रोग्ररूपाय पिङ्गलाक्षाय त्रिशूलखड्गधराय वौषट् भन्ने यो मन्त्र प्रयोग गर्दै हे देवी ! त्यो माटोको मूर्तिरूपिणी देवीको पूजा गरेर शत्रुका शस्त्रसमूहलाई स्तम्भन गर्न सकिन्छ। अब सङ्ग्राममा विजय प्रदान गराउने अग्नि कार्यको वर्णन गर्दछु— राति नाङ्गो भुतुङ्ग भई श्मशानमा गई शिखा खोलेर दक्षिण फर्किएर बसी बल्दै गरेका चिताबाट मान्छेको मासु, रगत, विष, भुस र हड्डीका टुक्रा मिसाएर तल उल्लेखित मन्त्र पाठ गर्दै शत्रुको नाम लिएर एकसय आठ पटक हवन गर्नुपर्छ— ओं नमो भगवति कौमारि लल लल लालय लालय घण्टदेवि ! अमुकं मारय मारय सहसा नमोऽस्तुते भगवति विद्ये स्वाहा। यस विद्याले हवन गर्दा शत्रु अन्धो हुन्छ। अब सबै किसिमको सफलताका लागि हनुमान्को मन्त्र भन्ने विषयमा— ओं वज्रकाय वज्रतुण्ड

वज्रकाय वज्रतुण्ड कपिलपिङ्गलकरालवदन ऊर्ध्वकेश महाबल रक्तमुख तडिज्जिह्व महारौद्रदंष्ट्रोत्कट कह करालिन महादृढप्रहार लङ्केश्वर सेतुबन्धशैलप्रवाह गगनचर ऐह्येहि भगवन्महाबल पराक्रम भैरवो ज्ञापयति एह्येहि महारौद्र दीर्घलाङ्गूलेन अमुकं वेष्टयवेष्टय जम्भयजम्भय खनखन वैते हूं फट् अष्टत्रिंशच्छतं देवि हनुमान्सर्वकर्मकृत् पटे हनूमत्सन्दर्शनाद्भङ्गमायान्ति शत्रवः ।५१।

कपिलपिङ्गल मरनलवदनोर्ध्वकेश महावल रक्तमुख तडिज्जिह्व महारौद्र दंष्ट्रोत्कट कटकरालिन् महादृढप्रहार लङ्केश्वरसेतुबन्ध शैलप्रवाह गगनचर, एह्येहि भगवन्महाबलपराक्रम भैरवो ज्ञापयति एह्येहि महारौद्र दीर्घलाङ्गुलेन अमुकं वेष्टय वेष्टय जम्भय खन खन वैते हूं फट् । हे देवी यस मन्त्रलाई अठतीस सयपटक जप गर्नाले हनुमानले सबै खालका सिद्धि प्रदान गर्छन् । कपडामा हनुमानको चित्र लेखेर देखाउँदा शत्रु विनाश हुन्छन् ।३९–५१।

# १२६. षड्विंशत्यधिकशततमोऽध्यायः

## नक्षत्रनिर्णय

ईश्वर उवाच

वक्ष्याम्यृक्षात्मकं पिण्डं शुभाशुभविवृद्धये ।
यस्मिनृक्षे भवेत्सूर्य्यस्तदादौ त्रीणि मूर्द्धनि ।१।
एकं मुखे द्वयं नेत्रे हस्तपादे चतुष्टयम् ।
हृदि पञ्च सुते जानौ आयुर्वृद्धिं विचिन्तयेत् ।२।
शिरस्थे तु भवेद्राज्यं पिण्डतो वक्रयोगतः ।
नेत्रयोः कान्तिसौभाग्यं हृदये द्रव्यसङ्ग्रहः ।३।
हस्ते धृतं तस्करत्वं गतासुरध्वगः पदे ।
कुम्भाष्टके भानि लिख्य सूर्यकुम्भस्तु रिक्तकः ।४।
अशुभः सूर्यकुम्भः स्याच्छुभः पूर्वादिसंस्थितः ।
फणिराहुं प्रवक्ष्यामि जयाजयविवेकदम् ।५।
अष्टाविंशाँल्लिखेद्बिन्दुन् पुनर्भाज्यस्त्रिभिस्त्रिभिः ।
अथ ऋक्षाणि चत्वारि रेखा स्तत्रैव दापयेत् ।६।
यस्मिनृक्षे स्थितो राहुस्तदृक्षं फणिमूर्द्धनि ।
तदादि विन्यसेद्भानि सप्तविंशक्रमेण तु ।७।
वक्त्रे सप्तगते ऋक्षे म्रियते सर्व आहवे ।
स्कन्धे भङ्गं विजानीयात्सप्तभेषु च मध्यतः ।८।

शङ्करले भन्दछन्– हे देवी ! अब म प्राणीको शुभाशुभ फल जानकारीका लागि नाक्षत्रिक पिण्डको वर्णन गर्दछु । फल जान्नुपर्ने मानिसको आकृति बनाएर सूर्य जुन जुन नक्षत्रमा छन् त्यसपछिका तीन नक्षत्र उसका शिरमा, एक मुखमा, दुई आँखामा, चार हातखुट्टामा, पाँच हृदयमा, पाँच घुँडामा लेख्नुपर्छ र आयुवृद्धिको विचार गर्नुपर्छ । शिरमा हुने नक्षत्रमा सङ्ग्राम कार्य गर्दा राज्य प्राप्ति हुन्छ । मुखका नक्षत्रमा सुख, नेत्रका नक्षत्रमा सुन्दर सौभाग्य, हृदयका नक्षत्रहरूमा द्रव्यसङ्ग्रह, हातका नक्षत्रहरूमा चोरी र खुट्टाका नक्षत्रहरूमा बाटैमा मृत्यु भन्ने खाले फल क्रमशः हुने गर्दछन् । अब कुम्भ चक्रका सम्बन्धमा– पूर्व आदि दिशाहरूमा आठ कुम्भ स्थापना गर्नुपर्छ । प्रत्येक कुम्भमा तीन तीन नक्षत्रलाई स्थापना गर्दा आठ कुम्भमा चौबीस नक्षत्रहरू स्थापित भइसक्छन् र चार नक्षत्र शेष रहन्छन् । यिनीहरूलाई नै सूर्य कुम्भ भन्ने गरिन्छ । यस्ता सूर्य कुम्भ अशुभ हुन्छन् । बाँकी पूर्व आदि दिशाका कुम्भसम्बन्धी नक्षत्र शुभ हुन्छन् । अब म सङ्ग्राममा विजया वा पराजयसम्बन्धी विवेक प्रदान गर्ने सर्पाकार राहुचक्रको वर्णन गर्दछु । पहिले अठ्ठाईसवटा विन्दुहरू लेख्नुपर्छ । तीनलाई तीन-तीनवटाका दरले विभाजन गरिन्छ । यस किसिमले आठ भाग गर्दा चौबीस नक्षत्रको प्रवेश भइसक्छ । चार शेष रहन्छन् । त्यसमाथि रेखा तानौँ । यसै किसिमले गर्दा सर्पाकार चक्र बन्दछ । जुन नक्षत्रमा राहु रहेको छ त्यसलाई सर्पको फणामा लेख्नुपर्छ । त्यसपछि त्यसै नक्षत्रबाट आरम्भ गरी क्रमशः सत्ताईस नक्षत्र स्थापित गर्नुपर्दछ । सर्पाकार राहुचक्रको फल विचार गर्दा– मुखका सात नक्षत्रमा सङ्ग्राम

उदरस्थेन पूजां च जयश्चैवात्मनस्तथा ।
कटिदेशे स्थिते योध आहवे हरते परान् ।९।
पुच्छस्थितेन कीर्तिः स्याद्राहुदृष्टे च भे मृतिः ।
पुनरन्यं प्रवक्ष्यामि रविराहुबलं तव ।१०।
रविः शुक्रो बुधश्चैव सोमः सौरिर्गुरुस्तथा ।
लोहितः सैंहिकश्चैव ह्येते यामार्द्धभागिनः ।११।
सौरिं रविं च राहुं च कृत्वा यत्नेन पृष्ठतः ।
स जयेत्सैन्यसङ्घातं द्यूतमध्वानमाहवम् ।१२।
रोहिणी चोतरास्तिस्रो मृगः पञ्च स्थिराणि हि ।
अश्विनी रेवती स्वाती धनिष्ठा शततारका ।१३।
क्षिप्राणि पञ्च भान्येव यात्रार्थी चैव योजयेत् ।
अनुराधाहस्तमूलं मृगः पुष्यं पुनर्वसुः ।१४।
सर्वकार्य्येषु चैतानि ज्येष्ठा चित्रा विशाखया ।
पूर्व्वास्तिस्रोऽग्निर्भरणी मघार्द्राश्लेषादारुणाः ।१५।
स्थावरेषु स्थिरं ह्यृक्षं यात्रायां क्षिप्रमुत्तमम् ।
सौभाग्यार्थे मृदून्येव उग्रेषूग्रं तु कारयेत् ।१६।
दारुणे दारुणं कुर्य्याद्वक्ष्ये चाधोमुखादिकम् ।
कृत्तिका भरण्याश्लेषा विशाखा पितृनैर्ऋतम् ।१७।
पूर्व्वात्रयमधोवक्त्रं कर्म्म चाधोमुखं चरेत् ।
एषु कूपतडागादिविद्याकर्म्मभिषक्क्रिया ।१८।
स्थापनं नौकाभूपादिविधानं खननं तथा ।
रेवती चाश्विनी चित्रा हस्तः स्वाती पुनर्वसुः ।१९।
अनुराधा मृगो ज्येष्ठा नव वै पार्श्वतोमुखाः ।
एषु राज्याभिषेकं च पट्टबन्धं गजाश्वयोः ।२०।
आरामगृहप्रासादं प्राकारं क्षेत्रतोरणम् ।
ध्वजचिह्नपताकाश्च सर्वनितांश्च कारयेत् ।२१।
द्वादशी सूर्य्यदग्धा तु चन्द्रेणैकादशी तथा ।
भौमेन दशमी दग्धा तृतीया वै बुधेन च ।२२।

गर्दा मरण हुन्छ। स्कन्धमा भएका सात नक्षत्रमा युद्ध गर्दा पराजय हुन्छ, पेटका सात नक्षत्रमा सङ्ग्राम गर्दा सम्मान तथा विजय प्राप्त हुन्छ। कम्मरका नक्षत्रमा सङ्ग्राम गर्दा शत्रुको हरण हुन्छ, पुच्छरका नक्षत्रमा युद्ध गर्दा कीर्ति हुन्छ र राहुले देखेका नक्षत्रमा सङ्ग्राम गर्नाले मृत्यु हुन्छ। त्यसपछि फेरि सूर्यदेखि राहुसम्मका ग्रहहरूको बलका विषयमा वर्णन गर्दछु। अर्धयामेशको वर्णन सम्बन्धमा– जसरी चार प्रहरको एक दिन हुन्छ भने उसरी नै एक दिनमा आठ अर्धप्रहर हुन्छन्। यदि दिनमान बत्तीस दण्डको हुन्छ भने एक अर्धप्रहरको मान चार दण्ड हुन्छ। दिन मानका प्रमाणमा आठले भाग गर्दा जुन लब्धि हुन्छ त्यो नै एक अर्धप्रहरको मान हो। रवि आदि सात बारमा प्रत्येक अर्धप्रहरको स्वामी कुन ग्रह हुन्छ भन्ने कुरामा विचार गर्दै केवल रविबारका दिनका अर्धप्रहरका स्वामीहरूका विषयमा बताइएको छ। जसरी रविवारमा एकदेखि लिएर आठसम्मका अर्धप्रहरहरूका स्वामी क्रमशः सूर्य, शुक्र, बुध, सोम, शनि, गुरु, मङ्गल र राहु ग्रह हुन्छन्। जुन विभागको स्वामी शनि हुन्छ त्यो बेला शुभ कार्यका लागि त्याज्य छ र त्यसैलाई वारवेला भन्दछन्। विशेषतः रविवारका अर्धयामेशहरूलाई हेरेपछि रविबारका अतिरिक्त कुनै दिनको अर्धयामेश जान्नुपर्नेछ भन्ने प्रथम अर्धयामेश त दिनपति नै हुन्छ र पछिल्ला अर्धयामका स्वामी छ सङ्ख्यामा पर्ने ग्रह हुन्छन्। यसैका आधारमा रविवारदेखि लिएर शनिबारसम्मका अर्धयामका स्वामीहरू रहन्छन्। शनि, सूर्य र राहुलाई यत्नपूर्वक जसले पिठ्युँपछाडि पारेर सङ्ग्राम गर्दछ, उसले सैन्यसमुदायमाथि विजय प्राप्त गर्दछ र जुवा, मार्ग तथा युद्धमा सफल हुन्छ। नक्षत्रहरूको स्थिर आदि संज्ञा र त्यसको प्रयोजनका सम्बन्धमा– रोहिणी, तीनवटै उत्तरा, मृगशिरा यी पाँच नक्षत्र स्थिर संज्ञाका हुन्छन्। अश्विनी, रेवती, स्वाती, धनिष्ठा, शतभिषा यी पाँच नक्षत्रको क्षिप्र संज्ञा हुन्छ। यात्रा गर्ने इच्छा भएकाहरूले यिनैमा यात्रा गर्नुपर्दछ। अनुराधा, हस्त, मूल, मृगशिरा, पुष्य, पुनर्वसु यिनीहरूमा प्रत्येक कार्य हुन सक्छन्। ज्येष्ठा, चित्रा, विशाखा, तीनवटै पूर्वाहरू, कृत्तिका, भरणी, मघा, आर्द्रा, आश्लेषा यिनीहरूको दारुण संज्ञा हुन्छ। स्थिर कार्यमा स्थिर संज्ञाका नक्षत्र लिनुपर्छ। यात्रामा क्षिप्र संज्ञक नक्षत्र उत्तम हुन्छन् भन्ने मानिएको छ। मृदु संज्ञक नक्षत्रहरूमा सौभाग्यको काम र उग्र संज्ञक नक्षत्रमा उग्र काम गर्नुपर्छ।१-१६।

दारुण संज्ञक नक्षत्र भयानक कामका लागि उपयुक्त हुन्छन्। अब अधोमुख, तिर्यङ्मुख आदि नक्षत्रको नाम र प्रयोजन भन्ने विषयमा–कृत्तिका, भरणी, आश्लेषा, विशाखा, मघा, मूल, तीनवटै पूर्वाहरू यी अधोमुख नक्षत्र हुन्। यिनमा

षष्ठी च गुरुणा दग्धा द्वितीया भृगुणा तथा ।
सप्तमी सूर्य्यपुत्रेण त्रिपुष्करमथो वदे ।२३।
द्वितीया द्वादशी चैव सप्तमी वै तृतीयया ।
रविर्भौमस्तथा सौरिः षडेतास्तु त्रिपुष्कराः ।२४।
विशाखा कृत्तिका चैव ह्युत्तरे द्वे पुनर्वसुः ।
पूर्वभाद्रपदा चैव षडेते तु त्रिपुष्कराः ।२५।
लाभो हानिर्जयो वृद्धिः पुत्रजन्म तथैव च ।
नष्टं भ्रष्टं विनष्टं वा तत्सर्व्वं त्रिगुणं भवेत् ।२६।
अश्विनी भरणी चैव अश्लेषा पुष्यमेव च ।
स्वातीश्चैव विशाखा च श्रवणं सप्तमं पुनः ।२७।
एतानि दृढचक्षूंषि पश्यन्ति च दिशो दश ।
यात्रासु दूरगस्यापि ह्यागमः पुण्यगोचरे ।२८।
आषाढे रेवती चित्रा केकराणि पुनर्व्वसुः ।
एषु पञ्चसु ऋक्षेषु निर्गतस्यागमो भवेत् ।२९।
कृत्तिका रोहिणी सौम्यं फल्गुनी च मघा तथा ।
मूलं ज्येष्ठानुराधा च धनिष्ठा शततारका ।३०।
पूर्व्वभाद्रपदा चैव चिपिटानि च तानि हि ।
अध्वानं व्रजमानस्य पुनरेवागमो भवेत् ।३१।
हस्त उत्तरभाद्रश्च आर्द्राषाढा तथैव च ।
नष्टार्थाश्चैव दृश्यन्ते सङ्ग्रामो नैव विद्यते ।३२।
पुनर्वक्ष्यामि गण्डान्तमृक्षमध्ये यथा स्थितम् ।
रेवत्यन्ते चतुर्नाडी अश्विन्यादि चतुष्टयम् ।३३।
उभयोर्यामभात्रस्तु वर्जयेत्तत्प्रयत्नतः ।
अश्लेषान्ते मघादौ तु घटिकानां चतुष्टयम् ।३४।
द्वितीयं गण्डमाख्यातं तृतीयं भैरवि शृणु ।
ज्येष्ठाभमूलयोर्म्मध्ये उग्ररूपं तु यामकम् ।३५।
न कुर्य्याच्छुभकर्म्माणि यदीच्छेदात्मजीवितम् ।
दारके जातकाले च म्रियते पितृमातरौ ।३६।

अधोमुख कर्म गर्नुपर्दछ । उदाहरणका लागि इनार, तलाउ विद्या, चिकित्सा, स्थापन, नौका-निर्माण, कूपको निर्माण खाडल खन्ने आदि कार्य यिनै अधोमुख नक्षत्रमा गर्नुपर्दछ रेवती, अश्विनी, चित्रा, हस्त, स्वाती, पुनर्वसु, अनुराध मृगशिरा, ज्येष्ठा यी नौ नक्षत्र तिर्यङ्मुख हुन् । यिनम राज्याभिषेक, हात्ती घोडालाई सघाउनु, बगैंचा बनाउनु, घर व महल बनाउनु, हाता कायम गर्नु, क्षेत्र, तोरण, ध्वजा-पताव लगाउनु जस्ता सबैकाम गरिन्छन् । आइतवारको द्वादशी सोमवारको एकादशी, मङ्गलबारको दशमी, बुधवारको तृतीय बिहीवारको षष्ठी, शुक्रबारको द्वितीया, शनिवारको सप्तम भए भने दग्धयोग हुन्छ । अब त्रिपुष्करयोगका सम्बन्धमा- द्वितीया, द्वादशी, सप्तमी यी तीन तिथि र रवि, मङ्गल, शनि यी तीन बार यी छ त्रिपुष्कर हुन् र विशाखा, कृत्तिका, दुवैव उत्तरा, पुनर्वसु, पूर्वभाद्रपदा यी छ नक्षत्रहरू पनि त्रिपुष्क हुन् । अर्थात् रवि, शनि, मङ्गलबारमा द्वितीया, द्वादश सप्तमीमध्ये कुनै तिथि छ भने र उपर्युक्त नक्षत्रमध्ये कुनै भने त्रिपुष्करयोग हुन्छ । त्रिपुष्करयोगमा लाभ, हानी, विज वृद्धि, पुत्रजन्म, वस्तुको नोक्सानी, विनाश यी सबै त्रिगुणा रूपमा हुने गर्दछन् । अब नक्षत्रको स्वक्ष, मध्याक्ष, मन्द र अन्धाक्षका सम्बन्धमा— अश्विनी, भरणी, आश्लेषा, पु स्वाती, विशाखा, श्रवण, पुनर्वसु यी दृढ नेत्र भएका नक्षत्र र दशै दिशामा देख्ने यी स्वक्ष हुन् । यिनमा यात्रा गर्न गए व्यक्ति वा गएको वस्तु विशेष पुण्यको उदय भएपछि फर्कन्छ । दुवैवटा आषाढ, रेवती, चित्रा, पुनर्वसु यी पाँच नक्ष केकर वा मध्याक्ष हुन् । यिनमा गएको वस्तु ढिलो फर्कन्छ कृत्तिका, रोहिणी, मृगशिरा, पूर्वाफाल्गुनी, मघा, मूल, ज्ये अनुराधा, धनिष्ठा, शतभिषा, पूर्वाभाद्रपदा यी नक्षत्र चिपिट वा मन्दाक्ष हुन् । यिनमा गएको वस्तु र बाटो लाग्ने मान्छे वं ढिलो गरेरै फर्कन्छ । हस्त, उत्तरभाद्रपदा, आर्द्रा, पूर्वाष यी नक्षत्र अन्धाक्ष हुन् । यिनमा गएको वस्तु तुरुन्तै भेटि कुनै सङ्ग्राम गर्नै पर्दैन । अब नक्षत्रमा रहेको गण्डान्त निरूपण गर्दछु— रेवतीका अन्तिम चार दण्ड र अश्विनी सुरुका चार दण्ड गण्डान्त हुन् । यी दुवै नक्षत्रको एक शुभ कार्यमा प्रयत्नपूर्वक त्याग गर्नुपर्छ । आश्लेषाका अन्ति र मघाका आदिका चार दण्ड द्वितीय गण्डान्त हुन्छन् भनिए छ । हे भैरवी ! अब तृतीय गण्डान्तका विषयमा सुन । ज्ये तथा मूलका बीचको एक प्रहर अत्यन्तै भयानक हुन्छ । व्यक्तिले आफ्नो जीवन चाहन्छ उसले कुनै पनि शुभ क यस कालमा गर्नु हुँदैन । यस बेलामा यदि बालक जन्मियो उनका माता-पिता जीवित रहँदैनन् ।१७-३६।

# १२७. सप्तविंशत्यधिकशततमोऽध्यायः

## नानाबल

ईश्वर उवाच
विष्कुम्भे घटिकास्तिस्रः शूले पञ्च विवर्जयेत् ।
षट् षट् गण्डेऽतिगण्डे च नव व्याघातवज्रयोः ।१।
परिघे च व्यतीपाते ह्युभयोरपि तद्दिनम् ।
वैधृतौ तद्दिने चैव यात्रायुद्धादिकं त्यजेत् ।२।
ग्रहैः शुभाशुभं वक्ष्ये देवि मेषादिराशितः ।
चन्द्रशुक्रौ च जन्मस्थौ वर्जितौ शुभदायकौ ।३।
द्वितीयो मङ्गलोऽथार्क्कः सौरिश्चैव तु सैंहिकः ।
द्रव्यनाशमलाभं च ह्याहवे भङ्गमादिशेत् ।४।
सोमो बुधो भृगुर्जीवो द्वितीयस्थाः शुभावहाः ।
तृतीयस्थो यदा भानुः शनिर्भौमो भृगुस्तथा ।५।
बुधश्चैवेन्दुराहुश्च सर्वे ते फलदा ग्रहाः ।
बुधशुक्रौ चतुर्थौ तु शेषाश्चैव भयावहाः ।६।
पञ्चमस्थो यदा जीवः शुक्रः सौम्यश्च चन्द्रमाः ।
ददेत चेप्सितं लाभं षष्ठे स्थाने शुभो रविः ।७।
चन्द्रः सौरिर्म्मङ्गलश्च ग्रहा देवि स्वराशितः ।
बुधश्च शुभदः षष्ठे त्यजेत्षष्ठं गुरुं भृगुम् ।८।
सप्तमोऽर्कः शनिर्भौमो राहुर्हान्यै सुखाय च ।
जीवो भृगुश्च सौम्यश्च ज्ञशुक्रौ चाष्टमौ शुभौ ।९।
शेषा ग्रहास्तथा हान्यै ज्ञभृगू नवमौ शुभौ ।
शेषा हान्यै च लाभाय दशमौ भृगुभास्करौ ।१०।
शनिर्भौमश्च राहुश्च चन्द्रः सौम्यः शुभावहः ।
शुभाश्चैकादशे सर्वे वर्जयेद्दशमे गुरुम् ।११।
बुधशुक्रौ द्वादशस्थौ शेषान्द्वादशगांस्त्यजेत् ।
अहोरात्रे द्वादश स्यू राशयस्तान्वदाम्यहम् ।१२।
मीनो मेषोऽथ मिथुनं चतस्रो नाड्यो वृषः ।
षट् कर्कसिंशकन्याश्च तुला पञ्च च वृश्चिकः ।१३।
धनुर्नक्रो घटश्चैव सूर्य्यगोराशिराद्यकः ।
चरस्थिरद्विस्वभावा मेषाद्याः स्युर्यथाक्रमम् ।१४।
कुलीरो मकरश्चैव तुलामेषादयश्चराः ।

शङ्करले भने– विष्कुम्भ योगका तीन घडी, शूल योगका पाँच, गण्ड तथा अतिगण्डका छ, व्याघात तथा वज्र योगका नौ घडी शुभ कार्यमा त्याग्नुपर्दछ। परिघ, व्यतिपात र वैधृति योगमा पूरै दिन त्याज्य हुन्छ भनिएको छ। यी योगमा यात्रा, युद्ध आदि कार्य गर्नु हुँदैन। हे देवी ! अब म मेष आदि राशि र ग्रहद्वारा हुने शुभाशुभको निर्णय बताउँछु। मेष राशिको चन्द्रमा तथा शुक्र वर्जित नै भएपनि शुभ दायक हुन्छन्। जन्म राशि र लग्नभन्दा पछिल्लो स्थानमा सूर्य, शनि, राहु अथवा मङ्गल छन् भने प्राप्त भएको द्रव्य नाश हुन्छ र अप्राप्त द्रव्य प्राप्त हुँदैन, अनि युद्धमा पराजय नै हुन्छ। चन्द्रमा, बुध, गुरु, शुक्र यी दोस्रो स्थानमा शुभप्रद हुन्छन्। सूर्य, शनि, मङ्गल, शुक्र, बुध, चन्द्रमा, राहु यी तेस्रो घरमा छन् भने शुभ फल दिन्छन्। बुध, शुक्र चौथो भावमा भएदेखि शुभ हुन्छ र शेष ग्रह भयदायक हुन्छन्। बृहस्पति, शुक्र, बुध, चन्द्रमा यी पाँचौं भावमा भए भने अभीष्ट लाभ प्राप्ति गराउँछन्। हे देवी ! आफ्नो राशिबाट छैटौं भावमा सूर्य, चन्द्र, शनि, मङ्गल, बुध यी ग्रहले शुभ फल दिन्छन्; तर छैटौं भावका शुक्र तथा गुरु शुभ हुँदैनन्। सातौं भावको सूर्य, शनि, मङ्गल, राहु हानीकारक हुन्छन् र बुध, गुरु, शुक्र सुखदायक हुन्छन्। आठौं भावका बुध र शुक्र शुभ तथा शेष ग्रह हानीकारक हुन्छन्। नवौं भावका पनि बुध, शुक्र शुभ तथा अन्य ग्रह अशुभ हुन्छन्। दसौं भावको सूर्य लाभकारक हुन्छ र शनि, मङ्गल, राहु, चन्द्रमा, बुध शुभकारक हुन्छन्। एघारौं भावमा प्रत्येक ग्रहले शुभ फल दिन्छन् तर दसौं बृहस्पति त्याज्य हुन्छ। बाह्रौं भावमा बुध, शुक्र शुभ तथा शेष ग्रह अशुभ हुन्छन्। एक दिन–रात बाह्र राशिले भोग गर्दछन्। अब म तिनैको वर्णन गर्दछु। मीन, मेष, मिथुन यिनमा प्रत्येकका चार–चार दण्ड, वृष, कर्कट, सिंह, कन्या यिनमा प्रत्येकका छ–छ दण्ड, तुला, वृश्चिक, धनु, मकर, कुम्भ यिनी प्रत्येकका पाँच दण्ड भोग फल हो। सूर्य जुन राशिमा रहेको हुन्छ त्यसको उदय हुन्छ र उसै राशिबाट अन्य राशिको भोगफल सुरु हुन्छ। मेष आदि राशिहरूको क्रमशः चार, स्थिर र द्विस्वभाव संज्ञा हुन्छ। जस्तै मेष, कर्कट, तुला, मकर यी राशिहरूको संज्ञा चर हो। यिनमा शुभ वा अशुभ स्थायी कर्म गर्नुपर्दछ। वृष, सिंह, वृश्चिक, कुम्भ यी

चरकार्य्यं जयं काममाचरेच्च शुभाशुभम् ।१५।
स्थिरो वृषो हरिः कुम्भो वृश्चिकः स्थिरकार्य्यके ।
शीघ्रः समागमो नास्ति रोगार्त्तो नैव मुच्यते ।१६।
मिथुनं कन्यका मीनो धनुश्च द्विस्वभावकः ।
द्विस्वभावाः शुभाश्चैते सर्वकार्य्येषु नित्यशः ।१७।
यात्रावाणिज्यसङ्ग्रामे विवाहे राजदर्शने ।
वृद्धिं जयं तथा लाभं युद्धे जयमवाप्नुयात् ।१८।
अश्विनी विंशताराश्च तुरगस्याकृतिर्यथा ।
यद्यत्र कुरुते वृष्टिमेकरात्रं प्रवर्षति ।
यमभे तु यदा वृष्टिः पक्षमेकं तु वर्षति ।१९।

राशिहरूको स्थिर संज्ञा हो । यिनमा स्थायी कार्य गर्नुपर्दछ । यी लग्नमा बाहिर गएको व्यक्तिसित हत्तपत्त भेटघाट हुँदैन र रोगीलाई झट्टै रोगबाट मुक्ति मिल्दैन । मिथुन, कन्या, धनु, मीन यी राशिहरूको संज्ञा द्विस्वभाव हो । यी द्विस्वभाव संज्ञक राशिहरू प्रत्येक कार्यमा शुभफल दिने खालका हुन्छन् । यिनमा यात्रा, व्यापार, सङ्ग्राम, विवाह, राजदर्शन हुँदा वृद्धि, जय र लाभ हुन्छ र युद्धमा विजय नै हुन्छ । अश्विनी नक्षत्रका बीस तारा छन् र घोडाको जस्तै त्यसको आकार छ । यदि यसमा वर्षा भयो भने एक रातभरि घनघोर वर्षा हुन्छ । यदि भरणीमा वर्षा सुरु भयो भने पन्ध्र दिनसम्म लगातार वर्षा भइरहन्छ ।१-१९।

# १२८. अष्टाविंशत्यधिकशततमोऽध्यायः

## कोटचक्र

ईश्वर उवाच

कोटचक्रं प्रवक्ष्यामि चतुरस्रं पुरं लिखेत् ।
चतुरस्रं पुनर्म्मध्ये तन्मध्ये चतुरस्रकम् ।१।
नाडीत्रितयचिह्नाढ्यं मेषाद्याः पूर्वदिङ्मुखाः ।
कृत्तिका पूर्वभागे तु अश्लेषाग्नेयगोचरे ।२।
भरणी दक्षिणे देया विशाखां नैर्ऋते न्यसेत् ।
अनुराधां पश्चिमे च श्रवणं वायुगोचरे ।३।
धनिष्ठां चोत्तरे न्यस्य ऐशान्यां रेवतीं तथा ।
ब्राह्मनाड्यां स्थितान्येव अष्टौ ह्यृक्षाणि यत्नतः ।४।
रोहणीपुष्यफल्गुन्यः स्वाती ज्येष्ठा क्रमेण तु ।
अभिजिच्छततारा तु अश्विनी मध्यनाडिका ।५।
कोटमध्ये तु या नाडी कथयामि प्रयत्नतः ।
मृगश्चाभ्यन्तरे पूर्वं तस्याग्नेये पुनर्वसुः ।६।
उत्तराफल्गुनी याम्ये चित्रा नैर्ऋतसंस्थिता ।
मूलं तु पश्चिमे न्यस्योत्तराषाढां तु वायवे ।७।
पूर्वभाद्रपदा सौम्ये रेवती चेशगोचरे ।

शङ्करले भन्दछन्– अब म कोटचक्रको वर्णन गर्दछु । पहिले एउटा चतुर्भुज बनाएर त्यसका भित्र दोस्रो चतुर्भुज, त्यसभित्र तेस्रो चतुर्भुज र त्यसभित्र चौथो चतुर्भुज बनाइन्छ । यस किसिमले चतुर्भुज लेख्नाले कोटचक्र बन्दछ । कोटचक्रभित्र तीनवटा मेखलाहरू बन्दछन् । तिनीहरूको नाम क्रमशः प्रथम नाडी, मध्यनाडी र अन्तनाडी हो । कोटचक्रका माथि पूर्व आदि दिशाहरू लेखेर मेष आदि राशिहरू पनि लेखिदिनुपर्छ । कोटचक्र न्यासका सम्बन्धमा– पूर्वभागमा कृत्तिका, अग्निकोणमा आश्लेषा, दक्षिणमा मघा, नैर्ऋत्यमा विशाखा, पश्चिममा अनुराधा, वायुकोणमा श्रवण, उत्तरमा धनिष्ठा, ईशानमा भरणी लेख्नुपर्छ । यस किसिमले लेख्दा बाह्य वा प्रथम नाडीमा आठ नक्षत्र हुन्छन् । यसै गरी पूर्व आदि दिशाहरूको अनुसार रोहिणी, पुष्य, पूर्वाफाल्गुनी, स्वाती, ज्येष्ठा, अभिजित, शतभिषा, अश्विनी यी आठ नक्षत्र मध्यनाडीमा हुन्छन् । कोष्ठभित्र जुन अन्तनाडी छ, त्यसमा पनि पूर्व आदि दिशाहरूकै क्रमले पूर्वमा मृगशिरा, अग्निकोणमा पुनर्वसु, दक्षिणमा उत्तराफाल्गुनी, नैर्ऋत्यमा चित्रा, पश्चिममा मूल, वायव्यमा उत्तराषाढा, उत्तरमा पूर्वाभाद्रपदा र ईशानमा रेवती लेख्नुपर्छ । यसरी लेखिदिँदा अन्तनाडीमा पनि आठ नक्षत्र हुन्छन् । आर्द्रा, हस्त, पूर्वाषाढा, र उत्तरभाद्रपदा यी चार नक्षत्र कोटको मध्यभागमा स्तम्भका रूपमा रहन्छन् ।

कोटस्याभ्यन्तरे नाडी ऋक्षाष्टकसमन्विता ।८।
आर्द्रा हस्तस्तथाषाढा चतुष्कं चोत्तरात्रिकम् ।
मध्ये स्तम्भचतुष्कं तु दद्यात्कोटस्य कोटरे ।९।
एवं दुर्गस्य विन्यासं बाह्ये स्थानं दिशाधिपात् ।
आगन्तुको यदा योद्धा ऋक्षवान्स्यात्फलान्वितः ।१०।
कोटमध्ये ग्रहाः सौम्या यदा ऋक्षान्विताः पुनः ।
जयं मध्यस्थितानां तु भङ्गमागामिनो विदुः ।११।
प्रवेशभे प्रवेष्टव्यं निर्गमे भे च निर्गमेत् ।
भृगुः सौम्यस्तथा भौम ऋक्षान्तं सकलं यदा ।१२।
तदा भङ्गं विजानीयाज्जयमागन्तुकस्य च ।
प्रदेशर्क्षचतुष्के तु सङ्ग्रामं चारभेद्यदा द्व।
तदा सिध्यति तद्दुर्गं न कुर्य्यात्तत्र विस्मयम् ।१३।

यसै गरी चक्र लेख्दा बाहिरको स्थान दिशाका स्वामीहरूको हुन्छ। आगन्तुक योद्धाले यदि जुन दिशामा जुन नक्षत्र छ, त्यसै नक्षत्रमा त्यसै दिशाबाट प्रवेश गर्दछ भने उसको विजय हुन्छ। कोटका बीचमा जुन नक्षत्र छन्, ती नक्षत्रमा शुभ ग्रह जहिले आउँछन् त्यसबेला युद्ध गर्दा मध्यमा रहनेहरूको विजय र आक्रमण गर्नेको पराजय हुन्छ। प्रवेश गर्नु पर्ने नक्षत्रमा प्रवेश गर्नु र निर्गम नक्षत्रमा निस्कने काम गर्नुपर्छ। शुक्र, मङ्गल र बुध यी जब नक्षत्रका अन्त्यमा रहन्छन्, त्यस बेला यदि युद्ध आरम्भ गरिन्छ भने आक्रमणकारी पराजित हुन्छ। प्रवेश गर्ने नक्षत्रमा यदि युद्ध थालियो भने त्यो किल्ला अधीनमा हुन्छ भन्ने कुरामा आश्चर्य मान्नु पर्दैन ।१-१३।

# १२९. ऊनत्रिंशदधिकशततमोऽध्यायः

## अर्घकाण्ड

ईश्वर उवाच

अर्घमानं प्रवक्ष्यामि उल्कापातोऽथ भूश्चला ।
निर्घातो ग्रहणं वेशो दिशां दाहो भवेद्यदा ।१।
लक्षयेन्मासि मास्येवं यद्येते स्युश्च चैत्रके ।
अलङ्कारादि सङ्गृह्य षड्भिर्म्मासैश्चतुर्गुणम् ।२।
वैशाखे चाष्टमे मासि षड्गुणं सर्वसङ्ग्रहम् ।
ज्येष्ठे मासि तथाषाढे यवगोधूमधान्यकैः ।३।
श्रावणे घृततैलाद्यैराश्विने वस्त्रधान्यकैः ।
कार्त्तिके धान्यकैः क्रीतैर्म्मासि स्यान्मार्गशीर्षके ।४।
पुष्ये कुङ्कुमगन्धाद्यैर्ल्लाभो धान्यैश्च माघके ।
गन्धाद्यैः फाल्गुने क्रीतैरर्घकाण्डमुदाहृतम् ।५।

शङ्करले भन्दछन्– अब म सामानको महँगी र सस्तोका विषयमा विचार प्रकट गर्दै छु। जब भूतलमा कुनै बेला उत्कापात, भूकम्प, निर्धात, चन्द्र-सूर्यको ग्रहण र दिशाहरूमा अधिक गर्मीको अनुभव हुन्छ भने यस्ता कुराको प्रत्येक महिनामा विचार गर्नुपर्दछ। यदि उपर्युक्त लक्षणमध्ये कुनै चैत्रमा पर्छ भने गहना आदि सामग्रीहरू सङ्ग्रह गर्नुपर्छ। ती आठौं महिनामा छ गुना बढी महँगीमा बिक्छन्। यदि जेठ र असार महिना त्यस्तो भएको हुँदा जौ र गहुँ धान्यादि प्रशस्त मात्रामा सङ्ग्रह गर्नुपर्छ। साउनमा मिल्दछ भने तेल, घिउ आदि झोल पदार्थ सङ्ग्रह गर्नुपर्छ। यदि आश्विनमा भयो भने वस्त्र र धान्य दुवै सङ्ग्रह गर्नुपर्छ। यदि कार्त्तिकमा पऱ्यो भने सबै किसिमका अन्न किनेर राख्नुपर्छ। मंसीर पुसमा यदि पऱ्यो भने कुङ्कुम तथा सुगन्धी वस्तुबाट लाभ हुन्छ। माघमा यदि उक्त लक्षण मिल्न पुग्यो भने धान्यले लाभ हुन्छ। फागुनमा पर्न गयो भने सुगन्धित पदार्थले लाभ हुन्छ। लाभको अविध छ अथवा आठ महिनाको हुन्छ भनी जान्नुपर्दछ ।१-५।

# १३०. त्रिंशदधिकशततमोऽध्यायः

## मण्डलवर्णन

ईश्वर उवाच

मण्डलानि प्रवक्ष्यामि चतुर्द्धा विजयाय हि ।
कृत्तिका च मघा पुष्यं पूर्व्वा चैव तु फाल्गुनी ।१।
विशाखा भरणी चैव पूर्वभाद्रपदा तथा ।
आग्नेयमण्डलं भद्रे तस्य वक्ष्यामि लक्षणम् ।२।
यद्यत्र चलते वायुर्वेष्टनं शशिसूर्य्ययोः ।
भूमिकम्पोऽथ निर्घातो ग्रहणं चन्द्रसूर्य्ययोः ।३।
धूमज्वाला दिशां दाहः केतोश्चैव प्रदर्शनम् ।
रक्तवृष्टिश्चोपतापः पाषाणपतनं तथा ।४।
नेत्ररोगोऽतिसारश्च अग्निश्च प्रबलो भवेत् ।
स्वल्पक्षीरास्तथा गावः स्वल्पपुष्पफला द्रुमाः ।५।
विनाशश्चैव शस्यानां स्वल्पवृष्टिं विनिर्दिशेत् ।
चातुर्व्वर्णाः प्रपीड्यन्ते क्षुधार्त्ता अखिला नराः ।६।
सैन्धवा यामुनाश्चैव गुर्जरा भोजबाह्लिकाः ।
जालन्धरं च काश्मीरं सप्तमं चोत्तरापथम् ।७।
देशाश्चैते विनश्यन्ति तस्मिन्नुत्पातदर्शने ।
हस्ताचित्रा मघा स्वाती मृगोवाथ पुनर्वसुः ।८।
उत्तराफल्गुनी चैव अश्विनी च तथैव च ।
यदात्र भवते किञ्चिद्वायव्यं तं विनिर्द्दिशेत् ।९।
नष्टधर्म्माः प्रजाः सर्व्वा हाहाभूता विचेतसः ।
डाहलः कामरूपं च कलिङ्गः कोशलस्तथा ।१०।
अयोध्या च ह्यवन्ती च नश्यन्ते कोङ्कणान्ध्रकाः ।
अश्लेषा चैव मूलं तु पूर्व्वाषाढा तथैव च ।११।
रेवती वारुणं ह्यृक्षं तथा भाद्रपदोत्तरा ।
यदात्र चलते किञ्चिद्वारुणं तं विनिर्दिशेत् ।१२।
बहुक्षीरघृता गावो बहुपुष्पफला द्रुमाः ।
आरोग्यं तत्र जायेत बहुशस्या च मेदिनी ।१३।
धान्यानि च समर्घाणि सुभिक्षं पार्थिवं भवेत् ।
परस्परं नरेन्द्राणां सङ्ग्रामो दारुणो भवेत् ।१४।
ज्येष्ठा च रोहिणी चैव अनुराधा च वैष्णवम् ।
धनिष्ठा चोत्तराषाढा अभिजित्सप्तमं तथा ।१५।

शङ्करले भन्दछन्– हे भद्रे ! अब म विजयका लागि चार किसिमका मण्डलहरूको वर्णन गर्दछु । कृत्तिका, मघा, पुष्य, पूर्वाफाल्गुनी, विशाखा, भरणी, पूर्वाभाद्रपदा यी नक्षत्रहरूको आग्नेय मण्डल हुन्छ। त्यसको लक्षण बताउँछु। यस मण्डलमा यदि विशेष वायुको प्रकोप भयो, सूर्य-चन्द्रको परिवेश विशेष भयो, भूकम्प भयो, देशको क्षति भयो, चन्द्र-सूर्य ग्रहण भयो, धूमज्वाला देखियो, दिशाहरूमा दाहको अनुभव भयो, पुच्छ्रेतारा देखियो, रक्तवृष्टि भयो, अधिक गर्मीको अनुभव भयो, असिना बर्सिए भनेदेखि जनतामा आँखाको रोग, हैजा र आगलगीको डर हुन्छ । गाईले दुध थोरै दिन थाल्छन् । बोटमा फलफूल थोरै लाग्छन् । उब्जाउ घट्छ । झरी पनि कमै हुन्छ । ब्राह्मण आदि चारै वर्ण दुःखी हुन्छन् । सबैतिरका मान्छे अनिकालले छट्पटिन्छन् । यस खालको उत्पात देखिन थालेपछि सिन्धु-यमुनाको मैदानी भाग, गुजरात, भोज, बाह्लि, जालन्धर, काश्मीर र उत्तरापथ यी सात देश विनाश हुन्छन् । हस्त, चित्रा, मघा, स्वाती, मृगशिरा, पुनर्वसु, पूर्वाफाल्गुनी, अश्विनी यी नक्षत्रहरूको वायव्य मण्डल हो भनिन्छ। यसमा यदि पहिले भनिए जस्ता उत्पात भए भने बौलाहाझैँ भएर हाहाकार गर्दै सम्पूर्ण प्रजाहरू झण्डै नास हुन्छन्। साथै डाहल, कामरूप, कलिङ्ग, कोशल, अयोध्या, उज्जैन, कोङ्कण र आन्ध्र देशहरू विनाश हुन्छन्। आश्लेषा, मूल, पूर्वाषाढा, रेवती, शतभिषा र उत्तराभाद्रपदा यी नक्षत्रहरूलाई वारुण मण्डल भन्दछन् । यसमा यदि माथि बताइएको जस्तो उत्पात भयो भने गाईको दुध घिउ बढ्छ र बोटबिरुवामा फलफूल धेरै लाग्दछन्। प्रजा आरोग्य रहन्छन्। पृथ्वी धनधान्यले परिपूर्ण हुन्छ। अन्नको मोल सस्तो र देशमा सहकालको थालनी हुन्छ, तर पनि राजाहरूमा भने ठूलो आपसी सङ्ग्राम भइरहन्छ। ज्येष्ठा, रोहिणी, अनुराधा, श्रवण, धनिष्ठा, उत्तराषाढा र सातौँ अभिजित् यी नक्षत्रहरूका नाम माहेन्द्र मण्डल हो । यसमा यदि पूर्वोक्त उत्पात हुन्छ भने प्रजा प्रसन्न रहन्छन्, कुनै खालका रोगको भय रहँदैन । राजाहरू आपसमा सन्धि गर्न लाग्छन् र राजाहरूकै लागि पनि हितकारक सुभिक्ष हुन्छ। ग्राम दुई किसिमको हुन्छ। पहिलो

यदात्र चलते किञ्चिन्माहेन्द्रं तं विनिर्दिशेत् ।
प्रजाः समुदितास्तस्मिन्सर्वरोगविवर्जिताः ।१६।
सन्धिं कुर्वन्ति राजानः सुभिक्षं पार्थिवं शुभम् ।
ग्रामस्तु द्विविधो ज्ञेयो मुखपुच्छकरो महान् ।१७।
चन्द्रो राहुस्तथादित्य एकराशौ यदि स्थितः ।
मुखग्रामस्तु विज्ञेयो यामित्रे पुच्छ उच्यते ।१८।
भानोः पञ्चदशे ह्यृक्षे यदा चरति चन्द्रमाः ।
तिथिच्छेदे तु सम्प्राप्ते सोमग्रामं विनिर्द्दिशेत् ।१९।

किसिमको नाम मुखग्राम र दोस्रो किसमको नाम पुच्छग्राम हो । चन्द्र, राहु र सूर्य जब एकै राशिमा हुन्छन् त्यसबेला त्यसलाई मुखग्राम भनिन्छ। राहुबाट सातौँ स्थानलाई पुच्छग्राम भन्दछन्। सूर्यका नक्षत्रबाट पन्ध्रौँ नक्षत्रमा जब चन्द्रमा आउँछ, त्यसबेलामा तिथि साधन अनुसार सोमग्राम हुन्छ अर्थात् त्यो पूर्णिमा तिथि हो ।१-१९।

# १३१. एकत्रिंशदधिकशततमोऽध्यायः

## घातचक्र

ईश्वर उवाच

प्रदक्षिणमकारादीन्स्वरान्पूर्वादितो लिखेत् ।
चैत्राद्यं भ्रमणाच्चक्रं प्रतिपत्पूर्णिमा तिथिः ।१।
त्रयोदशी चतुर्दशी अष्टम्येका च सप्तमी ।
प्रतिपत् त्रयोदश्यन्तास्तिथयो द्वादश स्मृताः ।२।
चैत्रचक्रे तु संस्पर्शाज्जयलाभादिकं विदुः ।
विषमे तु शुभं ज्ञेयं समे चाशुभमीरितम् ।३।
युद्धकाले समुत्पन्ने यस्य नाम ह्युदाहृतम् ।
मात्रारूढं तु यन्नाम ह्यादित्यो गुरुरेव च ।४।
जयस्तस्य सदाकालं सङ्ग्रामे चैव भीषणे ।
ह्रस्वनाम यदा योधो म्रियते ह्यनिवारितः ।५।
प्रथमो दीर्घ आदिस्थो द्वितीयो मध्ये ह्यन्तकः ।
द्वौ मध्ये न प्रथमान्तौ जायेते नात्र संशयः ।६।
पुनश्चान्ते यदा चादौ स्वरारूढं तु दृश्यते ।
ह्रस्वस्य मरणं विद्याद्दीर्घस्यैव जयो भवेत् ।७।
नरचक्रं प्रवक्ष्यामि ह्यृक्षपिण्डात्मकं यथा ।
प्रतिमामालिखेत्पूर्वं पश्चादृक्षाणि विन्यसेत् ।८।
शीर्षे त्रीणि मुखे चैकं द्वे ऋक्षे नेत्रयोर्न्यसेत् ।
वेदसङ्ख्यानि हस्ताभ्यां कर्णे ह्यृक्षद्वयं पुनः ।९।

शङ्करले भन्दछन्— पूर्व आदि दिशाहरूमा प्रदक्षिणाका क्रमले अकार आदि स्वर अक्षर लेख्नुपर्छ। त्यसमा शुक्ल पक्षको प्रतिपदा, पूर्णिमा, त्रयोदशी, चतुर्दशी, केवल शुक्लपक्षको मात्रै एउटा अष्टमी, सप्तमी, कृष्णपक्षमा प्रतिपदादेखि त्रयोदशीसम्मका अष्टमी बाहेकका बाह्रवटा तिथिहरू न्यास गर्नुपर्छ। यस चत्र चक्रमा पूर्व आदि दिशामा स्पर्श वर्णहरू लेख्नाले जय पराजय तथा लाभको निर्णय हुन्छ। विषम दिशा, विषम स्वर तथा विषम वर्णमा शुभ हुन्छ र सम दिशा आदिमा अशुभ हुन्छ। युद्धमा जय पराजय बताउने सम्बन्धमा— युद्ध आरम्भ गर्ने बेलामा सेनापतिले पहिले जसको नाम पुकारेर बोलाउँछ त्यस व्यक्तिका नामको पहिलो अक्षर यदि दीर्घ छ भने घनघोर सङ्ग्राममा पनि त्यसको विजय नै हुन्छ। यदि नामका थालनीको वर्ण ह्रस्व छ भने पक्कै पनि मृत्यु नै हुन्छ। जस्तै कुनै एक सैनिकको नाम आदित्य छ र अर्काको नाम गुरु छ। यी दुई मध्ये पहिलाका नामका सुरुमा आ दीर्घ स्वर छ र दोस्रोका नामका सुरुमा उ ह्रस्व स्वर छ। त्यसैले यदि दीर्घ स्वर भएका व्यक्तिलाई बोलाइएछ भने विजय र ह्रस्व भएका व्यक्तिलाई बोलाइएमा हार र मृत्यु हुनेछ। अब नरचक्रद्वारा घातङ्क निर्णय गरिन्छ—नक्षत्रपिण्डका आधारमा नरचक्रको वर्णन गर्दछु। पहिले मानिसको एउटा आकार बताइन्छ। त्यसपछि त्यसमा नक्षत्रको न्यास गरिन्छ। सूर्यको नक्षत्रबाट नामको नक्षत्रसम्म गनेर सङ्ख्या निकाल्नुपर्छ। पहिले तीनलाई मानिसका शिरमा, एक मुखमा, दुई नेत्रमा, चार हातमा, दुई कानमा, पाँच हृदयमा र छ गोडामा लेख्नुपर्छ। त्यसपछि नक्षत्रको नाम स्पष्ट रूपमा चक्रका मध्य भागमा

हृदये भूतसङ्ख्यानि षड्ऋक्षाणि तु पादयोः।
नाम ह्यृक्षं स्फुटं कृत्वा चक्रमध्ये तु विन्यसेत् ।१०।
नेत्रे शिरोदक्षकर्णे याम्यहस्ते च पादयोः।
हृद्ग्रीवावामहस्ते तु पुनर्गुह्ये तु पादयोः ।११।
यस्मिनृक्षे स्थितः सूर्य्यः सौरिर्भौमस्तु सैंहिकः।
तस्मिन्स्थाने स्थिते विद्याद् घातमेव न संशयः ।१२।
जयचक्रं प्रवक्ष्यामि आदिहान्तांश्च वै लिखेत्।
रेखास्त्रयोदशालिख्य षड्रेखास्तिर्यगालिखेत् ।१३।
दिग्ग्रहा मुनयः सूर्य्या ऋत्विगुद्रस्थितिः क्रमात्।
मूर्च्छानास्मृतिवेदर्क्षजिना अकडमा ह्यधः ।१४।
आदित्याद्याः सप्तहृते नामान्ते बलिनो ग्रहाः।
आदित्यसौरिभौमाख्या जये सौम्याश्च सन्धये ।१५।
रेखा द्वादश चोद्धृत्य षट् च याम्यास्तथोत्तराः।
मनुश्चैव तु ऋक्षाणि नेत्रे च रविमण्डलम् ।१६।
तिथयश्च रसा वेदा अग्निः सप्तदशाथ वा।
वसुरन्ध्राः समाख्याता अकटपानधो न्यसेत् ।१७।
एकैकमक्षरं न्यस्य शेषाण्येवं क्रमान्न्यसेत्।
नामाक्षरकृतं पिण्डं वसुभिर्भाजयेत्ततः ।१८।
वायसान्मण्डलोऽत्युग्रो मण्डलाद्रासभो वरः।
रासभादृषभः श्रेष्ठो वृषभात्कुञ्जरो वरः ।१९।
कुञ्जराच्च पुनः सिंहः सिंहाच्चैव खरुर्वरः।
खरोश्चैव बली धूम्र एवमादि बलाबलम् ।२०।

न्यास गरिन्छ। यस किसिमले लेख्दा मानिसको आँखा, शिर, दाहिने कान, दाहिने हात, दुवै गोडा, हृदय, ग्रीवा, बाया हात र गुह्याङ्गमा जहाँ शनि, मङ्गल, सूर्य तथा राहुका नक्षत्र पर्दछन्, युद्धमा तिनै अङ्गमा चोट लाग्दछ। अब जयचक्रको सम्बन्धमा— पूर्वदेखि पश्चिमसम्म तेह्रवटा रेखा बनाएर फेरि उत्तरदेखि दक्षिणसम्म छवटा तेर्सा रेखा तान्नुपर्छ। त्यसमा अ देखि ह सम्मका अक्षर लेखौँ र दस, नौ, सात, बाह्र, चार, एघार, पन्ध्र, चौबीस, अठार, चार, सत्ताईस र चौबीस यी अङ्कहरू न्यास गर्ने। अङ्कहरू माथि लेखेर अक्षरजति तल लेख्नुपर्छ। शत्रुका नामाक्षरका स्वर र व्यञ्जन वर्णका अगाडि जुन अङ्क हुन्छन् तिनलाई जोडेर पिण्ड बनाउनुपर्छ। त्यसमा सातले भाग दिँदा एक आदि शेषकै अनुसार सूर्य आदि ग्रहको भाग जान्नुपर्छ। एक शेष हुँदा सूर्य, दुईमा चन्द्र, तीनमा भौम, चारमा बुध, पाँचमा गुरु, छमा शुक्र र सातमा शनिको भाग हुन्छ भनी बुझ्नुपर्छ। यदि सुर्य, शनि र मङ्गलको भाग आउँछ भने विजय हुन्छ र शुभ ग्रहको भाग आएमा सन्धि हुन्छ। अब द्वितीय जयचक्रको वर्णन गर्ने सम्बन्धमा— पूर्वदेखि पश्चिमसम्म बाह्र रेखा तानौँ र छवटा रेखा उत्तरदेखि दक्षिणसम्म पारेर लेखौँ। यसरी बनाइएको नै यो जयचक्र हो। त्यसका सबैभन्दा माथिल्ला कोठाहरूमा चौध, सत्ताईस, दुई, बाह्र, पन्ध्र, छ, चार, तीन, सत्र, आठ, आठ लेखौँ र कोष्ठहरूमा अकार आदि स्वरदेखि ह सम्मका अक्षरहरू क्रमशः न्यास गरौँ। त्यसपछि नामका अक्षरले बनेका पिण्डलाई आठले भाग गरौँ। त्यसमा एक आदि शेषका अनुसार वायस, मण्डल, वृषभ, रासभ, कुञ्जर, सिंह, खर, धूम्र यी आठ शेषका नाम हुनेछन्। यिनीहरूमा वायसभन्दा प्रबल मण्डल र मण्डलभन्दा प्रबल रासभका क्रमले उत्तरोत्तर बलिष्ठ हुन्छन् भनी जान्नुपर्छ। सङ्ग्राममा यायी तथा स्थायीको नामाक्षरका अनुसार मण्डल बनाएर एक अर्काका बली वा दुर्बल रहेको जान्नुपर्छ ।१–२०।

# १३२. द्वात्रिंशदधिकशततमोऽध्यायः

## सेवाचक्र

ईश्वर उवाच

सेवाचक्रं प्रवक्ष्यामि लाभालाभानुसूचकम्।
पितामाता तथा भ्राता दम्पती च विशेषतः ।१।
तस्मिँश्चक्रे तु विज्ञेयं यो यस्माल्लभते फलम्।

शङ्करले भन्दछन्— अब म सेवाचक्रको प्रतिपादन गर्दैछु र यसबाट सेवकलाई सेवितबाट हुने लाभ तथा हानीको जानकारी हुनेछ। माता, पिता र दाजुभाइ एवं स्त्री पुरुष यी व्यक्तिहरूमा यस कुराको विशेष रूपले विचार गर्नुपर्दछ। कुनै पनि व्यक्ति पूर्वोक्त व्यक्तिहरूमध्ये कोबाट लाभ प्राप्त गर्न सक्छ भन्ने कुराको ज्ञान सेवाचक्रबाट प्राप्त

षडूर्ध्वाः स्थापयेद्रेखा भिन्नाश्चाष्टौ तु तिर्य्यगाः ।२।

कोष्ठकाः पञ्चत्रिंशच्च तेषु वर्णान्समालिखेत् ।

स्वरान्पञ्च समुद्धृत्य स्पर्शान्पश्चात्समालिखेत् ।३।

ककारादिहकारान्तान् हीनाङ्गांस्त्रीन् विवर्जयेत् ।

सिद्धः साध्यः सुसिद्धश्च अरिर्मृत्युश्च नामतः ।४।

अरिर्मृत्युश्च द्वावेतौ वर्जयेत्सर्वकर्म्मसु ।

एषां मध्ये यदा नाम लक्षयेत्तु प्रयत्नतः ।५।

आत्मपक्षे स्थिताः सत्त्वाः सर्वे ते शुभदायकाः ।

द्वितीयः पोषकश्चैव तृतीयश्चार्थदायकः ।६।

आत्मनाशश्चतुर्थस्तु पञ्चमो मृत्युदायकः ।

स्थानमेवार्थलाभाय मित्रभृत्यादिबान्धवाः ।७।

सिद्धः साध्यः सुसिद्धश्च सर्वे ते फलदायकाः ।

अरिर्मृत्युश्च द्वावेतौ वर्जयेत्सर्वकर्म्मसु ।८।

अकारान्तं यथा प्रोक्तम् अइउएओ विदुस्तथा ।

पुनश्चैवांशकान्वक्ष्ये वर्गाष्टकसुसंस्कृतान् ।९।

देवा अकारवर्गे तु दैत्याः कवर्गमाश्रिताः ।

नागाश्चैव चवर्गाः स्युर्गन्धर्वाश्चटवर्गजाः ।१०।

तवर्गे ऋषयः प्रोक्ताः पवर्गे राक्षसाः स्मृताः ।

पिशाचाश्च यवर्गे च शवर्गे मानुषाः स्मृताः ।११।

देवेभ्यो बलिनो दैत्या दैत्येभ्यः पन्नगास्तथा ।

पन्नगेभ्यश्च गन्धर्वा गन्धर्वादृषयो वराः ।१२।

ऋषिभ्यो राक्षसाः शूरा राक्षसेभ्यः पिशाचकाः ।

पिशाचेभ्यो मानुषाः स्युर्दुर्बलं वर्जयेद् बली ।१३।

पुनर्मित्रविभागं तु ताराचक्रं क्रमाच्छृणु ।

गर्न सकिन्छ । सेवाचक्रको स्वरूप वर्णन गर्ने सम्बन्धमा– पूर्वबाट पश्चिमतिर छवटा रेखा र उत्तरबाट दक्षिणतिर आठवटा तेर्सा रेखा खिचौँ । यस किसिमको लेखाइले पैँतीस कोठाको सेवाचक्र बन्दछ । त्यसमा माथिल्ला कोठामा पाँच स्वरहरू लेखेर त्यसपछि स्पर्श वर्ण अर्थात् क देखि ह सम्मका (तीन ङ, ञ, ण छोडेर) वर्णहरू न्यास गर्नुपर्छ । तल्ला कोष्ठमा क्रमसँग सिद्ध, साध्य, सुसिद्ध, शत्रु र मृत्यु लेख्नुपर्छ । यस किसिमले लेख्दा सेवाचक्र सर्वाङ्ग सुसम्पन्न हुन्छ । यस चक्रमा शत्रु तथा मृत्यु नाम भएका कोष्ठका जुन स्वर र अक्षरहरू छन् प्रत्येक कार्यमा तिनलाई त्याग गर्नुपर्छ । तर सिद्ध, साध्य, सुसिद्ध, शत्रु र मृत्यु नामका कोष्ठहरूमध्ये कुनै एकै कोष्ठमा सेव्य तथा सेवकका नामको पहिलो अक्षर पर्दछ भने त्यो सर्वथा शुभ हुन्छ । यसमा दोस्रो कोष्ठ पोषक हो, तृतीय कोष्ठ धनदायक हो, चौथो कोष्ठ आत्मनाशक हो र पाँचौँ कोष्ठ मृत्यु प्रदायक हो । यस चक्रबाट मित्र, नोकर एवं बान्धवबाट लाभ प्राप्ति हुने विचार गर्नुपर्छ । अर्थात् आफूले कोसित मित्रताको व्यवहार गर्दा उसबाट आफूलाई लाभ हुन्छ र कसलाई सेवक राख्दा उसबाट लाभ हुन्छ र परिवारका कुन व्यक्तिबाट आफूलाई लाभ हुन्छ भन्ने विचार यस चक्रबाट गरिन्छ । आफ्ना नामको पहिलो अक्षर र विचारणीय व्यक्तिका नामको पहिलो अक्षर सेवाचक्रका कुनै एक कोष्ठमा पर्दछन् भने त्यो शुभ हो, अर्थात् त्यस व्यक्तिबाट लाभ हुन्छ भन्ने जान्नु पर्दछ । आफ्ना नामको पहिलो अक्षर प्रथम तीन कोष्ठमध्ये कुनै एकमा र विचारणीय व्यक्तिका नामको पहिलो अक्षर चौथो वा पाँचौँमध्ये कुनै एकमा पऱ्यो भने अशुभ हुन्छ । चौथो वा पाँचौमा सेव्य व्यक्तिको र अन्यमा सेवकको नाम पऱ्यो भने पनि अशुभ नै हुन्छ । अब अकार आदि वर्ण र ताराहरूद्वारा सेव्य–सेवकको विचार गरिन्छ । अवर्ग अर्थात् अ इ उ ए ओ का स्वामी देवता हुन् । कवर्गका स्वामी दैत्य हुन्, चवर्गका स्वामी नाग हुन्, टवर्गका स्वामी गन्धर्व हुन्, तवर्गका स्वामी ऋषि हुन्, पवर्गका स्वामी राक्षस हुन्, यवर्गका स्वामी पिशाच हुन् र शवर्गका स्वामी मनुष्य हुन् । यिनमा देवताभन्दा बलिया दैत्य हुन्, दैत्यभन्दा बलिया सर्प हुन्, सर्पभन्दा बलिया गन्धर्व हुन्, गन्धर्वभन्दा बलिया ऋषि हुन्, ऋषिभन्दा बलिया राक्षस हुन्, राक्षसभन्दा बलिया पिशाच हुन् र पिशाचभन्दा बलिया मनुष्य हुन् । यसमा बलिया दुर्बललाई त्याग्नुपर्छ अर्थात् सेव्य–सेवक यी दुवैका नामको पहिलो अक्षरका आधारमा बलिया वर्ग र दुर्बल वर्ग ठम्याएर बलिया वर्गकाले दुर्बल वर्गकासित व्यवहार गर्नु हुँदैन । एकै वर्गका सेव्य–सेवकका नाममा आदि वर्ण रहनु उत्तम हुन्छ । अब मैत्री विभाग सम्बन्धी ताराचक्र सुनौँ । पहिले नामको पहिलो अक्षरद्वारा नक्षत्र जान्नुपर्छ ।

नामाद्यक्षरमृक्षं तु स्फुटं कृत्वा तु पूर्वतः ।१४।
ऋक्षे तु संस्थितास्तारा नवत्रिका यथाक्रमात् ।
जन्म सम्पद्विपत्क्षेमं नामर्क्षात्तारका इमाः ।१५।
प्रत्यरा धनदा षष्ठि नैधनामैत्रके परे ।
परमैत्रान्तिमा तारा जन्मतारा त्वशोभना ।१६।
सम्पत्तारा महाश्रेष्ठा विपत्तारा तु निष्फला ।
क्षेमतारा सर्वकार्य्ये प्रत्यरिह्यर्थनाशिनी ।१७।
धनदा राज्यलाभादि नैधना कार्य्यनाशिनी ।
मैत्रतारा च मित्राय परमित्रा हितावहा ।१८।
मात्रा वै स्वरसंज्ञा स्यान्नाममध्ये क्षिपोत्प्रिये ।
विंशत्या च हरेद्भागं यच्छेषं तत्फलं भवेत् ।१९।
उभयोर्नाममध्ये तु लक्षयेच्च धनं ह्यृणम् ।
हीनमात्रा ह्यृणं ज्ञेयं धनं मात्राधिकं पुनः ।२०।
धनेन मित्रता नृणामृणेनैव ह्युदासता ।
सेवाचक्रमिदं प्रोक्तं लाभालाभादिदर्शकम् ।२१।
मेषमिथुनयोः प्रीतिर्मैत्री मिथुनसिंहयोः ।
तुलासिंहौ महामैत्री एवं धनुर्घटे पुनः ।२२।
मित्रसेवां न कुर्व्वीत मित्रौ मीनवृषौ मतौ ।
वृषकर्कटयोर्मैत्री कुलीरघटयोस्तथा ।२३।
कन्यावृश्चिकयोरेवं तथा मकरकीटयोः ।
मीनमकरयोर्मैत्री तृतीयैकादशे स्थिता ।२४।
तुलामेषौ महामैत्री विद्विष्टौ वृषवृश्चिकौ ।
मिथुनधनुषौः प्रीतिः कर्कमकरयोस्तथा ।
मृगकुम्भकयोः प्रीतिः कन्यामीनौ तथैव च ।२५।

त्यसपछि नौ ताराहरूलाई तीन आवृत्ति गर्दा सत्ताईस नक्षत्रका ताराहरूको जानकारी हुन्छ। यसै गरी आफ्ना नामका नक्षत्रको तारा जान्नुपर्छ। एक – जन्म, दुई – सम्पत्, तीन – पिवत्, चार – क्षेम, पाँच – प्रत्यरि, छ – साधक, सात – वध, आठ – मित्र र नौ – अतिमित्र नौ तारा यिनै हुन्। यिनमा जन्म तारा अशुभ, सम्पत् तारा अतिउत्तम र विपत् तारा निष्फल हुन्छन्। क्षेम तारालाई प्रत्येक काममा लिनुपर्छ। प्रत्यरि ताराबाट धन क्षति हुन्छ। साधक ताराबाट राज्यलाभ हुन्छ। वध ताराबाट कार्यको विनाश हुन्छ। मैत्री तारा मैत्रीकारक हुन्छ र अतिमैत्र तारा हितकारक हुन्छ। विषेश प्रयोजनमा – जसरी सव्य रामचन्द्र, सेवक हनुमान – यी दुईमा मैत्री भाव कस्तो हुन्छ भन्ने जान्नका लागि हनुमान्का नामको आदिवर्ण ह भएअनुसार पुनर्वसु नक्षत्र भयो र रामका नामको आदि वर्ण र भएअनुसार चित्रा नक्षत्र भयो। पुनर्वसुबाट चित्राको सङ्ख्या आठ भयो। यस सङ्ख्या अनुसार मैत्र नामको तारा भयो। अतः यी दुईको परस्पर मैत्री कल्याणकारी हुन्छ भन्ने किसिमले जान्नुपर्छ। अब ताराचक्रका सम्बन्धमा— हे प्रिया ! नामाक्षरका स्वर सङ्ख्यामा वर्णको सङ्ख्या जोड्नुपर्छ। त्यसमा बीसले भाग लगाउने। शेषले फल जान्नुपर्छ। अर्थात् थोरै शेष रहेका व्यक्तिले अधिक शेष रहेका व्यक्तिबाट लाभ उठाउँछ। जस्तै सेव्य तारा र सेवक हनुमान्मा रामका नामको अक्षर सङ्ख्याको योगफल दस भयो। यसमा बीसले भाग दिइयो शेष दस नै रह्यो। हनुमान्का नामको अक्षर सङ्ख्या सत्ताईस। त्यसमा बीसले भाग लगाउँदा सात शेष रह्यो यहाँ सेवकको शेषभन्दा सेव्य शेष धेरै भयो। त्यसैले रामचन्द्रबाट हनुमान्ले पूरा लाभ उठाउँछन् भन्ने यहाँ जान्नुपर्दछ। अब नामाक्षरको स्वरसङ्ख्याका आधारमा लाभ हानीको विचार गर्नुपर्छ। सेव्य र सेवकबीच जसका नाममा धेरै स्वर छन् ऊ धनी हो र जसकामा थोरै स्वर छन् त्यो ऋणी हो। धन स्वर मित्रताका लागि र ऋण स्वर दासताका लागि हुन्छन्। यस किसिमको जानकारीकै लागि सेवाचक्र बताइएको हो। मेष मिथुन राशि भएकहरूमा प्रीति, मिथुन सिंहहरूमा मैत्री र तुला सिंह राशिमा महामैत्री हुन्छ तर धनु कुम्भ राशिमा मैत्री हुँदैन। अतः यी दुवैले परस्पर सेवा गर्नु हुँदैन। मीन-वृष, वृष-कर्कट, कर्कट-कुम्भ, कन्या-वृश्चिक, मकर-वृश्चिक, मीन-मकर राशिहरूमा मैत्री हुन्छ र मिथुन-कुम्भ, तुला-मेष राशिहरूमा परस्पर महामैत्री हुन्छ। वृष-वृश्चिक आपसमा वैर रहन्छ। मिथुन-धनु, कर्कट-मकर, मकर-कुम्भ, कन्या-मीन राशिहरूमा परस्पर प्रीति रहन्छ। अर्थात् उपर्युक्त दुवै राशिहरूमा सेव्य-सेवकभाव तथा मैत्री व्यवहार एवं कन्यावरको सम्बन्ध सुन्दर तथा शुभप्रद हुनेछ।१-२५।

# १३३. त्रयस्त्रिंशदधिकशततमोऽध्यायः
## विविध बल

ईश्वर उवाच
गर्भजातस्य वक्ष्यामि क्षेत्राधिपस्वरूपकम् ।
नातिदीर्घः कृशः स्थूलः समाङ्गो गौरपैत्रिकः ।१।
रक्ताक्षो गुणवाञ्च्छूरो गृहे सूर्य्यस्य जायते ।
सौभाग्यो मृदुसारश्च जातश्चन्द्रग्रहोदये ।२।
वाताधिकोऽतिलुब्धादिर्जातो भूमिभुवो गृहे ।
बुद्धिमान्सुभगो मानी जातः सौम्यगृहोदये ।३।
बृहत्क्रोधश्च सुभगो जातो गुरुगृहे नरः ।
त्यागी भोगी च सुभगो जातो भृगुगृहोदये ।४।
बृद्धिमान्सुभगो मानी जातश्चार्किगृहे नरः ।
सौम्यलग्ने तु सोम्यः स्यात्क्रूरः स्यात्क्रूरलग्नके ।५।
दशाफलङ्गौरि वक्ष्ये नामराशौ तु संस्थितम् ।
गजाश्वधनधान्यानि राज्यश्रीर्विपुला भवेत् ।६।
पुनर्धनागमश्चापि दशायां भास्करस्य तु ।
दिव्यस्त्रीदा चन्द्रदशा भूमिलाभः सुखं कुजे ।७।
भूमिर्धान्यं धनं बौधे गजाश्वादिधनं गुरौ ।
खाद्यपानधनं शुक्रे शनौ व्याध्यादिसंयुतः ।८।
स्नानसेवादिना ध्यानं वाणिज्यं राहुदर्शने ।
वामनाडीप्रवाहे स्यान्नाम चेद्विषमाक्षरम् ।९।
तदा जयति सङ्ग्रामे शनिभौमससैंहिकाः ।
दक्षनाडीप्रवाहेऽर्के वाणिज्ये चैव निष्फला ।१०।
सङ्ग्रामे जयमाप्नोति समनामा नरो ध्रुवम् ।
अथश्चारे जयं विद्यादूर्ध्वचारे रणे मृतिम् ।११।
ओं हूं ओं हुं ओं स्फे अस्त्रं मोटय ओं चूर्णयचूर्णय ओं सर्वशत्रुं मर्द्दयमर्द्दय ओं हूं ओं हुंः फट् सप्तवारं न्यसेन्मन्त्रं ध्यात्वात्मानं तु भैरवम् चतुर्भुजं दशभुजं विंशद्बाह्वात्मकं शुभम् ।१२।
शूलखट्वाङ्गहस्तं तु खड्गकट्टारिकोद्यतम् ।
भक्षणं परसैन्यानामात्मसैन्यपराङ्मुखम् ।१३।

शङ्करले भन्दछन्– अब सूर्य आदि ग्रहहरूका राशिमा जन्मिएका नवजात शिशुको जन्मफल क्षेत्राधिपका अनुसार वर्णन गर्दछु । सूर्यको ग्रह अर्थात् सिंह लग्नमा उत्पन्न भएको बालक, कहिले कृशाङ्ग, कहिले स्थूलाङ्ग, गौरवर्ण, पित्त प्रकृति, रातो नेत्र भएको, गुणवान् र वीर हुन्छ । चन्द्रका ग्रहमा अर्थात् कर्कट लग्नमा जन्मेको भाग्यवान् तथा कोमल शरीरको हुन्छ । मङ्गलका ग्रहमा अर्थात् मेष तथा वृश्चिक लग्नको जातक वातरोगी र अत्यन्त लोभी हुने गर्दछ । बुधका ग्रहमा अर्थात् मिथुन र कन्या लग्नको जातक बुद्धिमान्, सुन्दर र मानी हुनेछ । गुरुका ग्रहमा अर्थात् धनु र मीन लग्नको जातक सुन्दर र अत्यन्त क्रोधी हुनेगर्छ । शुक्रका ग्रहमा अर्थात् तुला र वृष लग्नको जातक त्यागी, भोगी र सुन्दर शरीर भएको हुनेछ । शनिका ग्रहमा अर्थात् मकर तथा कुम्भ लग्नको जातक बुद्धिमान्, सुन्दर र मानी हुन्छ । सोम्य लग्नको जातक सौम्य र क्रूर लग्नको जातक क्रूर स्वभावको हुन्छ । हे गौरी ! अब नाम राशिकै अनुसार सूर्य आदि ग्रहको दशाफल भन्दछु । सूर्यका दशामा हात्ती, घोडा, धन–धान्य, प्रवल राज्यलक्ष्मी प्राप्ति र धनागम हुन्छ । चन्द्रमाको दशामा दिव्य स्त्री प्राप्त हुन्छन् । मङ्गलका दशामा भूमिलाभ र सुख हुन्छ । बुधका दशामा भूमिलाभका साथै धनधान्य पनि प्राप्त हुन्छ । गुरुका दशामा घोडा, हात्ती र धन प्राप्त हुन्छ । शुक्रको दशामा खाद्यान्य र गोदुग्धपानका साथै धनको लाभ हुन्छ । शनिका दशामा विभिन्न किसिमका रोग उत्पन्न हुन्छन् । राहुको दर्शन भयो भने अर्थात् ग्रहण लागेको छ भने निश्चित स्थानमा निवास, दिनमा ध्यान र व्यापारको काम गर्नुपर्छ । यदि वाम श्वास चल्दाका समयमा नामको अक्षर विषम सङ्ख्याको हुन्छ भने त्यस्तो बेला मङ्गल, शनि र राहुको हुन्छ । त्यसमा युद्ध गर्दा विजय हुन्छ । दक्षिण श्वास चल्दाका समयमा यदि नामको अक्षर सम सङ्ख्याको हुन्छ भने त्यो समय सूर्यको हुन्छ । त्यसमा व्यापार कार्य निष्फल हुन्छ तर त्यसबेला पैदल सङ्ग्राम गर्नाले विजय हुन्छ र सवारीमा चढेर युद्ध गर्दा मृत्यु नै हुन्छ । ओं हूं, ओं हूं, ओं स्फें । अस्त्रं मोटय, ओं चूर्णय, चूर्णय, ओं सर्वशुत्रं मर्दय, मर्दय ओं हूं, ओं अः फट् भन्ने यस मन्त्रलाई सात पटक न्यास गर्नुपर्दछ । त्यसपछि जसको चार, दस र बीस भुजा छन्, जसले हातमा त्रिशूल, खट्वाङ्ग, खड्ग र कटार धारण गरेका

सम्मुखं शत्रुसैन्यस्य शतमष्टोत्तरं जपेत् ।
जपाड्डमरुकाच्छब्द्राच्छस्त्रं त्यक्त्वा पलायते ।१४।
परसैन्यं शृणु भङ्गप्रयोगेण पुनर्वदे ।
श्मशानाङ्गारमादाय विष्ठां चोलूककाकयोः ।१५।
कर्पटे प्रतिमां लिख्य साध्यस्यैवाक्षरं यथा ।
नामाथनवधाऽऽलिख्य रिपोश्चैव यथाक्रमम् ।१६।
मूर्ध्नि वक्त्रे ललाटे च हृदये गुह्यपादयोः ।
पृष्ठे तु बाहुमध्ये तु नाम वै नवधा लिखेत् ।१७।
मोटयेद्युद्धकाले तु उच्चरित्वा तु विद्यया ।
तार्क्ष्यचक्रं प्रवक्ष्यामि जयार्थं त्रिमुखाक्षरम् ।१८।
क्षिप ओं स्वाहा तार्क्ष्यात्मा शत्रुरोगविषादिनुत् ।
दुष्टभूतग्रहार्त्तस्य व्याधितस्यातुरस्य च ।१९।
करोति यादृशं कर्म तादृशं सिध्यते खगात् ।
स्थावरं जङ्गमं चैव लूताश्च कृत्रिमं विषम् ।२०।
तत्सर्वं नाशमायाति साधकस्यावलोकनात् ।
पुनर्ध्यायेन्महातार्क्ष्यं द्विपक्षं मानुषाकृतिम् ।२१।
द्विभूजं वक्त्रचञ्चुं च गजकूर्मधरं प्रभुम् ।
असङ्ख्योरगपादस्थमागच्छन्तं खमध्यतः ।२२।
ग्रसन्तं चैव खादन्तं तुदन्तं चाहवे रिपून् ।
चंच्वाहताश्च द्रष्टव्याः केचित्पादैश्च चूर्णिताः ।२३।
पक्षपातैश्चूर्णिताश्च केचिन्नष्टा दिशो दश ।
तार्क्ष्यध्यानान्वितो यश्च त्रैलोक्ये ह्यजयो भवेत् ।२४।
पिच्छिकां तु प्रवक्ष्यामि मन्त्रसाधनजां क्रियाम्
ओं हूं पक्षिन् क्षिप ओं हूं सः महाबलपराक्रम
सर्वसैन्यं भक्षयभक्षय ओं मर्दयमर्दय ओं चूर्णयचूर्णय ओं
विद्रावयविद्रावय ओं हूं खः ओं भैरवो ज्ञापयति स्वाहा
अमुं चन्द्रग्रहणे तु जपं कृत्वा तु पिच्छिकाम् ।२५।
मन्त्रयेद्भ्रामयेत्सैन्यं सम्मुखं गजसिंहयोः
।ध्यानाद्रवान्मर्दयेच्च सिंहारूढो मृगाविकान् ।२६।
शब्दाद्भङ्गं प्रवक्ष्यामि दूरं मन्त्रेण बोधयेत् ।
मातृणां चरुकं दद्यात्कालरात्र्या विशेषतः ।२७।
श्मशानभस्मसंयुक्तं मालती चामरी तथा ।

छन् र जसले आफ्ना सेनाबाट विमुख एवं शत्रुसेनालाई भक्षण गर्दछन् उनै भैरवलाई आफ्नो हृदयमा ध्यान गरेर शत्रुसेनाका सामु उक्त मन्त्रलाई एकसय आठपटक जप गर्नुपर्छ। जपभन्दा पछि डमरुको आवाजले गर्दा शत्रुसेना शस्त्र त्यागेर भाग्ने गर्दछन् । अब फेरि शत्रुसेनाको पराजयका लागि अन्य प्रयोग भन्दछु । श्मशानका कोइलालाई काग वा उल्लुका विष्ठामा मिसाएर त्यसले कपडामा शत्रुको चित्र बनाउनुपर्छ र त्यसको शिर, मुख, निधार, हृदय, गुह्य, गोडा, पिठ्युँ, बाहु र मध्य भागमा नौ पटक शत्रुको नाम लेख्नुपर्छ । त्यस कपडालाई पट्याएर सङ्ग्राम गर्ने बेलामा आफूसँग राख्दा र पूर्वोक्त मन्त्र पढ्दा विजय हुनेगर्छ। विजय प्राप्तिका लागि अब त्रिमुखाक्षर तार्क्ष्यचक्र भन्दछु। क्षिप ओं स्वाहा तार्क्ष्यात्मा शत्रुरोगविषादिनुत् भन्ने यस मन्त्रलाई तार्क्ष्यचक्र भनिन्छ। यसको अनुष्ठान गर्नाले दुष्टको बाधा, भूतबाधा एवं ग्रहबाधा र अनेक किसिमका रोग निवृत्त भएर जान्छन् । यस गरुडमन्त्र जस्तासुकै कार्य चाहे पनि सबै सिद्ध भएर जान्छन् । यस मन्त्रको साधकलाई दर्शन गर्दा स्थावर - जङ्गम, लुतो र कृत्रिम यी सबै खालका विष नष्ट हुन्छन् । त्यसपछि महातार्क्ष्यलाई यसरी ध्यान गर्नुपर्छ - जसको आकृति मानिसको जस्तै छ, जसले दुई पँखेटा र दुई भुजा धारण गरेका छन्, जसको चुच्चो बाङ्गो छ, जो शक्तिशाली हात्ती र कछुवालाई पक्रेर राख्छन्, जसका पञ्जामा असङ्ख्य सर्पहरू बेरिएका छन्, जो आकाशमार्गबाट आउँदै छन् र रणभूमिमा शत्रुलाई ठुँगेर लुछीलुछीकन खाँदै निलि रहेका छन्, कोही पञ्जाले लागेर धुलिँदै छन्, कुनैलाई पँखेटाले हिर्काएर कुच्याउँदै छन् र कोही नष्टभ्रष्ट हुँदै दस दिशामा भाग्दै छन् । जुन साधक यस किसिमले ध्याननिष्ठ हुन्छ, ऊ तीनै लोकमा अजेय भएर रहन्छ अर्थात् उसमाथि कसैले विजय प्राप्त गर्न सक्दैन । अब मन्त्र साधनले सिद्ध हुने पिच्छिका क्रियाको वर्णन गर्दछु । ओं हूं पक्षिन् क्षिप, ओं हूं सः महाबलपराक्रम सर्वसैन्यं भक्षय भक्षय, ओं मर्दय मर्दय, , ओं चूर्णय चूर्णय, ओं विद्रावय विद्रावय, ओं हूं खः, ओं भैरवो ज्ञापयति स्वाहा । यस पिच्छिका मन्त्रलाई चन्द्रग्रहणमा जप गरेर सिद्ध गर्ने साधक सङ्ग्राममा सेनाका सामु हात्ती र सिंहसमेत लखेट्न सक्ने हुन्छ। मन्त्रको ध्यान गरेर उनीहरूको शब्दलाई परास्त गर्न सक्छ र सिंहारुढ भएर मृग तथा बाखाझैँ शत्रुलाई मार्न सक्छ ।१-२६।

टाढा रहेर केवल मन्त्रको उच्चारणले मात्रै शत्रुनाश गर्ने उपाय भन्दै छु। आश्विन शुक्ल अष्टमी अर्थात् कालरात्रिमा मातृकाहरूलाई चरु प्रदान गरेर श्मशानको भस्म, मालती

कार्पासमूलमात्रं तु तेन दूरन्तु बोधयेत् ।२८।
ओं अहे हे महेन्द्रि अहे महेन्द्रि हि ओं जहि मसानं हि खाहि २ किलिकिलि ओं हुं फट् अरेर्नाशं दूरशब्दाज्जप्तया भङ्गविद्यया अपराजिता च धुस्तूरस्ताभ्यां भञ्ज तु तिलकेन हि ।२९।
ओं किलिकिलि विकिलि इच्छाकिलि भूतहनि शङ्खिनि उमे दण्डहस्ते रौद्रि माहेश्वरि उल्कामुखि ज्वालामुखि शङ्कुकर्णे शुष्कजङ्घे अलम्बुषे हर ओं सर्वदुष्टान् खन ओं यन्मां निरीक्षयेद्देवि तांस्तान् मोहय ओं रुद्रस्य हृदये स्थिता रौद्रि सौम्येन भावेन आत्मरक्षां ततः कुरु स्वाहा बाह्यतो मातृः संलिख्य सकलाकृतिवेष्टिताः नागपत्रे लिखेद्विद्यां सर्वकामार्थसाधनीम् ।३०।
हस्ताद्यैर्द्धारिता पूर्वं ब्रह्मरुद्रेन्द्रविष्णुभिः ।
गुरुसङ्ग्रामकाले तु विद्यया रक्षिताः सुराः ।३१।
रक्षया नारसिंह्या च भैरव्या शक्तिरूपया ।
सर्वे त्रैलोक्यमोहिन्या गौर्य्या देवासुरे रणे ।३२।
बीजसम्पुटितं नाम कर्णिकायां दलेषु च ।
पूजाक्रमेण चाङ्गानि रक्षायन्त्रं स्मृतं शुभे ।३३।
मृत्युञ्जयं प्रवक्ष्यामि नाम संस्कारमध्यगम् ।
कलाभिर्वेष्टित पश्चात्सकारेण निबोधितम् ।३४।
जकारं विन्दुसंयुक्तम् ओङ्कारेण समन्वितम् ।
धकारोदरमध्यस्थं वकारेण निबोधितम् ।३५।
चन्द्रसम्पुटमध्यस्थं सर्वदुष्टविमर्दकम् ।
अथवा कर्णिकायां च लिखेन्नाम च कारणम् ।३६।
पूर्वे दले तथोङ्कारं स्वदक्षे चोत्तरे लिखेत् ।
आग्नेय्यादौ च हुङ्कारं दले षोडशके स्वरान् ।३७।
चतुस्त्रिंशद्दले काद्यान्वाह्ये मन्त्रं च मृत्युजित् ।
लिखेद्वै भूर्ज्जपत्रे तु रोचनाकुङ्कुमेन च ।३८।
कर्पूरचन्दनाभ्यां च श्वेतसूत्रेण वेष्टयेत् ।
सिक्थकेन परिच्छाद्य कलशोपरि पूजयेत् ।३९।
यन्त्रस्य धारणाद्रोगाः शाम्यन्ति रिपवो मृतिः ।
विदां तु भेलखीं वक्ष्ये विप्रयोगमृतेर्हरीम् ।४०।

पुष्प, चामरी र कपासका जराले टाढैबाट शत्रुलाई सम्बोधन गर्नुपर्छ । सम्बोधन गर्ने मन्त्र यस प्रकारको छ– ओं अहे हे महेन्द्रि ! अहे महेन्द्रि भञ्ज हि ओं जहि मसानं हि खाहि खाहि, किलि किलि, ओं हूं फट् यस भङ्गविद्याको जप गरेर टाढैबाट कराउँदा, अपराजिता र धतुराको रस मिसाएर तिलक लगाउँदा शत्रुको विनाश हुन्छ । ओं किलि किलि विकिलि इच्छाकिलि भूतहनि शङ्खिनी उमे दण्डहस्ते रौद्रि माहेश्वेरी उल्कामुखी ज्वालामुखी शङ्कुकर्णे शुष्कजङ्घे अलम्बुषे हर हर, सर्वदुष्टान् खन खन, ओं यन्मान्निरीक्षयेद् देवि ताँस्तान् मोहय, ओं रुद्रस्य हृदये स्थिता रौद्रि मौम्येन भावेन आत्मरक्षां ततः कुरु स्वाहा भन्ने सर्वार्थकार्यसाधक मन्त्र भोजपत्रमा वृत्ताकारमा लेखेर बाहिरपट्टि मातृकाहरूलाई लेख्नुपर्छ । यस विद्यालाई उहिले ब्रह्मा, विष्णु, रुद्र तथा इन्द्रले हात आदिमा धारण गरेका थिए र यसै विद्याले बृहस्पतिले देवासुर-सङ्ग्राममा देवताहरूको रक्षा गरेका थिए । अब रक्षा यन्त्रको वर्णन गर्ने सम्बन्धमा– रक्षा रूपिणी नारसिंही, शक्तिरूपा भैरवी र त्रैलोक्यमोहिनी गौरीले पनि देवासुर-सङ्ग्राममा देवताहरूको रक्षा गरेका थिए । अष्टदल कमलको कर्णिका र दलहरूमा गौरीको बीज ह्रीं मन्त्रले सम्पुटित आफ्नो नाम लेख्नुपर्छ । पूर्व दिशामा रहेका प्रथम आदि दलहरूमा पूजाकै अनुसार गौरीका अङ्ग देवताहरूको न्यास गर्नुपर्छ । हे शुभें ! यसरी लेख्दा रक्षायन्त्र बन्दछ । अब यिनै संस्कारहरूकै बीचमा मृत्युञ्जय मन्त्र पनि बताउँछु । त्यो सबै कलाहरूले परिवेष्टित छ अर्थात् त्यस मन्त्रले प्रत्येक कार्यमा सफल हुन् सकिन्छ र त्यो सकारले प्रबोधित हुन्छ । मन्त्रको स्वरूप भन्दछु– ओङ्कार पहिले लेखेर त्यसपछि बिन्दुसँगै जकार लेख्नुपर्छ । त्यसपछि थकारका पेटमा वकार लेखी त्यसलाई चन्द्रविन्दुले अङ्कित गर्नुपर्छ । अर्थात् ओं जं ध्वम् भन्ने यसै मन्त्रले पनि सबै दुष्टको विनाश गर्दछ । अर्को रक्षायन्त्रको अब उद्धार वर्णन गर्दछु– गोरोचन कुङ्कुमले अथवा मलयागिरि चन्दनले भोजपत्रमा लेखिएका चतुर्दल कमलका कर्णिकामा आफ्नो नाम लेखेर चारै दलमा ओङ्कार लेख्नुपर्छ । आग्नेय कोणहरूमा हूंकार लेख्नुपर्छ । त्यसका माथि सोह्रदलको कमल बनाउनुपर्छ । त्यसका दलहरूमा अकार आदि सोह्रवटा स्वर लेख्नुपर्छ । त्यसपछि त्यसका माथि चौँतीस दलको कमल बनाउनुपर्छ । त्यसका दलहरूमा कदेखि लिएर क्ष सम्मका अक्षर लेख्नुपर्छ । त्यस यन्त्रलाई सेतो धागोले बेर्नुपर्छ र रेसमी कपडाले छोपेर कलशमाथि स्थापन गरी त्यसको पूजा गर्नुपर्छ । यस मन्त्रलाई धारण गर्नाले सबै रोग शान्त हुने गर्दछन् र शत्रुको विनाश हुन्छ । अब भेलखी विद्या भन्दछु र यसले विछोडमा हुने मृत्युबाट

ओं वातले वितले बिडालमुखि इन्द्रपुत्रि उद्भवो वायुदेवेन खीलि आजी हाजा मयि वाह इहादिदुःख नित्यकण्ठोच्चैर्मुहूर्त्तान्वया अह मां यस्महमुपाडि ओं भेलखि ओं स्वाहा नवदुर्गासप्तजप्तान्मुखस्तम्भो सुखस्थितात् ओं चण्डि ओं हूं फट् स्वाहा । गृहीता सप्तजप्तं तु खड्गयुद्धेऽपराजितः ।४१।

जोगाउँछ। त्यस मन्त्रको स्वरूप निम्नलिखित छ— ओं वातले वितले विडालमुखि इन्द्रपुत्रि उद्भवो वायुदेवेन खीलि आजी हाजा मयि वाह इहादिदुःखनित्यकण्ठोच्चैर्मुहूर्त्तान्वया अह मां यस्महमुपाडि ओं भेलखि ओं स्वाहा। नवरात्रका अवसरमा यस मन्त्रलाई सिद्ध गरेर सङ्ग्रामका समयमा सातपटक मन्त्रजप गर्ने हो भने शत्रुको मुख नै स्तम्भन हुन्छ। ओं चण्डि, ओं हूं फट् स्वाहा यस मन्त्रलाई सङ्ग्रामका अवसरमा सातपटक जप्नाले युद्धमा विजय प्राप्त हुन्छ।२७-४१।

# १३४. चतुस्त्रिंशदधिकशततमोऽध्यायः

## त्रैलोक्यविजयविद्या

ईश्वर उवाच

त्रैलोक्यविजयां वक्ष्ये सर्वयन्त्रविमर्दिनीम् ओं हूं क्षूं ह्रूं ओं नमो भगवति दंष्ट्रिणि भीमवक्त्रे महोग्ररूपे हिलिहिलि रक्तनेत्रे किलिकिलि महानिस्वने कुलु ओं विद्युज्जिह्वे कुलु ओं निर्म्मांसे कटकट गोनसाभरणे चिलिचिलि शबमालाधारिणि द्रावय ओं महारौद्रि सार्द्रचर्म्मकृताच्छदे विजृम्भ ओं नृत्य असिलताधारिणि भृकुटीकृतापाङ्गे विषमनेत्रकृतानने वसामेदोविलिप्तगात्रे कहकह ओं हसहस क्रुद्धक्रुद्ध ओं नीलजीमूतवर्णे अभ्रमालाकृताभरणे विस्फुर ओं घण्टारवावकीर्णदेहे ओं सिंसिस्थे अरुणवर्णे ओं ह्रां ह्रीं ह्रूं रौद्ररूपे ह्रूं ह्रीं क्लीं ओं ह्रीं हूं ओं आकर्ष ओं धूनधून ओं हे हः खः वज्रिणि हूं क्षूं क्षां क्रोधरूपिणि प्रज्वलप्रज्वल ओं भीमभीषणे भिन्द ओं महाकाये च्छिन्द ओं करालिनि किटिकिटि महाभूतमातः सर्वदुष्टनिवारिणि जये ओं विजये ओं त्रैलोक्यविजये हूं फट् स्वाहा नीलवर्णं प्रेतसंस्थां विंशहस्तां यजेज्जये ।१।

न्यासं कृत्वा तु पञ्चाङ्गं रक्तपुष्पाणि होमयेत् ।
सङ्ग्रामे सैन्यभङ्गं स्यात्त्रैलोक्यविजयापठात् ।२।

भगवान् महेश्वर भन्दछन्— हे देवी ! अब म समस्त यन्त्र-मन्त्रहरूलाई नष्ट गराउने त्रैलोक्यविजया विद्याको वर्णन गर्नछु । ओं हूं क्षूं ह्रूं, ओं नमो भगवति ... इत्यादि मन्त्रअनुसार ठूला दाह्राले जसको आकृति भयङ्कर भएको छ, उनै महोग्ररूपिणी भगवतीलाई नमस्कार छ । उनी युद्ध मैदानमा स्वेच्छापूर्वक क्रीडा गरून्, गरिरहून् । हे राता आँखा भएकी ! गिज्जिइराख ! हे डर लाग्दो स्वरले कराउने ! कराऊ बिजुलीजस्तो जिब्रो भएको, उफ्र ! हे मांस विहीन ! शत्रुलाई छोप । हे सर्पका गहना लगाउने ! वस्त्राभूषणले सुसज्जित होऊ, सुसज्जित होऊ। हे शवका मालाले सजिएकी ! शत्रुलाई लखेट। ती शत्रुका रगतले भिजेका छालाको वस्त्र लगाउने महाभयङ्करी ! आफ्नो मुख खोल। हे तरबार लिएर नाच्ने बाङ्गा भौँ भएका छड्के आँखाले हेर्ने ! हे बिजोर आँखाका कारण मुख बिग्रकी ! तिमीले आफ्ना आङमा मज्जा र मे दलेकी छौ। अट्टहास गर, अट्टहास गर। हाँसहाँस, रोऊरोऊ। नीलो बादलझैँ वर्ण भएकी ! हे बादलको गहना लगाएकी विशेष रूपले प्रकाशित होऊ। घण्टाका ध्वनिले शत्रुको सा उडाइदिने हे रौद्ररूपकी देवी ! शत्रुलाई आफूतर्फ तान उनलाई हल्लाऊ, थर्काऊ ! तिमी प्रज्वलित होऊ, प्रज्वोलि होऊ। हे महाभयङ्करलाई थकाएइदिने ! तिनलाई चिरा पार हे विशाल शरीर भएकी देवी ! तिनलाई काट ! हे करा रूप भएकी शत्रुलाई तर्साऊ तर्साऊ ! हे महाभयङ्कर भूतक जननी ! हे जय ! हे विजय !! ओं त्रैलोक्यविजये हूं फ स्वाहा। भन्दै प्रार्थना गर्नुपर्दछ। विजयको उद्देश्यले नीलवर्ण प्रेताधिरुढा त्रैलोक्यविजयाको बीस हात उँच्चो प्रतिमा बना त्यसलाई पूजा गर्नुपर्छ । पञ्चाङ्ग न्यास गरेर रक्तपुष्प हवन गर्नुपर्छ । यस त्रैलोक्यविजयाविद्याको पठन गर्न शत्रुको सेना रणभूमिबाट पलायन गर्दछ। ओं नमो बहुरूप स्तम्भय स्तम्भय स्तम्भय ओं मोहय ओं सर्वशत्रून् द्रावय

ओं बहूरूपाय स्तम्भय ओं मोहय ओं सर्वशत्रून्द्रावय ओं ब्रह्माणमाकर्षय विष्णुमाकर्षय ओं माहेश्वरमाकर्षय ओं इन्द्रं टालय ओं पर्वतान् चालय ओं सप्तसागरान् शोषय ओं छिन्दछिन्द बहुरूपाय नमः।

भुजङ्गं नाम मृण्मूर्त्तिसंस्थं विद्यादरिं ततः।३।

ब्रह्माणमाकर्षय ओं विष्णुमाकर्षय ओं महेश्वरमाकर्षय ओं इन्द्रं टालय ओ पर्वतांश्चलय ओं सप्तसागराञ्शोषय ओं च्छिन्द च्छिन्द बहुरूपाय नमः। अनेकौं रूपलाई नमस्कार छ। शत्रुलाई स्तम्भन गर, स्तम्भन गर। सम्मोहन गर। सबै शत्रुलाई लखेट। ब्रह्मालाई आकर्षण गर। विष्णुलाई आकर्षण गर। महेश्वरलाई आकर्षण गर। इन्द्रलाई भयभीत गर। पर्वतलाई विचलित गर। सातै समुद्रलाई सुकाऊ। काटिदेऊ, काटिदेऊ। अनेकौं रूपलाई नमस्कार छ। माटोको मूर्ति बनाएर त्यसैमा शत्रु रहेको मानौं वा शत्रु त्यहीं बसेको ठानौं। त्यसै मूर्तिमा बसेका शत्रुको नाम नै भुजङ्ग हो। ओं बहूरूपाय भन्ने मन्त्रले अभिमन्त्रित गरेर त्यस शत्रुको नाश गर्न त्यही मन्त्र जप्नुपर्छ। त्यसो गर्दा शत्रुको अन्त्य हुन्छ।१-३।

# १३५. पञ्चस्त्रिंशदधिकशततमोऽध्यायः

## सङ्ग्रामविजयविद्या

ईश्वर उवाच

सङ्ग्रामविजयां विद्यां पदमालां वदाम्यहम्। ओं ह्रीं चामुण्डे श्मशानवासिनि खट्वाङ्गकपालहस्ते महाप्रेतसमारूढे महाविमानसमाकुले कालरात्रि महागणपरिवृते महामुखे बहुभुजे घण्टाडमरुकिङ्किणि अट्टाट्टहासे किलिकिलि ओं हूं फट् दंष्ट्राघोरान्धकारिणि नादशब्दबहुले गजचर्म्मप्रावृतशरीरे मांसदिग्धे लेलिहानोग्रजिह्वे महाराक्षसि रौद्रदंष्ट्राकराले भीमाट्टाट्टहासे स्फुरद्विद्युत्प्रभे चलचल ओं चकोरनेत्रे चिलिचिलि ओं ललज्जिह्वे ओं भीं भ्रुकुटीमुखि हुङ्कारभयत्रासिनि कपालमालावेष्टित जटामुकुटशशाङ्कधारिणि अट्टाट्टहासे किलिकिलि ओं हूं दंष्ट्राघोरान्धकारिणि सर्वविघ्नाविनाशिनि इदं कर्म्म साधयसाधय ओं शीघ्रं कुरुकुरु ओं फट् ओं अङ्कुशेन शमय प्रवेशय ओं रङ्गरङ्ग कम्पयकम्पय ओं चालय ओं रुधिरमांस मद्यप्रिये हनहन ओं कुट्टकुट्ट ओं छिन्द ओं मारय ओं अनुक्रमय ओं वज्रशरीरं पातय ओं त्रैलोक्यगतं दुष्टमदुष्टं वा गृहीतमगृहीतं वा आवेशय

महेश्वरले भन्दछन्– हे देवी ! अब म सङ्ग्राममा विजय प्रदान गर्ने विद्यारूप मन्त्रको बयान गर्दछु र त्यो पदमालाका रूपमा रहेको छ। ओं ह्रीं चामुण्डे ... इत्यादि। तिमी श्मशानमा बास गर्थ्यौ, तिम्रा हात खट्वाङ्ग र कपालले शोभा पाएका छन्। तिमी महान् प्रेतमाथि आरुढ छ्यौ। तिमी ठूलाठूला विमानले घेरिएकी छ्यौ। कालरात्रि तिमी नै हौ। ठूलठूला पार्षदका समूहले तिमीलाई घेरिरहेको छ। तिम्रो मुख विशाल छ। भुजाहरू धेरै छन्। घण्टा, डमरु र घुँगरु बजाएर विकट अट्टहास गर्ने हे देवी ! क्रीडा गर, क्रीडा गर। तिमी आफ्ना दाह्राले घोर अन्धकार प्रकट गर्दछ्यौ तिम्रा गम्भीर घोष शब्दहरू धेरै मात्रामा प्रकट भइरहेका छन्। तिम्रो शरीर हात्तीका छालाले छोपिएको छ। शत्रुका मांसले परिपुष्ट हुने हे देवी ! तिम्रो भयानक जिब्रो लल्पाइरहेको छ। हे महाराक्षसी ! भयङ्कर दाह्राले गर्दा तिम्रो मुख अत्यन्त विकराल नै देखिएको छ। तिम्रो अट्टहास नै अति भयङ्कर छ। तिम्रो कान्ति विजुली चम्केझैं देखिन्छ। सङ्ग्राममा विजय दिनका लागि तिमी गतिशील भई चलिराख। चखेवाजस्ता आँखा भएकी, जिब्रो लल्पाउने, टेढा आँखीभौं सहितको मुख भएकी हे देवी ! तिमी हुंकारले नै भय एवं त्रास उत्पन्न गराउँछ्यौ। तिमी नरमुण्डको माला बेरिएको जटाको मुकुटमा चन्द्रमा धारण गर्दछ्यौ। विकट अट्टहास भएकी हे देवी ! रणभूमिमा क्रीडा गर, क्रीडा गर। दाह्राले घोर अन्धकार उत्पन्न गराउने हे देवी ! तिमी मेरो यो कार्य सिद्ध गर, सिद्ध गर। शीघ्र गर, शीघ्र गर। अङ्कुशले शान्त गराऊ, प्रवेश गराऊ। रक्तले रञ्जित होऊ, रञ्जित होऊ।

ओं नृत्य ओं वन्द ओं कोटराक्षि ऊर्ध्वकेशि उलूकवदने करङ्किणि ओं करङ्किणि ओ करङ्कमालाधारिणि दह ओं पचपच गृह्ण ओं मण्डलमध्ये प्रवेशय ओं किं विलम्बसि ब्रह्मसत्येन विष्णुसत्येन रुद्रसत्येन ऋषिसत्येन आवेशय ओं किलिकिलि ओं खिलिखिलि विलिविलि ओं विकृतरूपधारिणि कृष्णभुजङ्गवेष्टितशरीरे सर्वग्रहावेशनि प्रलम्बौष्ठिनि भ्रूभङ्गलग्ननासिके विकटमुखि कपिलजटे ब्राह्मि भञ्ज ओं ज्वालामुखि स्वन ओं पातय ओं रक्ताक्षि घूर्णय भूमिं पातय ओं शिरो गृह्ण चक्षुर्मीलय ओं हस्तपादौ गृह्ण ओं मुद्रां स्फोटय ओं फट् ओं विदारय ओं त्रिशूलेन च्छेदय ओं वज्रेण हन ओं दण्डेन ताडयताडय ओं चक्रेण च्छेदयच्छेदय ओं शक्त्या भेदय दंष्ट्रया कीलय ओं कर्णिकया पाटय ओं अङ्कुशेन गृह्ण ओं शिरोऽक्षिज्वरमैकाहिकं द्व्याहिकं त्र्याहिकं चातुर्थिकं डाकि नस्किन्दग्रहान् मुञ्चमुञ्च ओं पच ओं उत्सादय ओं भूमिं पातय ओं गृह्ण ओं ब्रह्माणि ओं एहि माहेश्वरि एहि ओं कौमारि एहि ओं वैष्णवि एहि ओं वाराहि एहि ओं ऐन्द्रि एहि ओं चामुण्डे एहि ओं रेवति एहि ओं आकाशरेवति एहि ओं हिमच्चारिणि एहि ओं रुरुमर्द्दिनि असुरक्षयङ्करि आकाशगामिनि पाशेन बन्धबन्ध अङ्कुशेन कटकट समयं तिष्ठ ओं मण्डलं प्रवेशय ओं गृह्ण मुखम्बन्ध ओं चक्षुर्बन्ध हस्तपादौ च बन्ध दुष्टग्रहान्सर्वान्बन्ध ओं दिशो बन्ध ओं विदिशो बन्ध अधस्तादबन्ध ओं सर्व बन्ध ओं भस्मना पानीयेन वा मृत्तिकया सर्षपैर्व्वा सर्वानावेशय ओं पातय ओं चामुण्डे किलिकिलि ओं विच्चे हूं फट् स्वाहा । पदमालाजयाख्येयं सर्वकर्म्मप्रसाधिका ।१।
सर्वदा होमजप्याद्यैः पाठाद्यैश्च रणे जयः ।

कम्पायमान गराऊ, कम्पायमान गराऊ । विचलित गराऊ । हे रुधिर, मांस मद्य प्रिय मान्ने देवी ! शत्रुलाई हनन गर, हनन गर । विरोधी योद्धालाई कुट, पिट । काट, मार । उनका पछि लागेर लखेट । वज्रजस्तो टाउको हुनेलाई पनि पछारेर मार । त्रिलोकमा विद्यमान् शत्रु दुष्ट हो वा अदुष्ट, पक्राउ परेको होस् वा नपरेको होस् त्यसलाई तिमीले आविष्ट गराऊ । नृत्य गर । हे ओडारजस्ता आँखा हुने, ठाडो कपाल भएकी, उल्लुको जस्तो मुख भएकी, हड्डी र खप्पर धारण गरिरहने, खप्परको माला धारण गर्ने हे चामुण्डा ! शत्रुलाई तिमी जलाऊ । पकाऊ, पकाऊ । पक्र । मण्डलभित्र प्रवेश गराऊ । तिमी बिलम्ब किन गर्दछ्यौ ? ब्रह्माको सत्य, विष्णुको सत्य र रुद्रको सत्य तथा ऋषिहरूका सत्यले आविष्ट गराऊ । हे विकृत रूप धारण गर्ने देवी ! तिम्रा शरीरमा काला सर्प बेरिएका छन् । तिमी सम्पूर्ण ग्रहहरूलाई आविष्ट गराउँछ्यौ । तिम्रा ओठ लामालामा भएर झुन्डिएका छन् । तिम्रा टेढा आँखी भौँले नाकलाई छोएका छन् । तिम्रो मुखै डरलाग्दो छ । तिम्रा जटाको रङ्ग नै कैलो छ । तिमी ब्रह्माकी शक्ति हो । तिमी शत्रुलाई भङ्ग गराऊ । हे ज्वालामुखी ! तिमी गर्जना गर । शत्रुलाई मारेर तेर्स्याऊ । राताराता आँखा भएकी हे देवी ! शत्रुलाई रनभुल्ल बनाइदेऊ, तिनलाई भुइँमा पसारिदेऊ । शत्रुको टाउको छुट्याएर झिक । तिनका आँखा बन्द गराइदेऊ । तिनका हातखुट्टा झिक, जिउको ढाँचा नै बिगार । विदीर्ण गराऊ, विदीर्ण गराऊ । त्रिशूलले घोच । वज्रले हान, वज्रले हान । लाठाले कुट, लाठाले कुट । चक्रले छिन्न-भिन्न गराऊ, छिन्नभिन्न गराऊ । शक्तिले भेदन गराऊ, भेदन गराऊ । दाह्राले चबाऊ, करौँतीले चिर । अङ्कुशले उचाल । शिरको रोग र आँखाको रोगलाई तथा प्रतिदिन आउने ज्वरो, दुई दिन आउने ज्वरो, तीन दिनमा आउने ज्वरो, चार दिनमा आउने ज्वरो, डाकिनी एवं कुमारग्रहलाई पनि शत्रुका सेनामाथि छोड, छोड । तिनलाई पकाऊ । शत्रुको उन्मूलन गर । तिनलाई भूइँमा पसार । तिनलाई समात । ब्रह्माणि आऊ, माहेश्वरी आऊ, कौमारी आऊ, वैष्णवी आऊ, वाराही आऊ, ऐन्द्री आऊ, चामुण्डा आऊ, रेवती आऊ, आकाशरेवती आऊ । हे हिमालयमा विचरण गर्ने देवी ! आऊ, हे रुरुमर्दिनी, असुरविनाशिनी, आकाशगामिनी देवी ! विरोधिहरूलाई पाशाले बाँध, बाँध । अङ्कुशले प्वाल पार, प्वाल पार । आफ्ना प्रतिज्ञामै स्थिर रहू । मण्डलमा प्रविष्ट गराऊ । शत्रुलाई समातेर त्यसको मुख बाँधिदेऊ । आँखा बाँधिदेऊ । हातखुट्टा पनि बाँधिदेऊ । हामीलाई सताउने सबै दुष्ट ग्रहहरूलाई नै बाँध । दिशाहरूलाई बाँध । भस्मले, जलले, माटो अथवा तोरीले सबैलाई आविष्ट गराऊँ । तल मुन्ट्याऊ । यस्तो अर्थ भएको

अष्टाविंशभुजा ध्येया असिखेटकवत्करौ ।२।
गदादण्डयुतौ चान्यौ शरचापधरौ परौ ।
मुष्टिमुद्गरयुक्तौ च शङ्खखड्गयुतौ परौ ।३।
ध्वजवज्रधरौ चान्यौ सचक्रपरशू परौ ।
डमरुदर्पणाढ्यौ च शक्तिकुन्तधरौ परौ ।४।
हलेन मुसलेनाढ्यौ पाशतोमरसंयुतौ ।
ढक्कापणवसंयुक्तौ अभयमुष्टिकान्वितौ ।५।
तर्जयन्ती च महिषं घातनी होमतोऽरिजित् ।
त्रिमध्वाक्ततिलैर्होमो न देया यस्य कस्यचित् ।६।

जया नामको पदमाला हो र यसले समस्त कर्मलाई नै सिद्ध गराउँछ। यसले होम गर्दा र यसको जप एवं पाठ गर्दा सधैँ नै युद्धमा विजय प्राप्त हुन्छ। अट्ठाईस भुजा भएकी चामुण्डा देवीलाई ध्यान गर्नुपर्छ। उनका दुई हातमा तरबार र खेटक छन्। अरू दुई हातमा गदा र दण्ड छन्। अरू दुई हातमा धनुष र वाण धारण गरेकी छिन्। अन्य दुई हात मुष्टि र मुद्गरले युक्त छन्। अरू दुई हातमा शङ्ख र खड्ग छन्। अरू दुई हातमा ध्वज र वज्र छन्। अरू दुई हातले चक्र र परशु धारण गरेका छन्। अन्य दुई हात डमरु र दर्पणले युक्त भएका छन्। अरू दुई हातले शक्ति र कुन्द धारण गरेका छन्। अरू दुई हातमा हलो र मुसल लिइएका छन्। अरू दुई हातमा पाश र तोमर रहेका छन्। अरू दुई हातमा ढक्का र पणव रहेका छन्। अरू दुई हातले अभय मुद्रा धारण गरेका छन् र बाँकी दुई हातमा मुष्टिकले शोभा पाइरहेका छन्। उनले महिषासुरलाई थर्काउने र त्यसको वध गर्ने गर्दछिन्। यसै किसिमका उनका स्वरूपको ध्यान गरेर हवन गर्नाले शत्रुमाथि साधकले विजय प्राप्त गर्दछ। घिउ, मह र चिनी मिसेको तिलले हवन गर्नुपर्दछ। यस सङ्ग्राम विजय विद्याको शिक्षा जोसुकैलाई दिनु हुँदैन ।१–६।

# १३६. षट्त्रिंशदधिकशततमोऽध्यायः

## नक्षत्रचक्र

ईश्वर उवाच

अथ चक्रं प्रवक्ष्यामि यात्रादौ च फलप्रदम् ।
अश्विन्यादौ लिखेच्चक्रं त्रिनाडीपरिभूषितम् ।१।
अश्विन्यार्द्रादिभिः पूर्वा ततश्चोत्तरफल्गुनी ।
हस्तो ज्येष्ठा तथा मूलं वारुणं चाप्यजैकपात् ।२।
नाडीयं प्रथमा चान्या याम्यं मृगशिरस्तथा ।
पुष्यं भाग्यं तथा चित्रा मैत्रं चाप्यं च वासवम् ।३।
अहिर्बुध्न्यं तृतीयाथ कृत्तिका रोहिणी ह्यहिः ।
चित्रा स्वाती विशाखा च श्रवणा रेवती च भम् ।४।
नाडीत्रितयसञ्जुष्टग्रहाज्ज्ञेयं शुभाशुभम् ।

महेश्वरले भन्दछन्– हे देवी ! अब म नक्षत्रसम्बन्धी त्रिनाडी चक्रको बयान गर्दछु र यो यात्रा आदिमा फलदायक हुन्छ। अश्विनी आदि नक्षत्रमा तीन नाडीले युक्त चक्र अङ्कित गर्नुपर्छ। पहिले अश्विनी, आर्द्रा र पुनर्वसु अङ्कित गरिन्छन्। त्यसपछि उत्तरफाल्गुनी, हस्ता, ज्येष्ठा, मूल, शतभिषा र पूर्वाभाद्रपदा यी नक्षत्रहरू लेख्नुपर्छ। यसलाई प्रथम नाडी भनिन्छ। दोस्रो नाडी यस खालको छ– भरणी, मृगशिरा, पुष्य, पूर्वाफाल्गुनी, चित्रा, अनुराधा, पूर्वाषाढा, घनिष्ठा र उत्तराभाद्रपदा। तेस्रो नाडीका नक्षत्र यी हुन्– कृत्तिका, रोहिणी, आश्लेषा, मघा, स्वाती, विशाखा, उत्तराषाढा, श्रवण र रेवती। यी तीन नाडीका नक्षत्रहरूद्वारा सेवित ग्रहकै अनुसार शुभाशुभ फल जान्नुपर्छ। यसै त्रिनाडी चक्रलाई नै फणीश्वर चक्र भनिएको छ। यस चक्रका नक्षत्रहरूमा यदि सूर्य, मङ्गल र शनिश्चर एवं राहु छन् भने त्यो अशुभ नै हुन्छ। यीबाहेकका अन्य ग्रह बसेका छन् भने त्यो नक्षत्र शुभ हुन्छ।

चक्रं फणीश्वरं तत्तु त्रिनाडीपरिभूषितम् ।५।
रविभौमार्कराहुस्थमशुभं स्याच्छुभं परम् ।
देशग्रामयुता भर्तृभार्य्याद्या एकशः शुभाः ।६।
अ, भ, कृ, रो, मृ, आ, पु, पु, आ, म, पू, उ, ह, चि, स्वा, वि, अ, ज्ये, मू, पू, उ, श्र, ध, श, पू, उ, रे, अत्र सप्तविंशतिनक्षत्राणि ज्ञेयानि ।७।

देश, गाउँ, दाजुभाइ र पत्नी आदिका आफ्ना नामको पहिलो अक्षर अनुसार नाडीचक्रमा अक्षर पर्दछ र शुभाशुभ फल प्राप्त हुनेगर्छ । अश्विनी, भरणी, कृत्तिका, रोहिणी, मृगशिरा, आर्द्रा, पुनर्वसु, पुष्य, आश्लेषा, मघा, पूर्वाफाल्गुनी, उत्तराफाल्गुनी, हस्त, चित्रा, स्वाती, विशाखा, अनुराधा, ज्येष्ठा, मूल, पूर्वाषाढा, उत्तराषाढा, श्रवण, धनिष्ठा, शतभिषा, पूर्वभाद्रपदा, उत्तराभाद्रपदा तथा रेवती यी सत्ताईस नक्षत्र यहाँ जान्नयोग्य छन् ।१-७।

# १३७. सप्तस्त्रिंशदधिकशततमोऽध्यायः

## महामारीविद्या

ईश्वर उवाच

महामारीं प्रवक्ष्यामि विद्यां शत्रुविमर्दिनीम् ओं ह्रीं महामारी रक्ताक्षि कृष्णवर्णे यमस्याज्ञाकारिणि सर्वभूतसंहारकारिणि अमुकं हनहन ओं दहदह ओं पचपच छिन्दछिन्द ओं मारयमारय ओं उत्सादयउत्सादय ओं सर्वसत्त्ववशङ्करि सर्वकामिके हूं फट् स्वाहेति ओं ह्रीं महामारी रक्ताक्षि कृष्णवर्णे यमस्याज्ञाकारिणि सर्वभूतसंहारकारिणि अमुकं हनहन ओं दहदह ओं पचपच छिन्दछिन्द ओं मारयमारय ओं उत्सादयउत्सादय ओं सर्वसत्त्ववशङ्करि सर्वकामिके हूं फट् स्वाहेति ओं मारि हृदयाय नमः ओं महामारि शिरसे स्वाहा ओं कालरात्रि शिखायै वौषट् ओं कृष्णवर्णे खः कवचाय हूं ओं तारकाक्षि विद्युज्जिह्वे सर्वसत्त्वभयङ्करि रक्षरक्ष सर्वकार्य्येषु ह्रं त्रिनेत्राय वषट् ओं महामारि सर्वभूतदमनि महाकालि अस्त्राय हुं फट् एष न्यासो महादेवि कर्त्तव्यः साधकेन तु ।१।

शवादिवस्त्रमादाय चतुरस्त्रं त्रिहस्तकम् ।
कृष्णवर्णां त्रिवक्त्रां च चतुर्बाहुं समालिखेत् ।२।
पटे विचित्रवर्णैश्च धनुः शूलं च कर्तृकाम् ।
खट्वाङ्गं धारयन्तिं च कृष्णाभं पूर्वमाननम् ।३।

महेश्वर भन्दछन्– हे देवी ! अब म महामारी विद्याको वर्णन गर्दछु र यसले शत्रुलाई मर्दन गर्दछ । ओं ह्रीं महामारि रक्ताक्षि कृष्णवर्णे यमस्याज्ञाकारिणि सर्वभूतसंहारकारिणि अमुकं हनहन ओं दहदह ओं पचपच ओं च्छिन्दच्छिन्द ओं मारयमारय ओमुत्सादयोत्सादय ओं सर्वसत्त्ववशंकरि सर्वकामिके हुं फट् स्वाहा हे राता आँखा भएकी, कालो रङ्गकी महामारी ! तिमी यमराजको आज्ञापालन गर्दथ्यौ । तिमी समस्त प्राणीलाई संहार गर्दथ्यौ । मेरो फलानो शत्रु मार मार । त्यसलाई जलाऊ जलाऊ । पकाऊ पकाऊ । काट काट । मार मार । उलेख उखेल । समस्त प्राणीलाई वशमा गराउने र सम्पूर्ण कामना पूरा गरिदिने तिमी हौ । ओं मारि हृदयाय नमः भन्ने वाक्य बोलेर दाहिने हातका माझी, साइँली र चोर औँलाले हृदय स्पर्श गर्नुपर्छ । ओं महामारि शिरसे स्वाहा भन्ने वाक्य बोलेर दाहिने हातले शिरलाई स्पर्श गर्नुपर्छ । ओं कालरात्रि शिखायै वौषट् भन्ने वाक्य बोलेर दाहिने हातका बुढी औँलाले शिखा स्पर्श गर्नुपर्छ । ओं कृष्णवर्णे खः कवचाय हूम् भन्ने वाक्य बोलेर दाहिने हातका पाँचै औँलाले बाँयाँ भुजा र बाँयाँ हातका पाँच औँलाले दाहिने भुजा स्पर्श गर्नुपर्छ । ओं तारकाक्षि विद्युज्जिह्वे सर्वसत्त्वभयङ्करि रक्ष रक्ष सर्वकार्येषु ह्रं त्रिनेत्ताय वषट् भन्ने र वाक्य बोलेर दाहिने हातका औँलाका टुप्पाले दुवै आँखा निधारको माझमा स्पर्श गर्नुपर्छ । ओं महामारि सर्वभूतदमनि महाकाली अस्त्राय हुं फट् भन्ने यो वाक्य बोलेर दाहिने हातले शिरमाथि बाँयाँ तर्फबाट पछिल्तिर लाँदै दाहिने तिरबाट अगाडि ल्याउनुपर्छ र चोरी औँलो तथा माझी औँलाले बाँया हातका हल्केलामा ताली बजाउनुपर्छ । हे महादेवी ! साधकले यो अङ्गन्यास अवश्य गर्नुपर्छ । उसले मुर्दाको कात्रो झिकेर ल्याई चारकुने पारेर च्यातोस् । त्यसको लम्बाइ-चौडाइ तीनतीन हातको हुनुपर्छ । त्यसै वस्त्रमा अनेकौं खालका

तस्य दृष्टिनिपातेन भक्षयेदग्रतो नरम् । द्वितीयं याम्यभागे तु रक्तजिह्वं भयानकम् ।४।

लेलिहानं करालं च दंष्ट्रोत्कटभयानकम् ।

तस्य दृष्टिनिपातेन भक्षमाणं हयादिकम् ।५।

तृतीयं च मुखं देव्याः श्वेतवर्णं गजादिनुत् ।गन्धपुष्पादिमध्वाजैः पश्चिमाभिमुखं यजेत् ।६।

मन्त्रस्मृतेरक्षिरोगशिरोरोगादि नश्यति ।

वश्याः स्युर्यक्षरक्षांश्च नाशमायान्ति शत्रवः ।७।

समिधो निम्बवृक्षस्य ह्यजारक्तविमिश्रिताः ।

मारयेत्क्रोधसंयुक्तो होमादेव न संशयः ।८।

परसैन्यमुखो भूत्वा सप्ताहं जुहुयाद्यदि ।

व्याधिभिर्गृह्यते सैन्यं भङ्गो भवति वैरिणः ।९।

समिधोऽष्टसहस्रं तु यस्य नाम्ना तु होमयेत् ।

अचिरान्म्रियते सोऽपि ब्रह्मणा यदि रक्षितः ।१०।

उन्मत्तसमिधो रक्तविषयुक्तसहस्रकम् ।

दिनत्रयं ससैन्यश्च नाशमायाति वै रिपुः ।११।

राजिकालवणैर्होमाद्भङ्गोऽरेः स्याद्दिनत्रयात् ।

खररक्तसमायुक्तहोमादुच्चाटयेद्रिपुम् ।१२।

काकरक्तसमायोगाद् होमादुत्सादनं ह्यरेः ।

वधाय कुरुते सर्व्वं यत्किञ्चिन्मनसेप्सितम् ।१३।

अथ सङ्ग्रामसमये गजारूढस्तु साधकः ।

कुमारीद्वयसंयुक्तो मन्त्रसन्नद्धविग्रहः

।१४।दूरशङ्खादिवाद्यानि विद्यया ह्यभिमन्त्रयेत् ।

रङ्गहरूले देवीको आकृति बनाउनुपर्छ र त्यसका रङ्ग कालो हुनुपर्छ। त्यो आकृति तीन मुख र चार भुजाले सम्पन्न भएको हुनुपर्दछ। देवीको त्यस मूर्तिले आफ्ना हातमा धनुष, शूल, आरा र खट्वाङ्ग धारण गरेको हुनुपर्छ। ती देवीको पहिलो मुख पूर्व दिशातर्फ आफ्नो कालो प्रभाले प्रकाशित भइरहेको हुनुपर्छ। त्यसबाट मानौँ देख्नेबित्तिकै त्यस मूर्तिले आफ्ना अगाडिको मानिसलाई खाइहाल्छ कि जस्तो हुनुपर्छ। दोस्रो मुख दक्षिणतिर फर्केको हुनुपर्छ। त्यसको जिब्रो रातो हुन्छ र त्यो पनि देख्दै भयानक लाग्ने खालको हुनुपर्छ। त्यो विकराल मुख उसैका दाह्राले गर्दा अत्यन्त उत्कृष्ट र भयङ्कर हुनुपर्छ र जिब्रो चलिरहेको हुनुपर्छ। त्यसका साथै दृष्टि पर्ने बित्तिकै त्यसले मानौँ घोडा आदिलाई समेत खाइदिन्छ कि जस्तो हुनुपर्छ। देवीको तेस्रो मुख पश्चिम फर्केको हुनुपर्छ। त्यसको रङ्ग सेतो हुन्छ। अगाडि पर्ने बित्तिकै त्यसले हात्ती आदिलाई पनि खाइहाल्छ कि जस्तो त्यो हुनुपर्छ। गन्ध-पुष्प आदि उपचार तथा घिउ-मधु आदि नैवेद्यले त्यसको पूजा गर्नुपर्दछ। पूर्वोक्त मन्त्रलाई स्मरण मात्रै गर्दा पनि आँखा र टाउको सम्बन्धी सबै रोग नष्ट भएर जान्छन्। यक्ष र राक्षसहरू पनि वशमा रहन्छन् र शत्रुको नाश हुन्छ। यदि मानिस क्रोधयुक्त भएर निम्बवृक्षको समिधा होम गर्दछ भने त्यस होमले नै उनले आफ्ना शत्रुलाई मार्न सक्छ भन्ने कुरामा शङ्का नगरे हुन्छ। यदि शत्रुका सेनातर्फ फर्किएर एक हप्तासम्म यिनै समिधाको हवन गर्ने हो भने शत्रुका सेना अनेकौँ खालका रोगले ग्रस्त हुन्छन् र उनीहरूभित्र भागाभाग चल्न थाल्दछ। जसका नाममा उक्त प्रकारका आठ हजार समिधाको होम गरिन्छ त्यसलाई यदि ब्रह्माले नै सुरक्षा गरिरहेको भए पनि तुरुन्तै मर्दछ। यदि धतुराका एक हजार समिधालाई रगत र विष मिसाएर तीन दिनसम्म तिनको होम गरिन्छ भने आफ्नो सेनासहित शत्रु नष्ट हुन्छ। रायो र नुनले होम गर्ने हो भने तीन दिनमा नै शत्रुका सेनामा भागदौड मच्चिन थाल्दछ र शत्रु पलायमान हुन्छ। त्यसैलाई यदि गधाका रक्तले मुछेर होम गरिन्छ भने साधकले आफ्ना शत्रुको उच्चाटन गराउन सक्छ – त्यहाँबाट भाग्नका लागि उसका मनमा छटपटी लगाउन सक्छ। कागको रगत मिसाएर हवन गर्दा शत्रुलाई निर्मूल पार्न सकिन्छ। साधक त्यसलाई वध गर्नमा समर्थ हुन सक्छ र साधकका मनमा जुनजुन रहर उब्जन्छन् ती सबै इच्छाहरू उसले पूर्ण गर्न गराउन सक्छ। साधक यदि युद्धका समयमा हात्तीमाथि चढेको छ भने दुईवटी कुमारीहरूका साथमा रहेर पूर्वोक्त मन्त्रले आफ्नो शरीर सुरक्षित गरोस् र त्यसपछि टाढाका शङ्खआदि वाद्यलाई पूर्वोक्त महामारी विद्याले अभिमन्त्रित गरोस्। त्यसपछि महामायाको प्रतिमा सहितको

महामायापटं गृह्य उच्छेत्तव्यं रणाजिरे ।१५।
परसैन्यमुखो भूत्वा दर्शयेत्तं महापटम् ।
कुमारीर्भोजयेत्तत्र पश्चात्पिण्डीं च भ्रामयेत् ।१६।
साधकश्चिन्तयेत्सैन्यं पाषाणमिव निश्चलम् ।
निरुत्साहं विभग्नं च मुह्यमानं च भावयेत् ।१७।
एष स्तम्भो मया प्रोक्तो न देयो यस्य कस्यचित् ।
त्रैलोक्यविजया माया दुर्गैवं भैरवी तथा ।
कुब्जिका भैरवो रुद्रो नारसिंहपटादिना ।१८।

वस्त्र लिएर लडाइँका मैदानमा त्यसलाई माथिसम्म फहराउँदै शत्रुसेनातर्फ फर्काउँदै त्यो विशाल कपडा देखाउनुपर्छ । त्यसपछि त्यहाँ कुमारी कन्याहरूलाई भोजन गराउनुपर्छ । अनि त्यस पिण्डीलाई अर्कातिर घुमाइदिनुपर्छ । त्यसबेलामा साधकले– शत्रुको सेना ढुङ्गाको मूर्तिझैँ निश्चल भइसकेको छ भन्ने चिन्तन गर्नुपर्छ । त्यस बेला उसले– अब शत्रुका सेनासित युद्ध गर्ने उत्साह नै छैन, तिनीहरूका खुट्टा काम्न थाले र अहिले तिनीहरू आत्तिएका छन् भन्ने पनि सोच्नुपर्छ । यस किसिमले गर्दा शत्रुको सेना चित्रझैँ स्तम्भित हुन्छ । मैले यो स्तम्भनको प्रयोगका विषयमा भनैं । यसको शिक्षा जोसुकैलाई दिनु हुँदैन । तीन लोकमा विजय प्रदान गराउने यी देवीलाई माया भनिन्छ र यिनको आकृति कोरिएको कपडालाई मायापट भनिएको छ । यसै किसमले दुर्गा, भैरवी, कुब्जिका, रुद्रदेव र भगवान् नृसिंहको आकृति पनि वस्त्रमा अङ्कित गर्न सकिन्छ र तिनै वस्त्रलाई पनि स्तम्भनको प्रयोग सिद्ध गर्न सकिन्छ ।१-१८।

# १३८. अष्टस्त्रिंशदधिकशततमोऽध्यायः

## षट्कर्म

ईश्वर उवाच

षट् कर्माणि प्रवक्ष्यामि सर्व्वमन्त्रेषु तच्छृणु ।
आदौ साध्यं लिखेत्पूर्वं चान्ते मन्त्रसमन्वितम् ।१।
पल्लवः स तु विज्ञेयो महोच्चाटकरः परः ।
आदौ मन्त्रस्ततः साध्यो मध्ये साध्यः पुनर्म्मनुः ।२।
योगाख्यः सम्प्रदायोऽयं कुलोत्सादेषु योजयेत् ।
आदौ मन्त्रपदं दद्यान्मध्ये साध्यं नियोजयेत् ।३।
पुनश्चान्ते लिखेन्मन्त्रं साध्यं मन्त्रपदं पुनः ।
रोधकः सम्प्रदायस्तु स्तम्भनादिषु योजयेत् ।४।
अधोर्ध्वं याम्यवामे तु मध्ये साध्यं तु योजयेत् ।
सम्पुटः स तु विज्ञेयो वश्याकर्षेषु योजयेत् ।५।
मन्त्राक्षरं यदा साध्यं प्रथितं चाक्षराक्षरम् ।

महादेव भन्दछन्– हे पार्वती ! साध्यको रूपमा सबै मन्त्रका लागि जुन छ वटा कर्म छन् भनिन्छ म अब म तिनैको बयान गर्छ, तिमी सुन । शान्ति, वश्य, स्तम्भन, द्वेष, उच्चाटन र मारण छ कर्म यिनै हुन् । यी सबै कर्ममा छ-छ सम्प्रदाय अथवा विन्यास हुन्छन् । तिनको नाम पल्लव, योग, रोधक, सम्पुट, ग्रन्थन र विदर्भ भन्ने किसिमका छन् । जसको उच्चाटन गर्नुपर्ने हो, भोजपत्र आदिमा त्यस पुरुषको नाम लेख्नुपर्छ । त्यसपछि उच्चाटनसम्बन्धी मन्त्र लेख्नुपर्छ । लेख्ने यसै क्रमलाई पल्लव नामको विन्यास वा सम्प्रदाय हो भनी बुझ्नुपर्छ । यो उच्चकोटिको महान् उच्चाटनकारी प्रयोग हो । सुरुमा मन्त्र लेखिन्छ र त्यसपछि मात्रै साध्य व्यक्तिको नाम लेखिन्छ । यस अवस्थामा साध्य बीचमा रहन्छ त्यसका लागि फेरि अन्त्यमा मन्त्र लेख्नुपर्छ । यस क्रमलाई योग नामको सम्प्रदाय भनिन्छ । शत्रुको समस्त कुल नै संहार गर्नका लागि यस किसिमको प्रयोग गर्नुपर्ने हुन्छ । पहिले मन्त्रको पद लेख्नुपर्छ । त्यसपछि माझमा साध्यको नाम लेखिन्छ, अन्त्यमा फेरि मन्त्र नै लेखिन्छ । त्यसपछि फेरि साध्यको नाम लेखिन्छ । त्यसपछि फेरि मन्त्र लेखिन्छ । यस्तो रोधक सम्प्रदाय हो भनिएको छ । स्तम्भन आदि कर्ममा यसको प्रयोग गरिन्छ । मन्त्रका माथि, तल, दायाँ, बाँया र बीचमा समेत

प्रथमः सम्प्रदायः स्यादाकृष्टिवशकारकः ।६।

मन्त्राक्षरद्वयं लिख्य एकं साध्याक्षरं पुनः ।

विदर्भः स तु विज्ञेयो वश्याकर्षेषु योजयेत् ।७।

आकर्षणादि यत्कर्म्म वसन्ते चैव कारयेत् ।

तापज्वरे तथा वश्ये स्वाहा चाकर्षणे शुभम् ।८।

नमस्कारषदं चैव शान्तिवृद्धौ प्रयोजयेत् ।

पौष्टिकेषु वषट्कारमाकर्षे वश्यकर्म्मणि ।९।

विद्वेषोच्चाटने मृत्यौ फट् स्यात् खण्डी कृतौ शुभे ।

लाभादौ मन्त्रदीक्षादौ वषट्कारस्तु सिद्धिदः ।१०।

यमोऽसि यमराजोऽसि कालरूपोऽसि धर्म्मराट् ।

मया दत्तमिमं शत्रुमचिरेण निपातय ।११।

निपातयामि यत्नेन निर्वृतो भव साधक ।

संहृष्टमनसा ब्रूयाद्देशिकोऽरिप्रसूदनः ।१२।

पद्मे शुक्ले यमं प्राच्र्य होमादेतत्प्रसिद्ध्यति ।

आत्मानं भैरवं ध्वात्वा ततो मध्ये कुलेश्वरीम् ।१३।

रात्रौ वार्त्तां विजानाति आत्मनश्च परस्य च ।

दुर्गेदुर्गे रक्षणीति दुर्गां प्राच्र्यारिहा भवेत् ।

जप्त्वा हसक्षमलवरयूं भैरवीं घातयेदरिम् ।१४।

साध्यको नाम उल्लेख गरिएको भए त्यसलाई सम्पुट हो भनी बुझ्नुपर्दछ । वश्याकर्षण कर्ममा यसको प्रयोग गर्नुपर्दछ । जब मन्त्रको एक अक्षर लेखेर त्यसपछि साध्यका नामको एक अक्षर लेख्ने क्रममा पालैपालो दुवैको एकएक अक्षर लेखे । मन्त्र र साधकका नामका अक्षर एकापसमा गुँथ्ने काम गरिन्छ भने त्यसलाई ग्रन्थन नामको सम्प्रदायमा लिइन्छ । यसको प्रयोग आकर्षण वा वशीकरण गर्नका लागि हुन्छ । पहिले मन्त्रका दुई अक्षर र त्यसपछि साध्यको एक अक्षर गर्दै बराबर लेखेर दुवैलाई पूरा गराइन्छ । त्यस खालका प्रयोगलाई विदर्भ नामको सम्प्रदाय हो भनी बुझ्नुपर्दछ र वशीकरण तथा आकर्षणका लागि यसको प्रयोग गरिन्छ । आकर्षण आदिका जुन मन्त्र हुन्छन् तिनीहरूको अनुष्ठान वसन्त ऋतुमा गर्नुपर्दछ। तापज्वरको निवारण, वशीकरण र आकर्षण कर्ममा स्वाहाको प्रयोग गर्नु शुभ हुन्छ । शान्ति र वृद्धि कर्ममा नमः पदको प्रयोग गर्नुपर्दछ । पौष्टिक-कर्म, आकर्षण र वशीकरणमा वषट्कारकै प्रयोग गर्नुपर्दछ। विद्वेषण, उच्चाटन र मारण आदि अशुभ कर्महरूमा छुट्टै नै फट् पदलाई योजित गर्नुपर्दछ। लाभ आदिमा र मन्त्रको दीक्षा दिने काममा वषट्कार नै सिद्धिदायक हुन्छ। मन्त्रको दीक्षा दिने आचार्यमा यमराजको भावना गरेर प्रार्थना गर्दै— हे प्रभु ! तिमी यम हौ, यमराज हौ, कालरूप हौ, धर्मराज हौ, धर्मराज हौ । मैले दिएको यस शत्रुलाई छिट्टै नै मारेर ढलाऊ भन्नुपर्छ। त्यसपछि शत्रुसूदन आचार्यले प्रसन्नचित्त हुँदै— हे साधक ! तिमी सफल होऊ। म प्रयत्न गरेर तिम्रा शत्रुलाई मारेर ढलाउँछु भन्ने उत्तर दिनुपर्छ। सेतो कमलमा यमराजको पूजा गरेर होम गर्नाले यो प्रयोग सफल हुन्छ । आफूभित्र भैरवको भावना गरेर आफैँभित्र कुलेश्वरी भैरवीलाई पनि भावना गर्नुपर्छ। यसो गर्नाले साधकले आफ्नो तथा शत्रुको भावी वृतान्त जान्दछ। हे दुर्गरक्षिणी दुर्गे ! यसै मन्त्रले नवदुर्गाको पूजा गर्दाखेरि साधक शत्रुलाई नाश गर्नमा समर्थ हुन्छ । हसक्षमलवरयुग्भैरवी यस मन्त्रको जप गर्नाले साधकले आफ्ना शत्रु वध गर्न सक्छ ।१-१४।

# १३९. ऊनचत्वारिंशदधिकशततमोऽध्यायः

## षष्टिसंवत्सर

ईश्वर उवाच

षष्ट्यव्दानां प्रवक्ष्यामि शुभाशुभमतः शृणु ।

प्रभवे यज्ञकर्म्माणि विभवे सुखिनो जनाः ।१।

शुक्ले च सर्वशस्यामि प्रमोदेन प्रमोदिताः ।

भगवान् महेश्वर भन्दछन्— हे पार्वती ! अब म साठी संवत्सरहरूको शुभाशुभ फलका विषयमा भन्दछु, ध्यान दिएर सुन । प्रभव संवत्सरमा यज्ञकर्मको बहुलता हुन्छ । विभवमा प्रजा सुखी हुन्छन्। शुक्लमा समस्त धान्य प्रचुर मात्रामा हुन्छन्। प्रमोदबाट सबै खुसी रहन्छन् । प्रजापति नामका संवत्सरमा

प्रजापतौ प्रवृद्धिः स्यादङ्गिरा भोगवर्द्धनः ।२।
श्रीमुखे वर्द्धते लोको भावे भावः प्रवर्द्धते ।
पूरणो पूरते शक्रो धाता सर्वौषधीकरः ।३।
ईश्वरः क्षेमः आरोग्यः बहुधान्यसुभिक्षदः ।
प्रमाथीमध्यवर्षस्तु विक्रमे शस्यसम्पदः ।४।
वृषो वृष्यति सर्वोश्च चित्रभानुश्च चित्रताम् ।
स्वर्भानुः क्षेममारोग्यं तारणे जलदाः शुभाः ।५।
पार्थिवे शस्यसम्पत्तिरतिवृष्टिस्तथा जयः ।
सर्वजित्युत्तत्मा वृष्टिः सर्वधारी सुभिक्षदः ।६।
विरोधी जलदान् हन्ति विकृतश्च भयङ्करः ।
खरे भवेत्पुमान्वीरो नन्दने नन्दते प्रजा ।७।
विषयः शत्रुहन्ता च शत्रुरोगादि मर्दयेत् ।
ज्वरार्त्तो मन्मथे लोको दुष्करे दुष्कराः प्रजाः ।८।
दुर्मुखे दुर्मुखो लोको हेमलम्बे न सम्पदः ।
संवत्सरो महादेवि विलम्बस्तु सुभिक्षदः ।९।
विकारी शत्रुकोपाय विजये सर्वदा क्वचित् ।
प्लवे प्लवन्ति तोयानि शोभने शुभकृत्प्रजा ।१०।
राक्षसे निष्ठूरो लोको विविधं धान्यमानने ।
सुवृष्टिः पिङ्गले क्वापि काले ह्युक्तो धनक्षयः ।११।
सिद्धार्थे सिध्यते सर्वं रौद्रे रौद्रं प्रवर्त्तते ।
दुर्म्मतौ मध्यमा वृष्टिर्दुन्दुभिः क्षेमधान्यकृत् ।१२।
स्रवन्ते रुधिरोङ्गारी रक्ताक्षः क्रोधनो जयः ।
क्षये क्षीणधनो लोकः षष्टिसंवत्सराणि तु ।१३।

वृद्धि हुन्छ। अङ्गिरा संवत्सरले भोगको वृद्धि गराउँछ। श्रीमुख नामका संवत्सरले जनसङ्ख्या बढाउँछ र भाव नामका संवत्सरमा प्राणीहरूबीच सद्भाव वृद्धि हुन्छ। युवा संवत्सरमा बादलले खुब वर्षा गर्दछ । धाता संवत्सरमा सबै खालका औषधिहरू प्रशस्त उत्पन्न हुन्छन् । ईश्वर संवत्सरमा क्षेम र आरोग्य वृद्धि हुन्छ। बहुधान्यमा प्रचुर अन्य उत्पन्न हुन्छ। प्रमाथी नामका संवत्सरको वर्ष मध्यम खालको हुन्छ। विक्रम नामका वर्षमा अन्न सम्पदा प्रचुर हुने गर्दछ । वृष संवत्सरले सम्पूर्ण प्रजाको पोषण गर्दछ। चित्रभानु विभिन्नताको हुन्छ र सुभानुले कल्याण एवं आरोग्य उपस्थित गराउँछ । तारण संवत्सरमा मेघ शुभकारक हुन्छ । पार्थिव संवत्सरमा शस्य-सम्पत्ति, अव्ययमा अतिवृष्टि हुन्छ । सर्वजित्मा असल वर्षा हुन्छ र सर्वधारी नामका संवत्सरमा धान्यआदि धेरै हुन्छन् । विरोधी संवत्सरमा मेघको नाश हुन्छ र अनावृष्टि हुन्छ। विकृति नामका संवत्सरले भय प्रदान गर्दछ । खर नामका संवत्सरले पुरुषमा सौर्य सञ्चार गराउँछ । नन्दन संवत्सरमा प्रजाहरू आनन्दित भएर रहन्छन्। विजय संवत्सर शत्रुनाशक हुन्छ र जय नामका संवत्सरले रोगहरूलाई मर्दन गर्दछ। मन्थन नामका संवत्सरमा संसार ज्वराले पीडित हुन्छ । दुष्कर नामका संवत्सरमा प्रजा दुष्कर्ममा प्रवृत्त हुन्छन्। दुर्मुख नामका संवत्सरमा मानिसहरू कटुभाषी हुन्छन्। हेमलग्न संवत्सरबाट सम्पत्ति प्राप्ति हुन्छ। हे महादेवी ! बिलम्ब नामका संवत्सरमा अन्नको प्राचुर्यता हुने गर्दछ। विकारी नामका संवत्सरमा शत्रुहरू रिसाउँछन् र शार्वरी नामको संवत्सर कतैकतै सबै कुरो प्रदान गर्ने हुन्छ। प्लव संवत्सरमा जलाशयहरू बढ्दछन् र बाढी आउँछ। शोभन र शुभकृत् संवत्सरहरूमा प्रजा पनि संवत्सरकै नामअनुसार गुणसम्पन्न हुने गर्दछन्। राक्षस नामका संवत्सरमा संसारै क्रूर हुन्छ । आनल संवत्सरमा विभिन्न खालका धान्यहरू उत्पन्न हुन्छन्। पिङ्गल संवत्सरमा कतैकतै उत्तम वर्षा हुन्छ र कालयुक्त संवत्सरमा धनको नाश हुन्छ । सिद्धार्थ नामका संवत्सरमा सम्पूर्ण कार्यहरू सिद्ध हुन्छन्। रौद्र नामका वर्षमा विश्वभरि नै रिसरागको प्रवृत्ति हुने गर्छ। दुर्मति नामका संवत्सरमा मध्यम खालको वर्षा हुन्छ र दुन्दुभि नामका संवत्सरमा मङ्गल एवं धन-धान्यको उपलब्धि हुन्छ। रुधिरोद्गारी र रक्ताक्ष नामका संवत्सरहरू रक्तपान गर्ने स्वभावका हुन्छन् । क्रोधन नामको संवत्सर विजयप्रद हुन्छ। क्षय नामका संवत्सरमा प्रजाको धन क्षीण हुन्छ। यसै किसिमले साठीवटै संवत्सरहरूमध्ये केहीको वर्णन गरियो ।१-१३।

# १४०. चत्वारिंशदधिकशततमोऽध्यायः

## वश्यादियोग

ईश्वर उवाच

वश्यादियोगान्वक्ष्यामि लिखेद्द्व्यष्टपदे त्विमान् ।

भृङ्गराजः सहदेवि मयूरस्य शिखा तथा ।१।

पुत्रं जीवकृतं जाली ह्यधःपुष्पा रुदन्तिका ।

कुमारी रुद्रजटा स्याद्विष्णुक्रान्ता सितोऽर्ककः ।२।

लज्जालुका मोहलता कृष्णधुस्तूरसंज्ञिता ।

गोरक्षः कर्क्कटी चैव मेषशृङ्गी स्नुही तथा ।३।

ऋत्विजो १६, वह्नयो ३, नागा ८, पक्षौ २, मुनि ३, मनू १४, शिवः ११, वसवो ८, दिक् १०, रसा ६, वेदा ४, ग्रह ९, ऋतु ६, रवि १२, चन्द्रमाः १ ।४।

तिथयश्च १५, क्रमाद्भागा ओषधीनां प्रदक्षिणम् ।

प्रथमेन चतुष्केण धूपश्चोद्वर्त्तनं परम् ।५।

तृतीयेनाञ्जनं कुर्यात्स्नानं कुर्य्याच्चतुष्कतः ।

भृङ्गराजानुलोमाच्च चतुर्द्धा लेपनं स्मृतम् ।६।

मुनयो दक्षिणे पार्श्वे युगाद्याश्चोत्तराः स्मृताः ।

भुजगाः पादसंस्थाश्च हीश्वरा मूर्ध्नि संस्थिताः ।७।

मध्येन सार्क्कशशिभिर्धूपः स्यात्सर्वकार्य्यके ।

एतैर्विलिप्तदेहस्तु त्रिदशैरपि पूज्यते ।८।

धूपस्तु षोडशाद्यस्तु गृहाद्युद्वर्त्तने स्मृतः ।

युगाद्याश्चाञ्जने प्रोक्ता बाणाद्याः स्नानकर्म्मणि ।९।

रुद्राद्या भक्षणे प्रोक्ताः पक्षाद्याः पानके स्मृताः ।

हेश्वर भन्दछन्– हे स्कन्द ! अब म वशीकरण आदि योगहरूको वर्णन गर्दछु । निम्नलिखित औषधिहरू– भृङ्गराज, सहदेवी, मयूरशिखा, पुत्रजीवक, वृक्षको बोक्रो, अधपुष्पा, रुदन्तिका, कुमारी, रुद्रजटा, विष्णुक्रान्ता, श्वेतार्क, लज्जालुका, मोहलता, कालो धतुरो, गोरक्ष कर्कटी, मेषशृङ्गी र स्नुहीलाई सोह्र कोष्ठ भएका चक्रमा अति गर्नुपर्छ । औषधिको यी भागहरू प्रदक्षिणाका क्रमले ऋत्विक्लाई सोह्र, वह्निलाई तीन, नागलाई आठ, पक्षलाई दुई, मुनिलाई सात, मनुलाई चौध, शिवलाई एघार, वसुदेवतालाई आठ, दिशाहरूलाई दस, शरहरूलाई पाँच, वेदलाई चार, ग्रहलाई नौ, ऋतुलाई छ, सूर्यलाई बाह्र, चन्द्रमालाई एक र तिथिलाई पन्ध्र भन्ने साङ्केतिक सङ्ख्या नामबाट प्रदान गर्नाले सन्तुष्ट हुन्छन् । पहिला चार औषधिहरू अर्थात् भृङ्गराज, सहदेवी, मयूरशिखा र पुत्रजीवकको बोक्रो यी सबैको धुलो बनाएर यिनीहरूबाट धुपको काम लिनुपर्छ । अथवा यिनलाई पानी हालेर घोटी राम्रो बुकुवा बनाउन सकिन्छ र त्यसलाई आफ्नो जिउमा लगाउनुपर्छ । तेस्रो चार कोष्ठमा रहेका औषधि अर्थात् अपराजिता, श्वेतार्थ, लज्जावती र मोहलता यी चार औषधिले अञ्जन तयार गरेर आँखामा लगाउनुपर्छ र चौथो चार कोष्ठकमा रहेका अर्थात् कालो धतुरो, गोरक्षकर्कटी, मेषशृङ्गी र स्नुही यी चार औषधि मिसिएका जलले स्नान गर्नुपर्दछ । भृङ्गराज भएका चार कोष्ठकभन्दा पछिको जुन दोस्रो चतुष्क छ अर्थात् अधःपुष्पा, रुद्रदन्ती, कुमारी र रुद्रजटा नामका जुन औषधिहरू छन् तिनलाई पिसेर लेपन बनाई लगाउने विधान छ । अधःपुष्पालाई दाहिने पार्श्वमा धारण गर्नुपर्छ र लाजवन्तीलाई वाम पार्श्वमा । मयूरशिखालाई गोडामा र घृतकुमारीलाई मस्तकमा धारण गर्नुपर्दछ । रुद्रजटा, गोरक्षकर्कटी र मेषशृङ्गीबाट सबै खालका काममा धुपको प्रयोग गरिन्छ । यिनलाई पिसेर मलम बनाई जसले शरीरमा बुकुवा घस्छ ऊ देवताबाट समेत सम्मानित हुन्छ । भृङ्गराज आदि चार औषधिहरू धुपका उपयोगमा जुनजुन आउँछन् तिनीहरू नै ग्रह आदिका कारणले पर्न जाने बाधा हटाउनका लागि पनि उद्वर्तन कार्यमा उपयोगमा आउँछन् । युगौँदेखि चिनिएका लज्जालुका आदि औषधिहरू अञ्जनकालागि हुन् भनिएको छ । वाण आदिले चिनाइएको श्वेतार्क आदि औषधिहरू स्नान कक्षमा उपयुक्त हुने गर्दछन् । घिउकुमारी आदि औषधिहरू खान पनि हुने भनिएका छन् । पुत्रजीवन आदि मिसिएका जल पिउनुपर्दछ भन्ने बताइएको छ । ऋत्विक्

ऋत्विग्वेदर्त्तुनयनैस्तिलकं लोकमोहनम् ।१०।

सूर्य्यत्रिदशपक्षैश्च शैलैः स्त्री लेपतो वशा ।

चन्द्रेन्द्रफणिरुद्रैश्च योनिलेपाद्वशाः स्त्रियः ।११।

तिथिदिग्युगबाणैश्च गुटिका तु वशङ्करी ।

भक्ष्ये भोज्ये तथा पाने दातव्या गुटिका वशे ।१२।

ऋत्विग्ग्रहाक्षिशैलैश्च शस्त्रस्तम्भे मुखे धृता ।

शैलेन्द्रवेदरन्ध्रैश्च अङ्गलेपाज्जले वसेत् ।१३।

बाणाक्षिमनुरुद्रैश्च गुटिका क्षुत्तृषादिनुत् ।

त्रिषडीशदिशाबाणैर्ल्लेपात्स्त्री दुर्भगा शुभा ।१४।

त्रिदशाक्षिदिशानेत्रैर्ल्लेपात्क्रीडेच्च पन्नगैः ।

त्रिदशाक्षेशभुजगैर्ल्लेपात् स्त्री सूयते सुखम् ।१५।

सप्तदिङ्मुनिरन्ध्रैश्च द्यूतजिद्वस्त्रलेपतः ।

त्रिदशाक्ष्यब्धिमुनिभिर्ध्वजलेपाद्रतौ सुतः ।१६।

ग्रहाब्धिसूर्यत्रिदशैर्गुटिका स्याद्वशङ्करी ।

ऋत्विक्पदस्थितौषध्याः प्रभावः प्रतिपादितः ।१७।

अर्थात् भृङ्गराज, वेद अर्थात् लज्जावती, ऋतु अर्थात् कालो धतुरो र नेत्र अर्थात् पुत्रजीवक यी औषधिबाट तयार गरिएका चन्दनको टीको लगाउँदा दुनियाँलाई मोहित पार्न सक्ने हुन्छ। सूर्य अर्थात् गोरक्षकर्कटी, त्रिदशा अर्थात् कालो धतुरो, पक्ष अर्थात् पुत्रजीवक र पर्वत अर्थात् अधःपुष्पा यी औषधिको लेप आफ्ना शरीरमा लगाउनाले स्त्रीहरू वशमा हुने गर्दछन्। चन्द्रमा अर्थात् मेषश्रृङ्गी, इन्द्र अर्थात् रुद्रदन्तिका, नाग अर्थात् मयूरशिखा, रुद्र अर्थात् घिउकुमारी यी औषधिहरूको लेपन योनीमा गर्दा स्त्रीहरू वशमा रहन्छन् । तिथि अर्थात् स्नुही, दिक् अर्थात् अपराजिता, युग अर्थात् लाजवन्ती र बाण अर्थात् श्वेतार्क यी औषधिको गोली बनाएदेखि दुनियाँलाई वश गराउने हुन्छ। कसैलाई वशमा गर्ने हो भने उसका खाने वा पिउने वस्तुमा यस्तो एउटा गोली मिसाइदिनुपर्छ । अत्विक् अर्थात् भृङ्गराज, ग्रह अर्थात् मोहलता, नेत्र अर्थात् पुत्रजीवक र पर्वत अर्थात् अधःपुष्पा यी औषधि मुखमा हाल्ने हो भने यिनका प्रभावले शत्रुले चलाएको शस्त्र-अस्त्र स्तम्भित हुन्छन् र तिनले घातक आघात गर्न सक्दैनन् । पर्वत अर्थात् अधःपुष्पा, इन्द्र अर्थात् रुद्रदन्तिका, वेद अर्थात् लाजवन्ती र रन्ध्र अर्थात् मोहलता यी औषधिहरूको लेपन आफ्ना शरीरमा लगाउनाले मानिस पानीमुनी समेत निवास गर्न सक्नेहुन्छ। बाण अर्थात् श्वेतार्क, नेत्र अर्थात् पुत्रजीवक, मनु अर्थात् रुद्रदन्ति र रुद्र अर्थात् घिउकुमारी यी औषधिहरूले बनाएका बुटीले भोकप्यास समेत निवारण गर्दछ। तीन अर्थात् सहदेवी, सोह्र अर्थात् भृङ्गराज, दिशा अर्थात् अपराजिता र बाण अर्थात् श्वेतार्क यी औषधिहरूको लेप लगाउनाले दुर्भगा स्त्री सुभगा हुन्छन्। त्रिशद अर्थात् कालो धतुरो, अक्षि अर्थात् पुत्रजीवक, दिशा अर्थात् विष्णुक्रान्ता र नेत्र अर्थात् सहदेवी यी औषधिहरूलाई आफ्ना शरीरमा लेपन गरेर मानिस सर्पसित खेल्न पनि सक्छ। यसै गरी त्रिशदशा अर्थात् कालो धतुरो, अक्षि अर्थात् पुत्रजीवक, शिव अर्थात घिउकुमारी र सर्प अर्थात् मयूरशिखाले बनाइएको औषधि लेप गर्नाले स्त्रीले सहजतापूर्वक प्रसव गर्न सक्छन् । सात अर्थात् अधःपुष्पा, दिशा अर्थात् अपराजिता, मुनि अर्थात् अधःपुष्पा र रन्ध्र अर्थात् मोहतला यी यी औषधिहरूलाई वस्त्रमा लेपन गर्नाले मानिसले जुवामा पनि विजय प्राप्त गर्छ। कालो धतुरो, नेत्र अर्थात् पुत्रजीवक, अब्धि अर्थात् अधःपुष्पा र मनु अर्थात् रुद्रदन्तिका आदिले सम्पन्न भएको औषधि लिङ्गमा लेपन गरी रति गर्दा जुन गर्भ रहन्छ त्यसबाट पुत्र नै प्राप्त हुन्छ। ग्रह अर्थात् मोहलता, अब्धि अर्थात् अधःपुष्पा, सूर्य अर्थात् गोरक्षकर्कटी र त्रिदशा अर्थात् कालो धतुरो यी औषधिले बनाएको बुटीले सबैलाई वशमा गराउँछ। यसरी नै ऋत्विक्-आदि सोह्र पदमा रहेका औषधिका प्रभावको वर्णन गरियो ।१-१७।

# १४१. एकचत्वारिंशदधिकशततमोऽध्यायः

## षट्त्रिंशत्पदकज्ञान

ईश्वर उवाच

षट्त्रिंशत्पदसंस्थानामोषधीनां वदे फलम् ।
अमरीकरणं नृणां ब्रह्मरुद्रेन्द्रसेवितम् ।१।
हरीतक्यक्षधात्र्यश्च मरीचं पिप्पली शिफा ।
वह्निः शुण्ठी पिप्पली च गुडूचीवचनिम्बकाः ।२।
वासकः शतमूली च सैन्धवं सिन्धुवारकम् ।
कण्टकारी गोक्षुरका बिल्वं पौनर्नवं बला ।३।
एरण्डमुण्डी रुचको भृङ्गः क्षारोऽथ पर्पटः ।
धान्याको जीरकश्चैव शतपुष्पी जवानिका ।४।
विडङ्गः खदिरश्चैव कृतमालो हरिद्रया ।
वचा सिद्धार्थ एतानि षट्त्रिंशत्पदकानि हि ।५।
क्रमादेकादिसंज्ञानि ह्यौषधानि महान्ति हि ।
सर्वरोगहराणि स्युरमरीकरणानि च ।६।
बलीपलितभेत्तृणि सर्वकोष्ठगतानि तु ।
एषां चूर्णं च वटिका रसेन परिभाविता ।७।
अवलेहः कषायो वा मोदको गुडखण्डकः ।
मधुतो घृततो वापि घृतं तैलमथापि वा ।८।
सर्वात्मनोपयुक्तं हि मृतसञ्जीवनं भवेत् ।
कर्षार्द्धं कर्षमेक वा पलार्द्धं पलमेककम् ।९।
यथेष्टाचारनिरतो जीवेद्वर्षशतत्रयम् ।
मृतसञ्जीवनीकल्पे योगो नास्मात्परोऽस्ति हि ।१०।
प्रथमान्नवकाद्योगात्सर्वरोगैः प्रमुच्यते ।
द्वितीयाच्च तृतीयाच्च चतुर्थान्मुच्यते रुजः ।११।
एवं षट्काच्च प्रथमाद्द्वितीयाच्च तृतीयतः ।
चतुर्थात्पञ्चमात्षष्ठात्तथा नवचतुष्कतः ।१२।
एकद्वित्रिचतुष्पञ्चषट्सप्ताष्टमतोऽनिलात् ।
अग्निभास्करषट्विंशसप्तविंशैश्च पित्ततः ।१३।

महादेव भन्दछन्– हे स्कन्द ! अब म छत्तीस कोष्ठमा स्थापित हुने औषधिहरूको फल बताउँछु । यी औषधिहरूको सेवन गर्नाले मानिस अमर सरह हुन्छ । यी औषधि ब्रह्मा, रुद्र र इन्द्रले प्रयोगमा ल्याएका हुन् । हरीतकी, अक्षधात्री, मरीच, पिप्पली, शिफा, वह्नि, शुण्ठी, पिप्पली, गुडुची, वच, निम्ब, वासक, शतमूली, सैन्धव, सिन्धुवार, कण्टकारी, गोक्षुर, बिल्व, पुनर्न, बला, रेण्ड, मुण्डी, रुचक, भृङ्ग, क्षार, पर्पट, धन्याक, जीरक, शतपुष्पी, यवानी, विडङ्ग, खदिर, कृतमाल, हलेदो, वचा र र सिद्धार्थ यी छत्तीस पदमा स्थापित गरिने औषधि हुन् । क्रमशः एक, दुई आदि सङ्ख्यामा रहने यी महान् औषधिहरू समस्त रोग हटाउने र अमर बनाउने हुन् । यति मात्रै होइन, पूर्वोक्त सबै कोष्ठकका औषधीले शरीरमा चाउरी पर्न सम्म दिँदैनन् र कपाल फुल्न पनि रोक्दछन् यिनको धुलो वा यिनका रसको गोली, लिटो, सर्वत, लड्डु, सिस्री आदिलाई घिउ वा महसित खायो भने वा यसको रस मिसाइएको घिउ अथवा तेललाई जुनसुकै तरिकाले उपयोग गरे पनि त्यो सर्वथा मृतसञ्जीवनीसरह मरेकालाई पनि वचाउन सक्ने हुनेछ । आधा कर्ष या एक कर्षजति अथवा आधा पल या एक पलका तौलमा यसलाई उपयोग गर्ने पुरुष यथेष्ट आहार–विहारमा तत्पर रहँदै तीन सय वर्षसम्म जीवित रहन्छ । मृतसञ्जीवनी कल्पमा यसभन्दा ठूलो अर्को कुनै योग छैन । नौ औषधिहरूको समूह एक नवक हुन्छ । यस प्रकार यिनमा चार नवक हुन्छ । प्रथम नवकले बनेको औषधि सेवन गर्नाले मानिसले सबै रोगबाट छुटकारा पाउँछ । त्यसै गरी दोस्रो, तेस्रो र चौथो नवकको सेवन गर्दा पनि मानिस रोगमुक्त नै हुन्छ । यसै गरी पहिलो दोस्रो, तेस्रो, चौथो, पाँचौ र छैटौं षट्कको सेवन गर्दा मात्रै पनि मानिस निरोगी हुन्छ । उक्त छत्तीस औषधिमा नौवटा चलुष्क हुन्छन् । तिनीहरूमध्ये कुनै एक चतुष्कको सेवन गरे पनि मानिसका सबै रोग भाग्दछन् । प्रथम, द्वितीय, तृतीय, चतुर्थ, पञ्चम, षष्ठ, सप्तम र अष्टम कोष्ठकका औषधिहरूको सेवन गर्दा वात रोगबाट छुटकारा पाइन्छ । तेस्रो, बाह्रौं, छब्बीसौं र सत्ताईसौं औषधिहरू सेवन गर्दा पित्तरोग भाग्दछ र पाँचौं, छैटौं, सातौं, आठौं र पन्ध्रौं औषधिको सेवन गर्दा कफको रोग निवृत्त हुन्छ । चौंतीसौं, पैंतीसौं र छत्तीसौं

बाणर्तुशैलवसुभिस्तिथिभिर्मुच्यते कफात् ।
वेदाग्निभिर्बाणगुणैः षड्गुणैः स्याद्वशे धृते ।१४।
ग्रहादिग्रहणान्तैश्च सर्वैरेव विमुच्यते ।
एकद्वित्रिरसैः शैलैर्वसुग्रहशिवैः क्रमात् ।१५।
द्वात्रिंशत्तिथिसूर्य्यैश्च नात्र कार्य्या विचारणा ।
षट्त्रिंशत्पदकज्ञानं न देयं यस्य कस्यचित् ।१६।

कोष्ठकका औषधिहरूलाई धारण गर्दा वशीकरण सिद्ध हुन्छ र ग्रहबाधा, भूतबाधा आदिदेखि लिएर निग्रहसम्मका सबै सङ्कटहरूबाट छुट्कारा प्राप्त हुन्छ। पहिलो, दोस्रो, तेस्रो, छैटौं, सातौं, आठौं, नवौं र एघारौं सङ्ख्याका औषधि र बत्तीसौं, पन्ध्रौं तथा बाह्रौं सङ्ख्याका औषधिलाई धारण गर्नाले उस्तै वशीकरणको फल प्राप्ति सिद्ध हुंन्छ । यसमा कुनै अन्यथा विचार गर्नु हुँदैन। छत्तीस कोष्ठमा निर्देश गरिएका औषधिको ज्ञान जस्तासुकै र जुनसुकै व्यक्तिलाई दिनु हुँदैन ।१-१६।

# १४२. द्वित्वारिंशदधिकशततमोऽध्यायः

## मन्त्रौषधि

ईश्वर उवाच

मन्त्रौषधानि चक्राणि वक्ष्ये सर्वप्रदानि च ।
चौरनाम्नो वर्णगुणो द्विघ्नो मात्राश्चतुर्गुणाः ।१।
नाम्ना हृते भवेच्छेषः चौरोऽथ जातकं वदे ।
प्रश्ने ये विषमा वर्णास्ते गर्भे पुत्रजन्मदाः ।२।
नामवर्णैः समैः काणो वामऽक्षिण विषमैः पुनः ।
दक्षिणाक्षि भवेत्काणं स्त्रीपुन्नामाक्षरस्य च ।३।
मात्रावर्णाश्चतुर्निघ्ना वर्णपिण्डे गुणे कृते ।
समे स्त्री विषमे ना स्याद्विशेषे च मृतिः स्त्रियाः ।४।
प्रथमं रूपशून्येऽथ प्रथमं म्रियते पुमान् ।
प्रश्नं सूक्ष्माक्षैरर्गृह्य द्रव्यैर्भागेऽखिले मतम् ।५।
शनिचक्रं प्रवक्ष्यामि तस्य दृष्टिं परित्यजेत् ।
राशिस्थः सप्तमे दृष्टिश्चतुर्दशशतेर्द्धिका ।६।
एकद्व्यष्टद्वादशमः पाददृष्टिश्च तं त्यजेत् ।
दिनाधिपः प्रहरभाक् शेषा यामार्द्धभागिनः ।७।

महेश्वर भन्दछन्– हे स्कन्द ! अब म मन्त्र चक्र र औषधि-चक्रको वर्णन गर्दछु। तिनले नै सबै खालका मनोरथ प्रदान गर्दछन् । जुनजुन व्यक्तिहरूमाथि चोरीको सन्देह हुन्छ तिनीहरूका लागि कुनै वस्तु, वृक्ष, फूल या देवताको नाम भन्नू । त्यस वस्तुका नामका अक्षरको सङ्ख्या दोब्बर गरेर एक ठाउँमा राख्नु र त्यस नामका मात्राहरूका सङ्ख्यालाई चारले गुणन गरी गुणनफल अर्का ठाउँमा राख्नु । पहिलो सङ्ख्याले दोस्रो सङ्ख्यालाई भाग लगाउनू ।यदि केही शेष रह्यो भने त्यो व्यक्ति चोर हो । यदि भाजकबाट भाज्य पूरै काटियो भने त्यो व्यक्ति चोर होइन रहेछ भन्ने बुझ्नुपर्छ । अब गर्भमा रहेको बालक पुत्र हो कि पुत्री हो भन्ने कुराको निश्चय कसरी गर्ने ? भन्ने विषयमा– प्रश्न गर्ने व्यक्तिका प्रश्न-वाक्यमा जुनजुन अक्षर उच्चारित हुन्छन् ती सबै मिलेर यदि विषम सङ्ख्याको बन्दछ भनेदेखि गर्भमा पुत्र उत्पन्न हुने कुरो सूचित गर्दछ। (त्यसको उल्टो कन्या) प्रश्न गर्नेसित कुनै वस्तुको नाम भन्न लगाउनुपर्छ। उसले जुन वस्तुको नाम उल्लेख गर्दछ, त्यो वस्तुको नाम यदि स्त्रीलिङ्गी छ भनेदेखि त्यसको अक्षरसम भयो भने सोधिएका गर्भबाट उत्पन्न हुने बालकको बायाँ आँखो कानो हुन्छ । यदि त्यो नाम पुलिङ्ग छ र त्यसका अक्षर विषम छन् भनेदेखि बालकको दाहिने आँखो कानो हुन्छ । यसको विपरीत भयो भने त्यस्तो दोष लाग्दैन । स्त्री र पुरुषका नामका मात्रा तथा तिनका अक्षर सङ्ख्यामा फरक-फरक चारले गुणन गरी गुणनफल छुट्टाछुट्टै राखौं । पहिलो सङ्ख्यालाई मात्रापिण्ड र दोस्रोलाई वर्णपिण्ड भनिन्छ। वर्णपिण्डलाई तीनले भाग गरौं । यदि शेष सम भयो भने कन्याको उत्पत्ति हुन्छ र विषम शेष रह्यो भने पुत्र उत्पन्न हुन्छ। यदि शून्य शेष रह्यो भने पतिभन्दा पहिल्यै स्त्रीको मृत्यु

शनिभागं त्यजेद्युद्धे दिनराहुं वदामि ते ।
रवौ पूर्वेऽनिले मन्दे गुरौ याम्येऽनले भृगौ ।८।
अग्नौ कुजे भवेत्सौम्ये स्थिते राहुबुधे सदा ।
फणिराहुस्तु प्रहरमैशे वह्नौ च राक्षसे ।९।
वायौ संवेष्टयित्वा च शत्रुं हन्तीशसम्मुखम् ।
तिथिराहुं प्रवक्ष्यामि पूर्णिमाग्नेयगोचरे ।१०।
अमावास्या वायवे च राहुः सम्मुखशत्रुहा ।
काद्या जान्ताः सम्मुखे स्युः साद्या दान्ताश्चदक्षिणे ।११।
शुक्ले त्यजेत्कुजगुणान्धाद्या मान्ताश्च पूर्वतः ।
याद्या हान्ता उत्तरे स्युस्तिथिदृष्टिं विवर्जयेत् ।१२।
पूर्वाश्च दक्षिणास्तिस्रो रेखा वै मूलभेदके ।
सूर्य्यराश्यादि संलिख्य दृष्टौ हानिर्जयोऽन्यथा ।१३।
विष्टिराहुं प्रवक्ष्यामि अष्टौ रेखास्तु पातयेत् ।
शिवाद्यमं यमाद्वायुं वायोरिन्द्रं ततोऽम्बुपम् ।१४।
नैर्ऋताच्च नयेच्चन्द्रं चन्द्रादग्निं ततो जले ।
जलादिशे चरेद्राहुर्विष्ट्या सह महाबलः ।१५।
ऐशान्यां च तृतीयादौ सप्तम्यादौ च याम्यके ।
एवं कृष्णे सिते पक्षे वायौ राहुश्च हन्त्यरीन् ।१६।
इन्द्रादीन्भैरवादींश्च ब्रह्मान्यादीन्ग्रहादिकान् ।
अष्टाष्टकं च पूर्वादौ याम्यादौ वातयोगिनीम् ।१७।
यां दिशं वहते वायुस्तत्रस्थो घातयेदरीन् ।
दृढीकरणमाख्यास्ये कण्ठे बाह्वादिधारिता ।१८।
पुष्योद्धृता काण्डलक्ष्यं वारयेच्छरपुङ्खिका ।

हुन्छ र यदि प्रथम वा मात्रा पिण्डलाई तीनले भाग गर्दा यदि शून्य शेष रह्यो भने पतिको मृत्यु स्त्रीभन्दा पहिले नै हुन्छ। समस्त भागहरूमा सूक्ष्म अक्षरभएका द्रव्यहरूको ग्रहण गरी विचार गर्दा अभिष्ट फलको ज्ञान हुन्छ। अब म शनि-चक्रको वर्णन गर्दछु। शनिको दृष्टि जहाँ हुन्छ त्यस लग्नलाई सर्वथा परित्याग गर्नुपर्छ। जुन राशिमा शनि रहेको हुन्छ त्यसका सातौँ राशिमा त्यसको पूर्ण दृष्टि रहेको हुन्छ। चौथो र दसौँ स्थानमा आधादृष्टि रहेको हुन्छ र पहिलो, दोस्रो, आठौँ र बाह्रौँ राशिमा चौथाइ दृष्टि रहेको हुन्छ। शुभ कार्यमा यी सबैलाई त्याग गर्नुपर्दछ। जुन दिनको अधिपति जुन ग्रह हो, त्यस दिनको पहिलो प्रहर त्यसै ग्रहको हुन्छ। बाँकी ग्रहहरू त्यस दिनका आधा-आधा प्रहरका अधिपति हुन्छन्। दिनमा जुन समय शनिका भागमा पर्दछ, त्यो समयमा युद्धका लागि त्याग्नुपर्दछ। अब म तिमीलाई दिनमा राहुको स्थितिका विषयमा भन्दैछु। राहु रविबार पूर्वमा, शनिबार वायव्य कोणमा, गुरुबार दक्षिणमा, शुक्रबार अग्निकोणमा, मङ्गलबार पनि अग्निकोणमा नै र बुधबार सधैँ उत्तर दिशामा रहने गर्दछ। फणि-राहु ईशान, अग्नि, नैर्ऋत्य र वायव्यकोणमा एकएक प्रहर रहन्छ र युद्धमा आफ्ना सामु उभिएका शत्रुलाई बेरेर मार्ने गर्दछ। अब म तिथि राहुको वर्णन गर्दछु। पूर्णिमाका दिन अग्निकोणमा राहुको स्थिति हुन्छ र अमावस्यामा वायव्य कोणमा। सम्मुखका राहुले शत्रुको नाश नाश गर्दछ। पश्चिमबाट पूर्वतर्फ तीनवटा ठाडा रेखा तानेर त्यसपछि यी मूल रेखाहरूलाई भेदन गर्दै दक्षिणबाट उत्तरतिर तेर्सा रेखा तानौँ। यसै गरी प्रत्येक दिशामा तीनतीनवटा रेखाका टुप्पा हुन्छन्। सूर्य जुन राशिमा रहेका छन्, त्यसलाई सामुन्नेको दिशामा लेखेर क्रमशः बाह्र राशिहरूलाई प्रदक्षिणाक्रमले तिनै रेखाका अग्र भागमा लेखौँ। त्यसपछि कदेखि जसम्मका अक्षरहरूलाई सामनेका दिशामा लेख्नुपर्छ। भदेखि दसम्मका अक्षर दक्षिण दिशामा रहून्, थदेखि मसम्मका अक्षरहरू पूर्व दिशामा लेखिऊन् र यदेखि हसम्मका अक्षर उत्तर दिशामा अङ्कित होऊन्। यी राहुका गुण वा चिह्न बनाइएका छन्। शुक्लपक्षमा यिनीहरूको त्याग गर्नुपर्छ र तिथि राहुको सम्मुख दृष्टि पनि त्याग गर्नुपर्छ। राहुको दृष्टि सामुमा पर्‍यो भने हानि नै हुन्छ अन्यथा विजय प्राप्त हुन्छ। अब विष्टि राहुको वर्णन गर्दछु। हाल वर्णन गरिएअनुसार आठओटा रेखा खिँचौँ। ईशान कोणबाट दक्षिण दिशासम्म, दक्षिण दिशाबाट वायव्य कोणसम्म, वायव्य कोणबाट पूर्व दिशासम्म, त्यहाँबाट नैर्ऋत्य कोणसम्म, नैर्ऋत्य कोणबाट उत्तर दिशासम्म, उत्तर दिशाबाट अग्नि कोणसम्म, अग्निकोणबाट पश्चिम दिशासम्म र पश्चिम दिशाबाट ईशान कोणसम्म। यिनै रेखाहरूमा विष्टि अथवा भद्रासँगै महाबली

तथापराजिता पाठा द्वाभ्यां खड्गं निवारयेत् ।१९।

ओं नमो भगवति वज्रशृङ्खले हनहन ओं भक्षभक्ष ओं खाद ओं अरे रक्तं पिब कपालेन रक्ताक्षि रक्तपटे भस्माङ्गि भस्मलिप्तशरीरे वज्रायुधे वज्राकारनिचिते पूर्वां दिशं बन्धर ओं दक्षिणां दिशं बन्धर ओं पश्चिमां दिशं बन्धबन्ध उत्तरां दिशं बन्धबन्ध नागान् बन्धबन्ध नागपत्नीर्बन्धबन्ध ओं असुरान् बन्धबन्ध ओं यक्षराक्षसपिशाचान् बन्धबन्ध ओं प्रेतभूतगन्धर्वादयो ये केचिदुपद्रवास्तेभ्यो रक्षरक्ष ओं ऊर्ध्वं रक्षरक्ष अधो रक्षरक्ष ओं क्षुरिक बन्धबन्ध ओं ज्वल महाबले घटिघटि ओं मोटिमोटि सटावलिवज्राग्निवज्रप्राकारे हूं फट् ह्रीं हूं श्रीं फट् ह्रीं हः फूं फें फः सर्वग्रहेभ्यः सर्वव्याधिभ्यः सर्वदुष्टोपद्रवेभ्यो ह्रीं अशेषेभ्यो रक्षरक्ष ग्रहज्वरादिभूतेषु सर्वकर्मसु योजयेत् ।२०।

राहुले विचरण गर्दछ । कृष्णपक्षको तृतीया आदि तिथिमा विष्टि राहुको स्थिति ईशानकोणमा हुन्छ र सप्तमी आदि तिथिमा दक्षिण दिशामा हुन्छ। यसै गरी वायुमा आश्रित रहने राहु सम्मुख छँदा शत्रुलाई नाश गराउँछ। विष्टि राहुचक्रका पूर्व आदि दिशाहरूमा इन्द्र आदि आठ दिक्पालहरू, महाभैरव आदि आठ महाभैरव, ब्रह्माणी, आदि आठ शक्ति र सूर्य आदि आठ ग्रहहरूलाई स्थापित गर्नुपर्छ। पूर्व आदि प्रत्येक दिशामा ब्रह्माणी आदि आठ शक्तिहरूका आठ अष्टकहरूलाई पनि स्थापित गर्नुपर्दछ। दक्षिण आदि दिशाहरूमा वातयोगिनीलाई उल्लेख गर्नुपर्छ। वायु जुन दिशातिर बहन्छ उनै दिशामा यी सबैसित रहेर राहुले शत्रुको संहार गर्दछ। अब म अङ्गहरूलाई सुदृढ गराउने उपाय भन्दैछु । पुष्य नक्षत्रमा उखेलेर तथा निम्नलिखित अपराजिता मन्त्र जप गरी कण्ठ अथवा भुजामा धारण गरिएको शङ्खपुङ्खिका नामका औषधिले विपक्षीका बाणको निसाना बन्नबाट जोगाउँछ। यसै गरी पुष्य नक्षत्रमा उखेलेको अपराजिता र पाठा नामका औषधिलाई मन्त्रपूर्वक कष्ठ र भुजाहरूमा धारण गर्ने हो भने ती दुवैका प्रभावले मानिस तरबारको प्रहारबाट पनि जोगिन सक्छ । ओं नमो भगवति वज्रशृङ्खले ... इत्यादि अपराजिताको मन्त्रलाई ग्रहपीडा, ज्वरो आदिको पीडा र भूतबाधा आदिको निवारणजस्ता कर्ममा उपयोग गर्नुपर्दछ ।१-२०।

# १४३. त्रिचत्वारिंशदधिकशततमोऽध्यायः

## कुब्जिकापूजा

ईश्वर उवाच

कुब्जिकाक्रमपूजां च वक्ष्ये सर्वार्थसाधनीम् ।
यया जिताः सुरा देवैः सस्त्राद्यै राज्यसंयुतैः ।१।
मायाबीजं च गुह्याङ्गेषट्कमस्त्रं करे न्यसेत् ।
कालीकालीति हृदयं दुष्टचाण्डालिका शिरः ।२।
ह्रौं स्फें ह स ख क छ ड ओङ्कारो भैरवः शिखा ।
भेलखी कवचं दूती नेत्राख्या रक्तचण्डिका ।३।
ततो गुह्यकुब्जिकास्त्रं मण्डले स्थानके यजेत् ।
आग्नौ कूर्चशिरो रुद्रे नैर्ऋत्येऽथ शिखानिले ।४।
कवचं मध्यतो नेत्रं ह्यस्त्रं दिक्षु च मण्डले ।

महादेव भन्दछन्– हे स्कन्द ! अब म कुब्जिकाको क्रमिक पूजाको वर्णन गर्दछु र यसले समस्त मनोरथ सिद्ध गराउन सक्नेछ । जुन शक्तिका सहायताले देवताहरूले अस्त्रशस्त्र सहित राज्यमा बसेका असुरहरूमाथि विजय पाएका थिए त्यही कुब्जिका शक्ति हो । महामाया बीज ह्रीं र हृदय आदि मन्त्रलाई गोप्य अङ्ग र हातमा न्यास गर्नुपर्छ। कालीकाली यो हृदय मन्त्र हो । दुष्ट चाण्डालिका भन्ने यो शिरोमन्त्र हो। ह्रीं स्फेंह स ख क छ ड ओङ्कारो भैरवः भन्ने यो शिखा सम्बन्धी मन्त्र हो। भेलखी दूती भन्ने यो कवचसम्बन्धी मन्त्र हो । रक्तचण्डिका भन्ने यो नेत्र सम्बन्धी मन्त्र हो र गुह्यकुब्जिका भन्ने यो अस्त्रसम्बन्धी मन्त्र हो। अङ्ग र हातमा यिनीहरूलाई न्यास गरेर मण्डलको यथास्थानमा यिनीहरूलाई पूजा गर्नुपर्दछ । मण्डलका अग्निकोणमा कूर्च बीज हूं, ईशानकोणमा शिरोमन्त्र स्वाहा, नैर्ऋत्य कोणमा शिखामन्त्र

द्वात्रिंशता कर्णिकायां स्रौं
हसक्षमलनववषड्सचात्ममन्त्रबीजकम् ।५।
ब्रह्माणी चैव माहेशी कौमारी वैष्णवी तथा ।
वाराही चैव माहेन्द्री चामुण्डा चाण्डिकेन्द्रकात् ।६।
यजेद्रवलकसहाञ्छिवेन्द्राग्नियमेऽग्निपे ।
जले तु कुसुममालामद्रिकाणां च पञ्चकम् ।७।
जालन्धरं पूर्णगिरिं कामरूपं क्रमाद्यजेत् ।
मरुदीशाग्निनैर्ऋत्ये मध्ये वै वज्रकुब्जिकाम् ।८।
अनादिविमलः पूज्यः सर्वज्ञविमलस्ततः ।
प्रसिद्धविमलश्चाथ संयोगविमलस्ततः ।९।
समयाख्योऽथ विमलो एतद्विमलपञ्चकम् ।
मरुदीशाननैर्ऋत्ये वह्नौ चोत्तरशृङ्गके ।१०।
कुब्जार्थं खिङ्खिनी षष्ठा सोपन्ना सुस्थिरा तथा ।
रत्नसुन्दरी चैशाने शृङ्गे चाष्टादिनाथकाः ।११।
मित्र ओडीशषष्ट्याख्यौ वर्षा अग्न्यम्बुपेऽनिले ।
भवेद्गगनरत्नं स्याच्चाप्ये कवचरत्नकम् ।१२।
ब्रुं मर्त्यः पञ्चनामाख्यो मरुदीशानवह्निगः ।
याम्याग्नेये पञ्चरत्नं ज्येष्ठा रौद्री तथाऽन्तिका ।१३।
तिस्रो ह्यासां महावृद्धाः पञ्चप्रणवतोऽखिलाः ।
सप्तविंशत्यष्टविंशभेदात्सम्पूजनं द्विधा ।१४।
ओं ऐं गूं क्रमगणपतिं प्रणवं बटुकं यजेत् ।
चतुरस्रेमण्डले च दक्षिणे गणपं यजेत् ।१५।
वामे च बटुकं कोणे गुरुन्षोडशनाथकान् ।
वायव्यादौ चाष्टदश प्रतिषट्कोणके ततः ।१६।
ब्रह्माद्याश्चाष्ट परितस्तन्मध्ये च नवात्मकः ।
कुब्जिका कुलटा चैव क्रमपूजा तु सर्वदा ।१७।

वषट्, वायव्य कोणमा कवच मन्त्र हूम्, मध्यभागमा नेत्रमन्त्र वौषट् र मण्डलका सबै भागहरूमा अस्त्रशस्त्र फट् उल्लेख एवं पूजन गर्नुपर्छ। बत्तीस अक्षरहरूले युक्त बत्तीस दलहरूको कमल कर्णिकामा स्रौं श स क्ष म ल न व ब ष ट स च तथा आत्मबीज मन्त्र आम्लाई न्यास गरेर पूजा गर्नुपर्छ। पूर्व दिशाबाट आरम्भ गरी कमलका सबैतिर क्रमशः ब्रह्मणी, माहेश्वरी, कौमारी, वैष्णवी, वाराही, माहेन्द्री, चामुण्डा र चण्डिका महालक्ष्मीलाई न्यास एवं पूजन गर्नुपर्दछ। त्यसपछि ईशान, पूर्व, अग्निकोण, दक्षिण, नैर्ऋत्य र पश्चिममा क्रमशः र व ल क स र ह यी न्यास गरी पूजा गर्नुपर्छ। त्यसपछि यिनै दिशाहरूमा क्रमशः कुसुममाला र पाँच पर्वत स्थापना गरी पूजा गर्नुपर्दछ।। पर्वतहरूका नाम– जालन्धर, पूर्णगिरि र कामरूप आदि हुन्। त्यसपछि वायव्य, ईशान, अग्नि र नैर्ऋत्यकोणमा र मध्यभागमा वज्रकुब्जिकालाई पूजा गर्नुपर्छ। त्यसपछि वायव्य, ईशान, नैर्ऋत्य, अग्नि तथा उत्तर शिखरमा क्रमशः अनादि विमल, सर्वज्ञ विमल, प्रसिद्ध विमल, संयोग विमल तथा समय विमल भन्ने पाँच यी विमलहरूको पूजा गर्नुपर्छ। यिनै शृङ्गहरूमा कुब्जिकालाई प्रसन्न गराउनका लागि क्रमशः खिङ्खिनी, षष्ठि, सोपन्ना, सुस्थिरा तथा रत्नसुन्दरीलाई पूजा गर्नुपर्छ। ईशान कोणमा रहेका आठ आदिनाथहरूलाई आराधना गर्नुपर्छ। अग्निकोणमा रहेका शिखरमा मित्र, पश्चिममा रहेका शिखरमा औडीशवर्ष र वायव्यकोणमा रहेका शिखरमा षष्टिवर्षका नामले पूजा गर्नुपर्छ। पश्चिम दिशामा रहेका शिखरमा गगनरत्न र कवचरत्नलाई पूजा गर्नुपर्दछ। वायव्य, ईशान र अग्निकोणहरूमा ब्रुं बीजसहित पञ्चनामा भन्ने मर्त्यलाई पूजा गर्नुपर्छ। दक्षिण दिशा र अग्निकोणमा पञ्चरत्नलाई अर्चना गर्नुपर्छ। ज्येष्ठा, रौद्री र अन्तिका यी तीन सन्ध्याहरूका अधिष्ठात्री देवीहरू पनि उसै दिशामा पूजन गर्न योग्य छन्। यिनीहरूसित सम्बन्ध राख्ने पाँच महावृद्धाहरू छन् र ती सबैलाई प्रणवको नै उच्चारण गर्दै पूजा गर्नुपर्दछ। सत्ताईस र अठ्ठाईसका भेदले यिनीहरूको पूजा दुई किसिमको मानिएको छ। चारकुने मण्डलमा दाहिनेतिर गणपतिलाई र बाँयाँतिर बुटकलाई पूजन गर्नुपर्छ। ओं एं गूं क्रमगणपतये नमः भन्ने यस मन्त्रले क्रमगणपतिलाई र ओं वटुकय नमः भन्ने मन्त्रले वटुकलाई पूजा गर्नुपर्छ। वायव्य आदि कोणमा चार गुरुहरू र अठार षट्कोणमा सोह्र नाथहरूलाई पूजा गर्नुपर्छ। त्यसपछि मण्डलका चारैतिर ब्रह्मा आदि आठ देवताहरूको र मध्यभागमा नवमी कुब्जिका एवं कुलटा देवीको पूजा गर्नुपर्छ। यसै किसिमले सधैँ यसै क्रममा पूजा गर्नुपर्छ।१–१७।

# १४४. चतुश्चत्वारिंशदधिकशततमोऽध्यायः

## कुब्जिका पूजाविधि

ईश्वर उवाच

श्रीमतीं कुब्जिकां वक्ष्ये धर्मार्थादिजयप्रदाम् ।
पूजयेन्मूलमन्त्रेण परिवारयुतेन वा ।१।
ओं ऐं ह्रौं श्रीं खैं ह्रें हसक्षमलचवयम्भगवति अम्बिके ह्रां ह्रीं क्ष्रीं क्षौं क्ष्रूं क्रीं कुब्जिके ह्रीं ओं ङञणनमे अघोरमुखि वां छ्रां छीं किलिकिलि क्षीं विच्चे ख्यों श्रीं क्रों ओं ह्रीं ऐं वज्रकुब्जिनि स्त्री त्रैलोक्याकर्षिणि ह्रीं कामाङ्गद्राविणि ह्रीं स्त्रीं महाक्षोभकारिणि ऐं ह्रीं क्ष्रीं ऐं ह्रीं श्री फें क्षौं नमो भगवति क्षौं कुब्जिके ह्रीं ह्रीं कैं ङञणनमे अघोरमुखि छ्रां छां विच्चे ओं किलिकिलि ।
कृत्वा कराङ्गन्यासं च सन्ध्यावन्दनमाचरेत् ।
वामा ज्येष्ठा तथा रौद्री सन्ध्यात्रयमनुक्रमात् ।२।
कुलवागीशि विद्महे महाकालीति धीमहि तन्नः कौली प्रचोदयात् । मन्त्राः पञ्च प्रणवाद्याः पादुकां पूजयामि च मध्ये नाम चतुर्थ्यन्तं द्विनवात्मकबीजकाः ।३।
नमोन्ता वाऽथ षष्ठ्या तु सर्वे ज्ञेया वदामि तान् ।
कौलिशनाथो सुकला जन्मतः कुब्जिका ततः ।४।
श्रीकण्ठनाथः कौलेशो गगनानन्दनाथकः ।
चटुला देवी मैत्रीशी कराली तूर्णनाथकः ।५।
अतलदेवी श्रीचन्द्रादेवीत्यन्तास्ततस्त्विमे ।
भगात्मपुङ्गणदेवमोहनीं पादुकां यजेत् ।६।
अतीतभुवनानन्दरत्नाढ्यां पादुकां यजेत् ।
ब्रह्मज्ञानाऽथ कमला परमा विद्यया सह ।७।
विद्यादेवीगुरुशुद्धिस्त्रिशुद्धिं प्रवदामि ते ।
गगनश्चटुली चात्मा पद्मानन्दो मणिः कला ।८।
कमलो माणिक्यकण्ठो गगनः कुमुदस्ततः ।
श्रीपद्मो भैरवानन्दो देवः कमल इत्यतः ।९।
शिवो भवोऽथ कृष्णश्च नव सिद्धाश्च षोडश ।
चन्द्रपूरोऽथ गुल्मश्च शुभः कामोऽतिमुक्तकः ।१०।

महेश्वर भन्दछन्– हे स्कन्द ! अब म धर्म, अर्थ, काम र विजय प्रदान गराउने श्रीमती कुब्जिकादेवीको मन्त्र वर्णन गर्दछु । उनको पूजा परिवारसहित मूल मन्त्रले गर्नुपर्दछ । ओं ऐं ह्रीं श्रीं खैं ह्रैं हसक्षलचवयम्भगवति ... इत्यादि कुब्जिका मन्त्रले करन्यास र अङ्गन्यास गरेर सन्ध्या–वन्दन गर्नुपर्दछ । वामा, ज्येष्ठा र रौद्री क्रमशः यिनै तीनलाई सन्ध्या भनिएको छ । कुलवागीशि विद्महे महाकौलीति धीमहि तन्नः कौली प्रचोदयात् यो कौली गायत्री हो । यसको अर्थ– हे कुलवागीश्वरी ! तिमीलाई हामीले चिन्यौं, महाकौलीका रूपमा तिम्रो चिन्तन गरौं, त्यसैले हामीलाई शुभ कर्ममा प्रेरित गरोस् भन्ने हो । यसका पाँचवटा मन्त्र छन् । तिनीहरूका सुरुमा प्रणव हुन्छ र अन्त्यमा नमः पदको प्रयोग हुन्छ । बीचमा पाँचवटा नाथका नाम हुन्छन् र अन्त्यमा श्रीपादुका पूजयामि भन्ने पद जोडिन्छ । मध्यमा चतुर्थी विभक्ति लागेको नाम जोड्नुपर्छ । यस किसिमले पाँचै मन्त्रमा भन्डै अठार–अठार अक्षर हुन्छन् । यी सबैका नामहरूलाई षष्ठी विभक्ति जोड्नुपर्छ । यस किसिमले वाक्य योजना गरी यिनको स्वरूपलाई स्मरण गर्नुपर्छ । म अब ती पाँच नाथहरूको वर्णन गर्दछु । कौलिशनाथ, श्रीकण्ठनाथ, कौलनाथ, गगनानन्दनाथ र तूर्णनाथ यिनको नाम हो । यिनका पूजाको मन्त्र पनि यसै प्रकारले हुनुपर्दछ– ओं कौलिशनाथाय नमस्तस्मै पादुकां पूजायामि । यिनका साथै– जन्मदेखि नै कुँजी हुनाले कुब्जिका नाम भएकी सुकलादेवी, चटुलादेवी, विकराल रूप भएकी, मैत्रीशीदेवी, अतलदेवी र श्रीचन्द्रादेवीलाई पनि पूजा गर्नुपर्दछ । यी सबैका नामका अन्त्यमा देवी पद जोडिएको छ । यिनीहरूको पूजा गर्ने वाक्यमन्त्र यस प्रकारको छ– ओं सुकलादेव्यै नमस्तस्यै भगात्मपुणदेवमोहिनीं पादुकां पूजयामि । अर्को चटुलादेवीलाई यस्तो विशेषण दिनुपर्छ– अतीतभुवनानन्दरत्नाढ्यां पादुकां पूजयामि । यसै गरी तेस्रो देवीका पादुकाको विशेषण– ब्रह्मज्ञानाढ्यां हुन्छ, चौथो देवीका पादुकाको विशेषण– कमलाढ्यां र पाँचौंका पादुकाको विशेषण– परमविद्याढ्यां राख्नुपर्दछ । यसै गरी विद्या, देवी र गुरु यी तीनको शुद्धिलाई त्रिशुद्धि भनिन्छ । म अब तिमीसित त्यसको वर्णन गर्दछु ।

कण्ठो वीरः प्रयोगोऽथ कुशलो देवभोगकः ।
विश्वदेवः खड्गदेवो रुद्रो धाताऽसिरेव च ।११।
मुद्रास्फोटो वशंपूरो भोजः षोडश सिद्धकाः ।
समयान्यस्तु देहस्तु षोढा न्यासेन यन्त्रितः ।१२।
प्रक्षिप्य मण्डले पुष्पं मण्डलान्यथ पूजयेत् ।
अनन्तं च महान्तां च सर्वदा शिवपादुकाम् ।१३।
महाव्याप्तिं च शून्यं च पञ्चतत्त्वात्ममण्डलम् ।
श्रीकण्ठनाथपादुकां शङ्करानन्तकौ यजेत् ।१४।
सदाशिवः पिङ्गलश्च भृग्वानन्दश्च नाथकः ।
लाङ्गूलानन्दसंवर्तौ मण्डलस्थानके यजेत् ।१५।
नैर्ऋत्ये श्रीमहाकालः पिनाकी च महेन्द्रकः ।
खड्गो भुजङ्गो बाणश्च अघासिः शब्दको वशः ।१६।
आज्ञारूपो नन्दरूपो बलिं दत्त्वा क्रमं यजेत् ह्रीं खं खं हूँ स्रौं वटुकाय अरुअरु अर्घं पुष्पं धूपं दीपं गन्धं बलिं पूजां गृह्णगृह्ण नमस्तुभ्यम् ओं ह्रां ह्रीं हूं क्षें क्षेत्रपालाय अवतरअवतर महाकपिलजटाभारभास्वर त्रिनेत्र ज्वालामुख एह्येहि गन्धं पुष्पं बलिपूजां गृह्णगृह्ण खः खः ओं कः ओं लः ओं महाडामराधिपतये स्वाहा बलिशेषेऽथ यजेत् ह्रीं हूं हां श्रीं वै त्रिकूटकम् ।१७।
वामे च दक्षिणे ह्यग्रे याम्ये निशानाथपादुकाः ।
दक्षे तमोऽरिनाथस्य ह्यग्रे कालानलस्य च ।१८।
उड्डियाणं जालन्धरं पूर्णं वै कामरूपकम् ।
गगनानन्ददेवं च स्वर्गानन्दं सवर्गकम् ।१९।
परमानन्ददेवं च सत्यानन्दस्य पादुकाम् ।
नागानन्दं च वर्गाख्यमुक्तं ते रत्नपञ्चकम् ।२०।
सौम्ये शिवे यजेत्षट्कं सुरनाथस्य पादुकाम् ।
श्रीमत्समयकोटीशं विद्याकोटीश्वरं यजेत् ।२१।
कोटीशं विन्दुकोटीशं सिद्धकोटीश्वरं तथा ।
सिद्धचतुष्कमाग्नेय्याममरीशेश्वरं यजेत् ।२२।
चक्रीशनाथं कुरङ्गेशं वृत्रेशं चन्द्रनाथकम् ।
यजेद् गन्धादिभिश्चैतान्याम्ये विमलपञ्चकम् ।२३।
यजेदनादिविमलं सर्व्वज्ञ विमलं ततः ।

गगनानन्द, चटुली, आत्मानन्द, पद्मानन्द, मणि, कला, कमल, माणिक्यकण्ठ, गगन, कुमुद, श्रीपद्म, भैरवानन्द, कमलदेव, शिव, भव र कृष्ण यी सोह्र नूतन सिद्ध हुन् । चन्द्रपुर, गुल्म, शुभकाम, अतिमुक्तक, वीरकण्ठ, प्रयोग, कुशन, देवभोगक्र, विश्वदेव, खड्गदेव, रुद्र, धाता, असि, मुद्रास्फोट, वंशपूर र भोज यी सोह्र सिद्ध हुन् । यी सिद्धहरूको शरीर पनि छ किसिमका न्यासले नियन्त्रित भएका कारण यिनीहरूकै आत्माका समान जातिको अर्थात् सच्चिदानन्दमय भएको छ । मण्डलमा फूल छरेर मण्डलको पूजा गर्नुपर्छ । त्यसपछि अनन्त, महान्, शिवपादुका, महाव्याप्ति, शून्य, पञ्चतत्त्वात्मक मण्डल, श्रीकण्ठनाथ-पादुका, शङ्कर एवं अनन्तको पनि पुजा गर्नुपर्छ । सदाशिव, पिङ्गल, भृग्वानन्द, नाथ-समुदाय, लाङ्गूलानन्द र संवर्त यिनीहरू सबैलाई मण्डलस्थानमै पूजा गर्नुपर्छ । नैर्ऋत्यकोणमा श्रीमहाकाल, पिनाकी, महेन्द्र खड्ग, नाग, बाण, अघासि, शब्द, वश, आज्ञारूप र नन्दरूप यी सबैलाई बलि अर्पित गरेर क्रमशः पूजा गर्नुपर्छ । त्यसपछि वटुकलाई अर्घ्य, पुष्प, धूप, दीप र बलि अर्पित गर्नुपर्छ । त्यसका लागि मन्त्र— ह्रीं खं खं हूं सौं वटुकाय ... इत्यादि हो । बलिभन्दा पछि त्रिकूटको पूजा गर्नुपर्छ । त्यसका लागि ह्रीं हूं ह्रां श्री त्रिकूटाय नमः भन्ने मन्त्र छ ।१-१७।

त्यसपछि बायाँतिर निशानाथ, दाहिनेतिर तमोरिनाथ वा सूर्यनाथ र अगाडि कालानलका पादुकाहरूलाई पूजन-यजन गरिन्छ । त्यसपछि उड्डियान, जालन्धर, पूर्णगिरि र कामरूपको पूजा गर्नुपर्दछ । अनि गगनानन्ददेव, वर्गहरूसँगै स्वर्गानन्ददेव, परमानन्ददेव, सत्यानन्ददेवका पादुका र नागानन्ददेवको पूजा गर्नुपर्दछ । यस प्रकार मैले तिमीसित वर्ग नामका पञ्चरत्नको वर्णन गरेको छु । नैर्ऋत्यकोणमा चार वेद, कन्दर्पनाथ, पूर्वोक्त सबै शक्तिहरू र कुब्जिकाको पादुकालाई पूजा— ओं ह्रां ह्रीं कुब्जिकायै नमः भन्ने मन्त्रले अथवा केवल पाँच प्रणवले गर्नुपर्छ । पूर्वदिशादेखि लिएर ईशानकोणसम्म ब्रह्मा, इन्द्र, अग्नि, यम, निर्ऋति, अनन्त, वरुण, वायु, कुबेर र ईशान यी दस दिक्पालहरूलाई पूजा गर्नुपर्छ । सहस्रनेत्रधारी इन्द्र, अनवद्य विष्णु र शिवको पूजा सधैँ गर्नुपर्छ । ब्रह्माणी, माहेश्वरी, कौमारी, वैष्णवी, वाराही, ऐन्द्री, चामुण्डा र महालक्ष्मी यिनीहरूको पूजा पूर्व दिशाबाट लिएर ईशानकोणसम्मका आठ दिशाहरूमा क्रमशः गर्नुपर्दछ । त्यसपछि वायव्य कोणदेखि छवटा उग्र दिशाहरूमा

यजेद्योगीशविमलं सिद्धाख्यं समयाख्यकम् ।२४।
नैर्ऋत्ये चतुरो देवान्यजेत्कन्दर्पनाथकम् ।
पूर्वाः शक्तीश्च सर्वाश्च कुब्जिका पादुकां यजेत् ।२५।
नवात्मकेन मन्त्रेण पञ्चप्रणवकेन वा ।
सहस्राक्षमनवद्यं विष्णुं शिवं सदा यजेत् ।२६।
पूर्व्वाच्छिवान्तं ब्रह्मादिं ब्रह्माणी च महेश्वरी ।
कौमारी वैष्णवी चैव वाराही शक्रशक्तिका ।२७।
चामुण्डा च महालक्ष्मीः पूर्व्वादीशान्तमर्च्चयेत् ।
डाकिनी राकिनी पूज्या लाकिनी काकिनी तथा ।२८।
शाकिनी याकिनी पूज्या वायव्यादुग्रषट्सु च ।
यजेद्ध्यात्वा ततो देवीं द्वात्रिंशद्वर्णकात्मकाम् ।२९।
पञ्चप्रणवकेनापि ह्रीङ्कारेणाथ वा यजेत् ।
नीलोत्पलदलश्यामा षड्वक्त्रा षट्प्रकारिका ।३०।
चिच्छक्तिरष्टादशाख्या बाहुद्वादशसंयुता ।
सिंहासनसुखासीना प्रेतपद्मोपरि स्थिता ।३१।
कुलकोटिसहस्राढ्या कर्कोटो मेखलास्थितः ।
तक्षकेणोपरिष्टाच्च गले हारश्च वासुकिः ।३२।
कुलिकः कर्णयोर्यस्याः कूर्म्मः कुण्डलमण्डलः ।
भ्रुवो पद्मो महापद्मो वामे नागः कपालकः ।३३।
अक्षसूत्रं च खट्वाङ्गं शङ्खं पुस्तञ्च दक्षिणे ।
त्रिशूलं दर्पणं खड्गं रत्नमालाङ्कुशं धनुः ।३४।
स्वेतमूर्द्ध्वमुखं देव्या ऊर्ध्वश्वेतं तथापरम् ।
पूर्व्वास्यं पाण्डुरं क्रोधि दक्षिणं कृष्णवर्णकम् ।३५।
हिमकुन्देन्दुभं सौम्यं ब्रह्मा पादतले स्थितः ।
विष्णुस्तु जघने रुद्रो हृदि कण्ठे तथेश्वरः ।३६।
सदाशिवो ललाटे स्याच्छिवस्तस्योर्द्ध्वतः स्थितः ।
आघूर्णिता कुब्जिकैवं ध्येया पूजादिकर्म्मसु ।३७।

क्रमैसँग डाकिनी, राकिनी, लाकिनी, काकिनी, शाकिनी र याकिनी यिनीहरूलाई पूजा गर्नुपर्छ । त्यसपछि ध्यानपूर्वक कुब्जिकादेवीको पूजा गर्नुपर्छ । बत्तीसवटा व्यञ्जन अक्षर नै उनको शरीर हो । उनका पूजनमा पाँचवटा प्रणव वा ह्रींलाई बीजका रूपमा उच्चारण गर्नुपर्छ । जस्तै— ओं ओं ओं ओं ओं कुब्जिकायै नमः अथवा ओं ह्रीं कुब्जिकायै नमः । यी देवीको अङ्गकान्ति नीलकमलझैँ श्याम छ, उनका छवटा मुख छन् र तिनको मुखकान्ति पनि छ खालकै छ । उनी चैतन्य शक्तिस्वरूपा हुन् । अष्ट्यदशाक्षर मन्त्रले उनको प्रतिपादन हुन्छ । उनका बाह्र भुजाहरू छन् । उनी सिंहासनमा सुखपूर्वक विराजमान छिन् । उनी प्रेतपद्ममाथि बसेकी छिन् । उनी सहस्र कोटी कुलले सम्पन्न छिन् । कर्कोटक नामको नाग उनको करधनी बनेको छ । उनका मस्तकमा लक्षक नाग विराजमान छ । वासुकी नाग उनका गलाको हार बनेको छ । उनका कानमा कुलीक र कूर्म नामका नाग बसेर कुण्डलमण्डल बनेका छन् । दुवै आँखी भौँहरूमा पद्म र महापद्म नामका नागहरू बसेका छन् । बायाँ हातहरूमा नाग, कपाल, अक्षसूत्र, खट्वाङ्ग, शङ्ख र पुस्तक छन् । दाहिने हातहरूमा त्रिशूल, दर्पण, खड्ग, रत्नमयी माला, अङ्कुश र धनुष छन् । देवीका दुईवटा मुखमाथि फर्किएका छन् र तिनमा एउटा पूरै सेतो छ र अर्को आधा सेतो छ । उनको पूर्वतर्फको मुख पाण्डुवर्णको छ, दक्षिणतिरको मुख क्रोधयुक्त भएझैँ लाग्छ, पश्चिमतिरको मुख कालो छ र उत्तरतिरको मुख हिउँ, कुन्दपुष्प एवं चन्द्रमाझैँ उज्यालो छ । उनका गोडामुनि ब्रह्मा बसेका छन्, भगवान् विष्णु तिघ्रामा विराजमान छन्, रुद्र हृदयमा, ईश्वर कण्ठमा, सदाशिव ललाटमा र उनका माथिल्ला भागमा शिव रहेका छन् । कुब्जिकादेवी उँघिरहेकी जस्तै देखिन्छिन् । पूजा आदि कर्ममा यस्तै प्रकारले कुब्जिकाको ध्यान गर्नुपर्छ ।१८–३७।

# १४५. पञ्चचत्वारिंशदधिकशततमोऽध्यायः

## मालिनीमन्त्र

ईश्वर उवाच

नानामान्त्रान्प्रवक्ष्यामि षोढा न्यासपुरःसरम् ।
न्यासस्त्रिधा तु षोढा स्युः शाक्तशाम्भवयामलाः ।१।
शाम्भवे शब्दराशिः षट् षोडशग्रन्थिरूपवान् ।
त्रिविद्या तद्वहो न्यासस्त्रितत्त्वात्माभिधानकः ।२।
चतुर्थो वनमालायाः श्लोकद्वादशरूपवान् ।
पञ्चमो पञ्चरत्नात्मा नवात्मा षष्ठ ईरितः ।३।
शाक्ते पक्षे च मालिन्यास्त्रिविदात्मा द्वितीयकः ।
अघोर्य्यष्टकरूपोऽन्यो द्वादशाङ्गश्चतुर्थकः ।४।
पञ्चमस्तु षडङ्गः स्याच्छक्तिश्चान्यास्त्रचण्डिका क्रीं ह्रौं
क्लीं श्रीं क्रूं फट् त्रयं स्यात्तूर्याख्यं सर्वसाधकम् ।५।
मालिन्या नादिफान्तं स्यान्नादिनी च शिखा स्मृता ।
अग्रसनी शिरसि स्याच्छिरोमालानिवृत्तिः शः ।६।
ट शान्तिश्च शिरो भूयाच्चामुण्डा च त्रिनेत्रगा ।
ढ प्रियदृष्टिर्द्विनेत्रे च नासागा गुह्यशक्तिनी ।७।
न नारायणी द्विकर्णे च दक्षकर्णे त मोहनी ।
ज प्रज्ञा वामकर्णस्था वक्त्रे च वज्रिणी स्मृता ।८।
क कराली दक्षदंष्ट्रा वामांसा ख कपालिनी ।
ग शिवा उर्ध्वदंष्ट्रा स्याद् घ घोरा वाम दंष्ट्रिका ।९।
उ शिखा दन्तविन्यासा इ माया जिह्वया स्मृता ।
अ स्यान्नागेश्वरी वाचि व कण्ठे शिखिवाहिनी ।१०।
भ भीषणी दक्षस्कन्धे वायुवेगा म वामके ।

महेश्वर भन्दछन्– हे स्कन्द ! अब म छ किसिमका न्याससहरूसहित विभिन्न खालका मन्त्रको वर्णन गर्दछु । यी छ प्रकारका न्यासहरू शाम्भव, शाक्त र यामलका भेदले अरू तीन-तीन किसिमका हुन्छन् । साम्भव न्यासमा षट्षोडश ग्रन्थिरूप शब्दराशि प्रथम न्यास हो, तिन विद्याहरू र तिनको ग्रहण दोस्रो न्यास हो, त्रितत्त्वात्म न्यास तेस्रो हो, वनमालान्यास चौथो हो र यो बाह्र श्लोकको छ । पञ्चरत्नको न्यास पाँचौं हो र नवाक्षर मन्त्रको न्यास छैटौं हो भनिएको छ । शाक्तपक्षमा मालिनीको न्यास पहिलो, त्रिविद्याको न्यास दोस्रो, अघोर्यष्टकको न्यास तेस्रो, द्वादशाङ्गन्यास चौथो, षडङ्गन्यास पाँचौं र अस्त्रचण्डिका नामका शक्तिको न्यास छैटौं हो । क्लीं ह्रीं क्लीं श्रीं क्रूं फट् यी छवटा बीजमन्त्रका छ प्रकारका न्यासहरू छन् तिनै तेस्रो वा यामल न्यास हो । यी छ मध्येको चौथो अर्थात् श्रीं नै बीजको न्यास हो र त्यसैले सम्पूर्ण मनोरथ सिद्ध गराउँदछ । न देखि फ सम्मका जति न्यासहरूका विषयमा भनिन्छ ती सबै नै मालिनीकै न्यास हुन् । न बाट आरम्भ हुने अथवा नाद गर्ने शक्तिहरूको न्यास शिखामा गर्नुपर्दछ । अ ग्रसनी शक्तिको र श शिरोमालिनीवृत्ति शक्तिको स्थान शिर हो । त्यसैले तिनलाई त्यहीँ न्यास गर्नपर्दछ । ट शक्तिको प्रतीक हो, त्यसको न्यास पनि शिरमै गर्नुपर्छ । च चामुण्डाको प्रतीक हो, त्यसको न्यास तीन नेत्रमा गर्नुपर्दछ । ढ प्रियदृष्टिस्वरूप हुन्छ, त्यसको न्यास नेत्रद्वयमा हुनुपर्छ । गुह्य शक्तिको प्रतिक नी हो । त्यसको न्यास दुवै नासिकामा गर्नुपर्दछ । नारायणको रूप न हो । यसको स्थान दुवै कानमा हुन्छ । त मोहीनी रूप हो र यसको स्थिति बायाँ कानमा हुन्छ भनिएको छ । व्रजिणीदेवीको स्थान मुखमा हुन्छ । कराली शक्तिको प्रतीक क हो, यसको स्थिति दाहिने दाह्रामा हो । ख कपालिनीको रूप हो । व बायाँ काँधमा स्थापित भई रहने योग्य छ । ग शिवाको रूप हो, यसको स्थान माथिल्ला दाह्रामा हुन्छ । घोरा शक्तिको सूचक घ हो, यसको स्थिति बायाँ दाह्रामा हुन्छ भन्ने मानिएको छ । उ शिखाशक्तिको सूचक हो, यसको स्थान दाँतमा हुन्छ । ई मायाको प्रतीक हो र त्यसको स्थान जिह्वाका भित्र हो भन्ने मानिन्छ । अ नागेश्वरीरूप हो, यसको न्यास वाक् इन्द्रियमा हुनुपर्छ । व शिखावाहिनीको सूचक हो, त्यसको स्थान कण्ठमा छ । भ का

ड नामा दक्षबाहौ तु ढ वामे च विनायका ।११।
प पूर्णिमा द्विहस्ते तु ओकाराद्यङ्गुलीयके ।
अं दर्शनी वामाङ्गुल्यः अः स्यात्सञ्जीवनी करे ।१२।
ट कपालिनी कपालं शूलदण्डे त दीपनी ।
त्रिशूले ज जयन्ती स्याद् वृद्धिर्यः साधनी स्मृता ।१३।
जीवेशपरमाख्या स्याद् हः प्राणे चाम्बिका स्मृता ।
दक्षस्तने छ शरीरा न वामे पूतना स्तने ।१४।
अ स्तनक्षीर आ मोटो लम्बोदर्य्युदरे च थ ।
नाभौ संहारिका क्ष स्यान्महाकालीनितम्बकम् ।१५।
गुह्ये कुसुममाला ष शुक्रे शुक्रदेविका ।
ऊरुद्वये त तारा स्यादज्ञानादक्षजानुनि ।१६।
वामे स्यादौ क्रियाशक्तिरौ गायत्री च जङ्घगा ।
ओ सावित्री वामजङ्घा दक्षे दो दोहनी पदे ।१७।
फ फेत्कारी वामपदे नवात्मा मालिनी मनुः ।
अ श्रीकण्ठाः शिखायां स्यादावक्त्रे स्यादनन्तकः ।१८।
इ सूक्ष्मो दक्षनेत्रे स्यादि त्रिमूर्त्तिस्तु वामके ।
उ दक्षकर्णेऽमरीश ऊ कर्णेर्धांशकोऽपरे ।१९।
ऋ भावभूतिनासाग्रे वामनासा तिथीश ॠ ।
लृ स्यार्णुर्दक्षगण्डे स्याद् वाम गण्डे हरश्च लॄ ।२०।
कटीशो दन्तपङ्क्तावे भूतीशश्चोर्ध्वदन्त ऐ ।
सद्योजात ओ अधरे ऊर्ध्वोष्ठेऽनुग्रहीश ओ ।२१।
अं क्रूरो घाटकायां स्यादः महासेनजिह्वया ।
क क्रोधीशो दक्षस्कन्धे खश्चण्डीशश्च बाहुषु ।२२।
पञ्चान्तकः कूर्परे गो घ शिखी दक्षकङ्कणे ।
ङ एकपादश्चाङ्गुल्यो वामस्कन्धे च कूर्म्मकः ।२३।

साथमा भीषणी शक्तिको न्यास दाहिने काँधमा गर्नुपर्छ। म को न्यास वायुवेगसित बायाँ काँधमा गर्नुपर्छ। ड अक्षर र नामा शक्तिलाई दाहिने भुजामा र ढ अक्षर एवं विनायकादेवीलाई बायाँ भुजामा न्यास गर्नुपर्छ। प एवं पूर्णिमाको न्यास दुवै हातमा गर्नुपर्छ। प्रणवसहित ओङ्कारा शक्तिलाई दाहिने हातका औँलामा र अं सहित दर्शनीको न्यास बायाँ हातका औँलामा गर्नुपर्छ। अः अक्षर र सञ्जीवनी शक्तिलाई हातमा न्यास गर्नुपर्छ। ट अक्षरसहित कपालिनी शक्तिको स्थान कपाल हो। त अक्षरसहित दीपनीको स्थिति शूलदण्डमा हुन्छ। जयन्तिको स्थिति त्रिशूलमा हुन्छ। य सहित साधनी देवीको स्थान ऋद्धि वा वृद्धि हो। श अक्षरसँगै परमाख्यादेवीको स्थिति जीवमा हुन्छ। ह अक्षरसहित अम्बिकादेवीको न्यास प्राणमा गर्नुपर्छ। छ अक्षरका साथ शरीरादेवीको न्यास दाहिने स्तनमा गर्नुपर्छ। न अक्षरसहित पूतनाको स्थिति बायाँ स्तनमा बताइएको छ। अ सँगै अमोटीको स्थान स्तनको दुधमा, थ सहित लम्बोदरीको स्थान उदरमा, क्ष सहित संहारिकाको स्थान नाभीमा र म सहित महाकालीलाई नितम्बमा न्यास गर्नुपर्छ ।१–१५।

स अक्षरसहित कुसुममालालाई गुह्य अङ्गमा, ष सहित शुक्रादेवीलाई शुक्रमा, त सहित तारादेवीलाई दुवै तिघ्रामा र द सहित ज्ञानाशक्तिलाई दाहिने घुँडामा न्यास गर्नुपर्छ। औ सहित क्रियाशक्तिलाई बायाँ घुँडामा, ओ सहित गायत्रीदेवीलाई दाहिने पिँडुलामा, ओं सहित सावित्रीलाई बायाँ पिँडुलामा र द सहित दोहनीलाई दाहिने गोडामा न्यास गर्नुपर्छ। फ सहित फेत्कारीलाई बायाँ गोडामा न्यास गर्नुपर्छ। मालिनी मन्त्र नौ अक्षर भएको हुन्छ। अ सहित श्रीकण्ठलाई शिखामा, आ सहित अनन्तलाई मुखमा, इ सहित सूक्ष्मलाई दाहिने आँखामा, ई सहित त्रिमूर्तिलाई बायाँ आँखामा, उ सहित अमरीशलाई दाहिने कानमा र ऊ सहित अर्धांशकलाई बायाँ कानमा न्यास गर्नुपर्छ। ऋ सहित भावभूतिलाई दाहिने नासाग्रमा, ॠ सहित तिथिलाई बायाँ नासाग्रमा, लृ सहित स्थाणुलाई दाहिने गालामा र लॄ सहित हरलाई बायाँ गालामा न्यास गर्नुपर्छ। ए अक्षरसहित कटीशलाई दाँतको तल्ला लहरमा, ऐ सहित भूतीशलाई माथिल्ला दन्तपङ्क्तिमा, ओ सहित सद्योजातलाई तल्ला ओठमा र औ सहित अनुग्रहीशलाई माथिल्ला ओठमा न्यास गर्नुपर्छ। अं सहित क्रूरलाई गलामा, अः सहित महासेनलाई जिह्वामा, क सहित क्रोधीलाई दाहिने काँधमा र ख सहित चण्डीशलाई बाहुहरूमा न्यास गर्नुपर्छ। ग सहित पञ्चान्तकालई कुहिनाहरूमा, घ सहित शिखीलाई दाहिने

छ एकनेत्रौ बाहौ स्याच्चतुर्वक्त्रो ज कूर्परे ।
झ राजसः कङ्कणगः ञ सर्वकामदोऽङ्गुली ।२४।
ट सोमेशो नितम्बे स्याद्दक्ष ऊरुष्ठ लाङ्गली ।
ड दारुको दक्षजानौ जङ्घा ढोर्ध्वजलेश्वरः ।२५।
ण उमाकान्तकोऽङ्गुल्यस्त आषाढी नितम्बके ।
थ दण्डी वाम ऊरौ स्याद्दभिदो वामजानुनि ।२६।
ध मीनो वामजङ्घायां न मेषश्चरणाङ्गुली ।
प लोहितो दक्षकुक्षौ फ शिखो वामकुक्षिगः ।२७।
ब गलण्डः पृष्ठवंशे भ नाभौ च द्विरण्डकः ।
म महाकालो हृदये य वाणीशस्त्वविस्मृतः ।२८।
र रक्ते स्याद्भुजङ्गेशो ल पिनाकी च मांसके ।
व खड्गीशः स्वात्मनि स्याद्बकश्चास्थिनि शः स्मृतः ।२९।
ष श्वेतश्चैव मज्जायां स भृगुः शुक्रधातुके ।
प्राणे हो नकुलीशः स्यात् क्ष संवर्त्तश्च कोशगः ।३०।
रुद्रशक्ती प्रपूज्य ह्रीं बीजेनाखिलमाप्नुयात् ।३०।

नाडीमा, ङ सहित एकपादलाई दायाँ औंलाहरूमा र च सहित कूर्मकलाई बायाँ काँधमा न्यास गर्नुपर्छ। छ सहित एकनेत्रलाई बाहुमा, ज सहित चतुर्मुखलाई कुहिनामा, झ सहित राजसलाई बायाँ नाडीमा र ञ सहित सर्वकामदलाई बायाँ औंलाहरूमा न्यास गर्नुपर्दछ । ट सहित सोमेश्वरलाई नितम्बमा, ठ सहित लाङ्गलीलाई दाहिने तिघ्रामा, ड सहित दारुकलाई दाहिने घुँडामा र ढ सहित अर्द्धजलेश्वरलाई पिँडुलामा न्यास गर्नुपर्छ। ण सहित उमाकान्तलाई दाहिने खुट्टाका औंलामा, त सहित आषाढीलाई नितम्बमा, थ सहित दण्डीलाई बायाँ तिघ्रामा र द सहित भिदलाई बायाँ घुँडामा न्यास गर्नुपर्छ। ध सहित मीनलाई बायाँ पिँडुलामा, न सहित मेषलाई बायाँ खुट्टाका औंलामा, प सहित लोहितलाई दाहिने कोखमा र फ सहित शिखीलाई बायाँ कोखामा न्यास गर्नुपर्छ। ब सहित गलण्डलाई पिठ्युँमा, भ सहित द्विरण्डलाई नाभीमा, म सहित महाकाललाई हृदयमा र य सहित वाणीशलाई त्वचामा न्यास गर्नुपर्छ भनिएको छ। र सहित भुजङ्गेशलाई रक्तमा, ल सहित पिनाकीलाई मांसमा, व सहित खड्गीशलाई आफ्नै शरीर वा आत्मामा र श सहित बकलाई हड्डीमा न्यास गर्नुपर्छ। ष सहित श्वेतलाई मज्जामा, स सहित भृगुलाई शुक्र एवं धातुमा, ह सहित नकुलीशलाई प्राणमा र क्ष सहित संवर्तलाई पञ्चकोशहरूमा न्यास गर्नुपर्दछ। ह्रीं बीजले रुद्रशक्तिहरूको पूजा गरेर उपासकले सम्पूर्ण मनोरथहरू प्राप्त गर्दछ।१६–३०।

# १४६. षट्चत्वारिंशदधिकशततमोऽध्यायः

## अष्टाष्टकदेवी

ईश्वर उवाच
त्रिखण्डीं सम्प्रवक्ष्यामि ब्रह्मविष्णुमहेश्वरीम् ।
ओंनमोभगवतेरुद्रायनमःनमश्चामुण्डेनमश्चाकाशमातृणां सर्व्वकामार्थसाधनीनामजरामरीणांसर्वत्राप्रतिहतगतीनां स्वरूपरूपपरिवर्तिनीनांसर्व्वसत्त्ववशीकरणोत्सादनोन्मूलनम मस्तकर्म्मप्रवृत्तानां सर्वमातृगुह्यं हृदयं परमसिद्धं परकर्म्मच्छेदनं परमसिद्धिकरं मातृणां वचनं शुभम् ।
ब्रह्मखण्डपदे रुद्रैरेकविंशाधिकं शतम् ।१।
तद्यथा ओं नमश्चामुण्डे ब्रह्माणि अघोरे अमोघे वरदे विच्चे स्वाहा । ओं नमश्चामुण्डे माहेश्वरि अघोरे अमोघे वरदे विच्चे स्वाहा । ओं नमश्चामुण्डे कौमारि

महेश्वर भन्दछन्– हे स्कन्द ! अब म ब्रह्मा, विष्णु र महेश्वरसम्बन्धी त्रिखण्डीहरूको वर्णन गर्दछु । ओं नमो भगवते रुद्राय ... इत्यादि रुद्रमन्त्रको यस ब्रह्मखण्ड पदमा एकसय एक्काईस अक्षर छन्। यसै गरी विष्णुखण्ड पदमा– ओं नमश्चामुण्डे ब्रह्माणि अघोरे ..... इत्यादि अक्षर भएका पदको दोस्रो मन्त्रखण्ड हो र यसलाई विष्णु खण्डपद भनिएको छ। अब यसपछि माहेश्वर खण्डपदमा ओं नमश्चामुण्डे ऊर्ध्वकेशि .... इत्यादि मन्त्र छ। माहेश्वर खण्ड एकतीस पदको छ। यसमा एक सय एकहत्तर अक्षर छन्। यी तीनवटै खण्डलाई त्रिखण्डी भनिएको छ। यी त्रिखण्डी मन्त्रका

अघोरे अमोघे वरदे विच्चे स्वाहा । ओं नमश्चामुण्डे वैष्णवि अघोरे अमोघे वरदे विच्चे स्वाहा । ओं नमश्चामुण्डे वाराहि अघोरे अमोघे वरदे विच्चे स्वाहा । ओं नमश्चामुण्डे इन्द्राणि अघोरे अमोघे वरदे विच्चे स्वाहा । ओं नमश्चामुण्डे चण्डि अघोरे अमोघे वरदे विच्चे स्वाहा । ओं नमश्चामुण्डे ईशानि अघोरे अमोघे वरदे विच्चे स्वाहा । यथाक्षरपदाना हि विष्णुखण्ड द्वितीयकम् । ओं नमश्चामुण्डे ऊर्ध्वकेशि ज्वलितशिखरे विद्युज्जिह्वे तारकाक्षि पिङ्गलभ्रुवे विकृतदंष्ट्रे कुद्धे ओं मांसशोणितसुरासवप्रिये हसहस ओं नृत्यनृत्य ओं विजृम्भयविजृम्भय ओं मायात्रैलोक्यरूपसहस्रपरिवर्त्तिनीनां ओं बन्धबन्ध ओं कुट्टकुट्ट चिरिचिरि हिरिहिरि भिरिभिरि त्रासनित्रासनि भ्रामणिभ्रामणि ओं द्रावणिद्रावणि क्षोभणिक्षोभणि मारणिमारणि सञ्जीवनिसञ्जीवनि हेरिहेरि गेरिगेरि घेरिघेरि ओं मुरिमुरि ओं नमो मातृगणाय नमोनमो विच्चे । एकत्रिंशत्पदं शम्भोः शत मन्त्रैकसप्ततिः ।२।
हे घौं पञ्चप्रणवाद्यन्तां त्रिखण्डीञ्च जपेद्यजेत् ।
हे घौं श्रीकुब्जिकाहृदयं पदसन्धौ तु योजयेत् ।३।
अकुलादित्रिमध्यस्थं कुलादेश्च त्रिमध्यगम् ।
मध्यमादित्रिमध्यस्थं पिण्डं पादे त्रिमध्यगम् ।४।
त्रयार्द्ध मात्रासंयुक्तं प्रणवाद्यं शिखा शिवाम् ।
ओं क्षौं शिखाभैरवाय नमः । स्खीं स्खीं स्खें सबीजत्र्यक्षरः ।
ह्रां ह्रीं ह्रैं निर्बीजं त्र्यर्णं द्वात्रिंशद्वर्णकं परम् ।५।
क्षादयश्च ककारान्ता अकुला च कुलक्रमात् ।
शशिनी भावनी चैव पावनी शिव इत्यतः ।६।
गान्धारी णश्च पिण्डाक्षी चपला गजजिह्विका ।
म मृषा भयसारा स्यान्मध्यमा फोऽजरा य च ।७।
कुमारी कालरात्री न सङ्कटा दन्तकालिका ।
फ शिवा भवङ्घोरा ण ट बीभत्सा त विद्युता ।८।
ठ विश्वम्भरा शंसिन्या ढ ज्वालामालया तथा ।
कराली दुर्जया रङ्गी वामा ज्येष्ठा च रौद्र्यपि ।९।
खं काली क कुलालम्बी अनुलोमा वद पिण्डिनी ।
आ वेदिनी इरूपी वै शान्तिर्मूर्त्तिः कलाकुला ।१०।
ऋ खड्गिनी उ बलिता लृ कुला लृ तथा यदि ।
सुभगा वेदनादिन्या कराली अं च मध्यमा ।११।

आदि र अन्त्यमा हें घों र पाँच प्रणव थपेर यिनको जप र पूजा गर्नुपर्दछ । हें घों श्रीकुब्जिकायै नमः भन्ने यस मन्त्रलाई त्रिखण्डीका पदहरूका सन्धिमा जोड्नुपर्छ । अकुलादि त्रिमध्यग, कुलादि त्रिमध्यग, मध्यमादि त्रिमध्यग र पाद त्रिमध्यग यी चार प्रकारका मन्त्रपिण्ड छन् । साढे तीन मात्रा सहितको प्रणवलाई सुरुमा राखेर यिनको जप अथवा यिनैद्वारा यजन गर्नुपर्दछ । त्यसपछि भैरवको शिखामन्त्रको जप र पूजन ओं क्षौं शिखाभैरवाय नमः भन्दै गर्नुपर्दछ । स्खां स्खीं स्खें यी सबीज त्र्यक्षर हुन् । ह्रां ह्रीं ह्रें यी निर्बीज त्र्यक्षर हुन् क्ष देखि क सम्मको उल्टो वर्णमालाका बत्तीस अक्षरलाई अकुला भन्ने गरिएको छ । सुल्टो तर्फबाट गणना गर्दा तिनीहरूलाई नै सकुला भनिन्छ । शशिनी, भानुनी, पावनी, शिव, गन्धारीलाई र ण लाई पिण्डाक्षी, चपला, गजजिह्विका भनेर, म लाई मृषा, भयसारा मध्यमा भनेर, फ लाई अजरा भनेर, य लाई कुमारी भनेर, न लाई कालरात्री भनेर, द लाई सङ्कटा भनेर, ध लाई कालिका भनेर, फ लाई शिवा भनेर, ण लाई भवघोरा भनेर, ट लाई बीभत्सा भनेर, त लाई विद्युता भनेर, ठ लाई विश्वम्भरा र शंसिनी भनेर अथवा उ लाई विश्वम्भरा भनेर, आलाई शंसिनी भनेर, द लाई ज्वालामालिनी, कराली, दुर्जया, रङ्गी, वामा, ज्येष्ठा र रौद्री भनेर, ख लाई काली भनेर, क लाई कुलालम्बी, अनुलोमा भनेर, द लाई पिण्डिनी, आ लाई वेदिनी भनेर, इ लाई रूपी भनेर, ई लाई शान्तिमूर्ति एवं कलाकुला भनेर, ऋ लाई खड्गिनी भनेर, उ लाई बलिता भनेर, लृ लाई कुला भनेर, लृ लाई सुभगा, वेदनादिनी र कराली भनेर अं लाई मभ्यमा भनेर र अः लाई अपेतरया भनेर यिनै शक्तिहरूलाई योगपीठहरूमा क्रमशः पूजा गर्नुपर्दछ । स्खां स्खीं स्खौं महाभैरवाय नमः भन्ने यो महाभैरवको मन्त्र हो । अक्षोद्या, ऋक्षकर्णी, राक्षसी, क्षपणा, क्षया, पिङ्गाक्षी, अक्षया र क्षेमा यिनीहरू ब्रह्माणीका अष्टक दलमा स्थित हुन्छन् । इला, लीलावती, नीला, लङ्का, लङ्केश्वरी, लालसा, विमला र माला यिनीहरू माहेश्वरी अष्टकमा स्थित रहेका छन् । हुताशना, विशालाक्षी, हूंकारी, वडवामुखी, हाहारवा, क्रूरा, क्रोधा र खरानना बाला यी आठ कौमारीका शरीरबाट प्रकट भएका हुन् । यिनीहरूको

अः अपेतरया पीठे पूज्याश्च शक्तयः क्रमात् ।
स्खां स्खौं स्खीं महाभैरवाय नमः ।
अक्षोद्या ह्यक्षकर्णी च राक्षसी क्षपणक्षया ।१२।
पिङ्गाक्षी चाक्षया क्षेमा ब्रह्माण्यष्टकसंस्थिताः ।
इला लीलावती नीला लङ्का लङ्केश्वरी तथा ।१३।
लालसा विमला माला माहेश्वर्य्यष्टके स्थिताः ।
हुताशना विशालाक्षी हूङ्कारी वडवामुखी ।१४।
हाहारवा तथा क्रूरा क्रोधा बाला खरानना ।
कौमार्य्या देहसम्भूताः पूजिताः सर्वसिद्धिदाः ।१५।
सर्वज्ञा तरला तारा ऋग्वेदा च हयानना ।
सारासारस्वयङ्ग्राहा शाश्वती वैष्णवीकुले ।१६।
तालुजिह्वा च रक्ताक्षी विद्युज्जिह्वा करङ्किणी ।
मेघनादा प्रचण्डोग्रा कालकर्णी कलिप्रिया ।१७।
वाराही कुलसम्भूताः पूजनीया जयार्थिना ।
चम्पा चम्पावती चैव प्रचम्पा ज्वलितानना ।१८।
पिशाची पिचुवक्त्रा च लोलुपा ऐन्द्री सम्भवाः ।
पावनी याचनी चैव वामनी दमनी तथा ।१९।
विन्दुवेला बृहत्कुक्षी विद्युता विश्वरूपिणी ।
चामुण्डा कुलसम्भूता मण्डले पूजिता जये ।२०।
यमजिह्वा जयन्ती च दुर्जया च यमान्तिका ।
बिडाली रेवती चैव जया च विजया तथा ।
महालक्ष्मीकुले जाता अष्टाष्टकमुदाहृतम् ।२१।

पुजन गर्नाले यिनीहरूले सबै खालका सिद्धि प्रदान गर्दछन् । सर्वज्ञा, तरला, तारा, ऋग्वेदा, हयानना, सारासारा, स्वयंग्राहा र शाश्वती यी आठ शक्तिहरू वैष्णवीका कुलमा उत्पन्न भएका हुन् । तालुजिह्वा, रक्ताक्षी, विद्युज्जिह्वा, करणि, मेघनादा, प्रचण्डोग्रा, कालकर्णी र कलिप्रिया यी बाराहीका कुलमा उतपन्न भएका हुन् । विजयको इच्छा गर्ने पुरुषले यिनीहरूको पूजा गर्नुपर्दछ । चम्पा, चम्पावती, प्रचम्पा, ज्वलितानना, पिशाची, पिचुवक्त्रा र लोलुपा यी इन्द्राणीको शक्तिका कुलमा उत्पन्न भएका हुन् । पावनी, याचनी, वामनी, दमनी, विन्दुवेला, बृहत्कुक्षी, विद्युता र विश्वरूपिणी यी चामुण्डाका कुलमा प्रकट भएका हुन् र मण्डलमा पूजित भएपछि यिनीहरू विजयदायिनी हुन्छन् । यमजिह्वा, जयन्ती, दुर्जया, यमान्तिका, विडाली, रेवती, जया र विजया यी महालक्ष्मीका कुलमा उत्पन्न भएका हुन् । यसै किसिमले आठ अष्टकका वर्णन गरिएको छ ।१–२१।

# १४७. सप्तचत्वारिंशदधिकशततमोऽध्यायः

## त्वारितापूजा

ईश्वर उवाच

ओं गुह्यकुब्जिके फट् हुं मम सर्वोपद्रवान् यन्त्रमन्त्रतन्त्रचूर्णप्रयोगादिकं येन कृतं कारितं कुरुते करिष्यति कारयिष्यति तान्सर्वान् हनहन दंष्ट्राकरालिनि ह्रौं ह्रीं हुं गुह्यकुब्जिकायै स्वाहा ह्रौं ओं खें वों गुह्यकुब्जिकायै नमः ।
ह्रीं सर्वजनक्षोभणी जनानुकर्षिणी ततः ओं खें ख्यां सर्वजनवशङ्करी तथा स्याज्जनमोहिनी ।१।
ओं ख्यौं सर्वजनस्तम्भनी ऐं खं खां क्षोभणी तथा ।

महेश्वर भन्दछन्– ओं गुह्यकुब्जिके हुं फट्... इत्यादि मन्त्रलाई बारम्बार जप गर्नुपर्दछ । यसको पूजा गरियो भने विजयदायिनी हुन्छ । ह्रौं सिंहाय नमः भन्ने यस मन्त्रले आसनको पूजा गरेर देवीलाई सिंहासन समर्पित गर्नुपर्छ । ह्रीं क्षे हृदयाय नमः भनेर हृदयलाई स्पर्श गर्नुपर्छ । वच्छे शिरसे स्वाहा भनेर शिरलाई स्पर्श गर्नुपर्छ । क्षें ह्रीं शिखायै वषट् भनेर शिखालाई स्पर्श गर्नुपर्छ । क्षें कवचाय हुम् भनेर दुवै भुजालाई स्पर्श गर्नुपर्छ । ह्रूं नेत्रत्रयाय वौषट् भनेर दुवै नेत्र र ललाटको मध्यभागलाई स्पर्श गर्नुपर्छ । ह्रीं अस्त्राय फट् भनेर ताली बजाउनुपर्छ । ह्रींकारी, खेचरी, चण्डा, छेदनी, क्षोभणी,

ऐं त्रितत्त्वं बीजं श्रेष्ठङ्कुले पञ्चाक्षरी तथा ।२।
फं श्रीं क्षीं श्रीं ह्रीं क्षें वच्छे क्षे क्षे ह्रूं फट् हीं नमः ।
ओं ह्रां क्षे वच्छे क्षे क्षो ह्रीं फट् नवेयं त्वरिता पुनर्ज्ञेयाऽर्च्चिता जये ।
ह्रौं सिंहायेत्यासनं स्यात् ह्री क्षे हृदयमीरितम् ।
वच्छेऽथ शिरसे स्वाहा त्वरितायाः शिवे स्मृतः ।३।
क्षें ह्रीं शिखायै वौषट् स्याद्भवेत् क्षें कवचाय हुम् ।
हुं नेत्रत्रयाय वौषट् ह्रीमन्तञ्च फडन्तकम् ।४।
ह्रीङ्कारी खेचरी चण्डा छेदनी क्षोभणी क्रिया ।
क्षेमकारी च ह्रीङ्कारी फट्कारी नवशक्तयः ।५।
अथ दूतीः प्रवक्ष्यामि पूज्या इन्द्रादिगाश्च ताः ।
ह्रीं नले बहुतुण्डे च खगे ह्रीं खेचर ज्वालिनी ज्वल ख खे छ छे शवविभीषणे च छ चण्डे छेदनि करालि ख खे छे क्षे खरहाङ्गी ह्रीं क्षे वक्षे कपिले ह क्षे ह्रूं क्रुन्तेजीवति रौद्रि मातः ह्रीं फे वे फे फे वक्त्रे बरी रे पुटिपुटि घोरे ह्रूं फट् ब्रह्मवेतालि मध्ये गुह्याङ्गानि च तत्त्वानि त्वरितायाः पुनर्वदे ।६।
ह्रौं ह्रूं हः हृदये प्रोक्तं हौं हश्च शिरः स्मृतम् ।
फां ज्वल ज्वलेति च शिखा वर्म्म इले ह्रं हुंहुम् ।७।
क्रों क्षूं श्रीं नेत्रमित्युक्तं क्षौं अस्त्रं वै ततश्च फट् ।
हुं खे वच्छे क्षेः ह्रीं क्षें हुं फट् वा ।
हुं शिरश्चैव मध्ये स्यातपूर्वादौ खे सदाशिवे ।
व ईशः छे मनोन्मानी मक्षे तार्क्षो ह्रौं च माधवः ।
क्षें ब्रह्मा हुं तथादित्यौ दारुणं फट् स्मृताः सदा ।८।

क्रिया, क्षेमकारी, हुङ्कारी र फट्कारी यी नौ शक्तिहरू हुन् । अब दूतिहरूको वर्णन गर्दछु । ह्रीं नले बहुतुण्डे च .... इत्यादि दूती मन्त्र हो । अब फेरि त्वरिताको गुह्य अङ्ग र तत्त्वको वर्णन गर्दछु । ह्रौं ह्रूं हः हृदयाय नमः भन्दै यस मन्त्रले हृदयमा न्यास गर्नुपर्छ । ह्रीं हः शिरसे स्वाहा भन्दै शिरमा न्यास गर्नुपर्छ । फां ज्वलज्वल शिखायै वषट् भनेर शिखामा, इले ह्रं ह्रूं कवचाय हुम् भनेर दुवै भुजामा, क्रों क्षूं श्रीं नेत्रत्रयाय वौषट् भनेर नेत्र र ललाटको मध्यभागमा न्यास गर्नुपर्छ । क्षौं अस्त्राय फट् भनेर अथवा हुं खे वच्छे क्षे ह्रीं क्षें हुं अस्त्राय फट् भनेर ताली बजाउनुपर्छ । मध्यभागमा हुं स्वाहा लेख्नुपर्छ र पूर्व आदि दिशाहरूमा क्रमशः खे सदाशिवे व ईशः छे मनोन्मनी मक्षे तार्क्षः ह्रीं माधवः क्षें ब्रह्मा हुम् आदित्यः दारुणं फट् भन्ने उल्लेख एवं पूजन गर्नुपर्छ ।१-८।

# १४८. अष्टचत्वारिंशदधिकशततमोऽध्यायः

## सङ्ग्रामविजयपूजा

ईश्वर उवाच

ओं डे ख ख्यां सूर्य्याय सङ्ग्रामविजयाय नमः ह्रां ह्रीं ह्रूं ह्रें ह्रों ह्रः षडङ्गानि तु सूर्य्यस्य सङ्ग्रामे जयदस्य हि ।
ओं हं खं खशोल्काय स्वाहा ।

स्फूं ह्रूं हुं क्रूं ओं ह्रों क्रें प्रभूतं विमलं सारमाराध्यं परमं सुखम् ।१।

महेश्वर भन्दछन्– हे स्कन्द ! अब म सङ्ग्राम विजयदायक सूर्य पूजाको वर्णन गर्दछु । ओं डे ख ख्यां सूर्याय सङ्ग्रामविजयाय नमः भन्ने मन्त्र यही हो । ह्रां ह्रीं ह्रूं ह्रें ह्रों ह्रः सङ्ग्राममा विजय प्रदान गराउने सूर्य देवताका यिनै अङ्ग हुन् र यिनैद्वारा षडङ्गन्यास गर्नुपर्छ । जस्तै– ह्रां हृदयाय नमः ह्रीं शिरसे स्वाहा ह्रूं शिखायै वषट् ह्रें कवचाय हुम् ह्रों नेत्रत्रयाय वौषट् ह्रः अस्त्राय फट् । ओं हं खं खखोल्काय स्वाहा पूजाका लागि मन्त्र यही हो । स्फूं ह्रूं ह्रूं क्रूं ओं ह्रों क्रेम्

धर्म्मज्ञानं च वैराग्यमैश्वर्य्याद्यष्टकं यजेत् ।
अनन्तासनं सिंहासनं पद्मासनमतः परम् ।२।
कर्णिकाकेसराण्येव सूर्यसोमाग्निमण्डलम् ।
दीप्ता सूक्ष्मा जया भद्रा विभूतिर्विमला तथा ।३।
अमोघा विद्युता पूज्या नवमी सर्वतोमुखी ।
सत्त्वं रजस्तमश्चैव प्रकृतिं पुरुषं तथा ।४।
आत्मानञ्चान्तरात्मानं परमात्मानमर्चयेत् ।
सर्वे विन्दुसमायुक्ता मायानिलसमन्विताः ।५।
उषा प्रभा च सन्ध्या च साया माया बलान्विता ।
विन्दुविष्णुसमायुक्ता द्वारपालास्तथाष्टकम् ।६।
सूर्य्यं चण्डं प्रचण्डं च पूजयेद् गन्धकादिभिः ।
पूजया जपहोमाद्यैर्युद्धादौ विजयो भवेत् ।७।

षडङ्गन्यासका बीज यिनै हुन् । पिडस्थानमा प्रभूत, विमल, सार, आराध्य र परम सुखलाई पूजा गर्नुपर्छ । पीठका खुट्टा र बीचका चार दिशामा क्रमशः धर्म, ज्ञान, वैराग्य, ऐश्वर्य, अधर्म, अज्ञान, अवैराग्य र अनैश्वर्य यी आठको पूजा गर्नुपर्छ। त्यसपछि अनन्तासन, सिंहासन एवं महापद्मासनलाई पूजा गर्नुपर्छ । त्यसपछि कमलको कर्णिका एवं केसर अनि त्यहीँ सूर्यमण्डल, सोममण्डल तथा अग्निमण्डललाई पूजा गर्नुपर्छ । अनि त्यसपछि दीप्ता, सूक्ष्मा, जया, भद्रा, विभूति, विमला, अमोघा, विद्युता तथा नवौँमा सर्वतोमुखी भन्दै यी नौ शक्तिहरूलाई पूजा गर्नुपर्छ । त्यसपछि सत्त्व, रज र तमलाई, प्रकृति र पुरुषलाई, आत्मा, अन्तरात्मा र परमात्मालाई पूजा गर्नुपर्छ । यी सबैलाई पूजा गर्दा अनुस्वार सहितको पहिलो अक्षर र चतुर्थी विभक्तिको नामपछि नमः नमः जोड्दा पूजाको मन्त्र हुन्छ । जस्तै— सं सत्त्वाय नमः अं अन्तरात्मने नमः आदि । यसै गरी उषा, प्रभा, सन्ध्या, साया, माया, बला, बिन्दु, विष्णु तथा आठ द्वारपालको पूजा गर्नुपर्छ । यसै किसिमले पूजा तथा जप, होम आदि गर्नाले युद्ध आदिमा विजय प्राप्त हुन्छ ।१-७।

# १४९. ऊनपञ्चाशदधिकशततमोऽध्यायः

## लक्षकोटिहोम

ईश्वर उवाच
होमाद्रणादौ विजयो राज्याप्तिर्विघ्ननाशनम् ।
कृच्छ्रेण शुद्धिमुत्पाद्य प्राणायामशतेन च ।१।
अन्तर्जले च गायत्रीं जप्त्वा षोडशधाऽचरेत् ।
प्राणायामांश्च पूर्वाह्णे जुहुयात्पावके हविः ।२।
भैक्ष्ययावकभक्षी च फलमूलाशनोऽपि वा ।
क्षीरसक्तुघृताहार एकमाहारमाश्रयेत् ।३।
यावत्समाप्तिर्भवति लक्षहोमस्य पार्वति ।
दक्षिणा लक्षहोमान्ते गावो वस्त्राणि काञ्चनम् ।४।
सर्वोत्पातसमुत्पत्तौ पञ्चभिर्दशभिर्द्विजैः ।
नास्ति लोके स उत्पातो यो ह्यनेन न शाम्यति ।५।
माङ्गल्यं परमं नास्ति यदस्मादतिरिच्यते ।
कोटिहोमं तु यो राजा कारयेत्पूर्ववद्द्विजैः ।६।
न तस्य शत्रवः सङ्ख्ये जातु तिष्ठन्ति कर्हिचित् ।

महेश्वर भन्दछन्— हे देवी ! होमबाट युद्धमा विजय, राज्यप्राप्ति र विघ्नहरूको विनाश हुन्छ। त्यसका लागि पहिले कृच्छ्रव्रत गरेर देह शुद्धि गर्नुपर्छ । त्यसपछि सय प्राणायाम गरेर शरीरलाई शोधन गर्नुपर्छ । अनि त्यसपछि पानीमुनि गायत्री जप गरेर सोह्र पटक प्राणायाम गर्नुपर्छ। पूर्वाह्न कालमा अग्निमा आहुति समर्पित गर्नुपर्छ । भिक्षाबाट प्राप्त भएको जौमिश्रित भोज्यपदार्थ, फल, मूल, दुध, सातु र घिउको आहार यज्ञकालमा गरिन्छ भन्ने विधान छ। हे पार्वती ! लक्ष्य होमको समाप्तिसम्म दिनको एकपटक भोजन गर्नुपर्छ । लक्ष्य होमको पूर्णाहुति भएपछि गाई, वस्त्र र सुवर्णहरू दान गर्नुपर्छ । जुनसुकै खालको उत्पातहरू प्रकट हुँदा पाँच वा दस ऋत्विक्‌हरूबाट पूर्वोक्त यज्ञ गराउनुपर्छ। यसबाट शान्त नहुने कुनै पनि उत्पात यस लोकमा छैनन् । यसभन्दा ठूलो अर्को कुनै परम मङ्गलकारक वस्तु पनि छैन । जुन श्रेष्ठ राजाले पूर्वोक्त विधिले ऋत्विक्‌हरूबाट कोटीहोम गराउँछ,

न तस्य मारको देशे व्याधिर्वा जायते क्वचित् ।७।
अतिवृष्टिरनावृष्टिर्मूषकाः शलभाः शुकाः ।
राक्षसाद्याश्च शाम्यन्ति सर्वे च रिपवो रणे ।८।
कोटिहोमे तु वरयेद् ब्राह्मणान्विंशतिं तथा ।
शतं चाथ सहस्रं वा यथेष्टां भृतिमाप्नुयात् ।९।
कोटिहोमं तु यः कुर्य्याद् द्विजो भूपोऽथवा च विट् ।
यदिच्छेत्प्राप्नुयात्तत्तत्सशरीरो दिवं व्रजेत् ।१०।
गायत्र्या ग्रहमन्त्रैर्वा कुष्माण्डीजातवेदसैः ।
ऐन्द्रवारुणवायव्ययाम्याग्नेयैश्च वैष्णवैः ।११।
शाक्तेयैः शाम्भवैः सौरैर्मन्त्रैर्होमार्चनात्ततः ।
अयुतेनाल्पसिद्धिः स्याल्लक्षहोमोऽखिलार्त्तिनुत् ।१२।
सर्वपीडादिनाशाय कोटिहोमोऽखिलार्थदः ।
यवव्रीहितिलक्षीरघृतकुशप्रसातिकाः ।१३।
पङ्कजोशीरबिल्वाम्रदला होमे प्रकीर्त्तिताः ।
अष्टहस्तप्रमाणेन कोटिहोमेषु खातकम् ।१४।
तस्मादर्द्धप्रमाणेन लक्षहोमे विधीयते ।
होमोऽयुतेन लक्षेण कोट्याज्याद्यैः प्रकीर्त्तितः ।१५।

युद्धमा उसका सामु कस्तै शत्रु पनि अडिन सक्दैन । उसका राज्यमा अतिवृष्टि, अनावृष्टि, मूषकोपद्रव, धमिराको पिर, सुगाको पिर र भूत वा राक्षसको पिर हट्छ । युद्धमा सबै खालका शत्रुहरू शान्त नै हुन्छन् । कोटीहोममा बीस, सय अथवा हजार ब्राह्मणलाई वरण गर्नुपर्छ । यसबाट यजमानले इच्छाअनुसारको धन-वैभव प्राप्त गर्दछ । जुन ब्राह्मण, क्षत्रिय वा वैश्यले यस्तो कोटीहोम यज्ञको अनुष्ठान गर्दछ उसले जुन पदार्थको रहर गरेको हुन्छ त्यो प्राप्त गर्दछ । ऊ शरीरसहित स्वर्गलोक जान्छ । गायत्री मन्त्र, ग्रहसम्बन्धी मन्त्र, कुष्माण्ड मन्त्र, जातवेदा अग्निसम्बन्धी अथवा ऐन्द्र, वारुण, वायव्य, याम्य, आग्नेय, वैष्णव, शाक्त, शैव एवं सूर्यदेवतासम्बन्धी मन्त्रले होम पूजन गर्ने विधान छ । दस हजार होम अल्प सिद्धिदायक हुन्छ । लक्ष्य होम सम्पूर्ण दुःखनाशक हुन्छ । कोटी होम समस्त क्लेश नाशकारक हुने गर्दछ र सम्पूर्ण पदार्थ प्रदान गर्ने पनि हुन्छ । जौ, धान, तिल, दुध, घिउ, कुश, मसिनो, चामल, कमल, खस, बेल र आँपका पात होमका लागि योग्य वस्तु हुन् भन्ने मानिएको छ । कोटी होममा आठ हात र लक्ष्य होममा चार हात गहिरो कुण्ड बनाउनुपर्छ । अयुत होम, लक्ष्य होम र कोटी होममा घिउको हवन गर्नुपर्छ ।१-१५।

# १५०. पञ्चाशदधिकशततमोऽध्यायः

## मन्वन्तर

अग्निरुवाच
मन्वन्तराणि वक्ष्यामि ह्याद्यः स्वायम्भुवो मनुः ।
अग्नीध्राद्यास्तस्य सुता यमो नाम तदा सुराः ।१।
और्वाद्याश्च सप्तर्षय इन्द्रश्चैव शतक्रतुः ।
पारावताः सतुषिता देवाः स्वारोचिषेऽन्तरे ।२।
विपश्चित्तत्र देवेन्द्र ऊर्जस्तम्भादयो द्विजाः ।
चैत्रकिम्पुरुषाः पुत्रास्तृतीयश्चोत्तमो मनुः ।३।
सुशान्तिरिन्द्रो देवाश्च सुधामाद्या वसिष्ठजाः ।
सतर्षयोऽजाद्याः पुत्राश्चतुर्थस्तामसो मनुः ।४।
स्वरूपाद्याः सुरगणाः शिखिरिन्द्रः सुरेश्वरः ।
ज्योतिर्द्धामादयो विप्रा नव ख्यातिमुखाः सुताः ।५।
रैवते वितथश्चेन्द्रो ह्यमिताभास्तथा सुराः ।

अग्निदेव भन्दछन्— अब म मन्वन्तरको वर्णन गर्दछु । सबैभन्दा पहिले स्वायम्भुव मनु उत्पन्न भए । आग्नीध्र आदि उनका पुत्रहरू थिए । स्वायम्भुव मन्वन्तरमा यम नामका देवता, और्व आदि सप्तर्षि र शतक्रतु इन्द्र थिए । दोस्रो मन्वन्तरको नाम स्वारोचिष हो । त्यसमा पारावत र तुषिल नामका देवता थिए । स्वारोचिष मनुका चैत्र र किम्पुरुष आदि पुत्रहरू थिए । त्यस बेलामा विपश्चित् नामका इन्द्र र ऊर्जस्वन्त आदि द्विजहरू सप्तर्षि थिए । तेस्रो मनुको नाम उत्तम थियो । उनका पुत्र अज आदि थिए । तिनका पालामा सुशान्ति नामका इन्द्र सुधामा आदि देवता र वसिष्ठका पुत्रहरू सप्तर्षि थिए । चौथो मनु तामस नामले प्रसिद्ध थिए । त्यसबेलामा समय स्वरूप आदि देवता, शिखरी इन्द्र, ज्योतिर्होम आदि ब्राह्मणहरू सप्तर्षि थिए र तिनका ख्याति आदि नौ पुत्रहरू भए । रैवत नामका पाँचौं मन्वन्तरमा वितथ इन्द्र थिए, अमिताभ देवता थिए, हिरण्यरोमा

हिरण्यरोमाद्या मुनयो बलबन्दादयः सुताः ।६।
मनोजवश्चाक्षुषेऽथ इन्द्रः स्वात्यादयः सुराः ।
सुमेधाद्या महर्षयः पुरुप्रभृतयः सुताः ।७।
विवस्वतः सुतो विप्रः श्राद्धदेवो मनुस्ततः ।
आदित्यवसुरुद्राद्या देवा इन्द्रः पुरन्दरः ।८।
वसिष्ठः काश्यपोऽथात्रिर्जमदग्निः सगौतमः ।
विश्वामित्रभरद्वाजौ मुनयः सप्त साम्प्रतम् ।९।
इक्ष्वाकुप्रमुखाः पुत्रा अंशेन हरिराभवत् ।
स्वायम्भुवे मानसोऽभूदजितस्तदनन्तरे ।१०।
सत्यो हरिर्देववरो वैकुण्ठो वामनः क्रमात् ।
छायाजः सूर्यपुत्रस्तु भविता चाष्टमो मनुः ।११।
पूर्वस्य च सवर्णोऽसौ सावर्णिर्भविताष्टमः ।
सुतपाद्या देवगणा दीप्तिमद्रौणिकादयः ।१२।
मुनयो बलिरिन्द्रश्च विरज प्रमुखाः सुताः ।
नवमो दक्षसावर्णिः पाराद्याश्च तदा सुराः ।१३।
इन्द्रश्चैवाद्भुतस्तेषां सवनाद्या द्विजोत्तमाः ।
धृतकेत्वादयः पुत्रा ब्रह्मसावर्णिरित्यतः ।१४।
सुखोदायो देवगणास्तेषां शान्तिः शतक्रतुः ।
हविष्याद्याश्च मुनयः सुक्षेत्राद्याश्च तत्सुताः ।१५।
धर्मसावर्णिकश्चायं विहङ्गाद्यास्तदा सुराः ।
गणश्चेन्द्रो निश्चराद्या मुनयः पुत्रका मनोः ।१६।
सर्वत्रगाद्या रुद्राख्यः सावर्णिर्भविता मनुः ।
ऋतधामा सुरेन्द्रश्च हरिताद्याश्च देवताः ।१७।
तपस्याद्याः सप्तर्षयः सुता वै देववन्मुखाः ।
मनुस्त्रयोदशो रौच्यः सुत्रामाणादयः सुराः ।१८।
इन्द्रो दिवस्पतिस्तेषां दानवादिविमर्दनः ।
निर्मोहाद्याः सप्तर्षयश्चित्रसेनादयः सुताः ।१९।
मनुश्चतुर्दशो भौत्यः शुचिरिन्द्रो भविष्यति ।
चाक्षुषाद्याः सुरगणा अग्निबाह्वादयो द्विजाः ।२०।
चतुर्दशस्य भौत्यस्य पुत्रा ऊरुमुखा मनोः ।
प्रवर्त्तयन्ति वेदांश्च भुवि सप्तर्षयो दिवः ।२१।
देवा यज्ञभुजस्ते तु भूः पुत्रैः परिपाल्यते ।

आदि मुनिहरू सप्तर्षि थिए र बलबन्ध आदि पुत्र थिए। छैटौँ चाक्षुष मन्वन्तरमा मनोजव नामका इन्द्र थिए र स्वाति आदि देवता थिए। सुमेधा आदि महर्षि सप्तर्षि थिए भने पुरु आदि मनुका पुत्र थिए । त्यसपछिको सातौँ मन्वन्तरमा सूर्यपुत्र श्राद्धदेव मनु भए। यिनका समय आदि आदित्य, वसु तथा रुद्र आदि देवता, पुरन्दर नामका इन्द्र, वसिष्ठ, काश्यप, अत्रि, जमदग्नि, गौतम, विश्वामित्र र भरद्वाज महर्षि हुन्। यो वर्तमान मन्वन्तरको वर्णन हो। वैवश्वत मनुका इक्ष्वाकु आदि पुत्रहरू थिए। यी सबै मन्वन्तरमा भगवान् मानस नाम लिएर प्रकट भएका थिए। त्यसपछिका छ मन्वन्तरहरूमा क्रमशः अजित, सत्य, हरि, देववर, वैकुण्ठ र वामन रूपमा श्रीहरिको अवतरण भएको छ । छायाका गर्भबाट उत्पन्न सूर्यपुत्र सावर्णि आठौँ मनु हुनेछन्। उनी आफ्नै पूर्वज ज्येष्ठ भ्राता श्राद्धदेवकै जस्तो वर्णका छन् । त्यसैले उनी सावर्णि नामले प्रसिद्ध हुनेछन् । उनका समयमा सुतपा आदि देवता, परम तेजस्वी अश्वत्थामा आदि सप्तर्षि, बलि, रुद्र र विरज आदि मनुपुत्र हुनेछन्। नवौँ मनुको नाम दक्ष सावर्णि हुनेछ। त्यसबेलामा पार आदि देवता हुनेछन्। ती देवताहरूका इन्द्रको नाम अद्भुत हुनेछ। उनका समयमा सवन आदि श्रेष्ठ ब्राह्मण सप्तर्षि हुनेछन् र धृतकेतु आदि मनुपुत्र हुनेछन् । त्यसपछि दसौँ मनु ब्रह्मसावर्णिका नामले प्रसिद्ध हुनेछन्। त्यस बेला सुख आदि देवगण, शान्ति इन्द्र हुनेछन्, हविष्य आदि मुनि सप्तर्षि र सुक्षेत्र आदि मनुपुत्र हुनेछन् ।१-१५।

त्यसपछि धर्मसावर्णि नामका एघारौँ मनुको अधिकार हुनेछ। त्यसबेलामा विहङ्ग आदि देवता, गण इन्द्र, निश्चर आदि मुनिहरू सप्तर्षि र सर्वत्रग आदि मनुपुत्र हुनेछन्। त्यसपछिका बाह्रौँ मनु रुद्रसावर्णिका नामले प्रसिद्ध हुनेछन् । उनका समयमा ऋतधामा नामका इन्द्र र हरित आदि देवता हुनेछन्। तपस्या आदि सप्तर्षि र देववान् आदि मनुपुत्र हुनेछन्। तेह्रौँ मनुको नाम रौच्य हुनेछ। त्यसबेलामा सूत्रामणि आदि देवता र दिवस्पति इन्द्र हुनेछन् र तिनी दैत्य-दानवको मर्दन गर्ने हुनेछन् । रौच्य मन्वन्तरमा निर्मोह आदि सप्तर्षि र चित्रसेन आदि मनुपुत्र हुनेछन्। चौधौँ मनु भौत्य नामले प्रसिद्ध हुनेछन्। तिनका समयमा शुचि इन्द्र, चाक्षुष आदि देवता र अग्निबाहु आदि सप्तर्षि हुनेछन्। चौधौँ मनुका पुत्र ऊरु आदि नामले विख्यात हुनेछन्। सप्तर्षि द्विजगणले भूतलमा वेदको प्रचार गर्दछन्, देवगण यज्ञ भागका भोक्ता हुनेछन् र मनुपुत्रले यस पृथ्वीको पालन गर्नेछन् । हे ब्रह्मन् ! ब्रह्माका एक दिनमा

ब्रह्मणो दिवसे ब्रह्मन् मनवस्तु चतुर्द्दश ।२२।
मन्वाद्याश्च हरिर्वेदं द्वापरान्ते बिभेद सः ।
आद्यो वेदश्चतुष्पादः शतसाहस्रसम्मितः ।२३।
एकश्चासीद्यजुर्वेदस्तं चतुर्द्धा व्यकल्पयत् ।
आध्वर्य्यवं यजुर्भिस्तु ऋग्भिर्हौत्रं तथा मुनिः ।२४।
औद्गात्रं सामभिश्चक्रे ब्रह्मत्वं चाप्यथर्वभिः ।
प्रथमं व्यासशिष्यस्तु पैलो ह्यृग्वेदपारगः ।२५।
इन्द्रप्रमतये प्रादाद्वाष्कलाय च संहिताम् ।
बौध्यादिभ्यो ददौ सोऽपि चतुर्द्धा निजसंहिताम् ।२६।
यजुर्वेदतरोः शाखाः सप्तविंशन्महामतिः ।
वैशम्पायननामासौ व्यासशिष्यश्चकार वै ।२७।
काण्वा वाजसनेयाद्या याज्ञवल्क्यादिभिः स्मृताः ।
सामवेदतरोः शाखाः व्यासशिष्यः सजैमिनिः ।२८।
सुमन्तुश्च सुकर्मा च ह्येकैकां संहितां ततः ।
गृह्णते च सुकर्माख्यः सहस्रं संहिता गुरुः ।२९।
सुमन्तुश्चाथर्वतरुं व्यासशिष्यो विभेद तम् ।
शिष्यानध्यापयामास पैप्पलादान्सहस्रशः ।
पुराणसंहितां चक्रे सूतो व्यासप्रसादतः ।३०।

चौध मनु हुन्छन् । मनु, देवता, इन्द्र आदि पनि त्यति नै पटक हुन्छन् । प्रत्येक द्वापरका अन्त्यमा व्यासरूपधारु श्रीहरिले वेदलाई विभाजन गर्दछन् । आदि वेद एउटै थियो र त्यसमा चार चरण एवं एक लाख ऋचाहरू थिए । पहिले त एउटै यजुर्वेद थियो । त्यसलाई मुनिवर व्यासले चार भागमा विभाजन गरे । उनले अध्वर्युको काम यजुवेदले, होताको कार्य ऋग्वेदले, उद्गाताको कार्य सामवेदका मन्त्रले र ब्रह्माका कार्य अथर्ववेदका मन्त्रले गर्नुपर्ने निश्चित गराए । व्यासका प्रथम शिष्य पैल थिए र उनी ऋग्वेदका पारङ्गत पण्डित थिए । इन्द्रले प्रमति र बाष्कललाई संहिता प्रदान गरे । बाष्कलले पनि बौध्य आदिलाई चार भागमा विभक्त गरी संहिता दिए । व्यासका शिष्य परम बुद्धिमान् वैशम्पायनले यजुर्वेदरूपी वृक्षका सत्ताईस शाखा निर्माण गरे । काण्व र वाजसनेय आदि शाखालाई याज्ञवल्क्य आदिले सम्पादन गरेका छन् । व्यास शिष्य जैमिनीले सामवेद रूपी वृक्षका शाखा बनाए । त्यसपछि सुमन्तु र सुकर्माले एकएक संहिता रचना गरे । सुकर्माले आफ्ना गुरुबाट एक हजार संहिताहरू ग्रहण गरे । व्यास शिष्य सुमन्तुले अथर्ववेदको पनि एक शाखा बनाए र उनले पैप्पल आदि आफ्ना हजार शिष्यलाई त्यसको अध्ययन गराए । भगवान् व्यासदेवका कृपाले सूतले पुराण संहितालाई विस्तार गरे ।१६–३०।

# १५१. एकपञ्चाशदधिकशततमोऽध्यायः
## वर्णाश्रमेतरधर्म

अग्निरुवाच
मन्वादयो भुक्तिमुक्तिधर्म्मांश्चीर्त्वाप्नुवन्ति यान् ।
प्रोचे परशुरामाय वरुणोक्तं तु पुष्करः ।१।
वर्णाश्रमेतराणां ते धर्मान्वक्ष्यामि सर्वदान् ।
मन्वादिन् निगदितान्वासुदेवादितुष्टिदान् ।२।
पुष्कर उवाच
अहिंसा सत्यवचनं दया भूतेष्वनुग्रहः ।
तीर्थानुसरणं दानं ब्रह्मचर्य्यसमत्सरः ।३।
देवद्विजातिशुश्रूषा गुरुणां च भृगूत्तम ।
श्रवणं सर्वधर्माणां पितॄणां पूजनं तथा ।४।

अग्निदेव भन्दछन्– मनु आदि राजर्षिहरूले जुन धर्मको अनुष्ठान गरेर भोग र मोक्ष प्राप्त गरिसकेका छन्, त्यसको वर्णन वरुणदेवताले पुष्करलाई गरेका थिए अनि पुष्करले श्रीपरशुरामसित त्यसको वर्णन गरेका थिए । म वर्ण, आश्रम र यिनीहरूभन्दा भिन्न धर्मको वर्णन तिमीसित गर्दछु । ती सबैले काम पूरा गराइदिनेछन् । मनु आदि धर्मात्माहरूले पनि तिनको उपदेश गरेका थिए र ती कुराहरू वासुदेव आदि भगवान्लाई सन्तोष गराउने किसिमका हुन्छन् ।१–२।

पुष्करले भन्दछन्– हे भृगुश्रेष्ठ ! अहिंसा, सत्य बोली, दया, सबै प्राणीप्रति कृपा, तीर्थको खोज, दान, ब्रह्मचर्य, अल्छ्याइँको अभाव, देवता, गुरु र ब्राह्मणको सेवा, सबै धर्मको जानकारी, पितृहरूको पूजा, मानिसहरूका स्वामी भगवान्मा

भक्तिश्च नृपतौ नित्यं तथा सच्छास्त्रनेत्रता ।
आनृशंस्यं तितिक्षा च तथा चास्तिक्यमेव च ।५।
वर्णाश्रमाणां सामान्यधर्म्माधर्मं समीरितम् ।
यजनं याजनं दानं वेदाद्यध्यापनक्रिया ।६।
प्रतिग्रहं चाध्ययनं विप्रकर्माणि निर्दिशेत् ।
दानमध्ययनं चैव यजनं च यथाविधि ।७।
क्षत्रियस्य सवैश्यस्य कर्मेदं परिकीर्त्तितम् ।
क्षत्रियस्य विशेषेण पालनं दुष्टनिग्रहः ।८।
कृषिगोरक्ष्यवाणिज्यं वैश्यस्य परिकीर्त्तितम् ।
शूद्रस्य द्विजशुश्रूषा सर्वशिल्पानि वाप्यथ ।९।
मौञ्जीबन्धनतो जन्म विप्रादेश्च द्वितीयकम् ।
आनुलोम्येन वर्णानां जातिर्म्मातृसमा स्मृता ।१०।
चण्डालो ब्राह्मणीपुत्रः शूद्राच्च प्रतिलोमतः ।
सूतस्तु क्षत्रियाज्जातो वैश्याद्वै देवलस्तथा ।११।
पुक्कसः क्षत्रियापुत्रः शूद्रात्स्यात्प्रतिलोमजः ।
मागधः स्यात्तथा वैश्याच्छूद्रादायोगवोऽभवत् ।१२।
वैश्यायां प्रतिलोमेभ्यः प्रतिलोमाः सहस्रशः ।
विवाहः सदृशैस्तेषां नोत्तमैर्नाधमैस्तथा ।१३।
चण्डालकर्म निर्दिष्टं वध्यानां घातनं तथा ।
स्त्रीजीवनं तु तद्रक्षा प्रोक्तं वैदेहकस्य च ।१४।
सूतानामश्वसारथ्यं पुक्कसानां च व्याधता ।
स्तुतिक्रिया मागधानां तथा चायोगवस्य च ।१५।
रङ्गावतरणं प्रोक्तं तथा शिल्पैश्च जीवनम् ।
बहिर्ग्रामनिवासश्च मृतचैलस्य धारणम् ।१६।
न संस्पर्शस्तथैवान्यैश्चण्डालस्य विधीयते ।
ब्राह्मणार्थे गवार्थे वा देहत्यागोऽत्र यः कृतः ।१७।
स्त्रीबालाद्युपपत्तौ वा बाह्यानां सिद्धिकारणम् ।
सङ्करे जातयो ज्ञेयाः पितुर्मातुश्च कर्मतः ।१८।

सधैँ भक्तिभाव, उत्तम शास्त्रको अवगाहन, क्रूरताको अभाव, सहनशीलता र आस्तिक भाव— यी वर्ण तथा आश्रम दुवैका लागि साझा धर्म हुन् भनिएको छ। यिनका विपरीत आचरण जुन हुन्छन् ती अधर्म हुन्। यज्ञ गर्नु र गराउनु, दान दिनु, वेद पढाउने काम गर्नु, उत्तम दान ग्रहण गर्नु र स्वाध्ययनमा लाग्नु ब्राह्मणका कर्म यिनै हुन्। दान दिनु, वेदको अध्ययन गर्नु र विधिपूर्वक यज्ञको अनुष्ठान गर्नु— यी क्षत्रियका र वैश्यका साझा कर्म हुन्। प्रजाको पालन गर्नु र दुष्टलाई सजाय दिनु क्षत्रियका विशेष कर्म हुन्। खेती, पशुपालन र व्यापार वैश्यका यी विशेष कर्म हुन् भनिएको छ। ब्राह्मण, क्षत्रिय र वैश्य यी द्विजहरूको सेवा र सबै खालका शिपको कामका साथै निर्माण आदि शुद्रका कर्म हुन्। ब्रतबन्ध संस्कार गरिने हुनाले ब्राह्मण, क्षत्रिय र वैश्य बालकको दोस्रो जन्म हुन्छ, त्यसैले ती द्विज हुन् भनिएको छ। यदि अनुलोम क्रममा वर्णको उत्पत्ति हुन्छ भने माताकै समान बालकको जाति हुन्छ भन्ने मानिन्छ। विलोम क्रमले शुद्रका वीर्यबाट उत्पन्न हुने ब्राह्मणीको पुत्रलाई चाण्डाल भनिन्छ। क्षत्रियका वीर्यबाट उत्पन्न हुने ब्राह्मणीको पुत्रलाई सूत भनिन्छ र वैश्यका वीर्यले ब्राह्मणीबाट जन्मने वैदेहक नामको हुन्छ। क्षत्रिय जातिकी स्त्रीका पेटबाट शुद्रद्वारा विलोम रीतिले उत्पन्न भएको पुत्रलाई पुक्कस भन्दछन्। वैश्य र शुद्रका वीर्यले क्षत्रिणिबाट उत्पन्न भए भने तिनलाई क्रमशः मागध र अयोगव नामका भन्ने गरिन्छ। वैश्य जातिकी स्त्रीका गर्भबाट शुद्र एवं विलोमज जातिद्वारा विलोमज नै भएर उत्पन्न हुने सन्तानका हजारौँ भेद हुन्छन्। यिनीहरूको विवाह आपसमा समान जातिसितै हुनुपर्दछ; आफूभन्दा उच्च वा नीच जातिसित होइन। मार्नु पर्ने प्राणी मार्ने काम चाण्डालको हो भनिएको छ। स्त्रीहरूको उपयोगमा आउने वस्तु बनाउने र स्त्रीहरूको रक्षा गरी जीविका चलाउने कार्य वैदकको हो। सूतले घोडाको हेरचाह र सारथिको काम गर्छन् भने पुष्कसले व्याधाका काम गर्नुपर्दछ अनि मागधको काम भनेको स्तुति गाउनु एवं प्रशंसाका गीत गाउनु हो। अयोगवको कार्य रङ्गको काम, सिपको काम आदि कलाकारिता गरेर जीविका चलाउने हो। चाण्डालहरूले गाउँभन्दा बाहिर बसोबास गरी मृतकबाट झिकेका लुगा लगाएर जीविका निर्वाह गर्नुपर्छ। चाण्डालले अर्को वर्णका मानिसलाई छुनु हुँदैन। ब्राह्मण तथा गाईको रक्षा गर्नका लागि प्राण त्याग्नु अथवा स्त्री एवं बालकको रक्षाका निम्ति ज्यान फाल्नु वर्णभन्दा बाहिरका चाण्डाल आदि जातिको सिद्धि प्राप्त गर्ने कारण हो भन्ने मानिएको छ। वर्णसङ्कर व्यक्तिहरूको जाति उनीहरूकै माता-पिता र जातिसिद्ध कर्मबाट जान्नु पर्दछ।३-१८।

# १५२. द्विपञ्चाशदधिकशततमोऽध्यायः

## गृहस्थवृत्ति

पुष्कर उवाच

आजीवंस्तु यथोक्तेन ब्राह्मणः स्वेन कर्मणा ।
क्षत्रविट्शूद्रधर्मेण जीवेन्नैव तु शूद्रजात् ।१।
कृषिवाणिज्यगोरक्ष्यं कुसीदं च द्विजश्चरेत् ।
गोरसं गुडलवणलाक्षामांसानि वर्जयेत् ।२।
भूमिं भित्वौषधीश्छित्वा हत्वा कीटपिपीलिकाः ।
पुनन्ति खलु यज्ञेन कर्षका देवपूजनात् ।३।
हलमष्टगवं धर्म्यं षड्गवं जीवितार्थिनाम् ।
चतुर्गवंनृशंसानां द्विगवं धर्मघातिनाम् ।४।
ऋतामृताभ्यां जीवेत मृतेन प्रमृतेन वा ।
सत्यानृताभ्यामपि वा न श्ववृत्त्या कदाचन ।५।

पुष्करले भन्दछन्– हे परशुराम ! शास्त्रले बनाएको अनुसारकै कर्मबाट ब्राह्मणले आफ्नो जीविका चलाउनुपर्छ; क्षत्रिय, वैश्य र शुद्रका पेसाले जीविका चलाउनु हुँदैन । आपदकालमा पर्दा क्षत्रिय र वैश्यको वृत्ति ग्रहण गरून् तर शूद्रका वृत्तिले कहिल्यै गुजारा नगर्नू । द्विजले खेती, व्यापार, पशुपालन र व्याजको कारोवारका पेशा गर्न हुन्छ तर उनले दुग्धपदार्थ, गुड, नुन, लाहा र पाशु नबेच्नू । किसानले धर्ती खनजोत गर्दा जुन किराफट्ङग्रा मार्छ वा कृषि औजारले जे जति बोट बिरुवा मास्छ देवपूजा र यज्ञ गरी त्यस दोषबाट ऊ मुक्त हुन्छ । आठवटा गोरु नारेको हलो धर्मकै अनुसारको हुन्छ भन्ने मानिन्छ । जीविका चलाउनेहरूको हलो छ वटा गोरुको, निर्दयी हत्याराको हलो चार गोरुको र धर्मको नाश गराउने मानिसको हलो दुई गोरु नारेको हुन्छ भन्ने मानिएको छ । ब्राह्मणले ऋत र अमृतले अथवा मृत र प्रमृतले या त फेरि सत्यानृत वृत्तिले जीविका चलाउनुपर्छ । श्वानवृत्तिले कहिल्यै जीविका चलाउनु हुँदैन ।१–५।

# १५३. त्रिपञ्चाशदधिकशततमोऽध्यायः

## ब्रह्मचर्य्याश्रम

पुष्कर उवाच

धर्ममाश्रमिणां वक्ष्ये भुक्तिमुक्तिप्रदं शृणु ।
षोडशर्तुनिंशाः स्त्रीणामाद्यास्तिस्रस्तु गर्हिताः ।१।
व्रजेद्युग्मासु पुत्रार्थी कर्माधानिकमिष्यते ।
गर्भस्य स्पष्टताज्ञाने सवनं स्पन्दनात्पुरा ।२।
षष्ठेऽष्टमे वा सीमन्तं पुत्रीयं नामभं शुभम् ।
अच्छिन्ननाड्यां कर्त्तव्यं जातकर्म विचक्षणैः ।३।
आशौचे तु व्यतिक्रान्ते नामकर्म विधीयते ।
शर्मान्तं ब्राह्मणस्योक्तं वर्मान्तं क्षत्रियस्य तु ।४।

पुष्कर भन्दछन्– हे परशुराम ! अब म आश्रमअनुसारको पुरुषहरूका धर्मको वर्णन गर्दछु; सुन ! यसले भोग र मोक्ष प्रदान गर्दछ । स्त्रीको ऋतु धर्मको रात्रिहरू सोह्रवटा हुन्छन् । तिनीहरूमध्ये पहिलेका तीन रातहरू निन्दित हुन्छन् । बाँकी रातहरूमा जोडी अर्थात् चौथो, छैटौं, आठौं र दसौं रातहरूमै पुत्रको रहर भएका पुरुष-स्त्रीले समागम गर्नुपर्छ । यसलाई गर्भाधान संस्कार भनिन्छ । गर्भ रहेको छ भन्ने स्पष्ट जानकारी भइसकेपछि गर्भमा रहेको बालक चल्न थाल्नुभन्दा पहिले नै पुंसवन संस्कार गर्नुपर्ने हुन्छ । त्यसपछि छैटौं वा आठौं महिनामा सीमन्तोन्नयन नामको संस्कार गरिन्छ । त्यस दिन पुल्लिङ्गी नाम भएको नक्षत्र भएका शुभ हुन्छ । बालक जन्मिएपछि नाल काट्नुभन्दा पहिले नै विद्वान् पुरुषद्वारा त्यसको जातकर्म संस्कार गर्नुपर्दछ । सूतक सकिएपछि नामकरण संस्कार गर्ने विधान छ । ब्राह्मणको नामका पछाडि शर्मा र क्षत्रियको नामका पछाडि वर्मा राखेको हुनुपर्छ । वैश्य र

गुप्तदासात्मकं नाम प्रशस्तं वैश्यशूद्रयोः।
बालं निवेदयेद्भर्त्रे तव पुत्रोऽयमित्युत ।५।
यथाकुलं तु चूडाकृद् ब्राह्मणस्योपनायनम्।
गर्भाष्टमेऽष्टमे वाब्दे गर्भादेकादशे नृपे ।६।
गर्भात्तु द्वादशे वैश्ये षोडशाब्दादितो न हि।
मुञ्जानां वल्कलानां तु क्रमान्मौञ्ज्यः प्रकीर्त्तिताः ।७।
मार्गवैयाघ्रवास्तानि चर्माणि व्रतचारिणाम्।
पर्णपिप्पलबिल्वानां क्रमाद्दण्डाः प्रकीर्तिताः ।८।
केशदेशललाटास्यतुल्याः प्रोक्ताः क्रमेण तु।
अवक्राः सत्वचः सर्वे नाविप्लुष्टास्तु दण्डकाः ।९।
वासापवीते कार्पासक्षौमोणानां यथाक्रमम्।
आदिमध्यावसानेषु भवच्छब्दोपलक्षितम् ।१०।
प्रथमं तत्र भिक्षेत यत्र भिक्षा ध्रुवं भवेत्।
स्त्रीणाममन्त्रतस्तानि विवाहस्तु समन्त्रकः ।११।
उपनीय गुरुः शिष्यं शिक्षयेच्छौचमादितः।
आचारमग्निकार्य्यं च सन्ध्योपासनमेव च ।१२।
आयुष्यं प्राङ्मुखो भुङ्क्ते यशस्यं दक्षिणामुखः।
श्रियं प्रत्यङ्मुखो भुङ्क्ते ऋतं भुङ्क्त ह्युदङ्मुखः ।१३।
सायं प्रातश्च जुहुयान्नामेध्यं व्यस्तहस्तकम्।
मधु मांसं जनैः सार्द्धं गीतं नृत्यं च वै त्यजेत् ।१४।
हिंसां परापवादं वै अश्लीलं च विशेषतः।
दण्डादि धारयेन्नष्टमप्सु क्षिप्त्वान्यधारणम् ।१५।
वेदस्वीकरणं कृत्वा स्नायाद्वै दत्तदक्षिणः।
नैष्ठिको ब्रह्मचारी वा देहान्तं निवसेद्गुरौ ।१६।

शूद्रका नामका पछाडि क्रमशः गुप्त र दास पदहरू जोडिएको हुनु राम्रो मानिएको छ। त्यस संस्कारका समयमा पत्निले पतिका काखमा यो तिम्रो छोरो हो भन्दै छोरो राखिदिन्छन्। त्यसपछि कुलको नियमअनुसार चूडाकरण गर्नुपर्छ। ब्राह्मण बालकको उपनयन संस्कार गर्भ अथवा जन्मको आठौँ वर्षमा गरेको हुनुपर्छ। गर्भको एघारौँ वर्षमा क्षत्रिय बालकको र गर्भको बाह्रौँ वर्षमा वैश्य बालकको उपनयन गर्नुपर्छ। ब्राह्मण बालकको सोह्र, क्षत्रिय बालकको बाईस र वैश्य बालकको चौबीस वर्षभन्दा बढी उमेर नपारीकन उपनयन संस्कार गराउनुपर्छ। तीनवटै वर्णका लागि क्रमशः मुञ्ज, प्रत्यञ्चा र बल्कलको मेखला हुनुपर्छ भनिएको छ। यसै गरी तीनवटै वर्णका ब्रह्मचारीका लागि क्रमशः मृग, व्याघ्र र बाखाको छाला र पलाश, पिपल र बेलको दण्ड धारण गर्नु योग्य हुन्छ भनिएको छ। ब्राह्मणको दण्ड उसको कपालसम्म, क्षत्रियको निधारसम्म र वैश्यको दण्ड उसकै मुखसम्मको लागि हुनुपर्छ। यसै किसिमले दण्डको लम्बाइ बताइएको छ। दण्डहरू बाङ्गाहुनु हुँदैन। यिनका बोक्रा सग्लै हुनुपर्छ र आगामा डढेको हुनु हुँदैन। उक्त तीनै वर्णका लागि वस्त्र र यज्ञोपवीत क्रमशः कपास, रेशम र ऊनीको हुनुपर्दछ। ब्राह्मण ब्रह्मचारीले भिक्षा माग्दा भवत् शब्दको प्रयोग वाक्यका सुरुमै गर्दै भवति भिक्षां मे देहि भन्नुपर्छ। यसै गरी क्षत्रिय ब्रह्मचारीले वाक्यका माझमा भवत् शब्द प्रयोग गरी भिक्षां भवति मे देहि भन्नुपर्छ र वैश्यले— भिक्षां मे देहि भवति भन्नुपर्छ। जहाँ पक्कै भिक्षा प्राप्त हुने सम्भावना हुन्छ, पहिले त्यहीं माग्नुपर्छ। स्त्रीहरूका अरू सबै संस्कार मन्त्रविना नै हुनुपर्छ भने केवल विवाह संस्कार मात्रै मन्त्रोच्चारणसहित हुन्छ। शिष्यलाई उपनयन-यज्ञोपवीत संस्कार गराइसकेपछि गुरुले सर्वप्रथम उसलाई शौचको आचार, सदाचार, अग्निहोत्र र सन्ध्योपासनको शिक्षा दिनुपर्छ। पूर्वतिर फर्केर जसले खान्छ उसले आयुको भोग गर्दछ। दक्षिणतिर फर्केर खानेले यशको भोग गर्छ, पश्चिम फर्केर खानेले धनलक्ष्मीको भोग गर्छ र उत्तरतिर फर्केर अन्न खाने पुरुषले सत्यको उपभोग गर्दछ। ब्रह्मचारीले प्रत्येक दिन साँझ बिहान अग्निहोत्र गर्नुपर्छ। अपवित्र वस्तुको होम गर्नु निषिद्ध छ। होम गर्दाका समयमा हातका औँलाहरू एकापसमा जोडिएका हुनुपर्छ। मदिरा, मांस, अरू मानिससँगको विवाद, गायन र नाच आदि छोड्नुपर्छ। हिंसा, परनिन्दा र विशेषत? अश्लील चर्चालाई त्याग गर्नुपर्छ। दण्ड आदि धारण गरिरहनुपर्छ। यदि आफूले लिएको दण्ड भाँचियो भने त्यसलाई पानीमा बगाइदिनुपर्छ र नयाँ दण्ड धारण गर्नुपर्छ। वेदको अध्ययन पूरा गरेर गुरुलाई दक्षिणा दिइसकेपछि व्रत अन्त्य भएको स्नान गर्नुपर्छ अथवा सधैँकालगि निष्ठावान् ब्रह्मचारी भएर जीवनभरि गुरुकुलमै निवास गर्नुपर्छ ।१-१६।

# १५४. चतुष्पञ्चाशदधिकशततमोऽध्यायः

## विवाह

पुष्कर उवाच

विप्रश्चतस्रो विन्देत भार्य्यास्तिस्रस्तु भूमिपः ।
द्वे च वैश्यो यथाकामं भार्य्यैकामपि चान्त्यजः ।१।
धर्म्मकार्य्याणि सर्वाणि न कार्याण्यसवर्णया ।
पाणिर्ग्राह्यः सवर्णासु गृह्णीयात्क्षत्रिया शरम् ।२।
वैश्या प्रतोदमादद्यादशां वै चान्त्यजा तथा ।
सकृत्कन्या प्रदातव्या हरंस्तां चौरदण्डभाक् ।३।
अपत्यविक्रयासक्ते निष्कृतिर्न्न विधीयते ।
कन्यादानं शचीयागो विवाहोथ चतुर्थिका ।४।
विवाहमेतत्कथितं नामकर्म्मचतुष्टयम् ।
नष्ट मृते प्रव्रजिते क्लीबे च पतिते पतौ ।५।
पञ्चस्वापत्सु नारीणां पतिरन्यो विधीयते ।
मृते तु देवरे देया तदभावे यथेच्छया ।६।
पूर्वात्रितयमाग्नेयं वायव्यं चोत्तरात्रयम् ।
रोहिणी चेति चरणे भगणः शस्यते सदा ।७।
नैकगोत्रां तु वरयेन्नैकार्षेवां च भार्गव ।
पितृतः सप्तमादूर्ध्वं मातृतः पञ्चमात्तथा ।८।
आहूय दानं ब्राह्मः स्यात्कुलशीलयुताय तु ।
पुरुषांस्तारयेत्तज्जो नित्यं कन्या प्रदानतः ।९।
तथा गोमिथुनादानाद्विवाहस्त्वार्ष उच्यते ।
प्रार्थिता दीयते यस्य प्राजापत्यः स धर्म्मकृत् ।१०।
शुल्केन चासुरो मन्दो गान्धर्वो वरणान्मिथः ।
राक्षसो युद्धहरणात्पैशाचः कन्यकाच्छलात् ।११।

पुष्कर भन्दछन्– हे परशुराम ! आफ्नो रहरअनुसार ब्राह्मणले चारै वर्णका कन्यासँग विवाह गर्न सक्छ, क्षत्रियले तीनसँग, वैश्यले दुईसँग र शूद्रले एकै स्त्रीसँग विवाह गर्ने अधिकार पाएको छ। आफ्नो वर्णका समान छैनन् भने पुरुषले त्यस्ता स्त्रीसित कुनै पनि धार्मिक कार्यको अनुष्ठान गर्नुहुँदैन । आफ्नो समान वर्णका स्त्रीसित विवाह गर्दाखेरि पतिले ती कन्याको हात समात्नुपर्छ । यदि क्षत्रिय कन्याको विवाह ब्राह्मणसित हुन्छ भने उसले ब्राह्मणका हातमा हात नदिएर उसले समातेका बाणको टुप्पो समाउन दिनुपर्छ। यसै गरी वैश्य कन्याले यदि ब्राह्मण वा क्षत्रियसँग विवाह गर्ने हो भने उसले वरका हातमा भएको चाबुक समाउनुपर्छ र शूद्र कन्याले वरका लुगाको फेर समात्नुपर्दछ । कन्याको दान एकैपटक गर्नुपर्दछ। जसले त्यस कन्याको अपहरण गर्दछ ऊ चोरीको समान दण्ड पाउने अधिकारी हुन्छ। सन्तान बेच्नमा जो आसक्त हुन्छ पापबाट ऊ कहिल्यै मुक्त हुँदैन। कन्यादान, शचीयोग, विवाह र चतुर्थीकर्म यी चारको नाम विवाह हो। पति बेपत्ता भयो, मर्‍यो वा सन्यासी, नपुंसक र पतित भयो भने यी पाँच प्रकारका आपत्ति कालमा विवाहका लागि वाग्दान भइसकेकी स्त्रीका लागि अर्को पतिको विधान छ। पति मर्‍यो भने देवरलाई कन्या दिनुपर्छ । देवर छैन भने इच्छाअनुसार अरू कसैलाई दिनुपर्छ । वर अथवा कन्याको वरण गर्नका लागि तीनैवटा पूर्वा, कृत्तिका, स्वाती, तीनवटै उत्तरा र रोहिणी यी नक्षत्रहरू सधैँ शुभ हुने मानिएको छ। परशुराम ! आफ्नै समानको गोत्र र प्रवरमा उत्पन्न भएका कन्या ग्रहण गर्नु हुँदैन। पितातर्फ सात पुस्ता अघि नै र माताभन्दा पाँचपुस्ता पछिका कुल परम्परामा ती वर वा कन्या जन्म भएको हुनुपर्छ। उत्तम कुल र असल स्वभावका वरलाई घरमा बोलाएर उसलाई कन्यादान गरेर दिनुलाई ब्राह्मविवाह भनिन्छ। त्यसबाट उत्पन्न भएको बालकले त्यस कन्यादानबाट भएका पुण्यका प्रभावले आफ्ना पूर्वजलाई सधैँका लागि उद्धार गर्दछ। वरसित एउटा गाई र एउटा गोरु लिएर जुन विवाह गरिन्छ त्यसलाई आर्ष विवाह भन्दछन्। जब कसैले माग्छ र उसलाई कन्या दिइन्छ भने त्यसलाई प्राजापत्य विवाह भनिएको छ र यसबाट धर्मको सिद्धि हुन्छ। मूल्य लिएर कन्या दिनु आसुर विवाह हो। यो नीच स्तरको कृत्य हो । वर र कन्याले जब स्वेच्छापूर्वक

वैवाहिकेऽह्नि कुर्वीत कुम्भकारमृदा शचीम् ।
जलाशये तु तां पूज्य वाद्याद्यैः स्त्री गृहं नयेत् ।१२।
प्रसुप्ते केशवे नैव विवाहः कार्य्य एव हि ।
पौषे चैत्रे कुजदिने रिक्ताविष्टितिथौ न च ।१३।
न शुक्रजीवेऽस्तमिते न शशाङ्के ग्रहार्द्दिते ।
अर्कार्किभौमयुक्ते भे व्यतीपातहते न हि ।१४।
सौम्यं पित्र्यं च वायव्यं सावित्रं रोहिणी तथा ।
उत्तरात्रितयं मूलं मैत्रं पौष्णं विवाहभम् ।१५।
मानुषाख्यस्तथा लग्नो मानुषाख्यांशकः शुभः ।
तृतीये च तथा षष्ठे दशमैकादशेऽष्टमे ।१६।
अर्क्कार्क्किचन्द्रतनयाः प्रशस्ता न कुजोऽष्टमः ।
सप्तान्त्याष्टमवर्गेषु शेषाः शस्ता ग्रहोत्तमाः ।१७।
तेषामपि तथा मध्यात्षष्टः शुक्रो न शस्यते ।
वैवाहिके भे कर्त्तव्या तथैव च चतुर्थिका ।१८।
न दातव्या ग्रहास्तत्र चतुराद्यास्तथैकगाः ।
पर्ववर्जं स्त्रियं गच्छेत्सत्या दत्ता सदा रतिः ।१९।

एकले अर्कालाई मन पराउँछन् र ग्रहण गर्छन् भने त्यसलाई गान्धर्व विवाह भनिन्छ। लडाइँ गरी कन्या जितेर अपहरण गर्नु राक्षस विवाह भनिन्छ र कन्यालाई भुक्क्याएर उडाउनु पैशाच विवाह मानिएको छ । विवाहका दिन कुम्भकारका माटाले शचीको प्रतिमा बनाएर जलाशयका किनारमा बाजागाजाका साथ त्यसलाई पूजा गराएर कन्यालाई घरमा ल्याउनुपर्छ । आषाढदेखि कार्त्तिकसम्म जुन बेला भगवान् विष्णुले शयन गर्दछन् त्यसबेला विवाह गर्नु हुँदैन। पुस र चैत्रमा पनि विवाह गर्न निषेध छ। मङ्गलको दिन र रिक्ता एवं भद्रा तिथिहरूमा पनि विवाह गर्न निषेध छ। जुनबेला बृहस्पति र शुक्र अस्त हुन्छन्, चन्द्रमामा ग्रहण लाग्नेछ, लग्न स्थानमा सूर्य, शनि वा मङ्गल छ र व्यतीपात दोष आइरहेको छ भने त्यस बेला पनि विवाह गर्नु हुँदैन। मृगशिरा, मघा, स्वाती, हस्त, रोहिणी, तीनवटै उत्तरा, मूल, अनुराधा र रेवती यी नक्षत्रहरू विवाहका लागि शुभ हुन् । पुरुषवाची लग्न र त्यसको नवमांश शुभ हुन्छ । लग्नभन्दा तेस्रो, छैटौँ, दसौँ, एघारौँ र आठौँ स्थानमा सूर्य, शनिश्चर र बुध भएमा शुभ हुन्छ। आठौँ स्थानमा मङ्गल हुनु अशुभ हो। बाँकी ग्रह सातौँ, बाह्रौँ र आठौँ घरमा भए भने शुभकारक हुन्छन् । यिनमा पनि छैटौँ स्थानको शुक्र उत्तम हुँदैन। चतुर्थी कर्म पनि वैवाहिक नक्षत्रमै गर्नुपर्दछ। त्यसमा लग्न तथा चौथो आदि स्थानमा ग्रह रहेनन् भने उत्तम हुन्छ। पर्वको दिन छोडेर अन्य समयमा स्त्री समागम गर्नुपर्छ। यसो गर्दा सती वा शची देवीको आशिर्वादले सधैँ प्रसन्नता प्राप्त हुन्छ ।१–१९।

# १५५. पञ्चपञ्चाशदधिकशततमोऽध्यायः

## आचार

पुष्कर उवाच

ब्राह्मे मुहूर्त्ते चोत्थाय विष्ण्वादीन्दैवतान् स्मरेत् ।
उभे मूत्रपुरीषे तु दिवा कुर्य्यादुदङ्मुखः ।१।
रात्रौ च दक्षिणे कुर्य्यादुभे सन्ध्ये यथा दिवा ।
न मार्गादौ जले वीथ्यां सतृणायां सदाचरेत् ।२।
शौचं कृत्वा मृदाचम्य भक्षयेद्दन्तधावनम् ।
नित्यं नैमित्तिकं काम्यं क्रियाङ्गं मलकर्षणम् ।३।

पुष्कर भन्दछन्– हे परशुराम ! प्रत्येक दिन बिहान ब्राह्म मुहूर्तमा उठेर श्रीविष्णु आदि देवतालाई स्मरण गर्नुपर्छ। दिउँसो उत्तरतर्फ फर्केर मल-मूत्र त्याग गर्नुपर्छ, रातमा दक्षिणतिर फर्केर गर्नु उचित हुन्छ र दुवै सन्ध्याहरूमा दिउँसोकै जस्तो उत्तरपट्टि फर्केर मलमूत्र त्याग गर्नुपर्छ । मार्ग, जल, बाटो, गल्लीमा पनि कहिल्यै मल त्याग आदि गर्नु हुँदैन । झारपातले पृथ्वीलाई छोपेर मात्रै सधैँ मल त्याग गर्नुपर्छ । माटोले हातगोडा राम्ररी धोएर कुल्ला गरिसकेपछि दन्तधावन गर्नुपर्छ । नित्य, नैमित्तिक, काम्य, क्रियाङ्ग, मलकर्षण र क्रिया-स्नान यी छ किसिमका स्नान हुन्छन् भनिएको छ ।

क्रियास्नानं तथा षष्टं षोढा स्नानं प्रकीर्त्तितम् ।
अस्नातस्याफलं कर्म्म प्रातः स्नानं चरेत्ततः ।४।
भूमिष्ठमुद्धृतात्पुण्यं ततः प्रस्रवणोदकम् ।
ततोऽपि सारसं पुण्यं तस्मान्नादेयमुच्यते ।५।
तीर्थतोयं ततः पुण्यं गाङ्गं पुण्यं तु सर्वतः ।
संशोधितमलः पूर्वं निमग्नश्च जलाशये ।६।
उपस्पृश्य ततः कुर्य्यादम्भसः परिमार्जनम् ।
हिरण्यवर्णास्तिसृभिः शन्नो देवीति चाप्यथ ।७।
आपो हिष्ठेति तिसृभिरिदमापस्तथैव च ।
ततो जलाशये मग्नः कुर्य्यादन्तर्जलं जपम् ।८।
तत्राघमर्षणं सूक्तं द्रुपदां वा तथा जपेत् ।
युञ्जते मन इत्येवं सूक्तं वाप्यथ पौरुषम् ।९।
गायत्रीं तु विशेषेण अघमर्षणसूक्तके ।
देवता भाववृत्तं तु ऋषिश्चैवाघमर्षणः ।१०।
छन्दश्चानुष्टभं तस्य भाववृत्तौ हरिः स्मृतः ।
आपीडमानः शाटीं तु देवतापितृतर्पणम् ।११।
पौरुषेण तु सूक्तेन ददेच्चैवोदकाञ्जलिम् ।
ततोऽग्निहवनं कुर्य्याद्दानं दत्त्वा तु शक्तितः ।१२।
ततः समभिगच्छेत योगक्षेमार्थमीश्वरम् ।
आसनं शयनं यानं जायाऽपत्यं कमण्डलुः ।१३।
आत्मनः शुचिरेतानि परेषां न शुचिर्भवेत् ।
भाराक्रान्तस्य गुर्विण्याः पन्था देयो गुरुष्वपि ।१४।
न पश्येच्चार्कमुद्यन्तं नास्तं यन्तं न चाम्भसि ।
नेक्षेन्नग्नां स्त्रिय कूपं शूनास्थानमघौघिनम् ।१५।
कार्पासास्थि तथा भस्म नाक्रामेद्यच्च कुत्सितम् ।
अन्तःपुरं वित्तगृहं परदौत्यं व्रजेन्न हि ।१६।
नारोहेद्विषमां नावं न वृक्षं न च पर्वतम् ।
अर्थायतनशास्त्रेषु तथैव स्यात्कुतूहली ।१७।

जसले स्नान गर्दैन उसका सबै कर्म निष्फल हुन्छन्; त्यसैले प्रत्येक दिन प्रातःकाल स्नान गर्नुपर्छ । इनारबाट झिकेको पानीभन्दा भूमिमा रहेको जल पवित्र हुन्छ । त्यसभन्दा पवित्र झरनाको पानी हो, त्यसभन्दा पनि पवित्र सरोवरको जल, त्यसभन्दा पवित्र नदीको जल हो भन्ने बताइएको छ । तीर्थको जल त्यसभन्दा पनि पवित्र हुन्छ र गङ्गाको जललाई सबैभन्दा पवित्र मानिएको छ । पहिले जलाशयमा डुबुल्की लगाएर शरीरको मैला पखाल्नुपर्छ । त्यसपछि आचमन गरी जलले मार्जन गर्नुपर्छ । मार्जन गर्दा हिरण्यवर्णाः आदि तीन तीन ऋचा, शं नो देवीरभिष्टये भन्ने यजुर्वेदको मन्त्र, आपो हि ष्ठा आदि यजुर्वेदका ऋचाहरू र इदमापः भन्ने यजुर्वेदको मन्त्र आदि मन्त्रहरूले गर्नुपर्छ । त्यसपछि जलाशयमा डुबुल्की लगाएर जलभित्रै जप गर्नुपर्छ । त्यसबेला अधमर्षण सूक्त अथवा यजुर्वेदको द्रुपदादिव भन्ने मन्त्र अथवा युञ्जते मनः. भन्ने यजुर्वेदको आदि सूक्त अथवा सहस्रशीर्षा भन्ने यजुर्वेदको पुरुष सूक्तको जप गर्नुपर्छ । विशेषतः गायत्री मन्त्रकै जप गर्नु उचित छ । अघमर्षण सूक्तमा भाववृत्त देवता र अघमर्षण ऋषि छन् । त्यसैबाट भाववृत्तका रूपमा भावनात्मक रूपले वरण गरिने श्रीहरिको स्मरण गरिन्छ । त्यसपछि वस्त्र बदलेर चिसो लुगा निचोर्नुभन्दा पहिले नै देवता र पितृहरूलाई तर्पण गर्नुपर्छ । त्यसपछि यजुर्वेदको एकतीसौँ अध्यायको पुरुष सूक्तले जलको अञ्जली दिनुपर्छ । त्यसपछि अग्निहोत्र गर्नुपर्छ । त्यसपछि आफ्नो शक्तिअनुसार दान दिएर योगक्षेमको सिद्धिका लागि परमेश्वरका शरणमा जानुपर्छ । आसन, शय्या, सवारी, स्त्री, सन्तान र कमण्डलु यी वस्तुहरू आफ्नै हुनुपर्छ, तबमात्रै आफू शुद्ध भएको मान्नुपर्छ । उपर्युक्त वस्तु अर्काका भए आफ्ना लागि शुद्ध हुँदैनन् । बाटो हिंडदै गर्दा कुनै भारी बोकेको, गर्भिणी स्त्री र गुरुजनलाई पनि बाटो दिनुपर्छ । उदय र अस्त हुँदाका समयमा सूर्यतर्फ नहेर्नू । जलमा पनि सूर्यको प्रतिबिम्बमा आँखा नलगाउनू । नाङ्गी स्त्री, इनार, हत्याको स्थान र पापीहरूलाई हेर्नु हुँदैन ।१-१५।

कपास, हड्डी, खरानी र घृणित वस्तु नाघ्नु हुँदैन । अर्काको सुत्ने कोठा र भण्डार घरमा पस्नु हुँदैन । अर्काको दूत बनेर काम गर्नु हुँदैन । भत्केको-फुटेको नौका-पुल, रुख र पर्वतमा चढ्नु हुँदैन । धन, घर र शास्त्रका विषयमा जिज्ञासा राख्नुपर्छ । डल्ला फोर्ने, सिन्का चुँड्ने र नङ टोक्ने मानिस मासिन्छ । मुख आदि अङ्ग बजाउनु हुँदैन । राति उज्यालो

लोष्टमर्द्दी तृणच्छेदी नखखादी विनश्यति ।
मुखादिवादनं नेहेद्विना दीपं न रात्रिगः ।१८।
नाद्वारेण विशेद्वेश्म न च वक्त्रं विरागयेत् ।
कथाभङ्गं न कुर्वीत न च वासोविपर्य्ययम् ।१९।
भद्र भद्रमिति ब्रूयान्नानिष्टं कीर्त्तयेत्कचित् ।
पालाशमासनं वर्ज्यं देवादिच्छायया व्रजेत् ।२०।
न मध्ये पूज्ययोर्यायान्नोच्छिष्टस्तारकादिदृक् ।
नद्यां नान्यां नदीं ब्रूयान्न कण्डूयोद्द्विहस्तकम् ।२१।
असन्तर्प्य पितृन्देवान्नदीपारञ्च नव्रजेत् ।
मलादि प्रक्षिपेन्नाप्सु न नग्नः स्नानमाचरेत् ।२२।
ततः समभिगच्छेत योगक्षेमार्थमीश्वरम् ।
स्रजं नात्मनापनयेत्खरादिकरजस्त्यजेत् ।२३।
हीनान्नावहसेद्गच्छेन्नादेशे निवसेच्च तैः ।
वैद्यराजनदीहीने म्लेच्छस्त्रीबहुनायके ।२४।
रजस्वलादिपतितैर्न भाषेत्केशवं स्मरेत् ।
नासवृतमुखः कुर्य्याद्धासं जृम्भां तथा क्षुतम् ।२५।
प्रभोरप्यवमानं स्वं गोपयेद्वचनं बुधः ।
इन्द्रियाणां नानुकूली वेगरोधं न कारयेत् ।२६।
नोपेक्षितव्यो व्याधिः स्याद्रिपुरल्पोऽपि भार्गव ।
रथ्यातिगः सदाचामेद्बिभृयान्नाग्निवारिणी ।२७।
न हुङ्कुर्य्याच्छिवं पूज्यं पादं पादेन नाक्रमेत् ।
प्रत्यक्षं वा परोक्षं वा कस्य चिन्नाप्रियं वदेत् ।२८।
वेदशास्त्रनरेन्द्रर्षिदेवनिन्दां विवर्जयेत् ।
स्त्रीणामीर्षा न कर्त्तव्या विश्वासं तासु वर्जयेत् ।२९।
धर्मश्रुतिं देवरतिं कुर्य्याद्धर्मादि नित्यशः ।
सोमस्य पूजां जन्मर्क्षे विप्रदेवादिपूजनम् ।३०।
षष्ठीचतुर्दश्यष्टम्यामभ्यङ्गं वर्जयेत्तथा ।
दूराद् गृहान्मूत्रविष्ठे नोत्तमैर्वैरमाचरेत् ।३१।

नलिई कतै जानु हुँदैन । ढोका बाहेक अरू कुनै पनि बाटोबाट घरमा प्रवेश गर्नु हुँदैन । मुखको रङ्ग बिगार्नु हुँदैन । अरूका कुराकानीमा बाधा हाल्नु हुँदैन र आफ्नो लुगा अरूका लुगासित साट्नु हुँदैन । भलो होस, राम्रो होस् भन्ने किसिमकै कुराहरू मुखबाट निकाल्नुपर्छ । कहिल्यै कसैको हानी हुने गरी केही कुरो गर्नु हुँदैन । पलासको आसन प्रयोग गर्नु हुँदैन । देवता आदिको छायादेखि तर्किएर हिँड्नुपर्छ । दुई मान्य व्यक्तिका बीचबाट हिँड्नु हुँदैन । जुठा मुखले तार आदितर्फ दृष्टि लगाउनु हुँदैन । एउटा नदीमा गएर अर्का नदीको नाम लिनु हुँदैन । दुवै हातले जिउ कन्याउनु हुँदैन । कुनै नदीमा पुगेपछि देवता र पितृलाई तर्पण नगरीकन तर्नु हुँदैन । पानीमा फोहोर मैला फ्याँक्नु हुँदैन । नाङ्गो भएर नुहाउनु हुँदैन । योगक्षेमका लागि परमात्माका शरणमा जानुपर्छ । आफ्नै हातले माला झिक्नु हुँदैन । गधा आदिले उडाएको धुलोबाट जोगिनुपर्छ । नीच पुरुषले दुःख पाएको देखेर उसलाई खिसी गर्नु हुँदैन । त्यस्ता व्यक्तिसँग अनुपयुक्त स्थानमा बसोबास गर्नु हुँदैन । वैद्य, राजा र नदी नभएका देशमा बस्नु हुँदैन । जहाँको अधिपति म्लेच्छ, स्त्री वा धेरै सङ्ख्यामा मानिसहरू हुन्छन् त्यस्ता देशमा पनि निवास गर्नु हुँदैन । रजस्वाला आदि र पतितसँग बोल्नु हुँदैन । भगवान् विष्णुको स्मरण सधैँ गर्नुपर्छ । मुख नछोपीकन ठूलो हाँसो हाँस्न, हाई गर्न र हाच्छिउँ गर्न पनि हुँदैन । विद्वान् पुरुषले स्वामीको र आफ्नो अपमानको कुरो गोप्य राख्नुपर्छ । सर्वथा इन्द्रियकै अनुकुल भई चल्नु हुँदैन, तिनलाई वशमै राख्नुपर्छ । मलमूत्रको वेग रोक्नु हुँदैन । हे परशुराम ! सानै भएपनि रोग र शत्रुको उपेक्षा गर्नु हुँदैन । बाटो कटेर आएपछि सधैँ आचमन गर्नुपर्छ । जल र अग्नि लिइराखनु हुँदैन । भलो चिताउने पूज्य पुरुषप्रति ठूलो स्वर गर्नु हुँदैन । गोडाले नै गोडा मिच्नु हुँदैन । वेद, शास्त्र, राजा, ऋषि र देवताको निन्दा गर्न छोड्नुपर्छ । स्त्रीप्रति ईर्ष्या राख्नु हुँदैन र तिनको कहिल्यै विश्वास पनि गर्नु हुँदैन । धर्मको श्रवण र देवतासित प्रेम गर्नुपर्छ । प्रत्येक दिन धर्मको अनुष्ठान आदि गर्नुपर्छ । जन्म–नक्षत्रका दिन, चन्द्रमा, ब्राह्म र देवता आदिको पूजा गर्नुपर्छ । षष्ठी, अष्टमी र चतुर्दशीका दिन तेल लगाउने, मालिस गर्ने काम गर्नुहुँदैन । घरभन्दा टाढा गएर मलमूत्र त्याग गर्नुपर्छ । उत्तम पुरुषसित कहिल्यै पनि शत्रुताको भावना राख्नु हुँदैन ।१६–३१।

# १५६. षड्पञ्चाशदधिकशततमोऽध्यायः

## द्रव्यशुद्धि

पुष्कर उवाच

द्रव्यशुद्धिं प्रवक्ष्यामि पुनः पाकेन मृण्मयम् ।
शुद्ध्यन्मूत्रपुरीषाद्यैः स्पृष्टं ताम्रं सुवर्णकम् ।१।
आवर्त्तितं चान्यथा तु वारिणाम्लेन ताम्रकम् ।
क्षारेण कांस्यलोहानां मुक्तादेः क्षालनेन तु ।२।
अब्जानां चैव भाण्डानां सर्वस्याश्ममयस्य च ।
शाकरज्जुमूलफलवैदलानां तथैव च ।३।
मार्जनाद्यज्ञपात्राणां पाणिना यज्ञकर्म्मणि ।
उष्णाम्बुना सस्नेहानां शुद्धिः सम्मार्जनाद् गृहे ।४।
शोधनान्प्रक्षणाद्वस्त्रे मृत्तिकाद्भिर्विशोधनम् ।
बहुवस्त्रे प्रोक्षणाच्च दारवाणां च तक्षणात् ।५।
प्रोक्षणात्संहतानां तु द्रवाणां च तथोत्प्लवात् ।
शयनासनयानानां शूर्पस्य शकटस्य च ।६।
शुद्धिः सम्प्रेक्षणाज्ज्ञेया पलालेन्धनयोस्तथा ।
सिद्धार्थकानां कल्केन शृङ्गदन्तमयस्य च ।७।
गोबालैः पलपात्राणामस्थ्नां स्याच्छृङ्गवत्तथा ।
निर्यासानां गुडानां च लवणानां च शोषणात् ।८।
कुसुम्भकुसुमानां च ऊर्णाकार्पासयोस्तथा ।
शुद्धं नदीगतं तोयं पुण्यं तद्वत्प्रसारितम् ।९।
मुखवर्जं च गौः शुद्धा शुद्धमश्वाजयोर्मुखम् ।
नारीणां चैव वत्सानां शकुनीनां शुनो मुखम् ।१०।
मुखैः प्रस्रवण वृत्ते मृगयायां सदा शुचि ।

पुष्कर भन्दछन्— हे परशुराम ! अब द्रव्यको शुद्धिका विषयमा भन्दछु । माटाको भाँडा पुनः पोल्दा-पकाउँदा शुद्ध हुन्छ । तर मलमूत्रको स्पर्श भएको छ भने पुनः पकाएर पनि शुद्ध हुँदैन । सुनको पात्र यदि अपवित्र वस्तुले छोइएको छ भने जलले धोएपछि पवित्र हुन्छ । ताँबको पात्र अमिलो र पानीले चोखो हुन्छ । काँस र फलामको पात्र खरानीले माझ्दा चोखो हुन्छ । मोती आदिको शुद्धि केवल पानीले पखाल्दैमा हुन्छ । पानीबाट उत्पन्न शङ्ख आदिले बनेका पात्रको, सबै खालका पत्थरको बनेका बस्तुको, साग, डोरी, फल एवं मूल र बाँध आदिका पात-डाँठले बनेका वस्तुको शुद्धि पनि यसै कसिमले धोईपखाली गरेर नै हुन्छ । यज्ञ कर्ममा यज्ञ पात्रको शुद्धि केवल दाहिने हातले कुशले पुछ्ता नै हुन्छ । घिउ वा तेलको चिल्लो लागेका पात्रको शुद्धि तातो पानीले हुन्छ । घरको शुद्धि बढारकुँडार गरेर र लिपपोत गरेर हुन्छ । धोइपखाली गर्दा लुगा चोखिन्छन् । माटो र पानीले शुद्धि हुन्छ । यदि लुगाको साह्रै ठूलो डङ्गुर नै कुनै अस्पृश्य वस्तुले छोएको भए त्यसमा पानी छर्केपछि त्यो शुद्ध भएको मानिन्छ । काठले बनेका पात्रलाई काटेर-खुर्केर शुद्ध हुन्छन् । पलङ-ओछ्यान आदि स्थिर वस्तुलाई जुठो आदिले दूषित गराएको भए पनि छर्कदा तिनको शुद्धि हुन्छ । घिउ-तेल आदिको शुद्धि कुशका दुई छुक्रालाई पात्रमा हालेर उफार्दा नै हुन्छ । ओछ्यान, आसन, सवारी, नालो, गाडा, पराल र काठको शुद्धि पनि सिञ्चन क्रियाले नै हुन्छ भन्ने जान्नुपर्छ । सिङ र दाँतले बनेका वस्तुहरूको शुद्धि पहेँलो सस्युँ पिसेर लगाइदिदाँ हुन्छ । नरिवल, तुम्बो आदि फलले बनेका पात्रको शुद्धि गाईका पुच्छरका रौँले घोटेर हुन्छ । शङ्ख आदि हड्डीले बनेका पात्रको शुद्धि सिङकै जस्तो पहेँलो सस्युँ पिसेर लिप्दा हुन्छ । धुप, खोटो, गुड, नुन, कुसुम्भको फूल, ऊन र कपासको शुद्धि घाममा सुकाएर हुन्छ । नदीको पानी सधैँ शुद्ध हुन्छ । बेच्नका लागि बजारमा फिजाइराखेको वस्तु शुद्ध मानिएको छ । मुखबाहेक गाईका अन्य सबै अङ्ग शुद्ध हुन्छन् । घोडा र बाखाका मुख शुद्ध मानिएको छ । स्त्रीहरूको मुख सधैँ शुद्ध हुन्छ । दुध दुहुन लागेका बेलामा गाईका बाछाको, रुखबाट फल खसाल्दा चराको र सिकार खेल्दाखेरि कुकरको मुख पनि शुद्ध हुन्छ भन्ने मानिएको छ । भोजन गर्ने, थुक्ने, सुत्ने,

भुक्त्वा क्षुत्वा तथा सुप्त्वा पीत्व चाम्भो विगाह्य च ।११।
रथ्यामाक्रम्य चाचामेद्वासो विपरिधाय च ।
मार्जारश्चङ्क्रमाच्छुद्धश्चतुर्थेह्नि रजस्वला ।१२।
स्नाता स्त्री पञ्चमे योग्या दैवे पित्र्ये च कर्मणि ।
पञ्चापाने दशैकस्मिन्नुभयोः सप्त मृत्तिकाः ।१३।
एकां लिङ्गे मृदं दद्यात्करयोस्त्रिद्विमृत्तिकाः ।
ब्रह्मचारिवनस्थानां यतीनां च चतुर्गुणम् ।१४।
श्रीफलैरंशुपट्टानां क्षौमाणां गौरसर्षपैः ।
शुद्धिः पर्युक्ष्य तोयेन मृगलोम्नां प्रकीर्त्तिता ।
पुष्पाणां च फलानां च प्रोक्षणाज्जलतोऽखिलम् ।१५।

पानी खाने, नुहाउने, बाटामा घुम्ने र लुगा लगाउने काम गरिसकेपछि अवश्य आचमन गर्नुपर्छ। बिरालो घुमफिर गरेर र रजस्वला स्त्री चौथो दिन शुद्ध हुन्छन्। ऋतुस्नान गरेकी स्त्री पाँचौ दिन देवता र पितृको पूजन कार्यमा सहभागी हुन योग्य हुन्छन् । शौच गरिसकेपछि पाँचपटक गुदामा, दसपटक बायाँ हातमा, सातपटक दुवै हातमा, एकपटक लिङ्गमा र फेरि दुई वा तीनपटक दुवै हातमा माटो लगाएर धुनुपर्छ। यो शौचको विधान गृहस्थको हो। ब्रह्मचारी, वानप्रस्थ र संन्यासीका लागि गृहस्थीको अपेक्षा चारगुना शौचको विधान बताइएको छ। कपडाको शुद्धि बेलका दिगुलले हुन्छ । त्यसलाई पानीमा घोलेर त्यसैमा कपडा डुबाउनुपर्छ र सफा पानीले पखाल्नुपर्छ। सनपाट आदिका धागोले बनेका कपडाको शुद्धिका लागि वा तिनमा लागेको तेल आदिको दाग मेटाउनका लागि पहेँलो सस्युँको पिना अथवा पिना मिसेको पानीले धुनुपर्दछ। मृगचर्म वा मृगका रौँले बनेको आसन आदिको शुद्धि त्यसमा जलका छिटा मात्रै दिँदा पनि हुन्छ भनिएको छ। फूल र फलको शुद्धि पनि तिनमा पानीका छिटा हाल्दा पूर्णतः हुन्छ।१-१५।

# १५७. सप्तपञ्चाशदधिकशततमोऽध्यायः

## शावाशौचादि

पुष्कर उवाच
प्रेतशुद्धिं प्रवक्ष्यामि सूतिकाशुद्धिमेव च ।
दशाहं शावमाशौचं सपिण्डेषु विधीयते ।१।
जनने च तथा शुद्धिर्ब्राह्मणानां भृगूत्तम ।
द्वादशाहेन राजन्यः पक्षाद्वैश्योऽथ मासतः ।२।
शूद्रोऽनुलोमतो दासे स्वामितुल्यं त्वशौचकम् ।
षड्भिस्त्रिभिरथैकेन क्षत्रविट्शूद्रयोनिषु ।३।
ब्राह्मणः शुद्धिमाप्नोति क्षत्रियस्तु तथैव च ।
विट्शूद्रयोनेः शुद्धिः स्यात्क्रमात्परशुरामक ।४।
षड्रात्रेण त्रिरात्रेण षड्भिः शुद्रे तथा विशः ।
आदन्तजननात्सद्य आचूडान्नैशिकी श्रुतिः ।५।
त्रिरात्रमाव्रतादेशाद्दशरात्रमतः परम् ।

पुष्कर भन्दछन्– अब म प्रेतशुद्धि र सूतिका शुद्धिका विषयमा वर्णन गर्दछु । सपिण्डहरूमा अर्थात् मूल पुरुषका सात पुस्तासम्मका सन्तानहरूमा मरणाशौच दस दिनसम्म रहन्छ। जन्म आशौच पनि त्यत्ति नै दिन रहन्छ। हे परशुराम ! यस्तो आशौचको कुरो ब्राह्मणका लागि भनिएको हो। क्षत्रिय बाह्र दिनमा, वैश्य पन्ध्र दिनमा र शूद्र एक महिनामा शुद्ध हुन्छन् । यहाँ त्यस्तो शूद्रको कुरो गरिएको हो जो अनुलोमज अर्थात् जसको जन्म सजातीय वा उच्च जातीय पिताबाट भएको छ। स्वामीलाई जति दिनसम्म आशौच लाग्दछ त्यति नै दिन सेवकलाई पनि लाग्छ। क्षत्रिय, वैश्य र शूद्रकै पनि जन्म आशौच दस दिनकै हुने गर्छ। हे परशुराम ! ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र यसै क्रमले शुद्ध हुन्छन् । अन्य उठेको मतअनुसार वैश्य र शूद्रको जन्म आशौच पन्ध्र दिनमा शुद्ध हुन्छ। यदि दाँत उम्रनुभन्दा पहिले नै बालक मर्छ भने त्यसको शुद्धि जन्मआशौचसँगै भएको मान्नुपर्छ। दाँत आइसकेपछि र चूडाकरणभन्दा पहिले नै मृत्यु भयो भने त्यसको शुद्धि एक रातसम्ममा हुन्छ। यज्ञोपवीतभन्दा पहिलेसम्मको तीन रातको र त्यसपछिको दस रातको आशौच हुन्छ भन्ने बताइएको छ।

ऊनत्रैवार्षिके शूद्र पञ्चाहाच्छुद्धिरिष्यते ।६।
द्वादशाहेन शुद्धिः स्यादतीते वत्सरत्रये ।
गतैः संवत्सरैः षड्भिः शुद्धिर्मासेन कीर्त्तिता ।७।
स्त्रीणामकृतचूडानां विशुद्धिर्नैशिकी स्मृता ।
तथा च कृतचूडानां त्र्यहाच्छुध्यन्ति बान्धवाः ।८।
विवाहितासु नाशौचं पितृपक्षे विधीयते ।
पितृगृहे प्रसूतानां विशुद्धिर्नैशिकी स्मृता ।९।
सूतिका दशरात्रेण शुद्धिमाप्नोति नान्यथा ।
विवाहिता हि चेत्कन्या म्रियते पितृवेश्मनि ।१०।
तस्यास्त्रिरात्राच्छुध्यन्ति बान्धवा नात्र संशयः ।
समानं लध्वशौचं तु प्रथमेन समापयेत ।११।
असमानं द्वितीयेन धर्म्मराजवचो यथा ।
देशान्तरस्थः श्रुत्वा तु कुल्यानां मरणोद्भवौ ।१२।
यच्छेषं दशरात्रस्य तावदेवाशुचिर्भवेत् ।
अतीते दशरात्रे तु त्रिरात्रमशुचिर्भवेत् ।१३।
तथा संवत्सरेऽतीते स्नात एवं विशुध्यति ।
मातामहे तथाऽतीते ह्याचार्य्ये च तथा मृते ।१४।
रात्रिभिर्म्मासतुल्याभिर्गर्भस्रावे विशोधनम् ।
सपिण्डे ब्राह्मणे वर्णाः सर्व्व एवाविशेषतः ।१५।
दशरात्रेण शुध्यन्ति द्वादशाहेन भूमिपः ।
वैश्याः पञ्चदशाहेन शूद्रा मासेन भार्गव ।१६।
उच्छिष्टसन्निधावेकं तथा पिण्डं निवेदयेत् ।
कीर्त्तयेच्च तथा तस्य नामगोत्रे समाहितः ।१७।
भुक्तवत्सु द्विजेन्द्रेषु पूजितेषु धनेन च ।
विसृष्टाक्षततोयेषु गोत्रनामानुकीर्त्तनैः ।१८।
चतुरङ्गुलविस्तारं तत्खातं तावदन्तरम् ।
वितस्तिदीर्घं कर्त्तव्यं विकर्षूणां तथा त्रयम् ।१९।
विकर्षूणां समीपे च ज्वालयेज्ज्वलनत्रयम् ।

तीन वर्षभन्दा कमको शूद्र बालकको यदि मृत्यु हुन्छ भने पाँच दिनपछि त्यसको आशौच निवृत्त हुन्छ । तीन वर्षपछि मृत्यु भएको छ भने बाह्र दिनपछि शुद्धि हुन्छ र छ वर्ष पूरा भईसकेपछि मृत्यु भएको छ भने त्यसको मृत्यु आशौच एक महिनापछि नै निवृत्त हुन्छ । कन्याहरूमा मुण्डन नभएका मृत्यु भए भने एक रातमा शुद्धि हुने भनेर मानिएको छ र जसको मुण्डन भइसकेको छ तिनको मृत्यु भयो भने तिनका बन्धुबान्धव तीन दिनपछि शुद्ध हुन्छन् । जुन कन्याको विवाह भइसकेको छ तिनका मृत्युको आशौच पितृकुललाई लाग्दैन । जुन स्त्रीले पिताकै घरमा सन्तान जन्म दिन्छन् तिनको त्यस घरमा एक रातको आशौच लाग्छ तर स्वयं सूतिका दस रातमा शुद्ध हुन्छन्, त्यसभन्दा पहिले होइन । यदि विवाहित कन्याको मृत्यु पिताका घरमा हुन्छ भने उसका बन्धुबान्धव तीन रातमा निश्चय नै शुद्ध हुन्छन् । समान आशौचलाई पहिले समाप्त गर्नुपर्छ र असमान आशौचलाई पछि । धर्मराजको भनाइ यस्तै छ । परदेशमा रहेका पुरुषले आफ्ना कुलमा कसैको जन्म या मृत्यु भएको खबर सुन्यो भने दस रात हुन जति समय बाँकी रहेको छ, त्यति नै समय आशौच उसलाई लाग्दछ । यदि दस रात बितेपछि उसले त्यस्तो समाचार पायो भने ऊ तीन रातसम्म आशौचयुक्त रहन्छ र यदि एक वर्ष बितेपछि उपर्युक्त कुराको जानकारी भयो भने केवल स्नान मात्रैले शुद्धि हुन्छ । मावलका हजुरबा र आचार्य मर्दाखेरि पनि तीन रातसम्म आशौच रहन्छ । हे परशुराम ! यदि स्त्रीको गर्भपतन भयो भने जति महिनाको गर्भ रहेर गएको हो त्यति नै रात बितेपछि त्यो स्त्रीको शुद्धि हुन्छ । सपिण्ड ब्राह्मण कुलमा मरणाशौच पऱ्यो भने त्यस कुलका सबै मानिस सामान्यतया दस दिनमा शुद्ध हुन्छन् । क्षत्रियहरू बाह्र दिनमा, वैश्य पन्ध्र दिनमा र शूद्र एक महिनामा शुद्ध हुन्छन् । पितृश्राद्धमा ब्राह्मण भोजन गराइएको उच्छिष्टको नजिकै वेदी बनाएर, त्यसलाई संस्कार गरेर, त्यसमाथि कुश ओछ्याएर त्यसै कुशमाथि पिण्डदान गर्नुपर्छ । त्यस बेलामा एकाग्र चित्त भई, प्रेत अथवा पितृको नाम गोत्र उच्चारण गरेर नै उनका लागि पिण्ड अर्पित गर्नुपर्छ । ब्राह्मणहरूले भोजन गरिसकेपछि र धनले तिनको सत्कार या पूजन गरिएपछि नाम गोत्र उच्चारण गर्दै उनका लागि अक्षत जल छोड्नुपर्छ । त्यसपछि चार अङ्गुल फराकिलो, त्यति नै गहिरो र एक बित्ता लामो एउटा खाडल खन्नुपर्छ । हे परशुराम ! त्यहाँ तीनवटा विकर्षु नामका सुकेका नर्कट राख्ने ठाउँ बनाउनुपर्छ र तिनकै छेउमा तीन ठाउँमा अग्नि प्रज्जलित गर्नुपर्छ । तिनमा क्रमशः सोमाय स्वाहा, वह्नये स्वाहा र यमाय स्वाहा भन्ने मन्त्र उच्चारण गर्दै सोम, अग्नि र यमलाई सङ्क्षेपमा चारचार वा तीनतीन आहुति दिनुपर्छ ।

सोमाय वह्नये राम यमाय च समासतः ।२०।
जुहुयादाहुतीः सम्यक्सर्वत्रैव चतुस्त्रयः ।
पिण्डनिर्वाषणं कुर्य्यात्प्राग्वदेव पृथक् पृथक् ।२१।
अन्नेन दध्ना मधुना तथा मांसेन पूरयेत् ।
मध्ये चेदधिमासः स्यात्कुर्य्यादभ्यधिकं तु तत् ।२२।
अथवा द्वादशाहेन सर्वमेतत्समापयेत् ।
संवत्सरस्य मध्ये च यदि स्यादधिमासकः ।२३।
तदा द्वादशके श्राद्धे कार्य्यं तदधिकं भवेत् ।
संवत्सरे समाप्ते तु श्राद्धं श्राद्धवदाचरेत् ।२४।
प्रेताय तत ऊर्ध्वं च तस्यैव पुरुषत्रये ।
पिण्डान्विनिर्वपेत्तद्वच्चतुरस्तु समाहितः ।२५।
सम्पूज्य दत्त्वा पृथिवी समाना इति चाप्यथ ।
योजयेत्प्रेतपिण्डं तु पिण्डेष्वन्येषु भार्गव ।२६।
प्रेतपात्रं च पात्रेषु तथैव विनियोजयेत् ।
पृथक् पृथक् प्रकर्त्तव्यं कर्मैतत्कर्म्मपात्रके ।२७।
मन्त्रवर्जमिदं कर्म्म शूद्रस्य तु विधीयते ।
सपिण्डीकरणं स्त्रीणां कार्य्यमेवं तदा भवेत् ।२८।
श्राद्धं कुर्य्याच्च प्रत्यब्दं प्रेते कुम्भान्नमब्दकम् ।
गङ्गायाः सिकता धारा यथा वर्षति वासवे ।२९।
शक्या गणयितुं लोके न त्वतीताः पितामहाः ।
काले सततगे स्थैर्यं नास्ति तस्मात्क्रियां चरेत् ।३०।
देवत्वे यातनास्थाने प्रेतः श्राद्धं कृतं लभेत् ।
नोपकुर्य्यान्नरः शोचन्प्रेतस्यात्मन एव वा ।३१।
भृग्वग्निपाशकाम्भोभिर्म्मृतानामात्मघातिनाम् ।
पतितानां च नाशौचं विद्युच्छस्त्रहताश्च ये ।३२।
यतिव्रतिब्रह्मचारिनृपकारुकदीक्षिताः ।
राजाज्ञाकारिणो ये च स्नायाद्वै प्रेतगाम्यपि ।३३।
मैथुने कटधूमे च सद्यः स्नानं विधीयते ।

सबै वेदीहरूमा समुचित विधिले आहुति दिनुपर्छ । त्यसपछि पहिलेकै जस्तो गरी त्यहाँ छुट्टाछुट्टै पिण्डदान गर्नुपर्छ ।१–२१।

अन्न, दही, मह र मासले पिण्डलाई खँदिलो बनाउनुपर्छ। यदि वर्षभरिमा अधिक मास आउँछ भनेदेखि त्यसका लागि एक पिण्ड बढी दिनुपर्छ। अथवा बाह्र महिनाका सबै मासिक श्राद्ध बाह्रौं दिनका दिन नै पूरा गरिदिनुपर्छ । यदि वर्षभित्र अधिक मासको सम्भावना छ भने बाह्रौंकै श्राद्ध गरेका दिन त्यस अधिक मासका लागि एक पिण्ड अधिक दिनुपर्छ। वर्ष दिन पूरा भएपछिका श्राद्धलाई सामान्य श्राद्धकै हिसावले सम्पन्न गर्नुपर्दछ । सपिण्डीकरण श्राद्धमा प्रेतलाई अलग्गै पिण्ड दिएर त्यसपछि उसका तीन पुस्ताका पितृलाई तीन पिण्ड प्रदान गर्नुपर्छ । यसै गरी यी चारै पिण्डलाई अत्यन्त एकाग्रतापूर्वक अर्पित गर्नुपर्छ । हे भृगुनन्दन ! पिण्डहरूको पूजा गरी दान गरेर पृथिवी ते पात्रम्, ये समानाः. इत्यादि मन्त्रहरू पाठ गर्दै यथोचित विधिले कार्य सम्पादन गर्दै प्रेत पिण्डका तीन टुक्रा क्रमशः पिता, पितामह र प्रपितामहका पिण्डमा जोड्नु वा मिस्नुपर्छ। यसभन्दा पहिले यसै किसिमले प्रेतको अर्घ्यपात्रलाई पिता, पितामह र प्रपितामहका अर्घ्यपात्रमा मिसाउनुपर्छ । पिण्डमेलन र पात्रमेलनको यस कर्मलाई पृथक्पृथक् नै गर्नु उचित हुन्छ । शूद्रको यस्तो श्राद्ध कर्म मन्त्रविना नै गर्ने विधान छ । स्त्रीहरूको सपिण्डीकरण श्राद्ध पनि उसै समयमा यसै प्रकारका विधानले गर्नुपर्दछ । पितृहरूको श्राद्ध प्रत्येक वर्ष गर्नुपर्छ तर प्रेतका लागि सान्नोदक कुम्भदान एक वर्षसम्म गरिन्छ। सम्भवतः वर्षाकालका गङ्गाका पानीका धाराहरूको गणना हुन सक्ला तर विगतका पितृहरूको गन्ती कहिल्यै सम्भव छैन । समय निरन्तर गतिशील छ, त्यसमा स्थिरता कहिल्यै आउँदैन । त्यसैले कर्म अवश्य गर्नुपर्छ । प्रेत पुरुषहरूले देवत्व प्राप्त गरेको होस् या नरकको यातनास्थानमा परेको होस्, गरिएका श्राद्धको फल उसले अवश्य प्राप्त गर्दछ । यसैकारण मानिसले शोक नगरीकन प्रेतका लागि वा आफ्ना लागि श्राद्ध आदि उपकार कर्म अवश्य गर्नुपर्छ। जो मानिस भीरबाट हाम फालेर, आगोले डढेर, घाँटीमा डोरीको पासो लगाएर वा पानीमा डुबेर मर्छन्, त्यस्ता आत्मघाती वा पतित मानिस मरेको आशौच लाग्दैन। जो चट्याङ खसेर वा युद्धमा हतियारको चोट लागेर मर्छन् उनीहरूका लागि पनि कुरा यस्तै हो । संन्यासी, व्रती, ब्रह्मचारी, राजा, राजमिस्त्री र यज्ञका लागि दीक्षित भएको पुरुष एवं राजाको आज्ञा पालन गर्ने जुन पुरुष हुन्छ त्यस्ता मानिसलाई आशौचले छुँदैन। यिनीहरू यदि प्रेतको शवयात्रामै गएका छन् भने पनि स्नान मात्रै गर्नुपर्छ। त्यतिले नै तिनीहरूको शुद्धि भइहाल्छ । मैथुन गरेपछि र

द्विजं न निर्हरेत्प्रेतं शूद्रेण तु कथञ्चन ।३४।
न च शूद्रं द्विजेनापि तयोर्दोषो हि जायते ।
अनाथविप्रप्रेतस्य वहनात्स्वर्गलोकभाक् ।३५।
सङ्ग्रामे जयमाप्नोति प्रेतेऽनाथे च काष्ठदः ।
सङ्कल्प्य बान्धवं प्रेतमपसव्येन तां चितिम् ।३६।
परिक्रम्य ततः स्नानं कुर्य्युः सर्व्वे सवाससः ।
प्रेताय च तथा दद्युस्त्रींस्त्रींश्चैवोदकाञ्जलीन् ।३७।
द्वार्य्यश्मनि पदं दत्त्वा प्रविशेयुस्तथा गृहम् ।
अक्षतान्निक्षिपेद्वह्नौ निम्बपत्रं विदश्य च ।३८।
पृथक् शयीरन्भूमौ च क्रीतलब्धवाशनो भवेत् ।
एकः पिण्डो दशाहे तु श्मश्रुकर्म्मकरः शुचिः ।३९।
सिद्धार्थकैस्तिलैर्विद्वान्मज्जेद्वासोऽपरं दधत् ।
अजातदन्ते तनये शिशौ गर्भमृते तथा ।४०।
कार्य्यो नैवाग्निसंस्कारो नैव चास्योदकक्रिया ।
चतुर्थे च दिने कार्य्यस्तथास्थ्नां चैव सञ्चयः ।
अस्थिसञ्चयनादूर्ध्वमङ्गस्पर्शो विधीयते ।४१।

उड्दै गरेका शवको धूवाँ लाग्यो भने तत्काल स्नान गर्नुपर्ने विधान छ । मरेका ब्राह्मणको शवलाई कुनै पनि अवस्थामा शूद्रद्वारा उठाइनु हुँदैन । यसै गरी शूद्रको शवलाई पनि कुनै हालतमा ब्राह्मणले उठाउनु हुँदैन । किनभने त्यसोगर्दा दुवैलाई दोष लाग्दैन । अनाथ ब्राह्मणको शव बोकेर अन्त्योष्टिकर्मका लागि लग्यो भने त्यो मानिस स्वर्गलोकको भागीदार हुन्छ । अनाथ प्रेतलाई दाह गर्नका लागि काठ दाउरा दिने मानिस सङ्ग्राममा विजय प्राप्त गर्ने हुन्छ । आफ्ना प्रेत बन्धुलाई चितामा राखेर डढाई त्यस चितालाई अपसव्य भएर परिक्रमा गरेपछि सबै भाइबन्धुले वस्त्रसितै स्नान गर्नुपर्छ र प्रेतका लागि तीन तीनपटक अञ्जली दिनुपर्छ । घरको कोठामा गएर ढुङ्गामा खुट्टा राखेर हातगोडा धोई अग्निमा अक्षत छोड्नुपर्छ र निमका पात चबाएर घरभित्र प्रवेश गर्नुपर्छ । घरमा पनि त्यस दिन सबैबाट छुट्टै भुइँमा गुन्द्री ओछ्याएर सुत्नुपर्छ । जुन घरको शव जलाइएको हो त्यस घरका मानिसले त्यस दिन किनेर मगाइएको वा सित्तैमा पाइएको आहार ग्रहण गर्नुपर्छ । दस दिनसम्म एक एकवटाका दरले पिण्डदान गर्नुपर्छ । दसौँ दिनका दिन एक पिण्ड दिएर कपाल काटेपछि मानिस शुद्ध हुन्छ । दसौँ दिनका दिन विद्वान् पुरुषले सस्युँ र तिलको लेपन लगाएर जलाशयमा डुबुल्की लगाउनुपर्छ र स्नान गरिसकेपछि अर्को नयाँ वस्त्र लगाउनुपर्छ । जुन बालकका दाँत उम्रेका छैनन् त्यो मर्दा वा गर्भस्राव हुँदा त्यसलाई न त दाह संस्कार नै गर्नुपर्छ न जलको अँजली नै दिनु आवश्यक छ । शव दाह गरिसकेपछि चौथो दिन अस्थि सञ्चय गर्नुपर्छ । अस्थि सञ्चयपछि अङ्गस्पर्शको विधान छ ।२२–४१।

# १५८. अष्टपञ्चाशदधिकशततमोऽध्यायः

## स्रावाद्याशौच

पुष्कर उवाच

स्रावाशौचं प्रवक्ष्यामि मन्वादिमुनिसम्मतम् ।
रात्रिभिर्म्मासतुल्याभिर्गर्भस्रावे त्र्यहेण वा ।१।
चातुर्म्मासिकपातान्ते दशाहं पञ्चमासतः ।
राजन्ये च चतूरात्रं वैश्ये पञ्चाहमेव च ।२।
अष्टाहेन तु शूद्रस्य द्वादशाहादतः परम् ।
स्त्रीणां विशुद्धिरुदिता स्नानमात्रेण वै पितुः ।३।

पुष्कर भन्दछन्— अब म मनु आदि महर्षिहरूको मत अनुसार गर्भस्रावबाट हुने आशौचको वर्णन गर्दछु । चौथो महिनासम्मको गर्भस्राव र पाँचौ–छैटौँ महिनासम्मको गर्भपातको नियम यस्तो छ कि जति महिनामा गर्भस्खलन हुन्छ, उति नै रात्रीहरू वा तीन रात्रीहरूमा स्त्रीहरू शुद्ध हुन्छन् । सातौँ महिनदेखि दस दिनको आशौच हुन्छ । प्रथम तीन महिनाभरि ब्राह्मणका लागि तीन रात, क्षत्रियका लागि चार रात, वैश्यका लागि पाँच दिन र शूद्रका लागि आठ दिनसम्म आशौचको समय रहन्छ । सातौँ महिनाभन्दा बढी भएमा सबैका लागि बाह्र दिनको अशुद्धि हुन्छ । यो आशौच केवल स्त्रीकै लागि मात्र बताइएको हो । आमा मात्रै त्यति दिन अशुद्ध रहन्छन् भन्ने नै यसको तात्पर्य हो । पिताको शुद्धि त

न स्नानं हि सपिण्डे स्यात् त्रिरात्रं सप्तमाष्टयोः।
सद्यः शौचं सपिण्डानामादन्तजननात्तथा ।४।
आचूडादेकरात्रं स्यादाव्रताच्च त्रिरात्रकम् ।
दशरात्रं भवेदस्मान्मातापित्रोस्त्रिरात्रकम् ।५।
अजातदन्ते तु मृते कृतचूडेऽर्भके तथा ।
प्रेते न्यूने त्रिभिर्व्वर्षैर्मृते शुद्धिस्तु नैशिकी ।६।
द्व्यहेन क्षत्रिये शुद्धिस्त्रिभिर्व्वैश्ये मृते तथा ।
शुद्धिः शुद्धे पञ्चभिः स्यात्प्राग्विवाहाद्विषट् त्वहः ।७।
यत्र त्रिरात्रं विप्राणामशौचं सम्प्रदृश्यते ।
तत्र शूद्रे द्वादशाहः षण्णव क्षत्रवैश्ययोः ।८।
द्व्यब्दे नैवाग्निसंस्कारो मृते तन्निखनेद्भुवि ।
न चोदकक्रिया तस्य नाम्नि चापि कृते सति ।९।
जातदन्तस्य वा कार्य्या स्यादुपनयनाद्दश ।
एकाहाच्छुद्ध्यते विप्रो योऽग्निवेदसमन्वितः ।१०।
हीने हीनतरे चैव त्र्यहश्चतुरहस्तथा ।
पञ्चाहेनाग्निहीनस्तु दशाहाद् ब्राह्मणब्रुवः ।११।
क्षत्रियो नवसप्ताहाच्छुध्येद्विप्रो गुणैर्युतः ।
दशाहात्सगुणो वैश्यो विंशाहाच्छूद्र एव च ।१२।
दशाहाच्छुध्यते विप्रो द्वादशाहेन भूमिपः ।
वैश्यः पञ्चदशाहेन शूद्रो मासेन शुध्यति ।१३।
गुणोत्कर्षे दशाहाप्तौ त्र्यहमेकाहकं त्र्यहे ।
एकाहाप्तौ सद्यः शौचं सर्वत्रैवं समूहयेत् ।१४।

केवल स्नान मात्रै गरेपछि भइहाल्छ। सपिण्डहरू जेजति छन् तिनको सद्यः शुद्धि अर्थात् तत्काल शुद्धि हुन्छ। तिनीहरूका लागि त स्नान पनि आवश्यक छैन। तर सातौँ र आठौँ महिनाको गर्भपातमा सपिण्ड पुरुषहरूलाई पनि तीन रातको आशौच लाग्दछ। जति महिनाको हुँदासम्ममा बालकका दाँत आउँछन् त्यति महिनाभरीमा यदि बालकको मृत्यु भयोभने सपिण्ड पुरुषहरू तत्काल नै शुद्ध हुन्छन्। चूडाकरणभन्दा पहिले नै बालकको मृत्यु भयो भने उनीहरूलाई एक रातको आशौच लाग्दछ। यज्ञोपवितभन्दा पहिले बालकको देहावसान भएमा सपिण्डहरूलाई तीन रातको आशौच लाग्दछ। त्यसपछि मृत्यु भएमा सपिण्डहरूलाई दस रातको आशौच लाग्दछ। दाँत आउनुभन्दा पहिले नै बालकको मृत्यु भयो भने मातापितालाई तीन रातको आशौच लाग्दछ। जसको चूडाकरण भएको छैन, त्यस्ता बालकको मृत्यु हुँदाखेरि पनि मातापितालाई त्यति नै दिनको आशौच लाग्दछ। तीन वर्षभन्दा कम आयुमा ब्राह्मण बालकको मृत्यु भयोभने सपिण्डहरूको शुद्धि एकै रातमा हुन्छ। क्षत्रिय बालक मर्दा उसका सपिण्डको शुद्धि दुई दिनमा, वैश्य बालक मर्दा उसका सपिण्डको तीन दिनमा र शूद्र बालकको मृत्यु हुँदा उसका सपिण्डको शुद्धि पाँच दिनमा हुन्छ। शूद्र बालकको विवाहभन्दा पहिले नै मृत्यु भयो भने उसलाई बाह्र दिनको आशौच लाग्दछ। जुन अवस्थामा ब्राह्मणलाई तीन दिनको आशोच रहेको देखिन्छ त्यसैमा शूद्रलाई बाह्र दिनको आशौच लाग्दछ; क्षत्रियलाई छ दिनको लाग्छ र वैश्यलाई नौ दिनको आशौच लाग्दछ। दुई वर्षको बालकलाई अग्निले दाह संस्कार गर्नु हुँदैन। तिनको मृत्यु भयो भने तिनलाई माटामा पुर्नुपर्छ। त्यसका लागि बान्धवहरूले जलको अँजुली पनि दिनु पर्दैन। अथवा जसको नामकरण भइसकेको छ वा जसका दाँत आइसकेका छन् त्यसको दाह संस्कार र त्यसका लागि जलको अँजुली दान गर्नुपर्छ। उपनयनपछि बालकको मृत्यु भएको छ भने दस दिनको आशौच लाग्दछ। जसले प्रतिदिन अग्निहोत्र र तीनैवटा वेदको स्वाध्याय गर्दछन् त्यस्ता ब्राह्मण एकै दिनमा शुद्ध हुन्छन्। जो त्यसबाट हीन अथवा हीनतर छन् अर्थात् जसले दुई अथवा एक वेदको स्वाध्ययन गर्दछन् उनीहरू तीन अथवा चार दिनमा शुद्ध हुन्छन् भन्ने विधान छ। जो अग्निहोत्र कर्मबाट रहित छन् ती पाँच दिनमा शुद्ध हुन्छन्। जो केवल ब्राह्मण भन्ने नाममात्रै लिएका हुन्छन् ती दस दिनमा शुद्ध हुन्छन्। गुणवान् ब्राह्मण सात दिनमा शुद्ध हुन्छन्, गुणवान् क्षत्रिय नौ दिनमा, गुणवान् वैश्य दस दिनमा र गुणवान् शूद्र बीस दिनमा शुद्ध हुन्छन्। साधारण ब्राह्मण दस दिनमा, साधारण क्षत्रिय बाह्र दिनमा, साधारण

दासान्तेवासिभृतकाः शिष्याश्चैकत्रवासिनः।
स्वामितुल्यमशौचं स्यान्मृते पृथक्पृथग्भवेत् ।१५।
मरणादेव कर्त्तव्यं संयोगो यस्य नाग्निभिः।
दाहादूर्ध्वमशौचं स्याद्यस्य वैतानिको विधिः ।१६।
सर्वेषामेव वर्णानां त्रिभागात्स्पर्शनं भवेत् ।
त्रिचतुष्पञ्चदशभिः स्पृश्या वर्णाः क्रमेण तु ।१७।
चतुर्थे पञ्चमे चैव सप्तमे नवमे तथा।
अस्थिसञ्चयनं कार्य्यं वर्णानामनुपूर्वशः ।१८।
अहस्त्वदत्तकन्यासु प्रदत्तासु त्र्यहं भवेत् ।
पक्षिणी संस्कृतास्वेव स्वस्रादिषु विधीयते ।१९।
पितृगोत्रं कुमारीणां व्यूढानां भर्तृगोत्रता।
जलप्रदानं पित्रे च उद्वाहे चोभयत्र तु ।२०।
दशाहोपरि पित्रोश्च दुहितुर्मरणे त्र्यहम् ।
सद्यः शौचं सपिण्डानां पूर्वं चूडाकृतेर्द्विज ।२१।
एकाहतो ह्याविवाहादूर्ध्वं हस्तोदकात्त्र्यहम् ।
पक्षिणी भ्रातुपुत्रस्य सपिण्डानां च सद्यतः ।२२।
दशाहाच्छुध्यते विप्रो जन्महानौ स्वयोनिषु ।
षड्भिस्त्रिभिरहैकेन क्षत्रविट्शूद्रयोनिषु ।२३।
एतज्ज्ञेयं सपिण्डानां वक्ष्ये चानौरसादिषु ।
अनौरसेषु पुत्रेषु भार्य्यास्वन्यगतासु च ।२४।
परपूर्वासु च स्त्रीषु त्रिरात्राच्छुद्धिरिष्यते ।
वृथासङ्करजातानां प्रव्रज्यासु च तिष्ठताम् ।२५।

वैश्य पन्ध्र दिनमा र साधारण शूद्र एक महिनामा शुद्ध हुन्छन्। गुणको अधिकता भयो भने यदि दस दिनको आशौच लागेको भए तीन दिनसम्म रहन्छ, तीन दिनको आशौच लागेको छ भने त्यो एकै दिन रहन्छ र एक दिनको आशौच लाग्यो भने त्यो तत्काल नै शुद्धि हुन्छ भन्ने विधान छ। यसै किसमले सर्वत्र ऊहा (जानकारी) गर्नुपर्दछ। दास, छात्र, भृत्य र शिष्य यी यदि आफ्नै गुरुका स्वामीसित रहेका छन् र गुरु अथवा स्वामीको मृत्यु भयो भने यी सबैलाई स्वामीका कुटुम्बजनको सरह नै पृथक्पृथक् आशौच लाग्दछ। अग्निसित जसको संयोग भएको छैन अर्थात् जो अग्निहोत्र गर्दैन उसलाई सपिण्ड पुरुषको मृत्यु हुने बित्तिकै तुरुन्तै आशौच लाग्दछ तर जोद्वारा नित्य अग्निहोत्रको अनुष्ठान हुन्छ त्यस पुरुषलाई कुनै कुटुम्बी वा जाति बन्धुको मृत्यु हुँदा त्यस मृतकको दाह संस्कार जब सम्पन्न हुन्छ त्यसभन्दा पछि नै आशौच लाग्दछ। सबै वर्णका मानिसलाई आशौच लाग्दा एक तिहाइ समय बितेपछि शारीरिक स्पर्श गर्ने अधिकार प्राप्त हुन्छ। यस नियमअनुसार ब्राह्मण आदि वर्ण क्रमशः तीन, चार, पाँच र दस दिनपछि स्पर्श गर्न योग्य हुन्छन्। ब्राह्मण आदि वर्णहरूको अस्थि सञ्चय क्रमशः चार, पाँच, सात र नौ दिनमा गर्नुपर्छ ।१-१८।

जुन कन्याको वाग्दान भएको छैन, त्यस्ती कन्याको वाग्दानभन्दा पहिले नै मृत्यु भयो भने बन्धु-बान्धवहरूलाई एक दिनको आशौच लाग्दछ। जसको वाग्दान चाहिँ भयो तर विवाह-संस्कार भएको छैन त्यस कन्याको मृत्यु भयो भने तीन दिनको आशौच लाग्छ। यदि विवाह भइसकेकी बहिनी वा छोरीको मृत्यु भयो भनेदेखि एक दिनरातको आशौच लाग्दछ। कुमारी कन्याहरूको गोत्र बाबुको जे छ त्यही हुन्छ। जसको बिहा भइसकेको छ ती कन्याको गोत्र पतिको जे छ त्यही हुन्छ। विवाह गरिसकेपछि कन्याको मृत्यु भयो भने त्यसका लागि जलको अँजुली एवं दानको कर्तव्य पितामा पनि लागु हुन्छ, पतिमा त छँदै छ। यसको तात्पर्य विवाह भइसकेपछि पिता र पति दुवै कुलमा जलदानको क्रिया प्राप्त हुन्छ। यदि दस दिनपछि र चूडाकरणभन्दा पहिलेनै कन्याको मृत्यु भयो भने माता-पिता दुवैलाई तीन दिनको आशौच लाग्दछ र सपिण्ड पुरुषहरूको शुद्धि तत्काल नै हुन्छ। चूडाकरणभन्दापछि र वाग्दानभन्दा पहिलेसम्ममा उसको मृत्यु भयो भने बन्धु-बान्धवहरूलाई एक दिनको आशौच लाग्दछ। वाग्दानभन्दा पछि र विवाहभन्दा पहिलेसम्म उनीहरूलाई तीन दिनको आशौच प्राप्त हुन्छ। त्यसपछि त्यस कन्याका भतिजाहरूलाई दुई दिन एक रातको आशौच लाग्छ तर अन्य सपिण्ड पुरुषहरूको शुद्धि तत्काल नै हुन्छ।

आत्मनस्त्यागिनां चैव निवर्त्ततोदकक्रिया ।

मात्रैकया द्विपितरौ भ्रातरावन्यगामिनौ ।२६।

एकाहः सूतके तत्र मृतके तु द्व्यहो भवेत् ।

सपिण्डानामशौचं हि समानोदकतां वदे ।२७।

बाले देशान्तरस्थे च पृथक्पिण्डे त संस्थिते ।

सवासा जलमाविश्य सद्य एव विशुध्यति ।२८।

दशाहेन सपिण्डास्तु शुध्यन्ति प्रेतसूतके ।

त्रिरात्रेण सकुल्यास्तु स्नानाच्छुध्यन्ति गोत्रिणः ।२९।

सपिण्डता तु पुरुषे सप्तमे विनिवर्त्तते ।

समानोदकभावस्तु निवर्त्तेताचतुर्दशात् ।३०।

जन्म नामस्मृते वैतत् तत्परं गोत्रमुच्यते ।

विगतं तु विदेशस्थं शृणुयाद्यो ह्यनिर्दशम् ।३१।

यच्छेषं दशरात्रस्य तावदेवाशुचिर्भवेत् ।

अतिक्रान्ते दशाहे तु त्रिरात्रमशुचिर्भवेत् ।३२।

संवत्सरे व्यतीते तु स्पृष्ट्वैवापो विशुध्यति ।

मातुले पक्षिणी रात्रिः शिष्यर्त्विग्बान्धवेषु च ।३३।

मृते जामातरि प्रेते दौहित्रे भगिनीसुते ।

श्यालके तत्सुते चैव स्नानमात्रं विधीयते ।३४।

मातामह्यां तथाचार्य्ये मृत्ते मातामहे त्र्यहम् ।

दुर्भिक्षे राष्ट्रसम्पाते ह्यागतायां तथापदि ।३५।

उपसर्गमृतानां च दाहे ब्रह्मविदां तथा ।

सत्रिव्रतिब्रह्मचारिसङ्ग्रामे देशविप्लवे ।३६।

सजातीय पुरुषकहाँ जन्म–मरणमा ब्राह्मण सम्मिलित भए भने दस दिनमा तिनको शुद्धि हुन्छ र क्षत्रिय, वैश्य तथा शूद्रहाँ जन्म मृत्युमा सम्मिलित भए भने क्रमशः छ, तीन र एक दिनमा तिनको शुद्धि हुन्छ । आशौचसित सम्बन्धित यो जुन नियम निश्चित गरियो यसको सम्बन्ध केवल सपिण्ड पुरुषसँग मात्रै रहेको छ भन्ने जान्नुपर्दछ । अब जो औरस पुत्र होइनन्, तिनका विषयमा भन्दछु । औरसदेखि बाहेकका क्षेत्रज, दत्तक आदि पुत्र मरेको भए र उसले आफूलाई छोडेर अर्का पुरुषसित सम्बन्ध बनाइसकेको छ अथवा अर्को पतिलाई छोडेर आएकी छ र आफ्नी पत्नी बनेर बसेकी छ त्यस्ती स्त्री पनि मर्दा तीन रातको आशौच लागेर निवृत्त हुन्छ । स्वधर्म छोडेका कारण जसको जन्म व्यर्थ भएको छ, जो वर्णसङ्कर सन्तान हो अर्थात् नीच वर्णका पुरुषसँग उच्च वर्णकी स्त्रीले जन्माएको सन्तान हो, जो संन्यासी बनेर जतातते घुमफिर गरिरहेको छ र जसले अशास्त्रीय विधिबाट विष–बन्धन आदिले प्राणत्याग गरेको छ त्यस्ता व्यक्तिका निम्ति बन्धुबान्धवले जलको अँजवुलीदान गर्नुपर्दैन । तिनको जलदान आदि उदक क्रिया समाप्त भइसकेको हुन्छ । एउटै आमाबाट दुई पिताले जन्माएका दुई दाजुभाइमा सपिण्डहरूलाई जन्मँदा एक दिनको आशौच लाग्छ भने मर्दा दुई दिनको लाग्दछ । यहाँसम्म सपिण्डहरूको आशौच बताइयो । अब समानोदक अर्थात् पानी भित्रका विषयमा भन्दैछु । दाँत आउनुभन्दा पहिले नै बालकको मृत्यु भयो भने, कुनै सपिण्ड पुरुष दूर देशमा मरेको खबर सुनियो भने र कुनै असपिण्ड पुरुषको मृत्यु भयो भने यी सबै अवस्थामा आशौचका निम्ति तोकेको समय बितेपछि लुगासहितै पानीमा डुबुल्की लगाएर तत्कालै शुद्ध हुन सकिन्छ । मृत्यु र जन्मका समयमा सपिण्ड पुरुष दस दिनमा शुद्ध हुन्छन् तर एकै कुलका असपिण्ड पुरुष तीन रातमै शुद्ध हुन्छन् र एकै गोत्रका पुरुष स्नान मात्रै गर्नाले नै शुद्ध हुन्छन् । सातौँ पुस्तामा सपिण्डभावको समाप्ति हुन्छ र चौथौँ पुस्तामा पुगेपछि समानोदक वा पानीभित्रको भावको सम्बन्ध पनि समाप्त हुन्छ । कसैका मतमा जन्म र नामको स्मरण रहेन भने अर्थात् हाम्रा कुलमा अमुक पुरुष जन्मेका थिए भन्ने मात्रै थाहा छ तर जन्म र नामको विषयमा थाहा छैन भने समानोदक भावको सम्बन्ध सकिन्छ । त्यसपछि केवल गोत्रकै सम्बन्ध बाँकी रहन्छ । जो दस दिन बित्नुभन्दा पहिले नै कसैले परदेशमा रहेका भाइबन्धुको मृत्युको खबर सुन्दछ उसलाई दस दिन बित्न जति दिन बाँकी छन् त्यति नै दिन आशौच लाग्दछ । दस दिन बितेपछि त्यस्तो खबर सुनेको छ भने त्यो जुठो तीन रातको लाग्दछ । वर्ष दिनपछि त्यस्तो

दाने यज्ञे विवाहे च सद्यः शौचं विधीयते ।
विप्रगोनृपहन्तृणा मनुक्तं चात्मघातिनाम् ।३७।
असाध्यव्याधियुक्तस्य स्वाध्याये चाक्षमस्य च ।
प्रायश्चित्तमनुज्ञातमग्नितोयप्रवेशनम् ।३८।
अपमानात्तथा क्रोधात्स्नेहात्परिभवाद्भयात् ।
उद्बध्य म्रियते नारी पुरुषो वा कथञ्चन ।३९।
आत्मघाती चैकलक्षं वसेत्स नरकेऽशुचौ ।
वृद्धः श्रौतस्मृतेर्लुप्तः परित्यजति यस्त्वसून् ।४०।
त्रिरात्रं तत्र चाशौचं द्वितीये चास्थिसञ्चयम् ।
तृतीये तूदकं कार्य्यं चतुर्थे श्राद्धमाचरेत् ।४१।
विद्युदग्निहतानां च त्र्यहं शुद्धिः सपिण्डके ।
पाषण्डाश्रितभर्तृघ्न्यो नाशौचोदकगाः स्त्रियः ।४२।
पितृमात्रादिपाते तु आर्द्रवासा ह्युपोषितः ।
अतीतेऽब्दे प्रकुर्वीत प्रेतकार्य्यं यथाविधि ।४३।
यः कश्चित्तु हरेत्प्रेतमसपिण्डं कथञ्चन ।
स्नात्वा सचैलः स्पृष्ट्वाग्निं घृतं प्राश्य विशुद्ध्यति ।४४।
यद्यन्नमत्ति तेषां तु दशाहेनैव शुध्यति ।
अनदन्नन्नमह्न्येव न वै तस्मिन् गृहे वसेत् ।४५।
अनाथं ब्राह्मणं प्रेतं ये वहन्ति द्विजातयेः ।
पदेपदे यज्ञफलं शुद्धिः स्यात्स्नानमात्रतः ।४६।
प्रेतीभूतं द्विजः शूद्रमनुगच्छस्त्र्यहाच्छुचिः ।
मृतस्य बान्धवैः सार्द्धं कृत्वा च परिदेवनम् ।४७।

खबर सुनेको वा थाहा भएको छ भने जललाई स्पर्श गर्दैमा मानिस शुद्ध हुने गर्छ। मामा, शिष्य, ऋत्विक् र बान्धवजनको मृत्यु भयो भने एक दिन, एक रात र एक दिनको आशौच लाग्दछ। मित्र, ज्वाइँ, छोरीको छोरो, भान्जो, सालो, जेठान र सालो जेठानको छोरा मर्दा मर्दा स्नान मात्रै गर्नु पर्ने विधान छ। मावलकी हजुरआमा, आचार्य र मावलाका हजुरबाको मृत्यु हुँदा तीन दिनको जुठो लाग्छ। अनिकाल पर्दा, सिङ्गै राष्ट्रमाथि सङ्कट पर्दा, आपद्-विपद् आइलाग्दा तत्काल चोखिने कुरो पनि गरिएको छ। यज्ञकर्ता, व्रतपरायण, ब्रह्मचारी, दाता तथा ब्रह्मवेत्ताको शुद्धि तत्काल हुन्छ । दान, यज्ञ, विवाह, युद्ध तथा देशव्यापी विप्लवका समयमा तत्काल शुद्धिको करो बताइएको छ। महामारी आदि उपद्रवमा मरेकाहरूको आशौच पनि तत्कालै निवृत्त हुन्छ । राजा, गाई र ब्राह्मणले मारेका मानिसको र आत्मघाती पुरुषको मृत्यु हुँदा तत्काल नै शुद्धि हुन्छ भनिएको छ ।१९-३७।

जो असाध्य रोगले युक्त छ र स्वाध्यायमा पनि असमर्थ छ उसका लागि पनि तत्काल शुद्धिको विधान छ । जुन महापापीहरूलाई आगो वा पानीमा प्रायश्चितका निम्ति हाम फाल्न लगाइएको छ, ती आत्मघाती होइनन् ।जुन स्त्री वा पुरुष अपमान, क्रोध, तिरस्कार या डरका कारण गलामा डोरीको पासो लगाएर केहीगरी ज्यान फाल्दछन् भने तिनैलाई आत्मघाती भनिन्छ । त्यस्तो आत्मघाती मानिस एक लाख वर्षसम्म अपवित्र नरकमा निवास गर्दछ। जो अत्यन्त वृद्ध छ, जसलाई शौच आशौचको ज्ञान पनि रहेको छैन त्यस्ताले यदि प्राण त्याग गरे भने तिनको आशौच तीन दिनसम्म रहन्छ । त्यस्ता अवस्थामा पहिलो दिन दाह, दोस्रो दिन अस्थि सञ्चय, तेस्रो दिन जलदान र चौथो दिन श्राद्ध गर्नुपर्छ। जो बिजुलीले वा आगामा डढेर मर्दछन् तिनका आशौचबाट सपिण्ड पुरुषहरू तीन दिनमा नै शुद्ध हुन्छन्। जुन स्त्री पाखण्डको आश्रय लिने र पतिघातिनी हुन्छन्, तिनका मृत्युमा आशौच लाग्दैन र तिनलाई जलको अँजुली पाउने अधिकार पनि हुँदैन । पिता-माताको मृत्यु भएको समाचार एक वर्षपछि मात्रै पाउयो भने पनि वस्त्रसहित स्नान गरेर उपवास बसी विधिपूर्वक प्रेतकार्य सम्पन्न गर्नुपर्छ । जुनसुकै पुरुषले जुनसुकै असपिण्ड शव बोकेर लगेको छ भने उसले लुगा सहित नुहाएर अग्नि स्पर्श गरी घिउ खाएपछि त्यसैबाट उसको शुद्धि हुन्छ। यदि त्यस परिवारको उसले अन्न आने गरेको छ भनेदेखि दस दिनमा मात्रै उसको शुद्धि हुन्छ। यदि मृतकका घरको अन्न नखाएको र उसकहाँ निवास पनि गरेको छैन भने त्यसको शुद्धि एकै दिनमा हुन्छ । जुन द्विजले अनाथ ब्राह्मणको शव बोक्दछ

वर्जयेत्तदहोरात्रं दानश्राद्धादि कामतः ।
शूद्रायाः प्रसवो गेहे शूद्रस्य मरणं तथा ।४८।
भाण्डानि तु परित्यज्य त्र्यहाद्भूलेपतः शुचिः ।
न विप्रं स्वेषु तिष्ठत्सु मृतं शूद्रेण नाययेत् ।४९।
नयेत्प्रेतं स्नापितं च पूजितं कुसुमैर्द्दहेत् ।
नग्नदेहं दहेन्नैव किञ्चिद्देहं परित्यजेत् ।५०।
गोत्रजस्तु गृहीत्वा तु चितां चारोपयेत्तदा ।
आहिताग्निर्यथान्यायं दग्धव्यस्त्रिभिरग्निभिः ।५१।
अनाहिताग्निरेकेन लौकिकेनापरस्तथा ।
अस्मात्त्वमभिजातोऽसि त्वदयं जायतां पुनः ।५२।
असौ स्वर्गाय लोकाय मुखाग्निं प्रददेत्सुतः ।
सकृत्प्रसिञ्चन्त्युदकं नामगोत्रेण बान्धवाः ।५३।
एवं मातामहाचार्य्यप्रेतानां चोदकक्रिया ।
काम्योदकं सखिप्रेतस्वस्रीयश्वशुरर्त्विजाम् ।५४।
अप नः शोशुचदघं दशाहं च सुतोऽर्पयेत् ।
ब्राह्मणे दश पिण्डाः स्युः क्षत्रिये द्वादश स्मृताः ।५५।
वैश्ये पञ्चदश प्रोक्ताः शूद्रे त्रिंशत्प्रकीर्तिताः ।
पुत्रो वा पुत्रिकान्यो वा पिण्डं दद्याच्च पुत्रवत् ।५६।
विदश्य निम्बपत्राणि नियतो द्वारि वेश्मनः ।
आचम्य चाग्निमुदकं गोमयं गौरसर्षपान् ।५७।
प्रविशेयुः समालभ्य कृत्वाश्मनि पदं शनैः ।
अक्षारलवणान्नाः स्युर्न्निर्मांसा भूमिशायिनः ।५८।

उसलाई प्रत्येक पाइलामा अश्वमेध यज्ञ गरेको फल प्राप्त हुन्छ र स्नान गर्ने बित्तिकै उसको शुद्धि पनि हुन्छ। शुद्रको शव पछ्याएको ब्राह्मण तीन दिनमा शुद्ध हुन्छ। मृतक व्यक्तिका बन्धु बान्धवहरूसित बसेर शोक प्रकट गर्ने वा विलाप गर्ने द्विजले उही एक दिन र एक रात स्वेच्छापूर्वक दान र श्राद्ध आदि त्याग्नुपर्छ। यदि आफ्ना घरमा कुनै शूद्र स्त्रीको बालक जन्मिएको छ भने वा कुनै शूद्रको मृत्यु भएको छ भने तीन दिनका दिन घरका भाँडाकुँडा निकालेर फ्याँक्नुपर्छ र भुइँ सबैतिर लिप्नुपर्छ अनिमात्रै शुद्धि हुन्छ। सजातीय व्यक्तिहरू छँदाछँदै ब्राह्मणको शव शूद्रलाई उठाउन दिनुहुँदैन। मृतकलाई नुहाएर नयाँ कपडाले छोप्नुपर्छ र फूलले त्यसलाई पूजा गरी श्मशानतर्फ लैजानुपर्छ। मृतकलाई नाङ्गै जलाउनु हुँदैन। कात्रो च्यातेर अलिकति श्मशानवासीलाई दिनुपर्छ। त्यसबेलामा सगोत्र पुरुषहरूले मृतकलाई बोकेर चितामा चढाउनुपर्छ। जो अग्निहोत्र हुन् तिनलाई आहवनीय, गाईपत्य र दाक्षिणाग्नि नामका तीन अग्निहरूद्वारा भस्म गराउनुपर्छ। जसले अग्निको स्थापना गरेको छैन तर उपनयन संस्कारले युक्त भइसकेको छ त्यसलाई आहवनीय नामका एकै अग्निले दाह गर्नुपर्छ र अन्य साधारण मानिसहरूलाई लौकिक अग्निले नै दाह गर्नुपर्छ। अस्मात् त्वमभिजातोऽसि त्वदयं जायतां पुनः। असौ स्वर्गाय लोकाय स्वाहा भन्ने यही मन्त्र पढेर पुत्रले आफ्ना पिताको शवलाई मुखमा अग्नि प्रदान गर्नुपर्छ। अनि प्रेतको नाम र गोत्र उच्चारण गरेर बान्धवजनले एकएक पटक जलदान गर्नुपर्छ। यसै गरी अरू विभिन्न र आचार्य मर्दा पनि उनलाई उद्देश्य गरेर जलको अँजुली दान गर्नु अनिवार्य हुन्छ। तर मित्र, बिहा भएकी छोरी-बहिनी आदि, भान्जा, ससुरा र ऋत्विक्का लागि समेत जलदान गर्नु आफ्नो इच्छामा भर पर्दछ। पुत्रले आफ्ना पिताका लागि दस दिनसम्म सधैं अपो नः शोशुचद् अयम् इत्यादि मन्त्र पढ्दै जलको अँजुली दिनुपर्छ। ब्राह्मणलाई दस पिण्ड, क्षत्रियलाई बाह्र पिण्ड, वैश्यलाई पन्ध्र पिण्ड र शूद्रलाई तीस पिण्ड दिनुपर्ने विधान छ। पुत्र होस् वा पुत्री अथवा अरू नै कोही भए पनि उसले पुत्रले दिएझैं नै मृत व्यक्तिलाई पिण्ड दिनुपर्छ।३८-५६।

शव दाह गरेर जब घर फर्किइन्छ भने मनलाई नियन्त्रण गरी ढोकामा उभिनुपर्छ र दाँतले निमका पात चबाउँनुपर्छ। त्यसपछि आचमन गरी अग्नि, जल, गोबर र पहेँलो सस्युँ छुनुपर्छ। त्यसपछि पहिले ढुङ्गामा खुट्टा राखेर बिस्तारैसित घरमा प्रवेश गर्नुपर्छ। त्यस दिनदेखि बन्धु-बान्धवहरूले क्षार नुन खानु हुँदैन, आमिष त्याग्नुपर्छ, सबैले भुइँमा सुत्नुपर्छ। उनीहरूले किनेर ल्याएको अन्न स्नान गरेपछि खानुपर्छ।

क्रीतलब्धाशनाः स्नाता आदिकर्त्ता दशाहकृत् ।

अभावे ब्रह्मचारी तु कुर्य्यात्पिण्डोदकादिकम् ।५९।

यथेदं शावमाशौचं सपिण्डेषु विधीयते ।

जननेऽप्येवमेवं स्यान्निपुणां शुद्धिमिच्छताम् ।६०।

सर्वेषां शावमाशौचं मातापित्रोश्च सूतकम् ।

सूतकं मातुरेव स्यादुपस्पृश्य पिता शुचिः ।६१।

पुत्रजन्मदिने श्राद्धं कर्त्तव्यामिति निश्चितम् ।

तदहस्तत्प्रदानार्थं गोहिरण्यादिवाससाम् ।६२।

मरणं मरणेनैव सूतकं सूतकेन तु ।

उभयोरपि यत्पूर्वं तेनाशौचेन शुध्यति ।६३।

सुतके मृतकं चेत्स्यान्मृतके त्वथ सूतकम् ।

तत्राधिकृत्य मृतकं शौचं कुर्य्यान्न सूतकम् ।६४।

समानं लब्धशौचं तु प्रथमेन समापयेत् ।

असमानं द्वितीयेन धर्मराजवचो यथा ।६५।

शावान्तः शाव आयाते पूर्वाशौचेन शुध्यति ।

गुरुणा लघु बाध्येत लघुना नैव तद्गुरु ।६६।

मृतके सूतके वापि रात्रिमध्येऽन्यदापयेत् ।

तच्छेषेणैव शुध्येरन्रात्रिशेषे द्व्यहाधिकात् ।६७।

प्रभाते यद्यशौचं स्याच्छुध्येरश्च त्रिभिर्दिनैः ।

उभयात्र दशाहानि कुलस्यान्नं न भुज्यते ।६८।

दानादि विनिवर्त्तेत भोजनैः कृत्यमाचरेत् ।

अज्ञाते पातकं नाद्ये भोक्तुरेकमहोऽन्यथा ।६९।

जसले पहिले दाह संस्कार गरेको छ उसले दस दिनसम्मका सबै काम गर्नुपर्छ । अन्य आधिकारिक पुरुषका अभावमा ब्रह्मचारीले नै पिण्डदान र जलाञ्जलीदान गर्नुपर्दछ। जसरी सपिण्डका निम्ति मरणआशौच प्राप्त हुन्छ भन्ने कुरो बताइयो उसैगरी जन्मका समयमा पनि शुद्धिको इच्छा गर्ने पुरुषक लागि आशौचको प्राप्ति हुन्छ । मरणाशौच त सबै सपिण्ड पुरुषहरूलाई उत्तिकै लाग्दछ तर जनाअशौचको छुवाछुत केवल मातापितालाई विशेष गरी लाग्दछ। यिनमा पनि जन्मको आशौच विशेष रूपमा मातालाई नै लाग्दछ र छुने-छोइने अधिकारबाट उनी नै वञ्चित हुन्छिन् । स्नान गरिसकेपछि मात्रै पिता पनि स्पर्श गर्न हुने गरी शुद्ध हुन्छन्। पुत्रको जन्म हुने दिन निश्चय नै श्राद्ध गर्नुपर्छ। त्यस दिन श्राद्ध दान तथा गौ, सुवर्ण र वस्त्र आदि दान गर्नु उपयुक्त हुन्छ भन्ने मानिएको छ। मरणको आशौच मृत्युसितै र जन्मको आशौच जन्मसँग समाप्त हुन्छ । ती दुईमध्ये जुन आशौच पहिले लागेको हो त्यसको समाप्ति हुँदै दुवै आशौच निवृत्त हुन्छन् । जन्मको आशौचमा मरणको आशौच लागोस् वा मरणका आशौचमा जन्मको आशौच लागोस् तापनि मरणाशौचको अधिकारमा नै जन्म आशौचलाई पनि निवृत्त भएको मानेर आफ्नो शुद्धि कार्य गर्नुपर्दछ । जन्मको आशौचसँगै मरणको आशौच पनि निवृत्त हुँदैन। यदि एक समान खालका दुईवटा आशौच आएर जन्म आशौचमा जन्म आशौच नै वा मरण आशौचसित मरण आशौच नै मिसिए भने पहिले आशौचसँगै दोस्रोलाई पनि समाप्त गरिदिनुपर्छ तर यदि असमान आशौच जन्म आशौचमा मरणाशौच वा मरणाशौचमा जन्म आशौच पर्न आयो भने दोस्रो आशौचसँगै पहिलोलाई निवृत्त गर्नुपर्दछ भन्ने खालको धर्मराजको भनाइ छ । मरणाशौचभित्रै अर्को मरणाशौच पर्न आयो भने त्यो पहिलो आशौचसितै निवृत्त हुन्छ। ठुलो जुठोले सानो जुठो रोक्छ तर सानो जुठोले ठुलो जुठो रोक्दैन । मृतक वा मृतकमा यदि अन्तिम रात्रिको मध्यभागमा दोस्रो आशौच आइलाग्यो भनेदेखि त्यो बाँकी बचेको समयभित्रै त्यसको पनि निवृत्त हुने हुनाले सबै सपिण्ड पुरुषहरू शुद्ध हुन्छन् । यदि रात्रिको अन्तिम भागमा दोस्रो आशौच थपियो भने दुई दिन बढी बितेपछि आशौच निवृत्त हुन्छ तथा अन्तिम रात्रि वितेर अन्तिम दिनको बिहानीपख अर्को आशौच थपिन आयो भने अरू तीन दिन बितेपछि सपिण्डहरूको शुद्धि हुन्छ। दुवै किसिमका आशौच पर्दा दस दिन त्यस घरको अन्न खाइँदैन। आशौचमा दान आदि गर्ने अधिकार हुँदैन। कसैको आशौचमा यदि थाहा नपाई अन्न खाइएछ भने प्रायश्चित गर्नुपर्दछ। थाहा नपाई भोजन गर्दा पातक लाग्दैन, थाहा पाएर पनि खानेलाई एक दिनको आशौच लाग्दछ।५७-६९।

# १५९. ऊनषष्ट्यधिकशततमोऽध्यायः

## असंस्कृतादिशौच

पुष्कर उवाच

संस्कृतस्यासंस्कृतस्य स्वर्गो मोक्षो हरिस्मृतेः ।
अस्थ्नाङ्गङ्गाम्भसि क्षेपात् प्रेतस्याभ्युदयो भवेत् ।१।
गङ्गातोये नरस्यास्थि यावत्तावद्दिवि स्थितिः ।
आत्मनस्त्यागिनां नास्ति पतितानां तथा क्रिया ।२।
तेषामपि तथा गाङ्गे तोयेऽस्थ्नां पतनं हितम् ।
तेषां दत्तं जलं चान्नं गगने तत्प्रलीयते ।३।
अनुग्रहेण महता प्रेतस्य पतितस्य च ।
नारायणबलिः कार्य्यस्तेनानुग्रहमश्नुते ।४।
अक्षयः पुण्डरीकाक्षस्तत्र दत्तं न नश्यति ।
पतनात्त्रायते यस्मात्तस्मात्पात्रं जनार्दनः ।५।
पततां भुक्तिमुक्त्यादिप्रद एको हरिर्ध्रुवम् ।
दृष्ट्वा लोकान्म्रियमाणान्सहायं धर्ममाचरेत् ।६।
मृतोऽपि बान्धवः शक्तो नानुगन्तुं नरं मृतम् ।
जायावर्जं हि सर्वस्य याम्यः पन्था विभिद्यते ।७।
धर्म एको व्रजत्येनं यत्र क्वचन गामिनम् ।
श्वः कार्यमद्य कुर्वीत पूर्वाह्णे चापराह्णिकम् ।८।
नहि प्रतीक्षते मृत्युः कृतं वास्य न वा कृतम् ।
क्षेत्रापणगृहासक्तमन्यत्र गतमानसम् ।९।
वृकीवोरणमासाद्य मृत्युरादाय गच्छति ।
न कालस्य प्रियः कश्चिद्द्वेष्यश्चास्य न विद्यते ।१०।
आयुष्ये कर्मणि क्षीणे प्रसह्य हरते जनम् ।

पुष्कर भन्दछन्– मृतकको दाह संस्कार भएको होस् वा नहोस् तर श्रीहरिको स्मरण गरिएको छ भने उसलाई स्वर्ग र मोक्ष दुवै प्राप्त हुन सक्छन् । मृतकका हड्डी गङ्गामा हालिदिँदा त्यस मृत व्यक्तिका प्रेतको अभ्युदय हुन्छ । त्यस मानिसका हड्डी जहिलेसम्म रहन्छन् त्यस बेलासम्म स्वर्गलोकमै उसको निवास हुन्छ । आत्मत्यागी र पतित मानिसका लागि जल र पिण्डदानको विधान यद्यपि छैन, तर पनि तिनका लागि गामा हड्डी हालिदिनु हितकारक नै हुन्छ । तिनका लागि भनेर दिइएको अन्न जल त आकाशमै विलिन भएर जान्छ । पतित प्रेतप्रति महान् अनुग्रह गरेर उसका लागि नारायण बलि गरिदिनुपर्दछ । त्यसो गर्दा उसले यस अनुग्रहको फल भोग्न पाउँछ । कमलजस्तै आँखा भएका भगवान् नारायण अविनाशी छन् । अतः उनलाई जेजति अर्पण गरिन्छ त्यो कहिल्यै खेर जाँदैन । भगवान् जनार्दनले प्राणीलाई उद्धार र त्राण गरिदिन्छन्, त्यसैले दानका सर्वोत्तम पात्र पनि उनै हुन् । पक्कै पनि तलतिर खस्ने प्राणीलाई भोग र मोक्ष प्रदान गर्ने एक मात्र हरि नै हुन् । सम्पूर्ण संसारकै मानिस कुनै न कुनै एक दिन अवश्य मर्छन् भन्ने विचार गरेर आफ्नो सधैँको सहयोगीका रूपमा रहेको धर्मलाई नै अनुष्ठान गर्नुपर्दछ । पतिव्रता पत्नीलाई छोडेर अरू कुनै बन्धुबान्धव मरेर पनि कसका साथमा जान सक्दैन । किनभने यमलोकको मार्ग सबैका लागि भिन्नाभिन्नै छ । जीव जहाँसुकै जाओस् न, उससित एकमात्र धर्म नै साथमा गएको हुन्छ । जुन काम भोलि गर्नुपर्ने हो त्यसलाई आजै गर्नुपर्छ; जुन काम मध्याह्नपछि गर्ने हो त्यसलाई पूर्वाह्न मै गर्नुपर्छ । किनभने यसले आफ्ना काम पूरा गरिसकेको छैन भनी मृत्युले पर्खेर बस्दैन । मानिस खेतबारी, घरद्वार र हाटबजार आदिका झन्झटमा फसेको हुन्छ; उसको मन अन्यत्रै अडिएको हुन्छ; यसै मौकामा अचानक चितुवाले भेडो टिपेर हिँडेझैँ कालले आएर लैजान्छ । कालका लागि न सकैँसित प्रेम छ न कसैसित रिस नै छ । आयु र प्रारब्ध कर्म क्षीण भएपछि उसले एक्कासि जीवलाई हरण गरेर लैजान्छ । जसको काल आएको छैन उसलाई सयौँ बाणले घोचे पनि ऊ मर्दैन र जसको काल आइसकेको छ उसलाई कुशका टुप्पाले छोए पनि जिउँदो रहँदैन । जसलाई

नाप्राप्तकालो म्रियते विद्धः शरशतैरपि ।११।
कुशाग्रेणापि संस्पृष्टः प्राप्तकालो न जीवति ।
औषधानि न मन्त्राद्यास्त्रायन्ते मृत्युनान्वितम् ।१२।
वत्सवत्प्राकृतं कर्म कर्त्तारं विन्दति ध्रुवम् ।
अव्यक्तादि व्यक्तमध्यमव्यक्तनिधनं जगत् ।१३।
कौमारादि यथा देहे तथा देहान्तरागमः ।
नवमन्यद्यथा वस्त्रं गृह्णात्येवं शरीरकम् ।
देही नित्यमवध्योऽयं यतः शोकं ततस्त्यजेत् ।१४।

मृत्युले गाँजेको छ त्यसलाई औषधि र मन्त्र आदिले बचाउन सक्दैनन् । गाईका बथानमा जसरी बाछो आफ्नै माउ खोजेर भेट्न सक्छ उसै गरी पूर्वजन्ममा गरेको कर्म अर्को जन्ममा पनि कर्तासम्म अवश्य पुग्दछ । यस संसारका आदि र अन्त्य अव्यक्त नै छ; केवल मध्यको अवस्था मात्रै व्यक्त भएको छ। जसरी प्राणीका शरीरमा कुमार र यौवन अवस्थाहरू क्रमशः आइरहन्छन् उसैगरी मृत्युदेखि पछि उसलाई अर्को शरीर पनि प्राप्त भइरहन्छ। जसरी मान्छेले पुरानो लुगा फ्याँकेर नयाँ लुगा धारण गर्दछ उसै गरी जीवले पनि एक शरीर छोडेर अर्को शरीर धारण गर्दछ। देह धारण गर्ने जीवात्मा सधैँ अवध्य छ; त्यो कहिल्यै मर्दैन, त्यसैले मृत्युका निम्ति शोक गर्नुपर्दैन ।१-१४।

# १६०. षष्ट्यधिकशततमोऽध्यायः

## वानप्रस्थाश्रमधर्म

पुष्कर उवाच

वानप्रस्थयतीनां च धर्मं वक्ष्येऽधुना शृणु ।
जटित्वमग्निहोत्रित्वं भूशय्याजिनधारणम् ।१।
वने वासः पयोमूलनीवारफलवृत्तिता ।
प्रतिग्रहनिवृत्तिश्च त्रिःस्नानं ब्रह्मचारता ।२।
देवातिथीनां पूजा च धर्मोऽयं वनवासिनः ।
गृही ह्यपत्यापत्यं च दृष्ट्वारण्यं समाश्रयेत् ।३।
तृतीयमायुषो भागमेकाकी वा सभार्य्यकः ।
ग्रीष्मे पञ्चतपा नित्यं वर्षास्वभ्रावकाशिकः ।४।
आर्द्रवासाश्च हेमन्त तपश्चोग्रं चरेद्बली ।
अपरावृत्तिमास्थाय व्रजेद्दिश मजिह्मगः ।५।

पुष्कर भन्दछन्– अब म वानप्रस्थ र संन्यासीका धर्मको जसरी बयान गर्छु त्यो सुन । शिरमा जटा राख्नु, प्रतिदिन अग्निहोत्र गर्नु, धर्तीमा सुत्नु र मृगचर्म धारण गर्नु, वनमा बस्नु, फल, मूल, नीवार आदिले जीवन निर्वाह गर्नु, कसैसित कहिल्यै केही दान नलिनु, तीन समय स्नान गर्नु, ब्रह्मचारीव्रतलाई पालन गर्नमा तत्पर रहनु, देवता तथा अतिथिहरूलाई पूजा गर्नु आदि यी सबै वानप्रस्थीहरूका धर्म हुन् । गृहस्थ पुरुषले आफ्ना सन्तानका सन्तान देखेपछि वनमा आश्रय लिनु उचित हुन्छ र आयुको तेस्रो भाग वनमा नै बिताउनुपर्छ । त्यस आश्रममा ऊ एक्लै रहोस् अथवा पत्नीसहितै रहे पनि हुन्छ। गर्मीका दिनमा पञ्चाग्नि सेवन गर्नुपर्छ। वर्षाकालमा खुला आकाशमुनि रहनुपर्छ। हेमन्त ऋतुमा रातभरि भिजेका लुगा ओढेर बस्नुपर्छ वा पानीभित्र बस्नुपर्छ। शक्ति छउन्जेल वानप्रस्थीले यस्तै उग्र तपस्या गर्नुपर्दछ। वानप्रस्थबाट फेरि गृहस्थ आश्रममा फिर्ता हुनु हुँदैन। विपरीत वा कुटिल गतिको आश्रय नलिई सधैँ अगाडिको सोझो बाटो हिँड्नुपर्छ र पछाडि नफर्किई सधैँ अगाडि बढिरहनुपर्छ ।१-५।

# १६१. एकषष्ट्यधिकशततमोऽध्यायः

## यतिधर्म

पुष्कर उवाच

यतिधर्मं प्रवक्ष्यामि ज्ञानमोक्षादिदर्शकम् ।
चतुर्थमायुषो भागं प्राप्य सङ्गात्परिव्रजेत् ।१।
यदह्नि विरजेद्धीरस्तदह्नि च परिव्रजेत् ।
प्राजापत्यां निरूप्येष्टिं सर्ववेदसदक्षिणाम् ।२।
आत्मन्यग्नीन्समारोप्य प्रव्रजेद् ब्राह्मणो गृहात् ।
एक एव चरेन्नित्यं ग्रासमन्नार्थमाश्रयेत् ।३।
उपेक्षकोऽसञ्चयिको मुनिर्ज्ञानसमन्वितः ।
कपालं वृक्षमूलं च कुचैलमसहायता ।४।
समता चैव सर्वस्मिन्नेतन्मुक्तस्य लक्षणम् ।
नाभिनन्देत मरणं नाभिनन्देत जीवनम् ।५।
कालमेव प्रतीक्षेत निदेशं भृतको यथा ।
दृष्टिपूतं न्यसेत्पादं वस्त्रपूतं जलं पिबेत् ।६।
सत्यपूतां वदेद्वाचं मनःपूतं समाचरेत् ।
अलाबुदारूपात्राणि मृण्मयं वैष्णवं यतेः ।७।
विधूमे न्यस्यमुसले व्यङ्गारे भुक्तवज्जने ।
वृत्ते शरावसम्पाते भिक्षां नित्यं यतिश्चरेत् ।८।
माधुकरमसंक्लृप्तं प्राक्प्रणीतमयाचितम् ।
तात्कालिकं चोपपन्नं भैक्षं पञ्चविधं स्मृतम् ।९।
पाणिपात्री भवेद्वापि पात्रे पात्रात्समाचरेत् ।
अवेक्षेत गतिं नृणां कर्मदोषसमुद्भवाम् ।१०।
शुद्धभावश्चरेद्धर्मं यत्र तत्राश्रमे रतः ।
समा सर्वेषु भूतेषु न लिङ्गं धर्मकारणम् ।११।

पुष्कर भन्दछन्— अब म ज्ञान र मोक्ष आदिलाई साक्षात्कार गराउने संन्यास धर्मको वर्णन गर्दछु। आयुको चौथो भागमा पुगेर सबै किसिमका सङ्गहरूबाट टाढा भएर संन्यासी हुनुपर्दछ। जुन दिन वैराग्य हुन्छ उसै दिन घर छोडेर हिँडनुपर्छ र संन्यास लिनुपर्दछ। प्राजापत्य इष्टि नामको यज्ञ गरी सर्वस्व दक्षिणा दिएर आहवनीय आदि अग्निलाई आफूभित्र आरोपित गरेर ब्राह्मणले घरबाट निस्केर जानुपर्छ। संन्यासीले सधैँ एक्लै नै विचरण गर्नुपर्छ। भोजनका लागि मात्रै गाउँमा जानुपर्दछ। शरीरप्रति उपेक्षाको भावना राख्नुपर्दछ । अन्न आदि केही पनि सङ्ग्रह गर्नु हुँदैन । मननशील रहनुपर्छ। ज्ञानले सम्पन्न हुनुपर्छ । कपाल आदि माटाका भोजनपात्र हुनुपर्छ । रुखको फेद नै निवासस्थान हुनुपर्छ । लँगौटीका लागि मैलोथैलो कपडा हुनुपर्छ। साथमा सहायक कोही हुनुहुँदैन र सबैप्रति समताको भावना हुनुपर्छ। जीवनमुक्त पुरुषको लक्षण यही नै हो । मर्ने रहर नै न त गर्न हुन्छ न बाँच्ने आशा नै रहन हुन्छ। जीवन र मृत्युमा कुनैलाई पनि अभिनन्दन गर्नु हुँदैन । जसरी सेवकले आफ्ना स्वामीका आज्ञाको प्रतिक्षा गर्दछ उसै गरी उसले पनि प्रारब्धवश प्राप्त अन्तिम समयमा आउने काललाई पर्खिनु पर्दछ। आँखाले राम्ररी हेरेर पाइला सार्नुपर्छ, कपडाले छानेर पानी खानुपर्छ, सत्यता जाँचेर बुझेर नै वाणी बोल्नुपर्छ र मनले गुणदोष विचार गरेर मात्रै कुनै पनि काम गर्नुपर्छ। लौका, काठ, माटो र बाँस यी नै संन्यासीका पात्र हुन् । जब गृहस्थका घरबाट धुवाँ निस्कन छोड्दछ, मुस्ली राखिसकेको हुन्छ, आगो निभेको हुन्छ, घरका सबैले भोजन गरिसकेका हुन्छन् र माटाको जुठो भाँडा फ्याँकिसकेका हुन्छन् यस्तै बेलामा प्रत्येक दिन संन्यासीले भोजन माग्नका लागि भिक्षामा जानुपर्छ। भिक्षा पाँच प्रकारको हुन्छ भनिएको छ— मधुकरी – धेरै घरबाट अलिअलि बटुलिने, असंक्लृप्त – पहिले नै सङ्कल्पपूर्वक निश्चित नगरिएको, प्राक्प्रणीत – पहिले नै निश्चय गरिराखेको, अयाचित – नमागीकन प्राप्त भएको र तत्काल उपलब्ध । अथवा करपात्री बनेर हातमा थापेर खाने-पिउने बनेर सन्यासीले बस्नुपर्छ। त्यस्ताले अर्को कुनै खालको पात्र उपयोग गर्नुहुँदैन । पात्रबाट आफ्नो हातरूपी पात्रमा भिक्षा लिएर त्यसैको उपयोग गर्नुपर्दछ। मानिसका कर्मदोषले गर्दा प्राप्त हुने यमयातना र नरकपात आदि गतिलाई उसले चिन्तन गर्नुपर्दछ। जुनसुकै आश्रममा रहँदा मानिसले आश्रम सुहाउँदो धर्मलाई पालन गर्नुपर्दछ । सबै प्राणीहरूमा समानभाव

फलं कतकवृक्षस्य यद्यप्यम्बुप्रसादकम् ।
न नामग्रहणादेव तस्य वारि प्रसीदति ।१२।
अजिह्मः पण्डकः पङ्गुरन्धो बधिर एव च ।
सद्भिश्च मुच्यतेऽसद्भिरज्ञानात्संसृतो द्विजः ।१३।
अह्नि रात्र्यां च यान्जन्तूह्निनस्त्यज्ञानतो यति ।
तेषां स्नात्वा विशुद्ध्यर्थं प्राणायामान्षडाचरेत् ।१४।
अस्थिस्थूणं स्नायुयुतं मांसशोणितलेपनम् ।
चर्मावनद्धं दुर्गन्धपूर्णं मूत्रपूरीषयोः ।१५।
जराशोकसमाविष्टं रोगायतनमातुरम् ।
रजस्वलमनित्यं च भूतावासमिमं त्यजेत् ।१६।
धृतिः क्षमा दमोऽस्तेय शौचमिन्द्रियनिग्रहः ।
ह्रीर्विद्या सत्यमक्रोधो दशकं धर्म्मलक्षणम् ।१७।
चतुर्विधा भिक्षवस्तु कुटीचकबहूदकौ ।
हंसः परमहंसश्च यो यः पश्चात्स उत्तमः ।१८।
एक दण्डी त्रिदण्डी वा योगी मुच्येत बन्धनात् ।
अहिंसा सत्यमस्तेयं ब्रह्मचर्य्याऽपरिग्रहौ ।१९।
यमाः पञ्चाथ नियमाः शौचं सन्तोषणं तपः ।
स्वाध्यायेश्वरपूजा च पद्मकादासनं यतेः ।२०।
प्राणायामस्तु द्विविधः सगर्भोऽगर्भ एव च ।
जपध्यानयुतो गर्भो विपरीतस्त्वगर्भकः ।२१।
प्रत्येकं त्रिविधः सोपि पूरकुम्भकरेचकैः ।
पूरणात्पूरको वायोर्निश्चलत्वाच्च कुम्भकः ।२२।
रेचनाद्रेचकः प्रोक्तो मात्राभेदेन च त्रिधा ।
द्वादशातु चतुर्विंशः षट्त्रिंशन्मात्रिकोऽपरः ।२३।
तालो लध्वक्षरो मात्राप्रणवादि चरेच्छनैः ।
प्रत्याहारो जापकानां ध्यानमीश्वरचिन्तनम् ।२४।

राख्नुपर्दछ । केवल आश्रमको चिह्नमात्रै धारण गर्नु धर्मको कारण हुँदैन । निर्मली भन्ने फल पानीमा पर्‍यो भनेमात्रै त्यसले पानीलाई सफा पार्दछ । केवल त्यसको नाम मात्रै लिँदा पानी सफा हुँदैन । त्यसै गरी आश्रमको चिह्नमात्रै धारण गर्नाले लाभ हुँदैन; निश्चित गरिएका धर्मका अनुष्ठानहरू गर्नुपर्दछ । अज्ञानवश संसारबन्धनमा बाँधिएको द्विज लङ्गडो, लुलो, अन्धो र बहिरो नै भैए पनि यदि कुटिलतारहित संन्यासी भयो भने ऊ असत् र सत् सबैबाट मुक्त हुन्छ । संन्यासीले दिउँसो वा राति नजानीकनै कुनै प्राणीको हत्या गर्दछ, तिनको वध गर्दा लागेको पापबाट शुद्ध हुनका लागि उसले स्नान गरेर छ पटक प्राणायाम गर्नुपर्दछ । यो शरीररूपी दुर्गन्धयुक्त घरमा हड्डीरूपी खम्बा जडिएका छन्; नसारूपी डोरीहरू बाँधिएका छन्; मासु तथा रक्तले लिपिएको छ र छालाले छोपिएको छ । यसमा बुढ्यौली र मृत्युशोक व्याप्त छन् । यो अनेकौँ रोगको गुँड र भोकप्यासले आतुर हुने स्वभावको छ । यसमा रजोगुणको प्रभाव प्रशस्त छ । यो अनित्य, विनाशशील र पृथ्वी आदि पाँचतत्त्वहरूको निवासस्थान हो । विद्वान् पुरुषले यसलाई त्यागिदिनुपर्छ ।१-१६।

धृति, क्षमा, दम, अस्तेय, पवित्रता, इन्द्रिय संयम, लज्जा, विद्या, सत्य र अक्रोध यी दस धर्मका लक्षण हुन् । संन्यासी चार किसिमका हुन्छन्– कुटीचक्र, बहूदक, हंस र परमहंस । यिनीमध्ये जति पछिल्ला भए उति नै पहिलेका अपेक्षा उत्तम हुन्छन् । योगयुक्त संन्यासी पुरुष एकदण्डी होस् वा त्रिदण्डी जे भए पनि ऊ मुक्त नै हुन्छ । अहिंसा, सत्य, अस्तेय, ब्रहमचर्य र असङ्ग्रह यी पाँच यम हुन् । शौच, सन्तोष, तप, स्वाध्याय र ईश्वरोपासना यी पाँच नियम हुन् । योगयुक्त सन्यासीले यी सबैलाई पालन गर्नु आवश्यक छ । पद्मासन आदि आसनहरूमा उसले बस्नुपर्दछ । प्राणायाम दुई किसिमको हुन्छ - सगर्भ र अगर्भ । मन्त्रजप र ध्यानले युक्त प्रायायाम सगर्भ हो र त्यसको विपरीत जपध्यानरहित प्राणायामलाई अगर्भ भनिन्छ । पूरक, कुम्भक र रेचकका भेदले प्राणायामका तीन भाग हुन्छन् । वायुलाई भित्र भराउने पूरक प्राणायाम हुन्छ, त्यसै गरी वायुलाई स्थिरतापूर्वक रोक्नाले त्यो कुम्भक हुन्छ र त्यसपछि त्यही वायुलाई बाहिरतिर निकाल्दा रेचक प्राणायाम भनिन्छ । मात्राका भेदले पनि त्यो तीन प्रकारकै हुन्छ– बाह्र मात्रा भएको, चौबीस मात्रा भएको र छत्तीस मात्रा भएको । प्राणायाममा प्रणव आदि मन्त्रलाई बिस्तारसित जप्नुपर्छ । इन्द्रियहरूको संयमलाई प्रत्याहार भनिन्छ । जप गर्ने साधकले ईश्वरको जुन चिन्तन गर्दछ, त्यसलाई ध्यान भनिन्छ । मनमा धारण गर्नु धारणा हो । ब्रह्ममा स्थित हुनुलाई समाधि भन्दछन् । यो आत्मा

मनोधृतिर्धारणा स्यात्समाधिर्ब्रह्मणि स्थितिः ।
अयमात्मा परं ब्रह्म सत्यं ज्ञानमनन्तकम् ।२५।
विज्ञानमानन्दं ब्रह्म तत्त्वमस्यहमस्मि तत् ।
परं ब्रह्म ज्योतिरात्मा वासुदेवो विमुक्त ओं ।२६।
देहेन्द्रियमनोबुद्धिप्राणाहङ्कारवर्जितम् ।
जाग्रत्स्वप्नसुषुप्त्यादिमुक्तं ब्रह्म तुरीयकम् ।२७।
नित्यशुद्धबुद्धयुक्तसत्यमानन्दमद्वयम् ।
अहं ब्रह्म परं ज्योतिरक्षरं सर्वगं हरिः ।२८।
योऽसावादित्यपुरुषः सोऽसावहमखण्ड ओं ।
सर्वारम्भपरित्यागी समदुःखसुखः क्षमी ।२९।
भावशुद्धश्च ब्रह्माण्डं भित्त्वा ब्रह्म भवेन्नरः ।
आषाढ्यां पौर्णमास्यां च चातुर्मास्यव्रतं चरेत् ।३०।
ततो व्रजेन्नवम्यादौ ह्यृतुसन्धिषु वापयेत् ।
प्रायश्चितं यतीनां च ध्यानं वायुयमस्तथा ।३१।

परब्रह्म हो; ब्रह्म सत्य र ज्ञान अनन्त छ; ब्रह्म विज्ञानमय तथा आनन्दस्वरूप छ; तिमी त्यही हौ; त्यो ब्रह्म म नै हुँ; परब्रह्म प्रकाशस्वरूप छ; ऊ नै आत्मा हो; बासुदेव हो; नित्य मुक्त छ; त्यो ओम् शब्दवाच्य नै सच्चिदानन्दघन ब्रह्म हो; देह, इन्द्रिय, मन, बुद्धि, प्राण र अहङ्कारले रहित तथा जाग्रत, स्वप्न एवं सुषुप्ति आदिबाट मुक्त जुन चौथो तत्त्व छ, त्यो नै ब्रह्म हो। त्यो नित्य, शुद्ध-बुद्ध, मुक्तस्वरूप छ; सत्य, आनन्दमय र अद्वैतरूप छ, सर्वत्र व्यापक, अविनाशी, ज्योतिस्वरूप परब्रह्म भनेका श्रीहरि हुन् र त्यो म नै हुँ; आदित्यमण्डलमा जुन त्यो, ज्योर्तिमय पुरुष छ त्यो अखण्ड प्रणववाच्य परमेश्वर म नै हुँ। यस प्रकारको सहज बोध नै ब्रह्ममा स्थिति भएको सूचक हो । जो सबै किसिमका आरम्भको त्यागी अर्थात् जो फल प्राप्तिको आश वा अहङ्कारपूर्वक कुनै धर्मको आरम्भ गर्दैन; कर्ता बनेको अभिमान जोसित शून्य हुन्छ; जो दुःख-सुखमा समान रहन्छ, सबैप्रति क्षेमाभाव जसले राख्छ र सहनशील छ त्यही भावशुद्ध ज्ञानी मानिसले ब्रह्माण्डलाई भेदन गर्दछ र साक्षात् ब्रह्मपदमा पुग्छ । यतिले आषाढको पूर्णिमादेखि चतुर्मास व्रत आरम्भ गर्नुपर्दछ । त्यसपछि कार्त्तिक शुक्ल नवमी आदि तिथिहरूमा विचरण गर्नुपर्दछ । ऋतुहरूका सन्धि कालमा मुण्डन गराउनुपर्छ। संन्यासीका लागि ध्यान र प्राणायाम नै प्रायश्चित हो ।१७-३१।

# १६२. द्विषष्ट्यधिकशततमोऽध्यायः

## धर्म्मशास्त्रनिरूपण

पुष्कर उवाच

मनुर्विष्णुर्याज्ञवल्क्यो हारीतोऽत्रिर्यमोऽङ्गिराः ।
वसिष्ठदक्षसंवर्त्तशातातपपराशराः ।१।
आपस्तम्बोशनोव्यासाः कात्यायनबृहस्पती ।
गोतमः शङ्खलिखितौ धर्ममेते यथाऽब्रुवन् ।२।
तथा वक्ष्ये समासेन भुक्तिमुक्तिप्रदं शृणु ।
प्रवृत्तं च निवृत्तं च द्विविधं कर्म्म वैदिकम् ।३।
काम्यं कर्म्म प्रवृत्तं स्यान्निवृत्तं ज्ञानपूर्वकम् ।

पुष्कर भन्दछन्– मनु, विष्णु, याज्ञवल्क्य, हारीत, अत्रि, यम, अङ्गिरा, वसिष्ठ, दक्ष, संवर्त, शातातप, पराशर, आपस्तम्ब, उशना, व्यास, कात्यायन, बृहस्पति, गौतम, शङ्ख र लिखित यिनीहरू सबैले धर्मको उपदेश जसरी गरेका छन् त्यसरी नै म पनि सङ्क्षेपमा गर्दछु; सुन । यस धर्मले भोग र मुक्ति दिन्छ। वैदिक कर्म दुई प्रकारका हुन्छन्– एउटा प्रवृत्त र अर्को निवृत्त। कामनायुक्त कर्मलाई प्रवृत्त कर्म भनिन्छ। ज्ञानपूर्वक निष्काम भावले जुन कर्म गरिन्छ त्यसको नाम निवृत्त कर्म हो । वेदाभ्यास, तप, ज्ञान, इन्द्रियसंयम, अहिंसा र गुरुसेवा यी परम उत्तम कर्म हुन् र निःश्रेयश; यी मोक्षरूपी कल्याण साधन गर्ने हुन्। यी सबैमध्ये पनि आत्म ज्ञानलाई सबैभन्दा उत्तम बताइएको छ। सम्पूर्ण विद्याहरूमा त्यो श्रेष्ठ छ। त्यसबाट अमृतत्व प्राप्त हुन्छ। सम्पूर्ण भूतहरूमा आत्मालाई र आत्मामा सम्पूर्ण भूतहरूलाई समान भावले हेर्दै जसले आत्माकै यजन गर्दछ उसैलाई स्वराज्य वा मुक्ति प्राप्त

वेदाभ्यासस्तपो ज्ञानमिन्द्रियाणां च संयमः ।४।
अहिंसा गुरुसेवा च निःश्रेयसकरं परम् ।
सर्वेषामपि चैतेषामात्मज्ञानं परं स्मृतम् ।५।
तच्चाग्र्यं सर्वविद्यानां प्राप्यते ह्यमृतं ततः ।
सर्वभूतेषु चात्मानं सर्वभूतानि चात्मनि ।६।
समं पश्यन्नात्मयाजी स्वाराज्यमधिगच्छति ।
आत्मज्ञाने समे च स्याद्वेदाभ्यासे च यत्नवान् ।७।
एतद्विजन्मसामर्थ्यं ब्राह्मणस्य विशेषतः ।
वेदशास्त्रार्थतत्त्वज्ञो यत्र तत्राश्रमे वसन् ।८।
इहैव लोके तिष्ठह्नि ब्रह्मभूयाय कल्प्यते ।
स्वाध्यायानामुपाकर्म श्रावण्यां श्रवणेन तु ।९।
हस्ते चौषधिवारे च पञ्चम्यां श्रवणस्य वा ।
पौषमासस्य रोहिण्यामष्टकायामथापि वा ।१०।
जलान्ते छन्दसां कुर्य्यादुत्सर्गं विधिवद्बहिः ।
त्र्यहं प्रेतेष्वनध्यायः शिष्यत्विग्गुरुबन्धुषु ।११।
उपाकर्मणि चोत्सर्गे स्वशाखाश्रोत्रिये तथा ।
सन्ध्यागर्जितनिर्घाते भूकम्पोल्कानिपातने ।१२।
समाप्य वेदं ह्यनिशमारण्यकमधीत्य च ।
पञ्चदश्यां चतुर्द्दश्यामष्टम्यां राहुसूतके ।१३।
ऋतुसन्धिषु भुक्त्वा वा श्राद्धिकं प्रतिगृह्य च ।
पशुमण्डूकनकुलश्वाहिमार्जारसूकरौः ।१४।
कृतेन्तरे त्वहोरात्रं शक्रपाते तथोच्छ्रये ।
श्वक्रोष्टुगर्दभोलूकमासबाणर्त्तुनिःस्वने ।१५।

हुन्छ। आत्मज्ञान र शम अर्थात् मनलाई नियन्त्रण गर्नेका लागि सधैँ प्रयत्नशील रहनुपर्दछ। यो सामर्थ्य वा अधिकार द्विजलाई विशेषगरी ब्राह्मणलाई प्राप्त छ। जसले वेद शास्त्रका अर्थको तत्त्व जान्ने भएर जुनसुकै आश्रममा बसेको भए पनि उसले उसै लोकमा रहँदै पनि ब्रह्मभाव प्राप्त गरेकै हुन्छ। श्रावण महिनाको पूर्णिमा अथवा श्रवण नक्षत्र भेटेको दिन अथवा हस्त नक्षत्र परेको श्रावण शुक्ल पञ्चमीका दिन आफ्नो शाखाको अनुकूल प्रचलित गृह्यशूत्रको विधिअनुसार वेदका अध्ययन नियमपूर्वक प्रारम्भ गर्नुपर्छ। यदि श्रावण महिनामा नयाँ फसल तयार भएको छैन भने जहिले त्यो तयार हुन्छ त्यसैबेला भदौ महिनाको श्रवण नक्षत्र परेका दिन वेद अध्ययनको थालनी गर्नुपर्छ। त्यसपछि पूर्णिमाको रोहिणी नक्षत्रका दिन अथवा अष्टका तिथिमा नगर वा गाउँबाहिर जलाशयका नजिकै आफ्नो गृह्य विधानअनुसार वेदको अध्ययन त्याग गर्नुपर्छ। शिष्य, ऋत्विज, गुरु र बन्धुजन आदिको मृत्यु भयो भने तीन दिनसम्म अध्ययन बन्द राख्नुपर्छ। वेदाध्ययन प्रारम्भ वा उपाकर्म र उत्सर्जन वा अध्ययनको समाप्ति जुन दिन हुन्छ त्यसबाट तीन दिनसम्म अध्ययन बन्द राख्नुपर्छ। आफ्नो शाखाको अध्ययन गर्ने विद्वान्कै मृत्यु भयो भने पनि तीन दिनसम्म अनध्याय राख्नु उचित हुन्छ। सन्ध्याकालमा वादलको गर्जना भयो भने, आकाशमा उत्पात हुने खालको शब्द भयो भने, भूकम्प र उल्कापात भयो भने, मन्त्र ब्राह्मणात्मक वेदको समाप्ति भयो भने र आरण्यकको अध्ययन गर्ने बेला भयो भने एक दिन र एक रात अध्ययन बन्द राख्नु पर्दछ। पूर्णिमा, चतुर्दशी, अष्टमी र चन्द्रग्रहण-सूर्यग्रहणका दिनहरूमा पनि एक दिन रातका लागि अनध्याय राख्नु राम्रो हुन्छ। दुई ऋतुहरूको साँधमा आएको प्रतिपदा तिथिमा र श्राद्धभोजन एवं श्राद्धको प्रतिग्रह स्वीकार गर्दा पनि एक दिनरात अध्ययन बन्द राख्नु पर्दछ। यदि स्वाध्याय गर्नेहरूका बीचमा भ्यागुतो, न्याउरी, कुकुर, सर्प, बिरालो, मुसो वा अरू कुनै पशु आयो भने देखि एक दिनरातको अनध्याय हुने गर्दछ। जब इन्द्रध्वज झिकियो वा इन्द्रध्वज चढाइयो भने पनि त्यस दिन पूरै दिनरात अनध्यायकै हुन्छ। कुकुर, स्याल, गधा, उल्लु, सामगान, बाँस र दुःखी प्राणीको आवाज सुनियो भने, अपवित्र वस्तु, मृतक, शूद्र, अन्त्यज, श्मशान र पतित मनुष्य यिनीहरू नजिकमा परे भने, अशुभ तारो भएका अवस्थामा, बारम्बार बिजुली चम्कियो भने र बारम्बार मेघले गर्जन गरेको छ भने तत्कालका लागि अनध्याय हुन्छ। भोजन गरेर र चिसै हातले अध्ययन गर्नु हुँदैन। पानीभित्र, आधारातका समयमा, ठूलो आँधी चलेका बेला पनि अध्ययन बन्द गर्नुपर्दछ। धुलो बर्सिएका बेला,

अमेध्यशवशूद्रान्त्यश्मशानपतितान्तिके ।
अशुभासु च तारासु विद्युत्स्तनितसम्प्लवे ।१६।
भुक्त्वार्द्रपाणिरम्भोऽन्तरर्द्धरात्रेऽतिमारुते ।
पांसुवर्षे दिशां दाहे सन्ध्यानीहारभीतिषु ।१७।
धावतः प्राणिबाधे च विशिष्टे गृहमागते ।
खरोष्ट्रयानहस्त्यश्वनौकावृक्षादिरोहणे ।
सप्तत्रिंशदशध्यायानेतांस्तात्कालिकान्विदुः ।१८।

दिशाहरू डढेका बेला, दुवै सन्ध्याका समयमा कुहिरो परेको छ भने, चोरचकार वा राजाको डर धेरै भएको छ भने तत्काल स्वाध्याय बन्द गर्नुपर्दछ। दौडँदाका अवस्थामा अध्ययन गर्नु हुँदैन। कुनै प्राणीमाथि ज्यानको सङ्कट आइलागेको भएमा र आफ्नै घरमा कुनै विशिष्ट व्यक्तिको आगमन भयो भने पनि अनध्याय राख्नु नै राम्रो हुन्छ। गधा, उँट, रथ आदिको सवारी, हात्ती, घोडा, नौका, वृक्ष आदिमा चढने बेलामा वा रुखो एवं मरुभूमिमा रहेका अवस्थामा पनि अध्ययन बन्द गर्नुपर्दछ। यी सैंतीस प्रकारका अनध्यायलाई तात्कालिक अनध्याय मानिएको छ।१-१८।

# १६३. त्रिषष्ट्यधिकशततमोऽध्यायः

## श्राद्धकल्पनिरूपण

पुष्कर उवाच

श्राद्धकल्पं प्रवक्ष्यामि भुक्तिमुक्तिप्रदं शृणु ।
निमन्त्र्य विप्रान्पूर्वेद्युः स्वागतेनापराह्णतः ।१।
प्राच्योपवेशयेत्पीठे युग्मान्दैवेऽथ पित्र्यके ।
अयुग्मान् प्राङ्मुखान्दैवे त्रीन्पैत्र्ये चैकमेव वा ।२।
मातामहानामप्येवं तन्त्रं वा वैश्वदैविकम् ।
पाणिप्रक्षालनं दत्त्वा विष्टरार्थं कुशानपि ।३।
आवाहयेदनुज्ञातो विश्वेदेवास इत्यृचा ।
यवैरन्ववकीर्य्याथं भाजने सपवित्रके ।४।
शन्नो देव्यो पयः क्षित्वा यवोसीति यवास्तथा ।
या दिव्या इतिमन्त्रेण हस्ते ह्यर्घं विनिक्षिपेत् ।५।
दत्त्वोदकं गन्धमाल्यं धूपदानं प्रदीपकम् ।
अपसव्यं ततः कृत्वा पितृणामप्रदक्षिणम् ।६।
द्विगुणांस्तु कुशान्कृत्वा ह्युशन्तस्त्वेत्यृचा पितृन् ।

पुष्कर भन्दछन्— अब म भोग र मोक्ष प्रदान गर्ने श्राद्ध कल्पको वर्णन गर्दछु, सावधान भएर सुन। श्राद्धकर्ता पुरुषले मन र इन्द्रियलाई वशमा राखेर, पवित्र भई, श्राद्धभन्दा एक दिन अघि नै ब्राह्मणहरूलाई निम्ता गर्नुपर्छ। ती ब्राह्मणले पनि उसै बेलादेखि मन, वाणी, शरीर र क्रियाद्वारा पूर्ण संयमशील भएर रहनुपर्छ। श्राद्धका दिन अपराह्न कालमा आएका ब्राह्मणहरूलाई स्वागतपूर्वक पूजन गर्नुपर्छ। स्वयं आफैंले हातमा कुशको पवित्री धारण गरिरहनुपर्छ। ब्राह्मणहरूले जब आचमन गरिसक्छन् त्यसपछि उनलाई आसनमा बसाउनुपर्छ। देव कार्यमा आफ्नै शक्ति अनुसार जोडी सङ्ख्यामा र श्राद्धमा बिजोडी सङ्ख्यामा ब्राह्मणहरू निम्त्याउनुपर्छ। सबैतिरबाट छेकेर गोबरले लिपपोत गरिसकेर पवित्र, दक्षिणतिर अलिक ओरालो परेको ठाउँमा श्राद्ध गर्नुपर्छ। वैश्वदेव श्राद्धमा दुई ब्राह्मणलाई पूर्वतिर फर्काएर बसाउनुपर्छ र पितृकार्यमा तीन ब्राह्मणलाई उत्तरतिर फर्काएर बसाउनुपर्छ। अथवा दुवैमा एकएक ब्राह्मणलाई नै सामेल गराउनुपर्छ। मातामहहरूका श्राद्धमा पनि यसै गर्नुपर्दछ। अर्थात् दुई जना वैश्वदेव श्राद्धमा र तीन जना मातामह आदिका श्राद्धमा अथवा दुवै पक्षमा एकएक जना ब्राह्मण नै राख्नुपर्छ। वैश्वदेव श्राद्धमा ब्राह्मणलाई हात धुवाउनका लागि उनैका हातमा पानी दिनुपर्छ र आसनका लागि कुश दिनुपर्दछ। त्यसपछि ब्राह्मणसित— म विश्वेदेवहरूलाई आह्वान गरुँ भनेर सोध्नुपर्दछ। त्यसपछि ब्राह्मणले— ल आह्वान गर भनी आज्ञा दिन्छन्। यस किसिमको आज्ञा पाएपछि— विश्वेदेवास आगत ऋचा पढ्दै विश्वेदेवहरूलाई आह्वान गर्नुपर्छ। त्यसपछि ब्राह्मणहरूका नजिकै भुइँमा जौ छर्नुपर्छ। त्यसपछि पवित्रीसहितको अर्घ्यपात्रमा— शं

आवाह्य तदनुज्ञातो जपेदायान्तु नस्ततः ।७।

यवार्थास्तु तिलैः कार्य्याः कुर्यादर्घ्यादि पूर्ववत् ।

दत्त्वार्घ्यं संस्रवाञ्च्छेषान्पात्रे कृत्वा विधानतः ।८।

पितृभ्यः स्थानमसीति न्युब्जं पात्रं करोत्यधः ।

अग्नौ करिष्य आदाय पृच्छत्यन्नं घृतप्लुतम् ।९।

कुरुष्वेति ह्यनुज्ञातो हुत्वाग्नौ पितृयज्ञवत् ।

हुतशेषं प्रदद्यानु भाजनेषु समाहितः ।१०।

यथालाभोपपन्नेषु रौप्येषु तु विशेषतः ।

दत्त्वान्नं पृथिवीपात्रमिति पात्राभिमन्त्रणम् ।११।

कृत्वेदं विष्णुरित्यन्ने द्विजाङ्गुष्ठं निवेशयेत् ।

सव्याहृतिकां गायत्रीं मधुवाता इति त्र्यृचम् ।१२।

जप्त्वा यथासुखं वाच्यं भुञ्जीरंस्तेऽपि वाग्यताः ।

अन्नमिष्टं हविष्यं च दद्याज्जप्त्वा पवित्रकम् ।१३।

अन्नमादाय तृप्ताः स्थ शेषं चैवान्नमस्य च ।

तदन्नं विकिरेद्भूमौ दद्याच्चापः सकृत् सकृत् ।१४।

सर्वमन्नमुपादाय सतिलं दक्षिणामुखः ।

उच्छिष्टसन्निधौ पिण्डान्प्रदद्यात्पितृयज्ञवत् ।१५।

मतामहानामप्येवं दद्यादाचमनं ततः ।

स्वस्ति वाच्यं ततः कुर्य्यादक्षय्योदकमेव च ।१६।

दत्त्वा तु दक्षिणां शक्त्या स्वधाकारमुदाहरेत् ।

वाच्यतामित्यनुज्ञातः स्वपितृभ्यः स्वधोच्यताम् ।१७।

कुर्य्युरस्तु स्वधेत्युक्ते भूमौ सिञ्चेत्ततो जलम् ।

प्रीयन्तामिति वा दैवे विश्वेदेवा जलं ददेत् ।१८।

नो देवी मन्त्र पढ्दै पानी हाल्नुपर्छ । यवोऽसि भन्ने मन्त्रले जौ हाल्नुपर्छ । त्यसपछि मन्त्र विना नै त्यसमा गन्ध र पुष्प हाल्नुपर्छ । त्यसपछि— या दिव्या आपः भन्ने मन्त्रले अर्घ्यलाई अभिमन्त्रित गरेर ब्राह्मणका हातमा सङ्कल्पमन्त्रपूर्वक अर्घ्य दिनुपर्छ र— अमुकश्राद्धे विश्वेदेवाः इदं वो हस्तार्घ्यं नमः भन्दै त्यो अर्घ्यजल कुशसहित ब्राह्मणका हातमा दिनुपर्छ वा कुशमा जल खन्याइदिनुपर्छ । त्यसपछि हात धुनका लागि जल दिएर क्रमशः गन्ध, पुष्प, धुप, दीप र ओढ्ने वस्त्र अर्पण गर्नुपर्छ । अनि फेरि हात सफा गर्नका लागि जल दिनुपर्छ । वैश्वदेव काण्डभन्दा पछि यज्ञोपवीतलाई अपसव्य गराई पिता आदि तीन पुस्ते पितृलाई द्विगुणभुग्न कुश उनीहरूको आशनका लागि अप्रदक्षिणा क्रमले दिनुपर्छ । त्यसपछि पहिलेकै जसरी ब्राह्मणहरूको आज्ञा लिएर उशन्तस्त्वा मन्त्रले पितृहरूलाई आह्वान गरेर आयन्तु नः मन्त्रको जप गर्नुपर्छ । अपहता असुरा रक्षांसि वेदिषदः मन्त्र पढ्दै सबैतिर तिल छर्नुपर्छ । वैश्वदेव श्राद्धमा जेजति कार्य जौले गरिन्छन् पितृ श्राद्धमा ती सबै तिलले गर्नुपर्छ । अर्घ्य आदि सबै पहिले भनिएजस्तै गर्नुपर्छ । ब्राह्मणका हातबाट चुहेको संस्रव नामको जल पितृपात्रमा थापेर भुइँमा दक्षिणतिर टुप्पो पारी कुश ओछ्याएर त्यसमाथि कोल्टो पारेर पात्रलाई गुडाइदिनुपर्छ र पितृभ्यः स्थानमसि भन्नुपर्छ । त्यसपछि त्यसैमाथि अर्घ्यपात्र र पवित्र राखेर गन्ध, पुष्प, धुप, दीप आदि पितृलाई निवेदन गर्नुपर्छ । त्यसभन्दा पछि अग्नौकरण कर्म गर्नुपर्छ । घिउले तारेको अन्न लिएर ब्राह्मणसित—अग्नौ करिष्ये अर्थात् म अग्नि तयार गरुँ भनी सोध्नुपर्छ । त्यसपछि त्यो काम गर्न ब्राह्मणले आज्ञा दिनुपर्छ । यस किसमको आज्ञा लिएर पितृयज्ञकै सरह त्यस अन्नको आहुति दिनुपर्छ । त्यस बेलामा— अग्नये कव्यवाहनाय स्वाहा नमः सोमाय पितृमते स्वाहा नमः भन्ने मन्त्रहरू पढ्नुपर्छ । त्यसपछि होम गरी शेष रहेका अन्नलाई एकाग्र मनले पाइएसम्म चाँदीका अन्य पात्रमा पस्कनु पर्छ । यस किसिमले अन्न पस्केर— पृथिवी ते पात्रं द्यौरपिधानं ब्राह्मणस्य मुखे इत्यादि मन्त्र पढ्दै पात्रलाई मन्त्रिनुपर्छ । त्यसपछि इदं विष्णु मन्त्र उच्चारण गर्दै अन्नमा ब्राह्मणका औँठो स्पर्श गराउनुपर्छ । त्यसपछि तीनवटै व्याहृतिहरूसहित गायत्री मन्त्र र मधुवाता इत्यादि ऋचाहरूको जप गर्नुपर्छ । त्यसपछि ब्राह्मणहरूसित— तिमीहरू सुखपूर्वक भोजन ग्रहण गर भन्नुपर्छ । जबसम्म ब्राह्मणहरू पूर्ण रूपले सन्तुष्ट हुँदैनन् त्यतिबेलासम्म सोधीसोधी मन पर्दो अन्न र हविष्य थपिराख्नु पर्दछ । त्यस बेलामा पूर्वोक्त मन्त्रहरू र पावमानी आदि ऋचाहरूको जप या पाठ गरिरहनुपर्दछ । त्यसपछि अन्न लिएर ब्राह्मणहरूसँग— तिमीहरू सन्तुष्ट भयौ त भनी सोध्नुपर्छ । ब्राह्मणहरूले— हो हामी अत्यन्त सन्तुष्ट भयौँ भन्नुपर्छ । बाँकी रहेको अन्न के गरौँ त भनी फेरि यजमानले सोध्नुपर्छ । ब्राह्मणले आफन्तहरूसँग

दातारो नोऽभिवर्द्धन्तां वेदाः सन्ततिरेव च ।
श्रद्धा च नो माव्यगमद्बहु देयं च नोऽस्त्विति ।१९।
इत्युक्त्वा तु प्रिया वाचः प्रणिपत्य विसर्जयेत् ।
वाजे वाज इति प्रीतपितृपुर्वं विसर्जनम् ।२०।
यस्मिंस्तु संस्रवाः पूर्वमर्घपात्रे निपातिताः ।
पितृपात्रं तदुत्तानं कृत्वा विप्रान्विसर्जयेत् ।२१।
प्रदक्षिणमनुव्रज्य भुक्त्वा तु पितृसेवितम् ।
ब्रह्मचारी भवेत्तां तु रजनीं ब्राह्मणैः सह ।२२।
एवं प्रदक्षिणं कृत्वा वृद्धौ नान्दीमुखान्पितॄन् ।
यजेत दधिकर्कन्धुमिश्रान्पिण्डान्यवैः क्रिया ।२३।
एकोद्दिष्टं दैवहीनमेकार्घैकपवित्रकम् ।
आवाहनाग्नौकरणरहितं ह्यपसव्यवत् ।२४।
उपतिष्ठतामित्यक्षय्यस्थाने पितृविसर्जने ।
अभिरम्यतामिति वदेद् ब्रुयुस्तेऽभिरताःस्म ह ।२५।
गन्धोदकतिलैर्युक्तं कुर्य्यात्पात्रचतुष्टयम् ।
अर्घार्थपितृपात्रेषु प्रेतपात्रं प्रसेचयेत् ।२६।
ये समाना इति द्वाभ्यां शेषं पूर्ववदाचरेत् ।
एतत्सपिण्डीकरणमेकोद्दिष्टं स्त्रिया सह ।२७।
अर्वाक्सपिण्डीकरणं यस्य संवत्सराद्भवेत् ।
तस्याप्यन्नं सोदकुम्भं दद्यात्संवत्सरं द्विज ।२८।
मृताहनि च कर्त्तव्यं प्रतिमासं तु वत्सरम् ।
प्रतिसंवत्सरं कार्य्यं श्राद्धं वै मासिकान्नवत् ।२९।
हविष्यान्नेन वै मासं पायसेन तु वत्सरम् ।

मिलेर खाऊ भन्नुपर्छ । त्यसपछि हस् त भन्दै भनेअनुसार गर्नुपर्दछ । त्यसपछि हातमा लिएको अन्नलाई ब्राह्मणका अगाडि उनको जुठोकै छेउमा दक्षिणतिर फर्काएर कुश भुइँमा राखी त्यसैमाथि लित र पानी छर्केर राख्नुपर्छ। त्यस बेलामा अग्निदग्धाश्च ये. भन्ने मन्त्र पाठ गर्नुपर्छ । त्यसपछि कुल्ला गर्नका लागि एकएक पटक ब्राह्मणका हातमा पानी दिनुपर्छ। अनि पिण्डका लागि तयार गरेको सबै अन्न लिएर दक्षिणतिर फर्किई पितृयत्रकल्पकै अनुसार तिलसहितको पिण्ड दान गर्नुपर्दछ। मातामह आदिलाईपनि यसै गरी पिण्ड दिनुपर्छ। त्यसपछि आचमनका लागि ब्राह्मणलाई जल दिनुपर्छ। अनि ब्राह्मणहरूबाट स्वस्तिवाचन गराउनुपर्छ र उनका हातमा जल दिनुपर्छ र प्रसन्नतापूर्वक तिमीहरूले अक्षय्यमस्तु भन भन्नुपर्छ । अनि ब्राह्मणले अक्षय्यमस्तु भन्नुपर्छ । त्यसपछि उनीहरूलाई सकेअनुसार दक्षिणा दिएर अब म स्वधावाचन गराउँछु भन्नुपर्छ। ब्राह्मणले— स्वधावाचन गराऊ भन्नुपर्छ। यस किसिमले उनको अनुमति प्राप्त गरेपछि— पितृहरू र मातामह आदिका लागि तिमीहरू स्वधावाचन गर भन्नुपर्छ। त्यसपछि ब्राह्मणले अस्तु स्वधा भन्नुपर्छ । यति भइसकेपछि भुइँमा पानी छर्कनुपर्छ र विश्वेदेवा प्रियन्ताम् भन्नुपर्छ। ब्राह्मणले पनि प्रियन्ताम् विश्वेदेवाः भन्दै उही वाक्य दोहोऱ्याउनुपर्छ । त्यसपछि ब्राह्मणको आज्ञाअनुसार श्राद्धकर्ताले दातारो नोऽभिवर्धन्तां वेदाः सन्ततिरेव च श्रद्धा च नो मा व्यामद् बहुदेयं च नोऽस्त्विति । अर्थात् मेरा दाताहरू बढून् । वेद र सन्तान बढून् । हाम्रो श्रद्धा नघटोस् र हामीसित दानका निम्ति धन धेरै होस्। भन्ने मन्त्रको जप गर्नु पर्दछ। यसो भन्दै ब्राह्मणसित नम्रतापूर्वक प्रियवचन बोल्नुपर्दछ र उनलाई प्रणाम गरेर विसर्जन गर्नुपर्छ । वाजे वाजे ऋचा पाठ गर्दै प्रसन्नतापूर्वक पितृहरूलाई विसर्जन गर्नुपर्छ। जुन पात्रमा पहिले संस्रवको जल हालिएको थियो त्यस पितृपात्रलाई उत्तानो पारेर मात्रै ब्राह्मणहरूलाई बिदा गर्नुपर्दछ। गाउँको सीमासम्म ब्राह्मणका पछिपछि गएर उनले भनेपछि उनको परिक्रमा गरेर फर्किनुपर्छ र पितृले सेवन गरेको श्राद्धको अन्न आफन्तहरूसँगै भोजन गर्नुपर्छ। त्यस रात्रिमा यजमान र ब्राह्मणले ब्रह्मचारी भएरै रहनुपर्छ।१-२२।

यसै किसिमले पुत्रजन्म र विवाह आदि खुशीयालीका अवसरमा पनि प्रदक्षिणा वृत्तिले नान्दीमुख पितृहरूको यज्ञ गर्नुपर्दछ। दही र बयर मिसिएका अन्नको पिण्डदान गर्नुपर्दछ र तिलले गर्नु पर्ने सबै कार्य जौले सम्पन्न गर्नुपर्दछ। एकोद्दिष्ट श्राद्ध वैश्वदेवबिनै हुने गर्छ। त्यसमा एउटै अर्घ्यपात्र र एउटै पवित्रक दिने गरिन्छ । यसमा आवाहन र अग्नौकरणको कार्य हुँदैन । सबै कार्यहरू जनै अपसव्य पारेरै गरिन्छन् । अक्षय्यमस्तुका स्थानमा उपतिष्ठताम् भन्ने प्रयोग गरिन्छ। वाजे

मात्स्यहारिणकौरभ्रशाकुनच्छागपार्षतैः ।३०।
ऐणरौरववाराहशशैर्मांसैर्यथाक्रमम् ।
मासवृद्ध्याऽभितृप्यन्ति दत्तैरेव पितामहाः ।३१।
खड्गामिषं महाशल्कं मधुयुक्तान्नमेव च ।
लोहामिषं कालशाकं मांसं वार्धीणसस्य च ।३२।
यद्ददाति गयास्थश्च सर्वमानन्त्यमुच्यते ।
तथा वर्षात्त्रयोदश्यां मघासु च न संशयः ।३३।
कन्यां प्रजां वन्दिनश्च पशून्मुख्यान्सुतानपि ।
घृतं कृषिं च वाणिज्यं द्विशफैकशफं तथा ।३४।
ब्रह्मवर्चस्विनः पुत्रान्स्वर्णरूप्ये सकुप्यके ।
ज्ञातिश्रैष्ठ्यं सर्वकामानाप्नोति श्राद्धदः सदा ।३५।
प्रतिपत्प्रभृतिष्वेतान्वर्जयित्वा चतुर्दशीम् ।
शस्त्रेण तु हता ये वै तेषां तत्र प्रदीयते ।३६।
स्वर्गं ह्यपत्यमोजश्च शौर्य्यं क्षेत्र बलं तथा ।
पुत्रश्रैष्ठ्यं ससौभाग्यमपत्यं मुख्यतां सुतान् ।३७।
प्रवृत्तचक्रतां पुत्रान्वाणिज्यं प्रभुतां तथा ।
अरोगित्वं यशो वीतशोकतां परमां गतिम् ।३८।
धनं विद्यां भिषक्सीद्धिं रूप्यं गाश्चाप्यजाविकम् ।
अश्वानायुश्च विधिवद्यः श्राद्धं सम्प्रयच्छति ।३९।
कृत्तिकादिभरण्यन्ते स कामानाप्नुयादिमान् ।
वसुरुद्रादितिसुताः पितरः श्राद्धदेवताः ।४०।
प्रीणयन्ति मनुष्याणां पितॄञ्च्छ्राद्धेन तर्पिताः ।
आयुः प्रजां धनं विद्यां स्वर्गं मोक्षं सुखानि च ।
प्रयच्छन्ति तथा राज्यं प्रीता नृणां पितामहाः ।४१।

वाजे भन्ने मन्त्रले ब्राह्मणको विसर्जन गर्ने बेलामा अभिरम्यताम् भन्नुपर्छ र ब्राह्मणहरूले अभिरताः स्मः भनेर उत्तर दिनुपर्छ । सपिण्डीकरण श्राद्धमा पूर्वोक्त विधिले अर्घ्यसिद्धिका लागि गन्ध, जल र तिलले युक्त चार अर्घ्यपात्र तयार गरिन्छन् । यीमध्ये प्रेतका पात्रको जल पितृहरूका पात्रमा हाल्नुपर्छ । त्यस बेलामा ये समाना. इत्यादि मन्त्र उच्चारण गर्नुपर्दछ । बाँकी कर्महरू पहिलेकै जसरी गर्नुपर्दछ । यस खालको सपिण्डीकरण एकोद्दिष्ट श्राद्ध माताका लागि पनि गर्नुपर्दछ । जसको सपिण्डीकरण श्राद्ध वर्ष पूरा हुनुभन्दा पहिले नै हुन्छ उसका लागि एक वर्षसम्म अन्नजलसहितको कुम्भ ब्राह्मणलाई दान गरिरहनुपर्दछ । एक वर्षसम्म प्रत्येक महिना मृत्युको तिथिका दिन एकोद्दिष्ट गर्नुपर्दछ । त्यसपछि प्रत्येक वर्ष एक एकपटक मृत्युभएकै तिथिका दिन एकोद्दिष्ट श्राद्ध गर्नु उचित हुन्छ । पहिलो एकोद्दिष्ट त मृत्यु भएकै एघार दिनको दिन गरिन्छ । सबै श्राद्धहरूमा पिण्ड लगेर गाई, बाख्रा अथवा लिन मन गर्ने ब्राह्मणलाई दिनुपर्दछ । अथवा त्यो पिण्ड अग्निमा वा अति गहिरो पानीमा हालिदिनुपर्दछ । जहिलेसम्म ब्राह्मणहरू भोजन गरेर उठ्दैनन् त्यस बेलासम्म जुठो ठाउँमा चोख्याउने-बढार्ने गर्नु हुँदैन । श्राद्धमा हविष्यान्न दान गर्नाले एक महिनासम्म र खिर दान गर्नाले एक वर्षसम्म पितृहरू अघाइरहेका हुन्छन् । भाद्रकृष्ण त्रयोदशीमा विशेष गरी मघा नक्षत्रको योग भएमा पितृलाई जे दिइन्छ त्यो अक्षय हुन्छ । एउटा चतुर्दशी मात्रै छाडेर प्रतिपदादेखि अमावस्यासम्मका चौध तिथिहरूमा श्राद्धदान गर्ने मानिसले क्रमैसित चौध किसिमका फल प्राप्त गर्दछ । ती— रूपशीलयुक्त कन्या, बुद्धिमान्-रूपवान् ज्वाइँ, पशु, असल पुत्र, जुवामा जित, खेतीमा लाभ, व्यापारमा लाभ, दुई खुर-एक खुरका पशु, ब्रह्मतेजयुक्त पुत्र, सुवर्ण, रजत, कुप्यक, जातिमा श्रेष्ठता र सम्पूर्ण मनोरथ । जुन मानिस हतियारले मारिएको छ त्यस चतुर्दशीमा उसैको श्राद्ध गर्नुपर्दछ । स्वर्ग, सन्तान, ओज, शौर्य, क्षेत्र, बल, पुत्र, श्रेष्ठता, सौभाग्य, समृद्धि, प्रधानता, शुभ, प्रवृत्त-चक्रता, वाणिज्य, निरोगिता, यश, शोकहीनता, परम गति, धन, विद्या, चिकित्सामा सफलता, कुप्यक, गाई, बाख्रा, भेडा, घोडा र आयु यी सत्ताईस प्रकारका काम्य पदार्थ त्यस व्यक्तिले प्राप्त गर्छ, जसले कृत्तिकादेखि लिएर भरणीसम्मका प्रत्येक नक्षत्रहरूमा विधिपूर्वक श्राद्ध गर्दछ र कुनै आस्तिक श्रद्धाशील एवं मद-मात्सर्य आदिको दोषबाट मुक्त रहेको हुन्छ । वसु, रुद्र र आदित्य यी तीन प्रकारका पितृहरू नै श्राद्धका देवता हुन् । श्राद्धबाट यिनलाई सन्तुष्ट पार्न सकिएमा मानिसका पितृहरूलाई यिनले सन्तुष्ट गराउँछन् । जब पितृ तृप्त हुन्छन् अनि उनले मानिसलाई आयु, प्रजा, धन, विद्या, स्वर्ग, मोक्ष, सुख र राज्य प्रदान गर्दछन् ।२३-४१।

# १६४. चतुःषष्ट्यधिकशततमोऽध्यायः

## नवग्रहहोम

पुष्कर उवाच
श्रीकामः शान्तिकामो वा ग्रहयज्ञं समारभेत् ।
वृष्ट्यायुः पुष्टिकामो वा तथैवाभिचरन् पुनः ।१।
सूर्य्यः सोमो मङ्गलश्च बुधश्चाथ बृहस्पतिः ।
शुक्रः शनैश्चरो राहुः केतुश्चेति ग्रहाः स्मृताः ।२।
ताम्रकात् स्फटिकाद्रक्तचन्दनात्स्वर्णकादुभौ ।
रजतादयसः सीसाद् ग्रहाः कार्य्याः क्रमादिमे ।३।
सुवर्णैर्वा यजेल्लिख्य गन्धमण्डलकेषु वा ।
यथावर्णं प्रदेयानि वासांसि कुसुमानि च ।४।
गन्धाश्च बलयश्चैव धूपो देयस्तु गुग्गुलुः ।
कर्त्तव्या मन्त्रवन्तश्च चरवः प्रतिदैवतम् ।५।
आकृष्णेन इमं देवा अग्निर्मूर्द्धा दिवः ककुत् ।
उद्बुध्यस्वेति च ऋचो यथासङ्ख्यं प्रकीर्त्तिताः ।६।
बृहस्पते अतियदर्य्यस्तथैवाल्पात् परिश्रुतः ।
शन्नो देवीस्तथा काण्डात्केतुं कृण्वन्निमांस्तथा ।७।
अर्कः पलाशः खदिरो ह्यपामार्गोऽथ पिप्पलः ।
उदुम्बरः शमी दूर्वा कुशाश्च समिधः क्रमात् ।८।
एकैकस्यात्राष्टशतमष्टाविंशतिरेव वा ।
होतव्या मधुसर्पिर्भ्यां दध्ना चैव समन्विताः ।९।
गुडौदनं पायसं च हविष्यं क्षीरयष्टिकम् ।
दध्योदनं हविः पूपान्मांसं चित्रान्नमेव च ।१०।
दद्याद् ग्रहक्रमादेतद् द्विजेभ्यो भोजनं बुधः ।
शक्तितो वा यथालाभं सत्कृत्य विधिपूर्वकम् ।११।
धेनुः शङ्खस्तथानड्वान् हेम वासो हयस्तथा ।
कृष्णा गौरायसश्छाग एता वै दक्षिणाः क्रमात् ।१२।
यश्च यस्य यदा दूष्यः स तं यत्नेन पूजयेत् ।
ब्रह्मणैषां वरो दत्तः पूजिताः पूजितस्य च ।१३।
ग्रहाधीना नरेन्द्राणामुच्छ्रायाः पतनानि च ।
भावाभावौ च जगतस्तस्मात्पूज्यतमा ग्रहाः ।१४।

पुष्करले भन्दछन्– हे परशुराम ! लक्ष्मी, शान्ति, पुष्टि, बुद्धि र आयुको इच्छा भएका वीर्यवान पुरुषले ग्रहहरूको पनि पूजा गर्नुपर्दछ । सूर्य, सोम, मङ्गल, बुध, गुरु, शुक्र, शनि, राहु तथा केतु यी नौ ग्रहहरूलाई क्रमैसित स्थापना गर्नुपर्दछ । सूर्यको प्रतिमा ताँवाले, चन्द्रको रजत वा स्फटिकले, मङ्गलको रक्तचन्दनले, बुधको सुवर्णले, गुरुको सुवर्णले, शुक्रको रजतले, शनिको फलामले र राहु–केतुको सिसाले बनाउनुपर्दछ, यसबाट शुभको प्राप्ति हुन्छ । अथवा वस्त्रमा तिनीहरूकै अनुसारका रङ्गले वर्णक्रम मिलाएर तिनको चित्र अङ्कित गराउनुपर्दछ । अथवा मण्डल बनाएर त्यसैमा गन्धादिले ग्रहहरूको आकृति बनाउनुपर्दछ । ग्रहको रङ्गकै अनुसार तिनलाई फूल र वस्त्र पनि दिनुपर्दछ । सबैका निम्ति गन्ध, बलि, धुप र गुग्गुल दिनुपर्दछ । सबै ग्रहका लागि मन्त्रसहित चरुको होम गर्नुपर्दछ । आकृष्णेन रजसा सूर्यका लागि, इमं देवाः चन्द्रमाकालागि, अग्निमूर्धा दिवः ककुत् मङ्गलका लागि, उद्बुध्यस्व बुधका लागि, बृहस्ते अदित यदिर्यः बृहस्पतिका लागि, अन्नात्परिश्रुतो शुक्रका लागि, शं नो देवीः शनिश्चरका लागि, काण्डात् काण्डात्ः राहुका लागि र केतुं कृण्वन्नकेतवे. केतुका लागि मन्त्रहरू छन् । आक, पलास, खयर, अपामार्ग, पिपल, डुम्री, शमी, दुवो र कुश यी क्रमशः सूर्य आदि ग्रहहरूका समिधा हुन् । सूर्य आदि ग्रहहरूमा प्रत्येकका लागि एक सय आठ अथवा अठ्ठाईस पटक मधु, घिउ, दही अथवा खिरको आहुति दिनुपर्दछ । गुड मिसाएको भात, खिर, हविष्य, दुध मिसाएको भात, दहीभात, घिउभात, तिलको धुलो मिसेको भात, मासको दाल मिसेको भात र खिचडी यिनीहरू भोजनका रूपमा ग्रहहरूकै क्रममा विद्वान् पुरुषले ब्राह्मणलाई दिनुपर्दछ । आफ्नो शक्तिकै अनुसार उपलब्ध हुन सकेका वस्तुहरूले ब्राह्मणहरूलाई विधिपूर्वक सत्कार गरेर उनका लागि क्रमशः गाई, सङ्ख, गोरु, सुवर्ण, वस्त्र, अश्व, कालो गाई, फलाम र बाख्रो-बोका जस्ता वस्तु दक्षिणामा दिनुपर्दछ । यिनैलाई ग्रहका दक्षिण हुन् भनिएको छ । जुनजुन पुरुषका लागि जुनजुन ग्रह आठौँ आदि दुष्ट स्थानमा रहेका हुन्छन्, ती पुरुषले त्यस ग्रहको त्यस समयमा विशेष यत्नपूर्वक पूजा गर्नुपर्दछ । ब्रह्माले यी ग्रहहरूलाई वर दिँदै तिम्रो जसले पूजा गर्ला उनको पूजा तिमीहरूले पनि गर्नू भनेका छन् । राजाको धन र जातिको उत्कर्ष तथा जगतको जन्म–मृत्यु पनि ग्रहहरूकै अधीनमा छन्, त्यसैले सबैका लागि ग्रह पूजनीय छन् ।१–१४।

# १६५. पञ्चषष्ट्यधिकशततमोऽध्यायः

## नानाधर्म

अग्निरुवाच

ध्येय आत्मा स्थितो योऽसौ हृदये दीपवत्प्रभुः।
अनन्यविषयं कृत्वा मनोबुद्धिस्मृतीन्द्रियम् ।१।
श्राद्धं तु ध्यायिने देयं गव्यं दधि घृतं पयः।
प्रियङ्गवो मसूराश्च वार्त्ताकुः कोद्रवो न हि ।२।
सैंहिकेयो यदा सूर्य्यं ग्रसते पर्वसन्धिषु।
हस्तिच्छाया तु सा ज्ञेया श्राद्धदानादिकेऽक्षया ।३।
पित्रे चैव यदा सोमो हंसे चैव करे स्थिते।
तिथिर्वैवस्वती नाम सा छाया कुञ्जरस्य तु ।४।
अग्नौकरणशेषं तु न दद्याद्वैश्वदेविके।
अग्न्यभावे तु विप्रस्य हस्ते दद्यातु दक्षिणे ।५।
न स्त्री दुष्यति जारेण न विप्रोऽवेदकर्म्मणा।
बलात्कारोपभुक्ता चेद्वैरिहस्तगतापि वा ।६।
सन्त्यजेद्दूषिता नारीमृतुकाले न शुध्यति।
य आत्मव्यतिरेकेण द्वितीयं नात्र पश्यति ।७।
ब्रह्मभूतः स एवेह योगी चात्मरतोऽमलः।
विषयेन्द्रियसंयोगात्केचिद्योगं वदन्ति वै ।८।
अधर्मो धर्मबुद्धय तु गृहीतस्तैरपण्डितैः।
आत्मनो मनसश्चैव संयोगं च तथा परे ।९।
वृत्तिहीनं मनः कृत्वा क्षेत्रज्ञे परमात्मनि।
एकीकृत्य विमुच्येत बन्धाद्योगोऽयमुत्तमः ।१०।
कुटुम्बैः पञ्चभिर्यामः षष्टस्तत्र महत्तरः।
देवासुरमनुष्यैर्वा स जेतुं नैव शक्यते ।११।
बहिर्मुखानि सर्वाणि कृत्वा चाभिमुखानि वै।
मनस्येवेन्द्रियग्रामं मनश्चात्मनि योजयेत् ।१२।
सर्वभावविनिर्मुक्तं क्षेत्रज्ञं ब्रह्मणि न्यसेत्।
एतज्ज्ञानं च ध्यानं च शेषोऽन्यो ग्रन्थविस्तरः ।१३।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! हृदयमा सर्वसमर्थ जुन परमात्मा दीपकजस्तै बनेर प्रकाशित हुन्छन् उनको ध्यान अन्य समस्त विषयबाट हटाएर मन, बुद्धि र स्मृतिले गर्नुपर्दछ। उनको ध्यान गर्ने ब्राह्मणलाई नै श्राद्धका निम्ति दही, घ्यु र दुध आदि गव्य पदार्थ प्रदान गर्नुपर्दछ। प्रियङ्गु, मुसुरो, भन्टा र कोदाको भोजन गराउनु हुँदैन। पर्व सन्धिका समयमा यदि राहुले सूर्यलाई ग्रस्त पार्‍यो भने त्यसबेला हस्तिच्छाया योग परेको हुन्छ। त्यसमा गरिएको श्राद्ध र दान आदि शुभकार्यहरू अक्षय हुन्छन्। जब चन्द्रमा मघा, हस्त वा हंस नक्षत्रमा हुन्छ त्यसलाई वैवस्वती तिथि भन्दछन्। यो पनि हस्तिच्छाया योग हो। बलिवैश्वदेवमा अग्निमा होम गर्दा बचेको अन्न बलिवैश्वदेवका मण्डलमा अन्याउनु हुँदैन। अग्निको अभाव भयो भने त्यो अन्न ब्राह्मणका दाहिने हातमा राखिदिनुपर्छ। वेदोक्त कर्मले ब्राह्मण र व्यभिचारी पुरुषबाट स्त्री कहिल्यै दूषित हुँदैनन्। बलात्कारपूर्वक भोगिएकी र शत्रुका हातमा परेर दूषित भएकी स्त्रीलाई परित्याग गर्नूपर्छ। तर ऋतु दर्शन भएपछि नारी शुद्ध हुन्छन्। जो सम्पूर्ण विश्वमा व्याप्त भएर एकै आत्माका व्यतिरेकले विश्वमा अभेद रहेकै देख्दछन् तिनै योगी हुन्। ब्रह्मसित एकीभाव प्राप्त गरेका आत्मामै रमण गर्ने ती निष्पाप हुन्छन्। कतिपय मानिस इन्द्रियलाई विषयमा संयोग गराउनु नै योग हो भन्दछन्। ती मूर्खहरूले अधर्मलाई नै धर्म मानेर ग्रहण गरिरहेका हुन्छन्। अर्का खालका मान्छे मन र आत्माको संयोगलाई नै योग मान्दछन्। मनलाई सबै खालका संसारी विषयबाट हटाएर क्षेत्रज्ञ परमात्मामा एकाकार गरेर नै योगी संसारबन्धनबाट मुक्त हुन्छ। यो नै उत्तम योग हो। पाँच इन्द्रियरूपी कुटुम्बहरूले ग्राम बन्दछ भने छैटौं मन तिनको मुखिया हो। त्यसलाई देवता, असुर वा मानिसले जित्न सक्दैन। पाँचैवटा इन्द्रिय बहिर्मुखी छन्, तिनलाई आभ्यन्तरमुखी बनाएर इन्द्रियहरूलाई मनमा र मनलाई आत्मामा थुन्नुपर्दछ। त्यसपछि समस्त भावनाहरूबाट मुक्त क्षेत्रज्ञ आत्मालाई परब्रह्म परमात्मामा लगाउनुपर्छ। यो नै ज्ञान र ध्यान हो। यसका विषयमा अरू जे भने पनि त्यो केवल ग्रन्थ बढाउने मात्रै हुनेछ ।१-१३।

जुन कुरो अरू सबैका अनुभवमा होइन वा छैन् जस्तो लाग्छ त्यसलाई हो वा छ भनिदिदाँ नमिल्दो कुरो गरेभैँ लाग्छ

103

यन्नास्ति सर्वलोकस्य तदस्तीति विरुध्यते ।
कथ्यमानं तथाऽन्यस्य हृदये नावतिष्ठते ।१४।
असंवेद्यं हि तद्ब्रह्म कुमारी स्त्रीसुखं यथा ।
अयोगी नैव जानाति जात्यन्धो हि घटं यथा ।१५।
संन्यसन्तं द्विजं दृष्ट्वा स्थानाच्चलति भास्करः ।
एष मे मण्डलं भित्त्वा परं ब्रह्माऽधिगच्छति ।१६।
उपवासव्रतं चैव स्नानं तीर्थं फलं तपः ।
द्विजसम्पादनं चैव सम्पन्नं तस्य तत्फलम् ।१७।
एकाक्षरं परं ब्रह्म प्राणायामः परं तपः ।
सावित्र्यास्तु परं नास्ति पावनं परमं स्मृतम् ।१८।
पूर्वं स्त्रियः सुरैर्भुक्ताः सोमगन्धर्ववह्निभिः ।
भुञ्जते मानुषाः पश्चान्नैता दुष्यन्ति केनचित् ।१९।
असवर्णेन यो गर्भः स्त्रीणां योनौ निषिच्यते ।
अशुद्धा तु भवेन्नारी यावच्छल्यं न मुञ्चति ।२०।
निःसृते तु ततः शल्ये रजसा शुध्यते ततः ।
ध्यानेन सदृशं नास्ति शोधनं पापकर्म्मणाम् ।२१।
श्वपाकेष्वपि भुञ्जानो ध्यानेन हि विशुध्यति ।
आत्मा ध्याता मनो ध्यानं ध्येयो विष्णुः फलं हरिः ।२२।
अक्षयाय यतिः श्राद्धे पङ्क्तिपावनपावनः ।
आरूढो नैष्ठिकं धर्मं यस्तु प्रच्यवते द्विजः ।२३।
प्रायश्चित्तं न पश्यामि येन शुद्ध्येत्स आत्महा ।
ये च प्रव्रजिताः पत्न्यां या चैषां बीजसन्ततिः ।२४।
विदुरा नाम चाण्डाला जायन्ते नात्र संशयः ।
शतिको म्रियते गृध्रः श्वासौ द्वादशीकस्तथा ।२५।
भासो विंशतिवर्षाणि सूकरो दशभिस्तथा ।
अपुष्पो विफलो वृक्षो जायते कण्टकावृतः ।२६।
ततो दावाग्निदग्धस्तु स्थाणुर्भवति सानुगः ।
ततो वर्षशतान्यष्टौ द्वे च तिष्ठत्यचेतनः ।२७।
पूर्णे वर्षसहस्रे तु जायते ब्रह्मराक्षसः ।
प्लवेन लभते मोक्षं कुलस्योत्सादनेन वा ।
योगमेव निषेवेत नान्यं मन्त्रमघापहम् ।२८।

र जति भने पनि अरूका मनमा त्यो कुरो बस्दैन । जुन रूपमा कुमारी स्त्रीको सुख उसैले अनुभव गर्दा मात्रै जान्दछे उसै गरी त्यो ब्रह्म पनि स्वयंबाट नै अनुभव गर्न योग्य छ। योग विनाका मान्छेले त्यसलाई ठीक त्यसरी नै जान्दैन जसरी जन्मान्धले घडालाई जानेको हुँदैन । ब्राह्मणले संन्यास ग्रहण गर्न लागेको देख्दा सूर्य- अब यसले मेरो मण्डल भत्काउँदै पार गरेर परब्रह्ममा पुग्छ भनी डराउँछ। उपवास, व्रत, स्नान, तीर्थ र तप यी फलप्रद हुन्छन् तर यी ब्राह्मणले सम्पात् गर्दा मात्रै सम्पन्न हुन्छन् र गरिएका कर्मको फल प्रदान गर्दछन् । प्रणव परब्रह्म परमात्मा हो, प्राणायाम नै परम तप हो र सावित्रीभन्दा ठूलो अर्को कुनै मन्त्र छैन । त्यसलाई अत्यन्त पवित्र मानिएको छ। पहिले सोम, गन्धर्व र अग्नि यी तीन देवताले समस्त स्त्रीहरूको उपभोग गर्दछन्। त्यसपछि तिनको उपभोग मानिसले गर्दछन्। यसो भएपछि स्त्रीहरू कसैबाट दूषित हुँदैनन् । यदि असवर्ण पुरुषले नारीका योनिमा गर्भधारण गराउँछ भने नारीले गर्भलाई प्रसव नगराएसम्म ऊ अशुद्ध रहन्छे भन्ने मानिन्छ । गर्भको प्रसव भइसकेर रजोदर्शन भएपछि नारी शुद्ध हुन्छे। श्रीहरिको ध्यान जत्तिको पापीलाई शुद्ध पार्ने प्रायश्चित अर्को कुनै छैन । चाण्डालकहाँ भोजन गरे पनि ध्यान गर्नाले शुद्ध नै हुन्छ। जुन ब्राह्मणले आत्मा ध्याता हो, मन ध्यान हो र विष्णु ध्येय हुन् भन्ने खालको भावना गर्दछ, श्रीहरि त्यसबाट प्राप्त हुने फल हुन् र अक्षयत्व त्यस फल प्राप्तिको लागि उसको विसर्जन हो । यसले श्राद्धमा पङ्क्तिपावनलाई पनि पवित्र गराउँछ। जुन द्विज नैष्ठिक धर्ममा आरुढ भएर त्यहाँबाट च्युत हुन्छ त्यस्ता आत्मघातीका लागि शुद्ध गराउने मैले अर्को कुनै प्रायश्चित देखेको छैन्। जसले आफ्नी पत्नी र पुत्रलाई असहाय अवस्थामा छोडेर संन्यास ग्रहण गर्छ ती अर्का जन्ममा विदुर नामको चाण्डाल हुन्छ, यसमा अलिकति पनि शङ्का छैन । त्यसपछि ऊ सय वर्षसम्म क्रमशः गिद्द, बाह्र वर्षसम्म कुकुर, बीस वर्षसम्म जलपक्षी, दस वर्षसम्म सुँगुरको योनि भोग गर्ने हुन्छ। त्यसपछि ऊ फलफूलविहीन काँडे रुख हुन्छ र वनका डढेलाले डढेर आफ्नै पछि लाग्नेहरूका निम्ति ठुटो त्यसै अवस्थामा एक हजार वर्षसम्म अचेत अवस्थामा लड्दछ । एक हजार वर्ष बितिसकेपछि ऊ ब्रह्मराक्षस हुन्छ। त्यसपछि योगरूपी नौकाको सहायता लिएर वा कुलको असल कामको प्रभाव परेर उसलाई मोक्ष प्राप्त हुन्छ । त्यसैले योगकै सेवा गरौं, किनभने पापबाट छुटकारा दिलाउने अर्को कुनै पनि मार्ग छैन् ।१४-२८।

# १६६. षट्षष्ट्यधिकशततमोऽध्यायः

## वर्णधर्मादिकथन

पुष्कर उवाच
वेदस्मार्त्तं प्रवक्ष्यामि धर्मं वै पञ्चधा स्मृतम् ।
वर्णत्वमेकमाश्रित्य योऽधिकारः प्रवर्त्तते ।१।
वर्णधर्मः स विज्ञेयो यथोपनयनं त्रिषु ।
यस्त्वाश्रमं समाश्रित्य पदार्थः संविधीयते ।२।
उक्त आश्रमधर्मस्तु भिन्नपिण्डादिको यथा ।
उभयेन निमित्तेन यो विधिः सम्प्रवर्त्तते ।३।
नैमित्तिकः स विज्ञेयः प्रायश्चित्तविधिर्यथा ।
ब्रह्मचारी गृही चापि वानप्रस्थो यतिर्नृपः ।४।
उक्त आश्रमधर्म्मस्तु धर्म्मः स्यात्पञ्चधा परः ।
षाड्गुण्यस्याभिधाने यो दृष्टार्थः स उदाहृतः ।५।
स त्रेधा मन्त्रयागाद्यदृष्टार्थ इति मानवाः ।
उभयार्थो व्यवहारस्तु दण्डधारणमेव च ।६।
तुल्यार्थानां विकल्पः स्याद्यागमूलः प्रकीर्तितः ।
वेदे तु विहितो धर्म्मः स्मृतौ तादृश एव च ।७।
अनुवादं स्मृतिः सूते कार्य्यार्थमिति मानवाः ।
गुणार्थः परिसङ्ख्यार्थो वानुवादो विशेषतः ।८।
विशेषदृष्ट एवासौ फलार्थ इति मानवाः ।
स्यादष्टचत्वारिंशद्भिः संस्कारैर्ब्रह्मलोकगः ।९।
गर्भाधानं पुंसवनं सीमन्तोन्नयनं ततः ।
जातकर्म्म नामकृतिरन्नप्राशनचूडकम् ।१०।
संस्कारश्चोपनयनं वेदव्रतचतुष्टयम् ।
स्नानं स्वधर्म्मचारिण्या योगः स्याद्यज्ञपञ्चकम् ।११।
देवयज्ञः पितृयज्ञो मनुष्यभूतयज्ञकौ ।
ब्रह्मयज्ञः सप्तपाकयज्ञसंस्थाः पुरोऽष्टकाः ।१२।
पार्वणश्राद्धं श्रावण्याग्रहायणी च चैत्र्यपि ।
आश्वयुजी सप्तहविर्यज्ञसंस्थाततः स्मृताः ।१३।
अग्न्याधेयमग्निहोत्रं दर्शः स्यातपौर्णमासकः ।
चातुर्मास्याग्रहायण्येष्टिर्निरूढः पशुबन्धकः ।१४।
सौत्रामणिः सप्तसोमसंस्थाग्निष्टोम आदितः ।

पुष्कर भन्दछन्— अब म श्रौत र स्मार्त धर्मको वर्णन गर्दछु। त्यसलाई पाँच प्रकारको छ भन्ने मानिएको छ। वर्णकै मात्र आश्रयमा जुन अधिकारको प्रवृत्ति हुन्छ त्यसलाई वर्ण धर्म भन्ने जान्नुपर्छ। जस्तै ब्राह्मण, क्षत्रिय र वैश्य यी तीनका लागि उपनयन संस्कार आवश्यक छ। यसैलाई वर्णधर्म भनिन्छ। आश्रमको आधार लिएर जेजति कर्महरूको नियम बन्छ त्यो आश्रम धर्म हो। जस्तै पिण्ड आदिको विधान भिन्नाभिन्नै हुनु आदि। जुन विधान यी दुवैका लागि प्रवर्तन भएका छन्, तिनलाई नैमित्तिक मान्नुपर्दछ। जस्तै प्रायश्चितको विधान आदि। हे राजन्! ब्रह्मचारी, गृहस्थी, वानप्रस्थ र संन्यासी– यिनीहरूसित सम्बन्धित धर्म आश्रम धर्म हो भन्ने मानिएको छ। अर्का किसिमले पनि धर्मका पाँच भेद हुने गर्दछन्। षाड्गुण्य अर्थात् सन्धि–विग्रह आदिका नाममा जसलाई प्रवर्त्तत गरिन्छ त्यसलाई दृष्टार्थ भनिएको छ। त्यसका तीन भेद हुन्छन्। मन्त्र, यश, प्रभृतिलाई अदृष्टार्थ भन्नुपर्छ भनी मनुले भनेका छन्। त्यसभन्दा बाहेक उभयार्थक व्यवहार, दण्डधारण र तुल्यार्थ–विकल्प यिनलाई पनि यज्ञ मूलक धर्मका अङ्ग नै भनिएको छ। वेदमा धर्मको प्रतिपादन जुन रूपमा गरिएको छ स्मृतिमा पनि उस्तै छ। कार्यका लागि नै वेदमा भनिएका कुरालाई स्मृतिले अनुवाद गरेको हो भन्ने मनु आदिको मत छ। त्यसै कारणले स्मृतिहरूमा वर्णन भएको धर्म वेदमा बताइएका धर्मकै गुण, अर्थ, परिसङ्ख्या, विशिष्ट अनुवाद, विशेष दृष्टार्थ अथवा फलार्थ हुन् भन्ने राजर्षि मनुको सिद्धान्त छ। संस्कारले सम्पन्न भएको मानिस ब्रह्मलोकमा पुग्दछ – गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकरण, अन्नप्राशन, चूडाकर्म, उपनयन, चारवटा वेदव्रत, समावर्तन स्नान, सहधर्मिणी संयोग, देवयज्ञ, पितृयज्ञ, मनुष्ययज्ञ, भूतयज्ञ, ब्रह्मयज्ञ, सातवटा पाकयज्ञ संस्था, आठ किसिमका अष्टका सँगै तीनवटा पार्वण श्राद्ध, श्रावणी, आग्रहायणी, चैत्री, आश्वयुजी, सातवटा हविर्यज्ञ संस्था, अग्न्याधेय, अग्निहोत्र, दर्श पौर्णमास, चातर्मास्य, आग्रहायणेष्टि, निरूढपशुबन्ध, सौत्रामणि र सातवटा सोमयज्ञ संस्था – अग्निष्टोम, अत्यग्निष्टोम, उक्थ्य, षोडशी, वाजपेय, अतिरात्र र आप्तोर्याम। आत्मगुण दया, क्षमा, अनसूया, अनायास, माङ्गल्य, अकार्पण्य, अस्पृहा र

अत्यग्निष्टोम उक्थश्च षोडशी वाजपेयकः ।१५।
अतिरात्रस्तथा स्तोमा अष्टौ चात्मगुणास्ततः ।
दयाक्षमाऽनसूया च अनायासोऽथ मङ्गलम् ।१६।
अकार्पण्यास्पृहा शौचं यस्येते स परं व्रजेत् ।
प्रचारे मैथुने चैव प्रस्रावे दन्तधावने ।१७।
स्नानभोजनकाले च षट्सु मौनं समाचरेत् ।
पुनर्दानं पृथक्पानमाज्येन पयसा निशि ।१८।
दन्तच्छेदनमुष्णं च सप्त सक्तुषु वर्ज्जयेत् ।
स्नात्वा पुष्पं न गृह्णीयाद्देवायोग्यं तदीरितम् ।१९।
अन्यगोत्रोऽप्यसम्बन्धः प्रेतस्याग्निं ददाति यः ।
पिण्डं चोदकदानं च स दशाहं समापयेत् ।२०।
उदकं च तृणं भस्म द्वारं पन्थास्तथैव च ।
एभिरन्तरितं कृत्वा पङ्क्तिदोषो न विद्यते ।
पञ्च प्राणाहुतीर्दद्यादनामाङ्गुष्टयोगतः ।२१।

शौच गरी आठवटा छन् । यी गुणहरूले जो युक्त हुन्छ उसले स्वर्ग नामको परमधाम प्राप्त गर्दछ । मार्गगमन, मौगुन, मल–मूत्रत्याग, दन्तधावन, स्नान र भोजन यी छ काम गर्दा मौन रहनुपर्दछ। दान गरिसकेको वस्तु फेरि दान गर्नु, पृथक्पाक हुनु, घिउसितै पानी खानु, दुधसितै पानी खानु, रातिको समयमा पानी खानु, दाँतले नङ टोक्नु र धेरै तातो पानी खानु यी सात कुराहरू परित्याग गर्नुपर्दछ । स्नान गरिसकेपछि फूल टिप्नु हुँदैन; किनभने त्यस्तो फूल देवतालाई चढाउने योग्य हुँदैन भन्ने मानिएको छ । यदि कुनै अन्य गोत्रको सम्बन्धविहीन पुरुषले कुनै मृतकलाई अग्नि संस्कार गर्दछ भने उसैले दस दिनसम्मका जल–पिण्डदानका कार्यहरू पनि गरिदिनुपर्छ । जल, तृण, भष्म, द्वार र मार्ग यिनीहरूलाई बीचमा राखेर जानाले पङ्क्तिदोष लागेको मानिँदैन । भोजनभन्दा पहिले साइँली औँलो र बढी औँलो जोडेर पञ्चप्राणका लागि आहुति दिनुपर्दछ ।१–२१।

# १६७. सप्तषष्ट्यधिकशततमोऽध्यायः

## अयुतलक्षकोटिहोमाः

अग्निरुवाच
श्रीशान्तिविजयाद्यर्थं ग्रहयज्ञं पुनर्वदे ।
ग्रहयज्ञोऽयुतहोमलक्षकोट्यात्मकस्त्रिधा ।१।
वेदेरैशे ह्यग्निकुण्डाद् ग्रहानावाह्य मण्डले ।
सौम्ये गुरुर्बुधश्चैशे शुक्रः पूर्वदले शशी ।२।
आग्नेये दक्षिणे भौमे मध्ये स्याद्भास्करस्तथा ।
शनिराप्येऽथ नैर्ऋत्ये राहुः केतुश्च वायवे ।३।
ईशश्चोमा गुहो विष्णुर्ब्रह्मेन्द्रौ यमकालकौ ।
चित्रगुप्तश्चाधिदेवा अग्निरापः क्षितिर्हरिः ।४।
इन्द्र ऐन्द्री देवता च प्रजेशोऽहिर्विधिः क्रमात् ।
एते प्रत्यधिदेवाश्च गणेशो दुर्गथानिलः ।५।
खमश्विनौ च सम्पूज्य यजेद्बीजैश्च वेदजैः ।
अर्कः पलाशः खदिरो ह्यपामार्गश्च पिप्पलः ।६।
उदुम्बरः शमी दूर्वा कुशाश्च समिधः क्रमात् ।

अग्निदेव भन्दछन्— हे वसिष्ठ ! अब म शान्ति, समृद्ध एवं विजय आदि प्राप्त गर्नका निमित्त ग्रहयज्ञको वर्णन फेरि गर्दछु । ग्रहयज्ञ दस हजार होमात्मक, लाख होमात्मक र कोटिहोमात्मकका भेदले तीन किसिमको हुने गर्छ । अग्निकुण्डको ईशानकोणतर्फ निर्माण गरिएका वेदिकामा अष्टदलपद्मको मण्डल बनाएर त्यसैमा ग्रहहरूलाई आह्वान गर्नुपर्छ । उत्तर दिशामा गुरु, ईशानकोणमा बुध, पूर्वदलमा शुक्र, आग्नेयमा चन्द्रमा, दक्षिणमा भौम, मध्यभागमा सूर्य, पश्चिममा शनि, नैर्ऋत्यमा राहु र वायव्यकोणमा केतुलाई आहुति गर्नुपर्छ । शिव, पार्वती, कार्तिकेय, विष्णु, ब्रह्मा, इन्द्र, यम, काल र चित्रगुप्त यी अधिदेवता हुन् भनिएको छ । अग्नि, वरुण, भूमि, विष्णु, इन्द्र, शचीदेवी, प्रजापति, सूर्य र ब्रह्मा यिनीहरू क्रमशः प्रत्यधिदेवता हुन् । गणेश, दुर्गा, वायु, आकाश र अश्विनीकुमार यी कर्म साद्गुण्य देवता हुन् । यी सबैलाई वैदिक वीज मन्त्रले यजन गर्नुपर्दछ । आँक, पलाश, खयर, अपामार्ग, पिपल, डुमी, शमी, दुवो र कुश

मध्वाज्यदधिसम्मिश्रा होतव्याश्चाष्टधा शतम् ।७।
एकाष्टचतुरः कुम्भान्पूर्य्य पूर्णाहुतिं तथा ।
वसोर्धारां ततो दद्याद्दक्षिणां च ततो ददेत् ।८।
यजमानं चतुर्भिस्तैरभिषिञ्चेत्समन्त्रकैः ।
सुरास्त्वामभिषिञ्चन्तु ब्रह्मविष्णुमहेश्वराः ।९।
वासुदेवो जगन्नाथस्तथा सङ्कर्षणः प्रभुः ।
प्रद्युम्नश्चानिरुद्धश्च भवन्तु विजयाय ते ।१०।
आखण्डलोऽग्निर्भगवान्यमो वै नैर्ऋतस्तथा ।
वरुणः पवनश्चैव धनाध्यक्षस्तथा शिवः ।११।
ब्रह्मणा सहितः शेषो दिक्पालाः पान्तु वः सदा ।
कीर्त्तिर्लक्ष्मीर्धृतिर्मेधा पुष्टिः श्रद्धा क्रिया मतिः ।१२।
बुद्धिर्लज्जा वपुः शान्तिस्तुष्टिः कान्तिश्च मातरः ।
एतास्त्वामभिषिञ्चन्तु धर्म्मपत्न्यः समागताः ।१३।
आदित्यश्चन्द्रमा भौमो बुधजीवसितार्क्कजाः ।
ग्रहास्त्वामभिषिञ्चन्तु राहुः केतुश्च तर्पिताः ।१४।
देवदानवगन्धर्वा यक्षराक्षसपन्नगाः ।
ऋषयो मनवो गावो देवमातर एव च ।१५।
देवपत्न्यो द्रुमा नागा दैत्याश्चाप्सरसाङ्गणाः ।
अस्त्राणि सर्वशस्त्राणि राजानो वाहनानि च ।१६।
औषधानि च रत्नानिं कालस्यावयवाश्च ये ।
सरितः सागराः शैलास्तीर्थानि जलदा नदाः ।१७।
एते त्वामभिषिञ्चन्तु सर्वकामार्थसिद्धये ।
अलङ्कृतस्ततो दद्याद्धेमगोन्नभुवादिकम् ।१८।
कपिले सर्वदेवानां पूजनीयासि रोहिणि ।
तीर्थदेवमयी यस्मादतः शान्तिं प्रयच्छ मे ।१९।
पुण्यस्त्वं शङ्ख पुण्यानां मङ्गलानां च मङ्गलम् ।
विष्णुना विधृतो नित्यमतः शान्तिं प्रयच्छ मे ।२०।
धर्म्म त्वं वृषरूपेण जगदानन्दकारकः ।
अष्टमूर्त्तेरधिष्ठानमतः शान्तिं प्रयच्छ मे ।२१।
हिरण्यगर्भगर्भस्थं हेमबीजं विभावसोः ।
अनन्तपुण्यफलदमतः शान्तिं प्रयच्छ मे ।२२।
पीतवस्त्रयुगं यस्माद्वासुदेवस्य बल्लभम् ।
प्रदानात्तस्य वै विष्णुरतः शान्तिं प्रयच्छ मे ।२३।

यी क्रमैसित नवग्रहका समिधा हुन् । यिनलाई मह, घिउ र दहीमा मिसाएर सय सङ्ख्यामा आठ पटक होम गर्नुपर्दछ । एक, आठ र चार कुम्भ भरि पारेर पूर्णाहुति एवं वधुधारा दिनुपर्छ । त्यसपछि ब्राह्मणलाई दक्षिणा दिनुपर्छ । चार कलशका जलले मन्त्रोचारण गर्दै यजमानलाई अभिषेक गर्नुपर्छ । अभिषेक गर्दा – ब्रह्मा, विष्णु र महेश्वर आदि यी देवताले तिम्रो अभिषेक गरून्; वासुदेव, जगन्नाथ, भगवान् शङ्कर्षण, प्रद्यम्न र अनिरुद्रले तिमीलाई विजय प्रदान गरून्; देवराज इन्द्र, भगवान् अग्नि, यमराज, निर्ऋति, वरुण, पवन, धनाध्यक्ष कुबेर, शिव, ब्रह्मा, शेषनाग र समस्त दिक्पालहरूले सधैँ तिम्रो रक्षा गरून्; कीर्ति, लक्ष्मी, धृति, मेधा, पुष्टि, श्रद्धा, क्रिया, मति, बुद्धि, लज्जा, वपु, शान्ति, तुष्टि र कान्ति – यी लोक जननी एवं धर्मका पत्नीहरूले तिमीलाई अभिषेक गरून्; आदित्य, चन्द्रमा, भौम, बुध, बृहस्पति, शुक्र, सूर्यपुत्र, शनि, राहु र केतु यी ग्रहहरू अत्यन्त सन्तुष्ट भई तिमीलाई अभिषेक गरून्; देवता, दानव, गन्धर्व, यक्ष, राक्षस, सर्प, ऋषि, मनु, गाईहरू, देवमाताहरू, देवपत्नीहरू, वृक्ष, नाग, दैत्य, अप्सराको समूह, शस्त्रअस्त्र, राजा, वाहन, औषधि, रत्न, कालविभाजन, नदीनाला, समुद्र, पर्वत, तीर्थ र मेघ यी सबैले सम्पूर्ण अभीष्ठ कामनाहरूको सिद्धिका लागि तिमीलाई अभिषेक गरून् । त्यसपछि अलङ्कृत भएर यजमानले सवर्ण, गाई, अन्न र भूमि आदि निम्नाङ्कित मन्त्रसहित दान गर्नुपर्दछ – हे कपिल वर्णकी रोहिणी ! तिमी समस्त देवताकी पूजनीय छौ, तीर्थमयी एवं देवमयी छौ, त्यसैले मलाई शान्ति प्रदान गर । हे शङ्ख ! तिमी पुण्यमय पदार्थहरूमा पुण्यस्वरूप हौ, मङ्गलहरूका मङ्गल हौ, तिमी सधैँ विष्णुद्वारा धारण गरिन्छौ, त्यसैले मलाई शान्ति प्रदान गर । हे धर्म ! तिमी वृषभका रूपमा स्थित भएर जगत्लाई आनन्द प्रदान गर्दछौ । तिमी अष्टमूर्ति शिवका अधिष्ठान हौ, त्यसैले मलाई शान्ति देऊ । हे सुवर्ण ! तिमी हिरण्यगर्भका गर्भमा रहन्छौ, तिमी अग्निदेवताका बीजबाट उत्पन्न र अनन्त पुण्यफल वितरण गर्नयोग्य छौ, त्यसैले मलाई शान्ति प्रदान गर ।१–२२।

पहेँला वस्त्रको जोडी भगवान् विष्णुले मन पराउने गर्दछन् । त्यसैले तिनको दान गरेको छु, भगवान् विष्णुले मलाई शान्ति प्रदान गरुन । हे अश्व ! स्वरूपकै कारण तिमी विष्णु हौ । किनभने तिमी अमृतसितै उत्पन्न भएका हौ । तिमीले सधैँ चन्द्र–सूर्यलाई बोकेका छौ, त्यसैले मलाई शान्ति प्रदान गर ।

विष्णुस्त्वं मत्स्यरूपेण यस्मादमृतसम्भवः ।
चन्द्रार्कवाहनो नित्यमतः शान्तिं प्रयच्छ मे ।२४।
यस्मात्त्वं पृथिवी सर्वा धेनुः केशवसन्निभा ।
सर्वपापहरा नित्यमतः शान्तिं प्रयच्छ मे ।२५।
यस्मादायस कर्माणि तवाधीनानि सर्वदा ।
लाङ्गलाद्यायुधादीनि अतः शान्तिं प्रयच्छ मे ।२६।
यस्मात्त्वं सर्वयज्ञानामङ्गत्वेन व्यवस्थिताः ।
योनिर्विभावसोर्नित्यमतः शान्तिं प्रयच्छ मे ।२७।
गवामङ्गेषु तिष्ठन्ति भुवनानि चतुर्दश ।
यस्मात्तस्माच्छिवं मे स्यादिह लोके परत्र च ।२८।
यस्मादशून्यं शयनं केशवस्य शिवस्य च ।
शय्या ममाप्यशून्याऽस्तु दत्ता जन्मनि जन्मनि ।२९।
यथा रत्नेषु सर्वेषु सर्वे देवाः प्रतिष्ठिताः ।
तथा शान्तिं प्रयच्छन्तु रत्नदानेन मे सुराः ।३०।
यथा भूमिप्रदानस्य कलां नार्हन्ति षोडशीम् ।
दानान्यन्यानि मे शान्तिर्भूमि दानाद्भवत्विह ।३१।
ग्रहयज्ञोऽयुतहोमो दक्षिणाभी रणे जितिः ।
विवाहोत्सवयज्ञेषु प्रतिष्ठादिषु कर्मसु ।३२।
सर्वकामाप्तये लक्षकोटिहोमद्वयं मतम् ।
गृहदेशे मण्डपेऽथ अयुते हस्तमात्रकम् ।३३।
मेखलायोनिसंयुक्तं कुण्डं चत्वार ऋत्विजः ।
स्वयमेकोऽपि वा लक्षे सर्वं दशगुणं हि तत् ।३४।
चतुर्हस्तं द्विहस्तं वा तार्क्ष्यं चात्राधिकं यजेत् ।
सामध्वनिशरीरस्त्वं वाहनं परमेष्ठिनः ।३५।
विषयापहरो नित्यमतः शान्तिं प्रयच्छ मे ।
पूर्ववत्कुण्डमामन्त्र्य लक्षहोमं समाचरेत् ।३६।
वसोर्धारां ततो दद्याच्छय्याभूषादिकं ददेत् ।
तत्रापि दश चाष्टौ च लक्षहोमो तथर्त्विजः ।३७।
पुत्रान्नराज्यविजयभुक्तिमुक्त्यादि चाप्नुयात् ।
दक्षिणाभिः फलेनास्माच्छत्रुघ्नः कोटिहोमकः ।३८।
चतुर्हस्तं चाष्टहस्तं कुण्डं द्वादश च द्विजाः ।
पञ्चविंशं षोडशं वा पटे द्वारेचतुष्टयम् ।३९।
कोटिहोमी सर्वकामी विष्णुलोकं स गच्छति ।

हे पृथ्वी ! तिमी समग्र रूपमा धेनुकै रूप हौ । केशवकै जस्तो तिमी सबै किसिमका पापहरूको मोचन गराउँछौ, त्यसैले मलाई शान्ति प्रदान गर । हे लौह ! हल आयुध आदि सम्पूर्ण कार्यहरू तिम्रा अधिनमा छन्, त्यसैले मलाई तिमी शान्ति प्रदान गर । हे छाग ! तिमी यज्ञको अङ्गका रूपमा स्थित रहेका छौ । तिमी नै अग्निदेवका नित्य वाहन हौ, त्यसैले मलाई शान्ति प्रदान गर । चौधवटै भुवनहरू सबै गाईकै अङ्गमा रहेका छन् । त्यसैले मलाई इहलोक र परलोकमा सधैँ मेरा कल्याण होस् । जसरी केशव र शिवको शय्या अशून्य रहन्छ उसैगरी शय्यादानका प्रभावले जन्मजन्मान्तरसम्म मेरो शय्या पनि अशून्य रहोस् । सबै रत्नहरूमा जसरी देवताहरू प्रतिष्ठित छन् उसैगरी रत्नदानका उपलक्ष्यमा ती देवताले मलाई शान्ति प्रदान गरून् । अन्य दानहरू भूमिदानको सोह्रभागको एक पनि हुँदैनन्; त्यसैले भूमिदानका प्रभावले मेरा सबै पापहरू समाप्त होउन् । दक्षिणासहितको अयुतहोमात्मक ग्रहयज्ञले युद्धमा विजय प्राप्त गराउँछ । विवाह, उत्सव, यज्ञ, प्रतिष्ठा आदि कर्ममा यसको प्रयोग गरिन्छ । लक्ष्यहोमात्मक र कोटिहोमात्मक – यी दुवै ग्रहयज्ञले सम्पूर्ण कामनाहरूको प्राप्ति गराउँछन् । अयुत (दस हजार) होमात्मक यज्ञका लागि घरनजिकै यज्ञमण्डप बनाएर त्यसमा एक हातजति गहिरो मेखला र योनियुक्त कुण्ड बनाउनुपर्छ र चार ऋत्विकहरू वरण गरेर वा स्वयं आफैँले सम्पूर्ण कार्यहरू गर्नुपर्दछ । लाख होमका यज्ञमा पहिलेका तुलनामा सबै कुरा दस गुना बढी हुनुपर्दछ । यसमा चार हात वा दुई हात परिमाणको कुण्ड बनाइन्छ । यसमा विशेष रूपले तार्क्ष्यको पूजन– हे तार्क्ष्य ! सामध्वनि तिम्रो शरीर हो, तिमी श्रीहरिका वाहन हौ, तिमी विष र रोग अपहरण गर्दछौ, त्यसैले मलाई शान्ति देऊ भनेर गर्नुपर्दछ । त्यसपछि कलशहरूलाई पहिलेकै जसरी अभिमन्त्रित गरेर लक्ष्यहोमको अनुष्ठान गर्नुपर्छ । त्यसपछि वसुधारा दिई शय्या र आभूषण आदि दान गर्नुपर्छ । लक्ष्य होममा दस या आठ ऋत्विक्हरू हुनुपर्दछ । दक्षिणासहितको लक्ष्यहोमबाट साधकले पुत्र, अन्न, राज्य, विजय, भोग र मोक्ष प्राप्त गर्दछ । कोटिहोमात्मक ग्रहयज्ञले पूर्वोक्त फलका अतिरिक्त शत्रुको विनाश पनि गर्दछ । त्यसका लागि चार हात वा आठ हात गहिरो कुण्ड बनाउनुपर्छ र बाह्र ऋत्विक्हरूलाई वरण गर्नुपर्छ । पटाङ्गिणीमा पच्चीस वा सोह्र र द्वारमा चार कलश स्थापना गर्नुपर्छ । कोटिहोम गर्ने व्यक्ति सम्पूर्ण कामना पूर्ण भईकन विष्णुलोक प्राप्त गर्न सक्ने हुन्छ । ग्रहमन्त्र, वैष्णव

होमस्तु ग्रहमन्त्रैर्वा गायत्र्या वैष्णवैरपि ।४०।
जातवेदोमुखैः शैवैर्वैदिकैः प्रथितैरपि ।
तिलैर्यवैर्घृतैर्धान्यैरश्वमेधफलादिभाक् ।४१।
विद्वेषणाभिचारेषु त्रिकोणं कुण्डमिष्यते ।
समिधो वामहस्तेन श्येनास्थ्यनलसंयुताः ।४२।
रक्तभूषैर्मुक्तकेशैर्ध्यायद्भिरशिवं रिपोः ।
दुर्मित्रियास्तस्मै सन्तु यो द्वेष्टि हुं फडिति च ।४३।
छिन्द्यात्क्षुरेण प्रतिमां पिष्टरूपं रिपुं हनेत् ।
यजेदेकं पिण्डकं वा यः स कृत्वा दिवं व्रजेत् ।४४।

मन्त्र, गायत्री मन्त्र, आग्नेय मन्त्र, शैव मन्त्र एवं प्रसिद्ध वैदिक मन्त्रले हवन गर्नुपर्दछ। तिल, जौ, घिउ र धान्यको हवन गर्ने व्यक्तिले अश्वमेध यज्ञ गरेकै फल प्राप्त गर्दछ। विद्वषण आदि अभिचार कार्यमा त्रिकोणात्मक कुण्ड निर्माण गर्ने विधान छ। यिनमा रातो वस्त्र लगाएर खुला केश पारेका मन्त्र साधकले शत्रुविनाशलाई चिन्तन गर्दै बायाँ हातले बाज पक्षीका एक लाख हाड सहितका समिधाले हवन गर्नुपर्दछ । हवनको मन्त्र - दुर्मित्रियास्तस्मै सन्तु यो द्वेष्टि हुं फट् हो । त्यसपछि शत्रुको प्रतिमालाई छुराले काटेर पिठोले बनेका त्यस शत्रुलाई आगामा हवन गर्नुपर्छ । अत्याचारी शत्रुको विनाशका लागि यस प्रकारको यज्ञ गर्नेले स्वर्गलोक प्राप्त गर्दछ।२३-४४।

# १६८. अष्टषष्ट्यधिकशततमोऽध्यायः

## महापातकादिप्रायश्चित्त

पुष्कर उवाच
दण्डं कुर्य्यान्नृपो नृणां प्रायश्चित्तमकुर्वताम् ।
कामतोऽकामतो वापि प्रायश्चित्तं कृतं चरेत् ।१।
मत्तक्रुद्धातुराणां च न भुञ्जीत कदाचन ।
महापातकिना स्पृष्टं यच्च स्पृष्टमुदक्यया ।२।
गणान्नं गणिकान्नं च वार्द्धुषेर्गायनस्य च ।
अभिशप्तस्य षण्ढस्य यस्याश्चोपपतिर्गृहे ।३।
रजकस्य नृशंसस्य वन्दिनः कितवस्य च ।
मिथ्यातपस्विनश्चैव चौरदण्डिकयोस्तथा ।४।
कुण्डगोलस्त्रीजितानां वेदविक्रयिणस्तथा ।
शैलूषतन्त्रवायान्नं कृतघ्नस्यान्नमेव च ।५।
कर्मारस्य निषादस्य चेलनिर्णेजकस्य च ।
मिथ्याप्रव्रजितस्यान्नं पुंश्चल्यास्तैलिकस्य च ।६।
आरूढपतितस्यान्नं विद्विष्टान्नं च वर्ज्जयेत् ।
तथैव ब्राह्मणस्यान्नं ब्राह्मणेनानिमन्त्रितः ।७।
ब्राह्मणान्नं च शूद्रान्नं नाद्याच्चैव निमन्त्रितः ।
एषामन्यतमस्यान्नममत्या वा त्र्यहं क्षिपेत् ।८।
मत्या भुक्त्या चरेत्कृच्छ्रं रेतो विण्मूत्रमेव च ।

पुष्कर भन्दछन्— जुन मानिसले पापको प्रायश्चित गर्दैन त्यसलाई राजाले दण्ड दिनुपर्छ । मानिसले मन भए पनि वा नभए पनि आफ्ना पापको प्रायश्चित गर्नैपर्छ । उन्मत्त, क्रोधी र दुःखले आतुर भएका मानिसको अन्न कहिल्यै पनि खानु हुँदैन । जुन अन्न महापातकीले स्पर्श गरेको छ, रजस्वला स्त्रीले जुन छोएको छ त्यस्तो अन्न पनि परित्याग गर्नुपर्दछ । ज्योतिषी, गणिका, बढी नाफा कमाउने ब्राह्मण-क्षत्रिय, गायक, अभिशप्त, नपुंसक, घरमै नाठो राख्ने आइमाई, धोबी, नृशंस, भाट, जुवाडे, देखावटी तय गर्ने, चोर, जल्लाद, कुण्डगोलक, स्त्रीबाट परास्त, वेद विक्री गर्ने, नर्तक, जुलाहा, कृतघ्न, लोहार, निषाद, रङ्गकर्मी, ढोंगी संन्यासी, कुलटा स्त्री, तेली, आरुढ- पतित र शत्रुको अन्न सधैँ परित्याग गर्नुपर्छ । यसै गरी नबोलाईकन ब्राह्मणको अन्न ब्राह्मणले खानु हुँदैन । शूद्रले त बोलाए पनि ब्राह्मणको अन्न खानु हुँदैन । यिनीहरूमा नजानीकन कसैको अन्न आइएको छ भने तीन दिनसम्म उपवास गर्नुपर्छ । जानीबुझीकन खाएको छ भने कृच्छ्रव्रत गर्नुपर्दछ । वीर्य, मल-मूत्र र स्वपाक चाण्डालको अन्न आएपछि चान्द्रायणव्रत गर्नुपर्दछ। मृत व्यक्तिलाई उद्देश्य गरी दिइएको, गाईले सुँघेको, शुद्र अथवा कुकुरले जुठो पारेको र पतितको अन्न खाएपछि तप्तकृच्छ्र गर्नुपर्दछ । कसैकहाँ सूतक परेका बेला जसले त्यसको अन्न खान्छ उसलाई पनि

चण्डालश्वपचान्नं तु भुक्त्वा चान्द्रायणं चरेत् ।९।
अनिर्दशं च प्रेतान्नं गवाघ्रातं तथैव च ।
शूद्रोऽच्छिष्टं शुनोच्छिष्टं पतितान्नं तथैव च ।१०।
तप्तकृच्छ्रं प्रकुर्वीत अशौचे कृच्छ्रमाचरेत् ।
अशौचे यस्य यो भुङ्क्ते सोऽप्यशुद्धस्तथा भवेत् ।११।
मृतपञ्चनखात्कूपादमेध्येन सकृद्युतात् ।
अपः पीत्वा त्र्यहं तिष्ठेत्सोपवासो द्विजोत्तमः ।१२।
सर्वत्र शूद्रे पादः स्याद्द्वित्रयं वैश्यभूपयोः ।
विड्वराहखरोष्ट्राणां गोमायोः कपिकाकयोः ।१३।
प्राश्य मूत्रपुरीषाणि द्विजश्चान्द्रायणं चरेत् ।
शुष्काणि जग्ध्वा मांसानि प्रेतान्नं करकाणि च ।१४।
क्रव्यादसूकरोष्ट्राणां गोमायो कपिकाकयोः ।
गोनराश्वखरोष्ट्राणां छत्राकं ग्रामकुक्कुटम् ।१५।
मांसं जग्ध्वा कुञ्जरस्य तप्तकृच्छ्रेण शुध्यति ।
आमश्राद्धे तथा भुक्त्वा ब्रह्मचारी मधु त्वदन् ।१६।
लशुनं गृञ्जनं चाद्यात्प्राजापत्यादिना शुचिः ।
भुक्त्वा चान्द्रायणं कुर्य्यान्मांसं चात्मकृतं तथा ।१७।
पेलु गव्यं च पेयूषं तथा श्लेष्मातकं मृदम् ।
वृथाकृसरसंयावपायसापूपशष्कुलीः ।१८।
अनुपाकृतमांसानि देवान्नानि हवींषि च ।
गवां च महिषाणां च वर्ज्जयित्वा तथाप्यजाम् ।१९।
सर्वक्षीराणि वर्ज्याणि तासां चैवाप्यनिर्दशम् ।
शशकः सल्यकी गोधा खड्गः कूर्म्मस्तथैव च ।२०।
भक्ष्याः पञ्चनखाः प्रोक्ता परिशेषाश्च वर्ज्जिताः ।
पाठीनरोहितान्मत्स्यान्सिंहतुण्डांश्च भक्षयेत् ।२१।
यवगोधूमजं सर्वं पयसश्चैव विक्रियाः ।
वागषाङ्गवचक्रादीन्सस्नेहमुषितं तथा ।२२।
अग्निहोत्रपरीद्धाग्निब्राह्मणः कामचारतः ।
चान्द्रायणं चरेन्मांसं वीरवध्वासनं हितम् ।२३।
ब्रह्महत्या सुरापानं स्तेयं गुर्वङ्गनागमः ।
महान्ति पातकान्याहुः संयोगश्चैव तैः सह ।२४।
अनृते च समुत्कर्षो राजगामि च पैशुनम् ।

अशुद्धि लाग्दछ । त्यसै कारण अशौच लागेका मानिसको अन्न खाएपछि कृच्छ्रव्रत गर्नुपर्दछ । जुन इनारमा पाँच नङ्ग्रे पशु मरेको छ, जुन एक पटक अपवित्र वस्तुले जुठिएको छ त्यसको पानी खाएपछि असल ब्राह्मणले तीन दिनसम्म उपवास राख्नुपर्छ। सबै खालका प्रायश्चित शूद्रले एक चौथाइ, वैश्यले दुई चौथाइ र क्षत्रियले तीन चौथाइ गर्नुपर्दछ। पाल्तु सुँगुर, गधा, उँट, स्याल, बाँदर र काग यिनीहरूको मल-मूत्र खाइएमा ब्राह्मणले चान्द्रायणव्रत गर्नुपर्दछ । सुकेको मासु, मृतकका लागि दान गरेको अन्न, करक तथा काँचो मासु खाने प्राणी, सुँगुर, उँट, स्याल, बाँदर, काग, गाई, मानिस, घोडा, गधा, कुखुरो र हात्तीको मासु खाएको भए तप्तकृच्छ्र गरेर शुद्धि हुन्छ। ब्रह्मचारीले अमावस्याको श्राद्धमा भोजन गरेमा, मधुपान अथवा लसुन र गाजर खाएमा प्राजापत्यकृच्छ्र गरेर पवित्र हुन्छन्। आफ्नै लागि भनेर पकाएको मांस, अण्डकोषको मांस, सातदिन भित्रको बिघौती, श्लेष्मातक, माटो, दूषित भएको खिचडी, लप्सी, खीर, पुवा, पुरी, यज्ञको संस्कार नभएको मांस, देवताका लागि राखिएको अन्न वा हवि आदि भक्षण गरेपछि चान्द्रायणव्रत गर्नाले शुद्धि हुन्छ। गाई, भैँसी र बाख्राको भन्दाबाहेक यहाँ नबताइएका अरू पशुहरूको पनि दुध परित्याग गर्नुपर्दछ। खरायो, शल्यकी, गोधा, खड्गकूर्म र निर्देश गरिएका पाँचनङ्ग्रेहरूको भन्दाबाहेक अरूको मांस निषेध गरिएको छ । पाठीन, रोहित र सिंहतुण्डलाई पनि भक्ष्य भनिएको छ। अग्निहोत्रका लागि अग्नि जलाएर हवन गर्ने ब्राह्मणले यदि स्वेच्छापूर्वक जौ र गहुँबाट तयार गरिएका वस्तुहरू, दुधजन्य विकार, वागषाङ्गवचक्र आदि र तेल-घिउजस्ता चिल्ला पदार्थले तयार गरेको बासी अन्न खाएमा एक महिनासम्म तिनले चान्द्रायणव्रत गर्नुपर्दछ। किनभने त्यो दोष वीरको हत्या गरेसरहको हुन्छ भन्ने मानिन्छ ।१-२३।

ब्रह्महत्या, सुरापान, चोरी, गुरुपत्नीगमन यी सबैलाई महापातक भनिएको छ । यस्ता पापहरू गर्ने मानिससँगको संसर्गलाई पनि महापातक नै मानिएको छ । असत्यलाई प्रश्रय दिने, राजालाई कसैको चुक्ली लगाउने, गुरुमाथि झुटो दोषारोपण गर्ने कामहरू ब्रह्महत्याजस्तै हुन्। अध्ययन गरेको विद्या बिर्सनु, वेद-विद्याको निन्दा गर्नु, झुटो साक्षी बस्नु, मित्रको घात गर्नु, निन्दित अन्न, निन्दित घिउ खानु यी सबै पाप सुरापानजत्तिकै हुन् भन्ने मानिन्छ । नासो लुकाउनु, मानिस,

गुरोश्चालीकनिर्बन्धः समानं ब्रह्महत्यया ।२५।
ब्रह्मोज्भ्य वेदनिन्दा च कौटसाक्ष्यं सुहृद्वधः ।
गर्हितान्नाज्ययोर्जग्धिः सुरापानसमानि षट् ।२६।
निक्षेपस्यापहरणं नराश्वरजतस्य च ।
भूमिवज्रमणीनां च रुक्मस्तेयसमं स्मृतम् ।२७।
रेतःसेकः स्वयोन्यासु कुमारीष्वन्त्यजासु च ।
सख्युः पुत्रस्य च स्त्रीषु गुरुतल्पसमं विदुः ।२८।
गोवधोऽयाज्यसंयाज्यं पारदार्य्यात्मविक्रयः ।
गुरुमातृपितृत्यागः स्वध्यायाग्न्योः सुतस्य च ।२९।
परिवित्तितानुजेन परिवेदनमेव च ।
तयोर्द्दानं च कन्यायास्तयोरेव च याजनम् ।३०।
कन्याया दूषणं चैव वार्द्धुष्यं व्रतलोपनम् ।
तडागारामदाराणामपत्यस्य च विक्रयः ।३१।
व्रात्यता बान्धवत्यागो भृताध्यापनमेव च ।
भृताच्चाध्ययनादानमविक्रेयस्य विक्रयः ।३२।
सर्वाकारेष्वधीकारो महायन्त्रप्रवर्त्तनम् ।
हिंसौषधीनां स्त्र्याजीवः क्रियालङ्घनमेव च ।३३।
इन्धनार्थमशुष्काणां द्रुमाणां चैव पातनम् ।
योषितां ग्रहणं चैव स्त्रीनिन्दकसमागमः ।३४।
आत्मार्थं च क्रियारम्भो निन्दितान्नादनं तथा ।
अनाहिताग्नितास्तेयमृणानां चानपक्रिया ।३५।
असच्छास्त्राधिगमनं दौःशील्यं व्यसनक्रिया ।
धान्यकुप्यपशुस्तेयं मद्यपस्त्रीनिषेवणम् ।३६।
स्त्रीशूद्रविट्क्षत्रवधो नास्तिक्यं चोपपातकम् ।
ब्राह्मणस्य रुजः कृत्यं घ्रातिरघ्रेयमद्ययोः ।३७।
जैम्भं पुंसि च मैथुन्यं जातिभ्रंशकरं स्मृतम् ।
श्वखरोष्ट्रमृगेन्द्राणामजाव्योश्चैव मारणम् ।३८।
सङ्कीर्णकरणं ज्ञेयं मीनाहिनकुलस्य च ।
निन्दितेभ्यो धनादानं वाणिज्यं शूद्रसेवनम् ।३९।
अपात्रीकरणं ज्ञेयमसत्यस्य च भाषणम् ।
कृमिकीटवयोहत्यामद्यानुगतभोजनम् ।
फलैधःकुसुमस्तेयमधैर्य्यं च मलावहम् ।४०।

घोडा, चाँदी, भूमि, हीरा, आदि रत्न चोर्नु सुवर्ण चोरेजस्तै हुन् भन्ने मानिएको छ। सगोत्री स्त्री, कुमारी कन्या, चाण्डाली, मित्रपत्नी र पुत्रवधूमा वीर्य स्खलन गराउनु गुरुपत्नीगमनजस्तै हो भन्ने मानिएको छ। गौहत्या, अनुचित व्यक्तिबाट यज्ञ गराउनु, परस्त्रीगमन गर्नु, आफैँलाई बेच्नु र गुरु, माता, पिता, पुत्र, स्वाध्ययन, अग्निको परित्याग गर्नु परिवेत्ता वा परिवित्ति हुनु, परिवेत्ता वा परिवित्तिलाई कन्यादान गर्नु, यिनीहरूको यज्ञ गर्नु गराउनु, कन्यालाई दूषित गराउनु, व्याजबाट जीविका निर्वाह गर्नु, व्रतभङ्ग गर्नु, सरोवर, उद्यान, स्त्री एवं पुत्रलाई बेच्नु, समयमै यज्ञोपवीत धारण नगर्नु, बन्धु बान्धवको त्याग गर्नु, तलब लिएर शिक्षादानको कार्य गर्नु, तलब खाने गुरुसित पढ्नु, बेच्नु नहुने वस्तुहरू बेच्नु, सुनखानी आदिमा काम गर्नु, विशाल यन्त्रहरू चलाउनु, औषधिका लहरा, पोथा आदि मास्नु, स्त्रीबाट जीविका चलाउनु, नित्य-नैमितिक कार्यहरू छोड्नु, दाउराकै लागि हरिया र फलफूल लागिरहेका बोटबिरुवा फाँड्नु, धेरै आइमाई बटुल्नु, स्त्रीलाई दुःख दिनेको सङ्गत गर्नु, खाली आफ्नै मात्र स्वार्थले जुनसुकै खालको काम गर्नु लाग्नु, निन्दित अन्न भोजन गर्नु, अग्निहोत्र परित्याग गर्नु, देवता, ऋषि र पितृको ऋण चुक्ता नगर्नु, खराब शास्त्र पढ्नु, शीलस्वभाव विकृत गर्नु, कुलतमा लाग्नु, अन्नबाली धातु र गाई आदि पशु चोर्नु, मदिरापान गर्ने आइमाईसित सम्भोग गर्नु, स्त्री, शूद्र, वैश्य वा क्षत्रियलाई वध गर्नु र नास्तिक हुनु यी सबै उपपातक हुन्। ब्राह्मणलाई हिर्काएर रोगी पार्नु, लसुन र मदिरा सुँघ्नु, मागेर निर्वाह गर्नु, गुदामैथुन गर्नु यी सबैलाई जाति भ्रंशकर पातक भनिएको छ। गधा, घोडा, उँट, मृग, हात्ती, भेडो, बोका बाखो, माछो, सर्प र न्याउरी यिनीहरू जुनसकै मार्नुलाई सङ्करीकरण भनिन्छ। निन्दित मनुष्यबाट धनग्रहण, व्यापारवृत्ति, शूद्रको सेवा र झुटो बोल्नु यिनलाई अपात्रीकरण पातक मानिएको छ। जुका-किरा मार्नु, मदिरायुक्त भोजन गर्नु, फल, काठ एवं पुष्पको चोरी गर्नु र धैर्य परित्याग गर्नुलाई मलिनीकरण पातक भन्ने गरिन्छ।२४-४०।

# १६९. ऊनसप्तत्यधिकशततमोऽध्यायः

## विविध प्रायश्चित्त

पुष्कर उवाच
एतत्प्रभृति पापानां प्रायश्चित्तं वदामि ते ।
ब्रह्महा द्वादशाब्दानि कुटीं कृत्वा वने वसेत् ।१।
भिक्षेतात्मविशुद्ध्यर्थं कृत्वा शवशिरोध्वजम् ।
प्रास्येदात्मानमग्नौ वा समिद्धे त्रिरवाक्शिराः ।२।
यजेत वाश्वमेधेन स्वर्जिता गोसवेन वा ।
जपन्वान्यतमं वेदं योजनानां शतं व्रजेत् ।३।
सर्वस्वं वा वेदविदे ब्राह्मणायोपपादयेत् ।
व्रतैरेतैर्व्यपोहन्ति महापातकिनो मलम् ।४।
उपपात कसंयुक्तो गोघ्नो मासं यवान्पिबेत् ।
कृतवापो वसेद्गोष्ठे चर्मणा तेन संवृतः ।५।
चतुर्थकालम श्रीयादक्षारलवणं मितम् ।
गोमूत्रेण चरेत्स्नानं द्वौ मासौ नियतेन्द्रियः ।६।
दिवानुगच्छेद्गाश्चैव तिष्ठन्नूद्र्ध्वं रजः पिबेत् ।
वृषभैकादशागास्तु दद्याद्विचरितव्रतः ।७।
अविद्यमाने सर्वस्वं वेदविद्भ्यो निवेदयेत् ।
पादमेकं चरेद्रोधे द्वौ पादौ बन्धने चरेत् ।८।
योजने पादहीनं स्याच्चरेत्सर्वं निपातने ।
कान्तारेष्वथ दुर्गेषु विषमेषु भयेषु च ।९।
यदि तत्र विपत्तिः स्यादेकपादो विधीयते ।
घण्टाभरणदोषेण तथैवार्द्धं विनिर्दिशेत् ।१०।
दमने दामने रोधे शकटस्य नियोजने ।
स्तम्भशृङ्खलपाशेषु मृते पादोनमाचरेत् ।११।
शृङ्गभङ्गेऽस्थिभङ्गे च लाङ्गुलच्छेदने तथा ।
यावकन्तु पिबेत्तावद्यावत् सुस्था तु गौर्भवेत् ।१२।
गोमतीं च जपेद्विद्यां गोस्तुतिं गोमतीं स्मरेत् ।
एका चेद्बहुभिर्दैवाद्यत्र व्यापादिता भवेत् ।१३।
पादंपादं तु हत्यायाश्चरेयुस्ते पृथक्पृथक् ।
उपकारे क्रियमाणे विपत्तौ नास्ति पातकम् ।१४।
एतदेव व्रतं कुर्य्युरूपपातकिनस्तथा ।

पुष्कर भन्दछन्— अब म तिमीलाई सबै पापहरूका प्रायश्चित्तका विषयमा वर्णन गर्दछु । ब्रह्महत्या गर्ने व्यक्तिले आफ्नो शुद्धिका लागि भिक्षाको अन्न खाँदै र मृतकका शिरको ध्वजा धारण गर्दै वनमा कटेरो हालेर बाह्र वर्षसम्म बस्नुपर्दछ । अथवा दन्किरहेको आगोमा उँधोमुन्टी गर्दै तीनपटक हाम फाल्नुपर्दछ । अथवा अश्वमेध यज्ञ वा स्वर्ग नै जिताउने गोमेध यज्ञको अनुष्ठान गर्नुपर्छ । अथवा कुनै एक वेद पाठ गर्दै सय योजनसम्म जानुपर्छ अथवा आफ्नो सर्वस्व वेदवेत्ता ब्राह्मणलाई दान गर्नुपर्छ । गाई मार्ने उपपातकीले एक महिनासम्म जौको माड पिउनुपर्छ । उसले कपाल खौरिएर उसै गाईको छाला ओढी गाईकै थलामा बस्नुपर्छ । दिनको चौथो पहरमा नुनविनाको खोले नियमित खानुपर्छ । त्यसपछिका दुई महिनाभरि इन्द्रियहरूलाई संयमित राखेर सधैं गोमूत्रले नुहाउनुपर्छ । दिउँसो गाईहरू सँगसँगै हिंड्नुपर्छ र गाईका खुरले उडाएका धुलो खानुपर्छ । पूर्ण रूपले व्रतका नियमहरू पालन गरेर दसवटा गाईसहित एउटा गोरु पनि दान गर्नुपर्छ । यदि त्यति दिन सकिँदैन भने पनि वेदवेत्ता ब्राह्मणलाई आफ्नो सर्वस्व दान गर्नुपर्दछ । छेकेका अवस्थामा गाई मऱ्यो भने एक चौथाई प्रायश्चित्त, बाँधेका कारण मऱ्यो भने आधा प्रायश्चित्त, जोतेका कारण मऱ्यो भने तीन चौथाई प्रायश्चित्त र कुटेका कारण मऱ्यो भने पूरै प्रायश्चित्त गर्नुपर्छ । जङ्गल, भीरपाखा, अनकन्टार वा डरलाग्दो ठाउँमा गाई मरेको भए एक चौथाइ प्रायश्चित्त गर्ने विधान छ । सिँगार्नका लागि घाँटीमा घन्टी बाँधेका बेला गाई मऱ्यो भने आधा प्रायश्चित्त गर्नुपर्दछ । हप्कीदप्की गर्दा, बाँध्दा, छेक्दा, किलो, डोरी, अल्झन आदिमा बाँध्दा यदि गाईको मृत्यु भयो भने तीन चौथाइ प्रायश्चित्त गर्नुपर्छ । यदि गाईको सिङ, हाड, पुच्छर आदि भाँचियो वा काटियो भने त्यो गाई स्वस्थ नहोउन्जेल जौको माड खाएर बस्नुपर्छ र गोमती विद्या जप गर्नुपर्छ, गाईको स्तुति गर्नुपर्छ र गोमतीलाई स्मरण गर्नुपर्दछ । यदि धेरै मानिसबाट एउटा गाई मारियो भने ती सबै मानिसले छुट्टाछुट्टै गौहत्याको एक चौथाइ प्रायश्चित्त गर्नुपर्दछ । उद्दार वा उपकार गर्दागर्दै गाई मर्छ भने त्यसको पाप लाग्दैन । उपपातक गर्नेहरूले पनि यसै व्रतको पालन गर्नुपर्दछ । अवकीर्णीले आफ्नो शुद्धिका लागि

अवकीर्णिवर्जं शुद्ध्यर्थं चान्द्रायणमथापि वा ।१५।
अवकीर्णी तु कालेन गर्दभेन चतुष्पथे ।
पाकयज्ञविधानेन यजेत निर्ऋतिं निशि ।१६।
कृत्वाग्निं विधिवद्धीमानन्ततस्तु समित्यृचा ।
चन्द्रेन्द्रगुरुवह्नीनां जुहुयात्सर्पिषाहुतिम् ।१७।
अथ वा गार्दभं चर्म्म वसित्वाब्दं चरेन्महीम् ।
हत्वा गर्भमविज्ञातं ब्रह्महत्याव्रतं चरेत् ।१८।
सुरां पीत्वा द्विजो मोहादग्निवर्णां सुरां पिबेत् ।
गोमूत्रमग्निवर्णं वा पिबेदुदकमेव वा ।१९।
सुवर्णस्तेयकृद्विप्रो राजानमभिगम्य तु ।
स्वकर्म्म ख्यापयन् ब्रूयान्मां भवाननुशास्त्विति ।२०।
गृहीत्वा मुसलं राजा सकृद्धन्यात्स्वयङ्गतम् ।
वधेन शुध्यते स्तेयो ब्राह्मणस्तपसैव वा ।२१।
गुरुतल्पो निकृत्यैव शिश्नञ्च वृषणं स्वयम् ।
निधाय चाञ्जलौ गच्छेदानिपाताच्च नैर्ऋतिम् ।२२।
चान्द्रायणान्वा त्रीन्मासानभ्यसेन्नियतेन्द्रियः ।
जातिभ्रंशकरं कर्मकृत्वान्यतममिच्छया ।२३।
चरेच्छान्तपनं कृच्छ्रं प्राजापत्यमनिच्छया ।
सङ्करीपात्रकृत्यासु मासं शोधनमैन्दवम् ।२४।
मलिनीकरणीयेषु तप्तं स्याद्यावकं त्र्यहम् ।
तुरीयो ब्रह्महत्यायाः क्षत्रियस्य वधे स्मृतः ।२५।
वैश्येऽष्टमांशो वृत्तस्थे शूद्रे ज्ञेयस्तु षोडशः ।
मार्जारनकुलौ हत्वा चाषं मण्डूकमेव च ।२६।
श्वगोधोलूककाकांश्च शूद्रहत्याव्रतं चरेत् ।
चतुर्णामपि वर्णानां नारी हत्वानवस्थिताम् ।२७।
अमत्यैव प्रमाप्य स्त्रीं शूद्रहत्याव्रतं चरेत् ।
सर्पादीनां वधे नक्तमनस्थ्नां वायुसंयमः ।२८।
द्रव्याणामल्पसाराणां स्तेयं कृत्वान्यवेश्मतः ।
चरेच्छान्तपनं कृच्छ्रं व्रतं निर्वाप्य शुध्यति ।२९।
भक्ष्यभोज्यापहरणे यानशय्यासनस्य च ।
पुष्पमूलफलानां च पञ्चगव्यं विशोधनम् ।३०।
तृणकाष्ठद्रुमाणां तु शुष्कान्नस्य गुडस्य च ।
चेलचर्म्मामिषाणां तु त्रिरात्रं स्यादभोजनम् ।३१।
मणिमुक्ताप्रवालानां ताम्रस्य रजतस्य च ।

चान्द्रायण व्रत गर्नुपर्दछ। अथवा अवकीर्णीले रात्रिका समयमा चौबाटोमा गएर पाकयज्ञका विधानले निर्ऋतिको उद्देश्यले काला गधाको पूजा गर्नुपर्दछ । त्यसपछि त्यस बुद्धिमान् ब्रह्मचारीले अग्निसञ्चयन गरेर अन्त्यमा समासिञ्चन्तु मरुतः भन्ने मन्त्रले चन्द्रमा, इन्द्र, बृहस्पति र अग्निलाई लक्षित गरी घिउको आहुति दिनुपर्छ । अथवा गधाको छाला लगाएर एक वर्षसम्म संसारमा डुल्नुपर्छ । अज्ञानवश भ्रूणहत्या गरियो भने ब्रह्महत्याको प्रायश्चित्त गर्नुपर्छ। अज्ञानवश सुरापान गर्ने ब्राह्मणले आगोजत्तिकै तातिएको सुरापान गर्नुपर्छ। अथवा तताएर आगोजस्तै रङ्ग भएको गौमूत्र वा पानी पिउनुपर्छ। सुन चोर्ने ब्राह्मणले राजासित गएर आफ्नो चोरी कर्मका विषयमा बताउँदै मलाई दण्ड देऊ भन्नुपर्छ । त्यसपछि राजाले मुसल लिएर आफैँ आएका ब्राह्मणलाई एक पटक हिर्काउनुपर्छ । यस किसिमले मृत्यु भयो वा यस्तो तप गरेको छ भने सुन चोर्ने ब्राह्मणको शुद्धि हुन्छ ।१-२१।

गुरुपत्नी गमन गर्नेले आफ्नो लिङ्ग र अण्डकोष सबै आफैँ काटेर अँजुलीमा लिनुपर्छ र नमरुन्जेल नैर्ऋत्य कोणतर्फ हिँडिराख्नुपर्छ । अथवा इन्द्रियहरूलाई संयममा राखेर तीन महिनासम्म चान्द्रायण व्रत गर्नुपर्दछ। जानीबुझीकन कुनै पनि खालको जातिभ्रंशकर पातक गरेको छ भने सान्तपनकृच्छ्र र नजानीकन भएको छ भने प्राजापत्यकृच्छ्र व्रत गर्नुपर्छ । सङ्करीकरण वा अपात्रीकरण पातक गरेका भएदेखि एक महिनासम्म चान्द्रायण व्रत गर्नाले शुद्धि हुन्छ । मलिनीकरण पातक भएको छ भने तीन दिनसम्म जौको तातो खोले पिउनुपर्छ । क्षत्रियको हत्या गरेको छ भने ब्रह्महत्याको एक चौथाइ प्रायश्चित्त गर्नुपर्ने विधान छ । वैश्यको वध गर्दा आठ भागको एक, सदाचारी शूद्रको वध गर्दा सोह्र भागको एक प्रायश्चित्त गर्नुपर्छ। बिरालो, न्याउरी, नीलकण्ड चरो, भ्यागुतो, कुक्कुर, गोही, उल्लु, काग वा चारै वर्णमध्ये कुनै एक वर्णकी स्त्रीको हत्या गर्‍यो भने शूद्रकै हत्यामा गरिने प्रायश्चित्त गर्नुपर्छ। सर्प आदिको हत्या गर्दा एक रातको व्रत र हड्डीविनाका प्राणीको हत्या गर्दा प्राणायाम गर्नुपर्दछ। अर्काका घरबाट थोरै मूल्यको वस्तु चोर्नेले सान्तपनकृच्छ्र व्रत गर्नुपर्छ । त्यो व्रत पूर्ण भएपछि शुद्धि हुन्छ। खानेपिने वस्तु, यान, शय्या, आसन, पुष्प र फलफूलको चोरी गर्दा पञ्चगव्य खाएर शुद्धि हुन्छ । घाँसपराल, दाउरा, रुख, सुखा अन्न, गुँड, वस्त्र, छाला, मासु आदिको चोरी गर्दा तीन दिनसम्म भोजन परित्याग गर्नुपर्छ।

अयः कांस्योपलानां च द्वादशाहं कणान्नभुक् ।३२।
कार्पासकीटजोर्णानां द्विशफैकशफस्य च ।
पक्षिगन्धौषधीनां तु रज्ज्वाश्चैव त्र्यहं पयः ।३३।
गुरुतल्पव्रतं कुर्य्याद्रेतः सिक्त्वा स्वयोनिषु ।
सख्युः पुत्रस्य च स्त्रीषु कुमारीष्वन्त्यजासु च ।३४।
पितृष्वस्रेयीं भगिनीं स्वस्रीयां मातुरेव च ।
मातुश्च भ्रातुराप्तस्य गत्वा चान्द्रायणं चरेत् ।३५।
अमानुषीषु पुरुष उदक्यायामयोनिषु ।
रेतः सिक्त्वा जले चैव कृच्छ्रं सान्तपनं चरेत् ।३६।
मैथुनं तु समासेव्य पुंसि योषिति वा द्विजः ।
गोयानेऽप्सु दिवा चैव सवासाः स्नानमाचरेत् ।३७।
चाण्डालान्त्यस्त्रियो गत्वा भुक्त्वा च प्रतिगृह्य च ।
पतत्यज्ञानतो विप्रो ज्ञानात्साम्यं तु गच्छति ।३८।
विप्रदुष्टां स्त्रियं भर्त्ता निरुन्ध्यादेकवेश्मनि ।
यत्पुंसः परदारेषु तदेनां चारयेद् व्रतम् ।३९।
सा चेत्पुनः प्रदूष्येत सदृशेनोपमन्त्रिता ।
कृच्छ्रं चान्द्रायणं चैव तदस्याः पावनं स्मृतम् ।४०।
यत्करोत्यकरात्रेण वृषलीसेवनं द्विजः ।
तद्भैक्ष्यभुक् जपेन्नित्यं त्रिभिर्वर्षैर्व्यपोहति ।४१।

मणि, मोती, मुगा, ताँबा, चाँदी, फलाम, काँसो अथवा पत्थर चोरी गर्नेले बाह्र दिन अन्नको कणमात्रै खाएर बस्नुपर्छ । कपास, रेसम, ऊन, दुई खुर हुने गाई-गोरु, एक खुर हुने घोडा आदि पशु, पक्षी, सुगन्धित द्रव्य, औषधि र डोरी चोर्नेले तीन दिनसम्म दुध मात्रै पिएर बस्नुपर्छ। मित्रपत्नी, पुत्रवधू, कुमारी र चाण्डालीमा वीर्यपात गर्नेले गुरुपत्नी गमन गरेको प्रायश्चित्त गर्नुपर्छ। फुपूकी छोरी, मामाकी छोरी, सानीमाकी छोरी, साखै बहिनीसित गमन गर्नेले चान्द्रायण व्रत गर्नुपर्छ । मानिसभन्दा भिन्नका योनिमा, रजस्वला स्त्रीमा, योनिबाहेक अर्का ठाउँमा अथवा पानीमा वीर्यपात गर्ने मानिसले कृच्छ्रसान्तपन व्रत गर्नुपर्छ । पुरुष वा स्त्रीसित, गोरुगाडामा, जलमा या दिनका समयमा मैथुन गरेपछि ब्राह्मणले वस्त्रसहित स्नान गर्नुपर्छ । अज्ञानवश चाण्डाल वा अन्त्यज जातिका स्त्रीसित समागम गरेमा, उनको अन्न खाएमा वा उनका दान ग्रहण गरेमा ब्राह्मण पतित हुन्छ । व्यभिचारिणी स्त्रीलाई उसका पतिले एउटै घरभित्र थुनेर राख्नुपर्छ र उसलाई परस्त्रीगामी पुरुषले गर्ने प्रायश्चित्त जस्तो हुन्छ त्यस्तै गराउनुपर्छ। यदि त्यो स्त्री आफ्नै समान जातिसित फेरि पनि दूषित भइछ भने त्यसको शुद्धि कृच्छ्रसान्तपन र चान्द्राणले हुन्छ भनिएको छ। जुन ब्राह्मणले एक रात वृषलीको सेवन गर्छ उसले तीन वर्षसम्म सधैं भिक्षाको अन्न खाएर गायत्री जप गर्दाखेरि शुद्ध हुन्छ।२२-४१।

# १७०. सप्तत्यधिकशततमोऽध्यायः

## अन्य प्रायश्चित्तादि

पुष्कर उवाच
महापापानुयुक्तानां प्रायश्चित्तानि वच्मि ते ।
संवत्सरेण पतति पतितेन सहाचरन् ।१।
याजनाध्यापनाद्यौनान्नं तु यानाशनासनात् ।
यो येन पतितेनैषां संसर्गं याति मानवः ।२।
स तस्यैव व्रतं कुर्य्यात्तत्संसर्गस्य शुद्धये ।
पतितस्योदकं कार्य्यं सपिण्डैर्बान्धवैः सह ।३।
निन्दितेऽहनि सायाह्ने ज्ञात्यृत्विग्गुरुसन्निधौ ।
दासो घटमपां पूर्णं पर्य्यस्येत्प्रेतवत्पदा ।४।
अहोरात्रमुपासीरन्नशौचं बान्धवैः सह ।

पुष्कर भन्दछन्– अब म महापातकीहरूको सङ्गत गर्ने मानिसहरूका लागि प्रायश्चित्तका विषयमा बताउँछु । पतितसँगै एउटै सवारीसाधनमा हिंड्दा, एउटै आसनमा बस्दा, सँगै बसेर खाँदा मानिस एक वर्षपछि पतित हुन्छ तर तिनलाई यज्ञ गराउँदा, पढाउँदा र तिनैसित यौनसम्पर्क स्थापित गर्दा ऊ तत्काल पतित हुन्छ । जुन मानिसले जुन पतितको संसर्ग गर्छ उसले त्यसका सङ्गतबाट उत्पन्न भएको दोष शुद्धि गर्नका लागि त्यसै पतितका निम्ति विधान गरिएको प्रायश्चित्त गर्नुपर्छ । पतितका सपिण्ड र बन्धुबान्धवहरूलाई एकै साथमा, निन्दित दिनमा, सन्ध्याका समयमा, जाति-भाइ, ॠत्विक् र गुरुजनहरूका निकटमा पतित पुरुष जीवित छँदै उसको तर्पण क्रिया गरिदिनुपर्छ। त्यसपछि पानीले भरिएको

निवर्त्तयेरंस्तस्मात् तु ज्येष्ठांशं भाषणादिके ।५।
ज्येष्ठांशं प्राप्नुयाच्चास्य यवीयान्गुणतोऽधिकः ।
प्रायश्चित्ते तु चरिते पूर्णं कुम्भमपां नवम् ।६।
तेनैव सार्द्धं प्राश्येयुः स्नात्वा पुण्यजलाशये ।
एवमेव विधिं कुर्युर्योषित्सु पतितास्वपि ।७।
वस्त्रान्नपानं देयं तु वसेयुश्च गृहान्तिके ।
तेषां द्विजानां सावित्री नानूद्येत यथाविधि ।८।
तांश्चारयित्वा त्रीन्कृच्छ्रान्यथाविध्युपनाययेत् ।
विकर्मस्थाः परित्यक्तास्तेषामप्येतदादिशेत् ।९।
जपित्वा त्रीणि सावित्र्याः सहस्राणि समाहितः ।
मासं गोष्ठे पयः पीत्वा मुच्यतेऽसत्प्रतिग्रहात् ।१०।
व्रात्यानां याजनं कृत्वा परेषामन्त्यकर्म च ।
अभिचारमहीनानां त्रिभिः कृच्छैर्व्यपोहति ।११।
शरणागतं परित्यज्य वेदं विप्लाव्य च द्विजः ।
संवत्सरं यताहारस्तत्पापमपसेधति ।१२।
श्वशृगालखरैर्दष्टो ग्राम्यैः क्रव्याद्भिरेव च ।
नरोष्ट्राश्वैर्वराहैश्च प्राणायामेन शुध्यति ।१३।
स्नातकव्रतलोपे च कर्मत्यागे ह्यभोजनम् ।
हुङ्कारं ब्राह्मणस्योक्त्वा त्वङ्कारं च गरीयसः ।१४।
स्नात्वानश्नन्नहः शेषमभिवाद्य प्रसादयेत् ।
अवगूर्य्य चरेत्कृच्छ्रमतिकृच्छ्रं निपातने ।१५।
कृच्छ्रातिकृच्छ्रं कुर्वीत विप्रस्योत्पाद्य शोणितम् ।
चाण्डालादिरविज्ञातो यस्य तिष्ठेत वेश्मनि ।१६।
सम्यग्ज्ञातस्तु कालेन तस्य कुर्वीत शोधनम् ।
चान्द्रायणं पराकं वा द्विजानां तु विशोधनम् ।१७।
प्राजापत्यं तु शूद्राणां शेषं तदनुसारतः ।
गुडं कुसुम्भं लवणं तथा धान्यानि यानि च ।१८।
कृत्वा गृहे ततो द्वारि तेषां दद्याद्धुताशनम् ।
मृण्मयानां तु भाण्डानां त्याग एव विधीयते ।१९।
द्रव्याणां परिशेषाणां दव्यशुद्धिर्विधीयते ।
कूपैकपानसक्ता ये स्पर्शात्सङ्कल्पदूषिताः ।२०।
शुध्येयुरुपवासेन पञ्चगव्येन वाप्यथ ।

घडामा लात हानेर दासीलाई फ्याँक्न लगाउनुपर्छ र पतितका सपिण्ड एवं बान्धवले एक रातदिन अशौच मान्नुपर्छ। त्यसपछि उनीहरूले त्यस पतितसित बोलचाल गर्नु हुँदैन र धनको धेरै भाग पनि उसलाई दिनुपर्दैन । पतितको भाइनै गुणमा श्रेष्ठ भएका कारण धेरै भाग पाउने अधिकारी हुन्छ । यति पतितले पछि प्रायश्चित्त गऱ्यो भने उसका सपिण्ड र बान्धवहरूले पवित्र जलाशयमा ऊसितै नुहाएर पानीले भरिएको नयाँ घडा पानीमा फ्याँक्नुपर्छ । पतित स्त्रीहरूका सम्बन्धमा पनि यस्तै कार्य गर्नुपर्छ तर उसलाई अन्न, वस्त्र र घर छेउमा बस्ने ठाउँ दिनुपर्छ। जुन ब्राह्मणलाई समयमै विधिअनुसार गायत्री उपदेश प्राप्त भएको छैन तिनलाई तीनवटा प्राजापत्य गराई विधिवत् उपनयन गराउनुपर्छ । निषिद्ध कर्मको आचरण गर्नाले जुन ब्राह्मणलाई परित्याग गरिएको छ उनीहरूका लागि पनि यस्तै प्रायश्चित्त गर्नुपर्ने उपदेश दिनुपर्दछ। चित्तमा संयम राखी तीन हजार गायत्री जपेर एक महिनासम्म दुध पिउँदै गोठमा बसे भने ब्राह्मण निन्दित दान ग्रहण गरेको पापबाट मुक्त हुन्छन् । संस्कारहीन मानिसलाई यज्ञ गराएर, गुरुजनबाहेक अरूको अन्त्येष्टिकर्म, अभिचारकर्म अथवा अहीन यज्ञ गराएका ब्राह्मण तीन प्राजापत्य व्रत गर्दा शुद्ध हुन्छन् । जुन द्विजले शरणागतलाई परित्याग गर्दछन् र अधिकार विहीनलाई वेदको उपदेश गर्दछन् तिनी एक वर्षसम्म नियमित आहार गरेर मात्रै त्यस पापबाट मुक्त हुन्छन् । कुकुर, स्याल, बिरालो, न्याउरी, मान्छे, घोडा, उँट र सुँगुरले टोक्यो भने प्राणायाम गरेमा शुद्धि हुन्छ। स्नातकको व्रत भङ्ग भयो वा नित्यकर्म उल्लङ्घन भयो भने निराहार बस्नुपर्छ । यदि ब्राह्मणलाई हुङ्कार र अरूलाई तुङ्कार गरेको छ भने स्नान गरेर दिनका शेष भाग जतिमा उपवास बस्नुपर्छ र अभिवादन गरी उनलाई प्रसन्न गराउनुपर्छ। ब्राह्मणलाई हिर्काउन लाठो उचालेको छ भने प्राजापत्य व्रत गर्नुपर्छ । यदि लाठाले हिर्काइहालेको छ भने अतिकृच्छ्र र हिर्काउँदा रगत नै आएको छ भने कृच्छ्र र अतिकृच्छ्र व्रत गर्नुपर्छ। जोसुकैका घरमा चाण्डाल आएर बसेको रहेछ भन्ने कुरो राम्रोसित थाहा पाइयो भने त्यसका लागि यथासमयमा प्रायश्चित्त गर्नुपर्छ। चान्द्रायण अथवा पराकव्रत गर्दा द्विजको शुद्धि हुन्छ। शूद्रको शुद्धि प्राजापत्य व्रतले हुन्छ र बाँकी कर्म उनले पनि द्विजकै जसरी गर्नुपर्दछ। घरमा भएका जति गुड, कुसुम्भ ?, नुन एवं अन्न आदि पदार्थहरूलाई ढोकामा एकत्र गरेर अग्नि देवतालाई समर्पित गर्नुपर्छ । माटाका भाँडावर्तन त्याग्नुपर्छ। बाँकी द्रव्यलाई शास्त्रीय विधिअनुसार द्रव्यशुद्धि

यस्तु संस्पृश्य चण्डालमश्नीयाच्च स्वकामतः ।२१।
द्विजश्चान्द्रायणं कुर्य्यात्तप्तकृच्छ्रमथापि वा ।
भाण्डसङ्कुलसङ्कीर्णश्चाण्डालादिजुगुप्सितैः ।२२।
भुक्त्वा पीत्वा तथा तेषां षड्रात्रेण विशुध्यति ।
अन्त्यानां भुक्तशेषं तु भक्षयित्वा द्विजातयः ।२३।
व्रतं चान्द्रायणं कुर्य्युस्त्रिरात्रं शूद्र एव तु ।
चाण्डालकूपभाण्डेषु अज्ञानात्पिबते जलम् ।२४।
द्विजः सान्तपनं कुर्य्याच्छूद्रश्चोपवसेद्दिनम् ।
चण्डालेन तु संस्पृष्टो यस्त्वपः पिबते द्विजः ।२५।
त्रिरात्रं तेन कर्त्तव्यं शूद्रश्चोपवसेद्दिनम् ।
उच्छिष्टेन यदि स्पृष्टः शुना शूद्रेण वा द्विजः ।२६।
उपोष्य रजनीमेकां पञ्चगव्येन शुध्यति ।
वैश्येन क्षत्रियेणैव स्नानं नक्तं समाचरेत् ।२७।
अध्वानं प्रस्थितो विप्रः कान्तारे यद्यनूदके ।
पक्वान्नेन गृहीतेन मूत्रोच्चारं करोति वै ।२८।
अनिधायैव तद् द्रव्यं अङ्के कृत्वा तु संस्थितम् ।
शौचं कृत्वान्नमभ्युक्ष्य अर्कस्याग्नेश्च दर्शयेत् ।२९।
म्लेच्छैर्गतानां चौरैर्वा कान्तारे वा प्रवासिनाम् ।
भक्ष्याभक्ष्यविशुद्ध्यर्थं तेषां वक्ष्यामि निष्कृतिम् ।३०।
पुनः प्राप्य स्वदेशं च वर्णानामनुपूर्वशः ।
कृच्छ्रस्यान्ते ब्राह्मणस्तु पुनः संस्कारमर्हति ।३१।
पादोनान्ते क्षत्रियश्च अर्द्धान्ते वैश्य एव च ।
पादं कृत्वा तथा शूद्रो दानं दत्त्वा विशुध्यति ।३२।
उदक्या तु सवर्णा या स्पृष्टा चेत्स्याददक्यया ।
तस्मिन्नेवाहनि स्नाता शुद्धिमाप्नोत्यसंशयम् ।३३।
रजस्वला तु नाश्नीयात्संस्पृष्टा हीनवर्णया ।
यावन्न शुद्धिमाप्नोति शुद्धस्नानेन शुध्यति ।३४।
मूत्रं कृत्वा व्रजन्वर्त्म स्मृतिभ्रंशाज्जलं पिबेत् ।
अहोरात्रोषितो भूत्वा प्रञ्चगव्येन शुध्यति ।३५।
मूत्रोचारं द्विजः कृत्वा अकृत्वा शौचमात्मनः ।
मोहाद् भुक्त्वा त्रिरात्रं तु यवान्पीत्वा विशुध्यति ।३६।
ये प्रत्यवसिता विप्राः प्रव्रज्यादिबलात्तथा ।

गर्नुपर्दछ भनिएको छ। चाण्डालका स्पर्शले दूषित भएका कुनै इनारको पानी खाने ब्राह्मणले उपवास अथवा पञ्चगव्य पान गरेभने शुद्ध हुन्छन् । जुन द्विजले इच्छाअनुसार चाण्डाललाई स्पर्श गरेर भोजन गर्दछ उसले चान्द्रायण अथवा तप्तकृच्छ्र गर्नुपर्दछ । चाण्डाल आदि घृणित जातिका स्पर्शले जसका भाँडाहरू अपवित्र भएका छन् ती द्विज तिनै पात्रको प्रयोग गर्दै षड्रात्रव्रत गरेर शुद्ध हुन्छन् । अन्त्यजको जुठो खाएका द्विजले चान्द्रायणव्रत गर्नुपर्छ र शूद्रले त्रिरात्रव्रत गर्नुपर्छ। जुन द्विजले चाण्डालका इनारको वा भाँडाको पानी थाहा नपाई खान्छन् उनले सान्तपनकृच्छ्र गर्नुपर्छ र शूद्रले यसै गरेको छ भने एक दिन उपवास गर्नुपर्छ । जुन द्विजले चाण्डालालाई स्पर्श गरी जल पिएको छ उसले त्रिरात्रव्रत गर्नुपर्छ र यसै गरेका शूद्रले एक दिन उपवास गर्नुपर्दछ । ब्राह्मणले यदि जुठो, कुकुर वा शूद्रलाई स्पर्श गरेको छ भने एक रात उपवास गरेर पञ्चगव्य खाई शुद्ध हुन्छ । वैश्य अथवा क्षत्रियलाई स्पर्श गरेको भए स्नान र नक्तव्रत गर्नुपर्छ ।१-२७।

बाटो हिँड्दै गरेका अवस्थामा, वन अथवा जलविहीन ठाउँमा ब्राह्मणले पक्वान्न हातमा लिएको छ र मलमूत्र त्याग गरेको छ भने त्यस द्रव्यलाई अलग्गै नराखी आफ्नै काखमा राखेर आचमन आदिले पवित्र भएर अन्नलाई सफा गरी सूर्य र अग्निमा त्यो देखाउनुपर्छ । जुन प्रवासी मानिसले म्लेच्छ, चोर आदिको बसोबास भएका ठाउँमा भोजन गर्दछन् तिनका विषयमा अब म वर्णानुक्रमले भक्ष्याभक्ष्य र शुद्धि हुने उपाय भन्दछु । त्यसो गर्ने ब्राह्मणले आफ्ना गाउँमा आएर पूर्णकृच्छ्र, क्षत्रियले तीन चरण, वैश्यले आधा व्रत गरेर मात्रै आफ्नो संस्कार गर्नुपर्दछ। एक चौथाइ व्रत गरेर दान दिनाले शूद्रको पनि शुद्धि हुन्छ। यदि कुनै स्त्रीको समान वर्णकी रजस्वला स्त्रीसित स्पर्श भयो भने उसले त्यसै दिन स्नान गर्दा शुद्धि हुन्छ, यसमा कुनै शङ्का छैन। आफूभन्दा तल्ला जातकी रजस्वला स्त्रीलाई स्पर्श गर्दा रजस्वला स्त्रीले तबसम्म भोजन गर्नु हुँदैन, जबसम्म ऊ रजस्वलाबाट शुद्ध हुन्न । उसको शुद्धि चौथो दिनको स्नान पछि मात्रै हुन्छ। यदि कुनै द्विजले मूत्रत्याग गरेर बाटो हिँड्दै गर्दा बिर्सेर पानी खाएछ भने उसले एक दिनरात उपवास राखेर पञ्चगव्य खाएपछि शुद्ध हुन्छ । मूत्रत्याग गरेपछि जसले अज्ञानवश आचमन आदि शौच नगरीकन भोजन गर्दछ उसले तीन दिनसम्म यवपान गरेपछि ऊ शुद्ध हुन्छ । जुन ब्राह्मणले संन्यास आदिको दीक्षा लिएर गृहस्थ आश्रम नै त्याग गरिसकेको छ र फेरि संन्यास आश्रमबाट गृहस्थ आश्रममा

अनाशकनिवृत्ताश्च तेषां शुद्धिः प्रचक्ष्यते ।३७।
चारयेत्त्रीणि कृच्छ्राणि चान्द्रायणमथापि वा ।
जातकर्म्मादिसंस्कारैः संस्कुर्य्यात्तं तथा पुनः ।३८।
उपानहममेध्यं च यस्य संस्पृशते मुखम् ।
मृत्तिकागोमयौ तत्र पञ्चगव्यं च शोधनम् ।३९।
वापनं विक्रयं चैव नीलवस्त्रादिधारणम् ।
तपनीयं हि विप्रस्य त्रिभिः कृच्छ्रैर्विशुध्यति ।४०।
अन्त्यजातिश्वपाकेन संस्पृष्टा स्त्री रजस्वला ।
चतुर्थेऽहनि शुद्धा सा त्रिरात्रं तत्र आचरेत् ।४१।
चाण्डालश्वपचौ स्पृष्ट्वा तथा पूयं च सूतिकाम् ।
शवं तत्स्पर्शिनं स्पृष्ट्वा सद्यःस्नानेन शुध्यति ।४२।
नारं स्पृष्ट्वास्थि सस्नेहं स्नात्वा विप्रो विशुध्यति ।
रथ्याकर्दमतोयेन अधो नाभेमृदोदकैः ।४३।
वान्तो विरिक्तः स्नात्वा तु घृतं प्राश्य विशुध्यति ।
स्नानात्क्षुरकर्मकर्त्ता कृच्छ्रकृद्ग्रहणेऽन्नभुक् ।४४।
अपाङ्क्तेयाशी गव्याशी शुना दष्टस्तथाऽशुचिः ।
कृमिदष्टश्चात्मघाती कृच्छ्राज्जप्याच्च होमतः ।
होमाद्यैश्चानुतापेन पूयन्ते पापिनोऽखिलाः ।४५।

फिर्ता हुन खोज्छ अब म त्यस्ताको शुद्धिका विषयमा भन्दछु। तिनलाई तीन प्राजापत्य अथवा चान्द्रायण गराउनुपर्छ। अनि फेरि तिनको जातकर्म आदि संस्कार गराउनुपर्छ। जसका मुखले जुत्ता वा अरूकुनै अपवित्र वस्तु स्पर्श गरेको छ माटो र गोबरको लेपन गरी पञ्चगव्य पान गर्नाले त्यसको शुद्धि हुन्छ। नीलको खेती, बेचबिखन र नीलो वस्त्र धारण यिनले ब्राह्मणलाई पतन गराउँछन्। यस्तो दोष लागेका ब्राह्मणले तीन प्राजापत्य व्रत गरेपछि शुद्धि हुन्छ। यदि रजस्वला स्त्रीलाई अन्त्यज वा चाण्डालले छोयो भने त्रिरात्रव्रत गरेपछि चौथो दिन त्यसको शुद्धि हुन्छ। चाण्डाल, श्वपाक, मज्जा, सूतिका स्त्री, व र शव स्पर्श गरेको मानिसलाई छोएको छ भने स्नान गरेपछि तत्काल शुद्धि हुन्छ। मानिसको हड्डी छोइएको छ भने तेल लगाएर नुहाएपछि ब्राह्मण शुद्ध हुन्छ। गल्लीका हिलाको छिटो लाग्यो भने नाभीभन्दा तल्लो भागमा माटो र पानीले धोएर स्नान गर्नाले शुद्धि हुन्छ। वमन वा विरेचनभन्दा पछि स्नान गरेर घिउ खाएपछि शुद्धि हुन्छ। स्नानपछि क्षौर गर्ने र ग्रहणका समयमा भोजन गर्नेले प्राजापत्यव्रत गरेर चोखिन्छ। पङ्क्तिदूषक मानिससँगै पङ्क्तिमा बसेर भोजन गर्ने, कुकुर वा किराले टोकेको मानिस पञ्चगव्य पान गरेर शुद्ध हुन्छ। आत्महत्याको प्रयास गर्ने मानिसले प्राजापत्य व्रत, जप एवं होम गरेपछि उसको शुद्धि हुन्छ। होम आदिको अनुष्ठान र पश्चातापले पनि सबै किसिमका पापीहरूको शुद्धि हुन्छ।३८-४५।

# १७१. एकसप्तत्यधिकशततमोऽध्यायः

## अन्य विविध प्रायश्चित्त

पुष्कर उवाच
प्रायश्चित्तं रहस्यादि वक्ष्ये शुद्धिकरं परम् ।
पौरुषेण तु सूक्तेन मासं जप्यादिनावहा ।१।
मुच्यते पातकैः सर्वैर्ज्जप्त्वा त्रिरघमर्षणम् ।
वेदजप्याद्वायुयमाद्गायत्र्या व्रततोऽवहा ।२।
मुण्डनं सर्वकृच्छ्रेषु स्नानं होमो हरेर्यजिः ।
उत्थितस्तु दिवा तिष्ठेदुपविष्टस्तथा निशि ।३।
एतद्वीरासनं प्रोक्तं कृच्छ्रकृत्तेन पापहा ।

पुष्कर भन्दछन्— अब म गुप्त पापको प्रायश्चित्तको वर्णन गर्दछु र यो परम शुद्धिप्रद हुन्छ। एक महिनासम्मको पुरुषसूक्तको जपले पापहरूको नाश गर्दछ। अघमर्षण मन्त्रलाई तीन पटक जप गर्नाले मानिस सबै किसिमका पापबाट मुक्त हुन्छ। वेदमन्त्र, वायुसूक्त र यमसूक्तको जप एवं गायत्रीको जप गर्नाले मानिसका सबै पाप त्यसले नष्ट गर्दछ। सबै खालका कृच्छ्रहरूमा मुण्डन, स्नान, हवन र श्रीहरिको पूजन गर्ने विधान छ। कृच्छ्रव्रत गर्नेले दिउँसो उभिइरहनुपर्छ र राति बसिरहनुपर्छ। यसलाई वीरासन भनिन्छ। यसबाट मानिस निष्पाप हुन्छ। एक महिनासम्म प्रत्येक दिन आठ गाँस भोजन गर्नुपर्छ; त्यसलाई यतिचान्द्रायण भनिन्छ। प्रत्येक दिन